
आर्थिक-सामाजिक विकास र दिगो पूर्वाधार:समावेशी र समृद्ध सरुमारानी

# मध्यमकालीन खर्च संरचना

## २०८३/०८४-२०८५/०८६

# Medium Term Expenditure Framework

## 2026/27-2028/29





## सरुमारानी गाउँपालिका


## गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा, प्युठान

लुम्बिनी प्रदेश, नेपाल

# मध्यमकालीन खर्च संरचना

## (आर्थिक वर्ष २०८३/०८४-२०८५/०८६)





**<u>सर्वाधिकार एवं प्रकाशक :</u>**

सरुमारानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा, प्युठान

लुम्बिनी प्रदेश, नेपाल

Email: info@sarumaranimun.gov.np/sarumarani2073@gmail.com

Website: https://sarumaranimun.gov.np

Phone: +977-9857836022 (Office)

तयार पारिएको वर्षः २०८३ साल

**<u>प्राविधिक सहयोग</u>**

मन्त्र कन्सल्टेन्सी प्रा.लि.

नागार्जुन-६, काठमाण्डौ

# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बड्डाँडा, प्युठान
## लुम्बिनी प्रदेश

### धन्यवाद ज्ञापन

संघीय संरचना अनुरुप अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य संघीय ऐन, कानूनहरुले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेसँगै सरुमारानी गाउँपालिकाले यो त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको हो ।

यस गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यलाई साकार बनाउन भूमिका खेल्नु हुने गाउँपालिकाका उपाध्यक्ष, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरुलाई उहाँहरुले पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दछु । यो मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री त्रिबिक्रम खड्का लगायत शाखा प्रमुखहरू र कर्मचारीवर्गलाई धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरी मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यमा प्राविधिक सहयोग पुऱ्याउने योजनाविद श्री सालिक राम कालाथोकीलाई धन्यवाद दिन चाहन्छु । मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको विभिन्न चरणमा सुझाव सल्लाह दिएर सहयोग पुऱ्याउनु हुने सबै सरोकारवालाहरुलाई गाउँपालिकाको तर्फबाट आभार प्रकट गर्दछु ।

अन्त्यमा यस मध्यमकालीन खर्च संरचना कार्यान्वयनका लागि सम्बद्ध सवै सरोकारवालाहरूको रचनात्मक एवं सकारात्मक सहयोग निरन्तर प्राप्त हुने अपेक्षाका साथ गाउँपालिकाको तर्फबाट मध्यमकालीन खर्च संरचना कार्यान्वयनमा सक्रिय संलग्नताको प्रतिवद्धता व्यक्त गर्दछु ।

धन्यवाद ।

**झगबहादुर विश्वकर्मा**

**अध्यक्ष**

# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बड्डाँडा, प्युठान
## लुम्बिनी प्रदेश

## मन्तव्य

सरुमारानी गाउँपालिकामा भएका विविध स्रोत साधनहरुको पहिचान गरी गाउँपालिकाबासीको आवश्यकतालाई परिपूर्ति गर्नका लागि सरोकारवाला सबै पक्षहरुसँगको छलफल पश्चात आवधिक योजनामा आधारित रहेर यो मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । यस मध्यमकालीन खर्च संरचनाले सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्न र बजेट अनुमानलाई यथार्थपरक बनाई प्रतिफलमुखी बनाउन सहयोग गर्नेछ भन्ने विश्वास लिएकी छु ।

खासगरी गाउँपालिकामा उपलब्ध स्रोत साधनलाई आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्न, आवधिक योजना र वार्षिक विकास योजनालाई बजेटसँग तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउन, आयोजनाहरूको प्राथमिकीकरण गर्न र प्राथमिकता प्राप्त आयोजनालाई स्रोतको सुनिश्चितता गर्न, स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्न मध्यमकालीन खर्च संरचनाले सेतुको काम गर्ने गर्दछ ।

यस मध्यकालिन खर्च संरचना तर्जुमा प्रक्रियामा सक्रिय भूमिका निर्वाह गर्नुहुने कार्यपालिका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत कार्यालय तथा विषयगत क्षेत्रका प्रमुख कर्मचारी ज्यूहरु, स्थानीय राजनीतिक दलका प्रतिनिधि ज्यूहरू लगायत यस कार्यमा परामर्श सेवा प्रदान गर्ने मन्त्र कन्सल्टेन्सी प्रा.लि.का टोलीलाई धन्यवाद दिन चाहन्छु साथै यसको सफल कार्यान्वयनका लागि सबै पक्षबाट सहयोग हुने अपेक्षा सहित यसको कार्यान्वयनका लागि प्रतिवद्धता समेत ब्यक्त गर्दछु ।

धन्यवाद ।

.......................................

**बसन्ता खड्का**

**उपाध्यक्ष**

# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बड्डाँडा, प्युठान
## लुम्बिनी प्रदेश

## शुभकामनना

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ । साथै स्थानीय तह संस्थागत स्वमूल्यांकन कार्यविधि, २०७७ को बार्षिक बजेट तथा योजना व्यवस्थापन विषयक्षेत्रमा मध्यमकालीन खर्च संरचनामा अंकभार राखिएको छ । प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु नै मध्यमकालीन खर्च संरचनाको मूल्य उद्देश्य हो । मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

यसै सन्दर्भमा सरुमारानी गाउँपालिकाले उपलब्ध स्रोत साधनहरुको उच्चतम प्रयोग गरी गाउँपालिका विकास क्षेत्रमा आवधिक योजना र वार्षिक बजेट विचको तादात्मयता कायम गर्न निर्माण गरेको मध्यमकालीन खर्च संरचनाले महत्वपूर्ण भूमिका निर्वाह गर्न मद्धत पुगोस भन्ने शुभकामना दिन चाहन्छु । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन् । यस मध्ममकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्ने कुरामा विश्वास लिएको छु ।

अन्तमा, गाउँपालिकामा अवस्थित सबै सरोकारवालाहरुको सहभागितामा विज्ञको समेत राय तथा परामर्श लिई तयार पारिएको यस मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाको बिकास गर्न आगामी ३ वर्षमा प्रबाह हुने श्रोत साधनको आँकलन र व्यवस्थापन योजना प्रस्तुत गरेकोले यसमा उल्लेखित प्रावधानहरुलाई क्रमशः कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

......................

**त्रिविक्रम खड्का**

**प्रमुख प्रशासकीय अधिकृत**

# विषयसूची

**परिच्छेद १ : परिचय** ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा ........ १
१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य ........ २
१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू ........ ३
१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ........ ३
**परिच्छेद २: मध्यमकालीन खर्च संरचना** ........ ७
२.१ पृष्ठभूमि ........ ७
२.२. चुनौति तथा अवसर ........ ७
२.३ सोच, उद्देश्य तथा रणनीति ........ ८
२.४ मध्यमकालीन आर्थिक खाका ........ १५
२.५ मध्यमकालीन नतिजा खाका ........ १७
२.६ मध्यमकालीन बजेट खाका ........ १७
२.७ बजेट विनियोजन र प्रक्षेपणको बांडफाड ........ २१
२.८ विषय क्षेत्रगत बांडफाड ........ २३
**परिच्छेद ३ : आर्थिक क्षेत्र** ........ २८
३.१ कृषि ........ २८
३.१.१. पृष्ठभूमि ........ २८
४.१.२. समस्या तथा चुनौति ........ २८
३.१.३ लक्ष्य ........ २९
३.१.४. उद्देश्य ........ २९
३.१.५. रणनीति ........ ३०
३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३०
३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३१
३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३१
३.१.९ जोखिम पक्ष तथा अनुमान ........ ३३
३.२ सिंचाई ........ ३३
३.२.१ पृष्ठभूमि ........ ३३
३.२.२ समस्या तथा चुनौति ........ ३३
३.२.३ लक्ष्य ........ ३४
३.२.४ उद्देश्य ........ ३४
३.२.५ रणनीति ........ ३४
३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३४
३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३५
३.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ३५
३.२.९ जोखिम पक्ष तथा अनुमान ........ ३७
३.३ पशुपंक्षी ........ ३७
३.३.१ पृष्ठभूमि ........ ३७
३.३.२ समस्या तथा चुनौति ........ ३७
३.३.३ लक्ष्य ........ ३८
३.३.४ उद्देश्य ........ ३८
३.३.५ रणनीति ........ ३८
३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३९
३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४०
३.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ४०
३.३.९ जोखिम पक्ष तथा अनुमान ........ ४२
३.४ उद्योग, व्यापार तथा व्यवसाय ........ ४२

३.४.१ पृष्ठभूमि ........ ४२
३.४.२ समस्या तथा चुनौति ........ ४३
३.४.३ लक्ष्य ........ ४३
३.४.४ उद्देश्य ........ ४३
३.४.५ रणनीति ........ ४३
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४३
३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४४
३.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ४५
३.४.९ जोखिम पक्ष तथा अनुमान ........ ४७
३.५ पर्यटन तथा संस्कृति ........ ४७
३.५.१ पृष्ठभूमि ........ ४७
३.५.२ समस्या तथा चुनौति ........ ४७
३.५.३ लक्ष्य ........ ४७
३.५.४ उद्देश्य ........ ४८
३.५.५. रणनीति ........ ४८
३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४८
३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४९
३.५.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ४९
३.५.९ जोखिम पक्ष तथा अनुमान ........ ५१
३.६ भूमी व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्थापन ........ ५१
३.६.१ पृष्ठभूमि ........ ५१
३.६.२ समस्या तथा चुनौति ........ ५१
३.६.३ लक्ष्य ........ ५२
३.६.४ उद्देश्य ........ ५२
३.६.५ रणनीति ........ ५२
३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५२
३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५३
३.६.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ५३
३.६.९ जोखिम पक्ष तथा अनुमान ........ ५५
३.७ श्रम, रोजगारी तथा गरिवी निवारण ........ ५५
३.७.१ पृष्ठभूमि ........ ५५
३.७.२ समस्या तथा चुनौति ........ ५५
३.७.३ लक्ष्य ........ ५६
३.७.४ उद्देश्य ........ ५६
३.७.५ रणनीति ........ ५६
३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५६
३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५७
३.७.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ५८
३.७.९ जोखिम पक्ष तथा अनुमान ........ ६०
**परिच्छेद ४ : सामाजिक क्षेत्र ........ ६१**
४.१ जनस्वास्थ्य तथा पोषण ........ ६१
४.१.१ पृष्ठभूमि ........ ६१
४.१.२ समस्या तथा चुनौति ........ ६१
४.१.३ लक्ष्य ........ ६२
४.१.४ उद्देश्य ........ ६२
४.१.५ रणनीति ........ ६२
४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६३
४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६४
४.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ६४

४.१.९ जोखिम पक्ष तथा अनुमान ..... ६६
४.२ शिक्षा, विज्ञान तथा प्रविधि ..... ६६
४.२.१ पृष्ठभूमि ..... ६६
४.२.२ समस्या तथा चुनौति ..... ६६
४.२.३ लक्ष्य ..... ६७
४.२.४ उद्देश्य ..... ६७
४.२.५ रणनीति ..... ६७
४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ६८
४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ६९
४.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ..... ७०
४.२.९ जोखिम पक्ष तथा अनुमान ..... ७२
४.३ खानेपानी तथा सरसरफाई ..... ७२
४.३.१ पृष्ठभूमि ..... ७२
४.३.२ समस्या तथा चूनौति ..... ७२
४.३.३ लक्ष्य ..... ७३
४.३.४ उद्देश्य ..... ७३
४.३.५ रणनीति ..... ७३
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ७३
४.३.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ७४
४.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ..... ७५
४.३.९ जोखिम पक्ष तथा अनुमान ..... ७७
४.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण ..... ७७
४.४.१. पृष्ठभूमि ..... ७७
४.४.२ समस्या तथा चूनौति ..... ७७
४.४.३ लक्ष्य ..... ७९
४.४.४ उद्देश्य ..... ७९
४.४.५ रणनीति ..... ७९
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ७९
४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ८०
४.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ..... ८१
४.४.९ जोखिम पक्ष तथा अनुमान ..... ८३
४.५ युवा, खेलकुद तथा नवप्रवर्तन ..... ८३
४.५.१ पृष्ठभूमि ..... ८३
४.५.२ समस्या तथा चुनौति ..... ८३
४.५.३ लक्ष्य ..... ८४
४.५.४ उद्देश्य ..... ८४
४.५.५ रणनीति ..... ८४
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ८४
४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ८५
४.५.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ..... ८५
४.५.९ जोखिम पक्ष तथा अनुमान ..... ८६
४.६ सामाजिक सुरक्षा तथा पंजीकरण ..... ८६
४.६.१ पृष्ठभूमि ..... ८६
४.६.२ समस्या तथा चुनौति ..... ८७
४.६.३ लक्ष्य ..... ८७
४.६.४ उद्देश्य ..... ८७
४.६.५ रणनीति ..... ८८
४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ८८
४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ८८

४.६.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ८९
४.६.९ जोखिम पक्ष तथा अनुमान ........ ८९
**परिच्छेद ५: पूर्वाधार क्षेत्र ........ ९०**
५.१ भवन, आवास तथा वस्ती विकास ........ ९०
५.१.१ पृष्ठभूमि ........ ९०
५.१.२. समस्या तथा चुनौति ........ ९०
५.१.३ लक्ष्य ........ ९१
५.१.४ उद्देश्य ........ ९१
५.१.५ रणनीति ........ ९१
५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ९१
५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ९३
५.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ९३
५.१.९ जोखिम पक्ष तथा अनुमान ........ ९४
५.२ सडक, पुल तथा यातायात ........ ९४
५.२.१ पृष्ठभूमि ........ ९४
५.२.२ समस्या तथा चूनौति ........ ९४
५.२.३ लक्ष्य ........ ९५
५.२.४ उद्देश्य ........ ९५
५.२.५ रणनीति ........ ९५
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ९५
५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ९६
५.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ९७
५.२.९ जोखिम पक्ष तथा अनुमान ........ ९९
५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा ........ ९९
५.३.१. पृष्ठभूमि ........ ९९
५.३.२ समस्या तथा चुनौति ........ १००
५.३.३. लक्ष्य ........ १००
५.३.४ उद्देश्य ........ १००
५.३.५ रणनीति ........ १००
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ १००
५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ १०१
५.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ १०२
५.३.९ जोखिम पक्ष तथा अनुमान ........ १०४
५.४ सूचना तथा संचार प्रविधि ........ १०४
५.४.१ पृष्ठभूमि ........ १०४
५.४.२ समस्या तथा चुनौती ........ १०४
५.४.३ लक्ष्य ........ १०५
५.४.४ उद्देश्य ........ १०५
५.४.५ रणनीति ........ १०५
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ १०५
५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ १०६
५.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ १०६
५.४.९ जोखिम पक्ष तथा पूर्वानुमान ........ १०८
**परिच्छेद ६ : वातावरण तथा विपद व्यवस्थापन ........ १०९**
६.१ वन, भूसंरक्षण तथा जैविक विविधता ........ १०९
६.१.१ पृष्ठभूमि ........ १०९
६.१.२ समस्या तथा चुनौति ........ १०९
६.१.३ लक्ष्य ........ १११
६.१.४ उद्देश्य ........ १११

६.१.५ रणनीति ...... १११
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... १११
६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... ११२
६.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ...... ११३
६.१.९ जोखिम पक्ष तथा पूर्वानुमान ...... ११५
६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ...... ११५
६.२.१ पृष्ठभूमि ...... ११५
६.२.२ समस्या तथा चुनौति ...... ११६
६.२.३ सोच ...... ११६
६.२.४ उद्देश्य ...... ११६
६.२.५ रणनीति ...... ११६
६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... ११६
६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... ११७
६.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ...... ११८
६.२.९ जोखिम पक्ष तथा पूर्वानुमान ...... १२०
६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन ...... १२०
६.३.१ पृष्ठभूमि ...... १२०
६.३.२ समस्या तथा चुनौति ...... १२१
६.३.३ लक्ष्य ...... १२१
६.३.४ उद्देश्य ...... १२२
६.३.५ रणनीति ...... १२२
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... १२३
६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... १२३
६.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ...... १२३
६.३.९ जोखिम पक्ष तथा अनुमान ...... १२४
**परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र ...... १२५**
७.१ नीति, कानून, न्याय तथा सुशासन ...... १२५
७.१.१ पृष्ठभूमि ...... १२५
७.१.२ समस्या तथा चुनौति ...... १२५
७.१.३ लक्ष्य ...... १२६
७.१.४ उद्देश्य ...... १२६
७.१.५ रणनीति ...... १२६
७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... १२७
७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... १२८
७.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ...... १२८
७.१.९ जोखिम पक्ष तथा पूर्वानुमान ...... १३०
७.२ संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह ...... १३०
७.२.१ पृष्ठभूमि ...... १३०
७.२.२ समस्या तथा चुनौति ...... १३०
७.२.३ लक्ष्य ...... १३१
७.२.४ उद्देश्य ...... १३१
७.२.५ रणनीति ...... १३१
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... १३१
७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... १३२
७.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ...... १३२
७.२.९ जोखिम पक्ष तथा पूर्वानुमान ...... १३३
७.३ राजस्व तथा स्रोत परिचालन ...... १३३
७.३.१ पृष्ठभूमि ...... १३३
७.३.२ समस्या तथा चुनौति ...... १३४

**७.३.३ लक्ष्य** ...... १३४
**७.३.४ उद्देश्य** ...... १३४
**७.३.५ रणनीति** ...... १३४
**७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य** ...... १३४
**७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान** ...... १३५
**७.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण** ...... १३५
**७.३.९ जोखिम पक्ष तथा पूर्वानुमान** ...... १३६
**७.४ तथ्यांक प्रणाली र योजना तथा विकास व्यवस्थापन** ...... १३६
**७.४.१ पृष्ठभूमि** ...... १३६
**७.४.२ समस्या तथा चुनौति** ...... १३६
**७.४.३ लक्ष्य** ...... १३७
**७.४.४ उद्देश्य** ...... १३७
**७.४.५ रणनीति** ...... १३७
**७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य** ...... १३७
**७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान** ...... १३८
**७.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण** ...... १३८
**७.४.९ जोखिम पक्ष तथा पूर्वानुमान** ...... १३८
अनुसूची १ : मध्यमकालिन खर्च संरचना तर्जुमा सम्वन्धी कार्यदल ...... १३९

# तालिका सूची

*तालिका २.१ : स्थानीय समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य* १५
*तालिका २.२ : प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य* १७
*तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण* १९
*तालिका २.४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण* २१
*तालिका २.५ : प्राथमिकता क्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण* २२
*तालिका २.६ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण* २२
*तालिका २.७ : लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण* २३
*तालिका २.८ : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण* २३

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

स्थानीय सरकार संचालनलाई उपलव्धीमूलक र परिणाममुखी बनाउनका लागि सार्वजनिक खर्च व्यवस्थापनले महत्वपूर्ण भूमिका खेल्दछ । शासन व्यवस्था संचालन र विकास सम्वन्धी निर्धारित नतिजा हासिल गर्न प्रभावकारी रुपमा सार्वजनिक खर्च परिचालनको आवश्यकता रहेको हुन्छ । सार्वजनिक बजेट तर्जुमा र खर्चबीचको तादम्यता मिलाउन र लक्षित नतिजा प्राप्तिको लागि सार्वजनिक वित्त व्यवस्थापन सीपको आवश्यकता पर्दछ । आवधिक योजनाले लिएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन् । मध्ममकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्नुका साथै स्रोत व्यवस्थापन र अपेक्षित नतिजाको खाका समेत प्रस्तुत गर्दछ ।

प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु नै मध्यमकालीन खर्च संरचनाको मूख्य उद्देश्य हो । मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ । साथै स्थानीय तह संस्थागत स्वमूल्यांकन कार्यविधि २०७७ को बार्षिक बजेट तथा योजना व्यवस्थापन विषयक्षेत्रमा मध्यमकालीन खर्च संरचनामा अंकभार राखिएको छ । यस सन्दर्भमा यस गाउँपालिकाको कार्यपालिका, विषयगत समिति, कार्यदल र विषयगत शाखासँग राय परामर्श गरी गाउँपालिकामा उपलब्ध अन्य सूचना र चालु आर्थिक वर्षको बार्षिक कार्यक्रमलाई आधार मानी पहिलो पटक यस गाउँपालिकाको मध्यमकालीन खर्च संरचना (२०८२/८३-२०८४/८५) तयार गरिएको छ ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

संङ्घीय व्यवस्था अनुसार जनताका लागि सबैभन्दा नजिकको सरकारको रुपमा गाउँपालिका वा नगरपालिका रहेकोले स्थानीय विकासको सन्दर्भमा गाउँपालिका वा नगरपालिकाको दायरा फराकिलो भएको छ । स्थानीय तहहरुको आयको स्रोत बढेसंगै सार्वजनिक खर्चको क्षेत्र पनि बढेकोले सार्वजनिक वित्त व्यवस्थापनका लागि एक औजारको रूपमा मध्यमकालीन खर्च संरचना बनाई लागू गर्न जरुरी छ । सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आँकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट प्रक्रियालाई मध्यमकालिन खर्च संरचनाले सहयोग गर्दछ । यस संरचनामा मुख्यत: समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरु समावेश गरिएको हुन्छ ।

चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework - MTFF) निर्धारण गरिन्छ ।

स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आँकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework - MTBF) तयार गरिन्छ। यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework – MTRF) तयार गरिन्छ।

मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आकलन गर्नुपर्ने हुन्छ। यस प्रकार मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

पहिलो प्रयासको रुपमा यस सरुमारानी गाउँपालिकाले मध्यमकालीन खर्च संरचना तयार गरेको छ । यस मध्यमकालीन खर्च संरचनाबाट गाउँपालिकाको समग्र विकासको प्राथमिकता प्राप्त कार्यक्रमहरुको निरन्तरता र लगानी तथा कार्यान्वयनको सुनिश्चितताको माध्यमद्वारा दिगो विकास हासिल हुने अपेक्षा गरिएको छ । यस खर्च संरचनाले गाउँपालिकाले निश्चित गरेको सोँच "कृषि उत्पादकत्व वृद्धिः सरुमारानी गाउँपालिकाको समृद्धि" र प्रदेश तथा राष्ट्रिय लक्ष्य र दिगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुर्‍याउने विश्वास लिइएको छ। यस मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोही बमोजिम स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ । यसबाट गाउँपालिकालाई आगामी आर्थिक वर्षहरुको बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोगी हुने अपेक्षा गरिएको छ। गाउँपालिकाको २०८१/०८२ देखि २०८५/०८६ सम्मको लागि तयार गरिएको आवधिक योजनालाई आधार मानी यस मध्यमकालिन खर्च संरचना तयार गरिएको छ।

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो । यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाको तयारीबाट देहाय अनुसारको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

(क) नीति र वार्षिक बजेट तथा कार्यक्रमबीच तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउनु,

(ख) आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता गर्नु,

(ग) गाउँपालिकामा उपलब्ध हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई ययार्थपरक बनाउनु, र

(घ) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा विभिन्न तहगत योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ । सो बमोजिम यस मध्ममकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लेखित पक्षहरुलाई आधार लिइएको छ :

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा स्रोह्रौं राष्ट्रिय योजना (२०८१/८२-२०८५/८६)
- कोशी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६)
- सरुमारानी गाउँपालिकाको आवधिक योजना (२०७८/७९-२०८२/८३)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम
- गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी स्थानीय तहको मध्यमकालिन खर्च संरचना दिग्दर्शन, २०७८ (परिमार्जित) मा समाविष्ट मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी अवधारणा, मार्गदर्शन तथा औजारहरु प्रयोग गरी यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ । यस मध्यमकालीन खर्च संरचना देहाय बमोजिमको चरण तथा प्रक्रिया अबलम्बन गरी तर्जुमा गरिएको छ :

### चरण - १: तयारी चरण

#### *प्रक्रिया १: प्राविधिक सहयोगका लागि छलफल*

यस गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको लागि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न परामर्श संस्था सामूहिक अभियानलाई छनौट गरी कार्य जिम्मेवारी दिइएको थियो । यसका लागि मध्यमकालीन खर्च संरचना तयारीको समय सीमा, सम्पन्न गर्नुपर्ने कार्य र परामर्श सेवा प्रदान गर्ने संस्थाको जिम्मेवारी स्पष्ट गरियो । यस कार्यका लागि विभिन्न चरणमा गाउँपालिकाका पदाधिकारीहरुसंग बसी तथ्यांक संकलन र छलफल गरियो ।

#### *प्रक्रिया २: नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा*

गाउँपालिकाको मार्गनिर्देशनमा परामर्शदाताद्वारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो । दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवं समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहायबमोजिम रहेका छन्:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर सरकारी वित्तीय हस्तान्तरण (प्रदेश र स्थानीय तह), २०८२/८३
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- नेपाल सरकारको दीर्घकालीन सोच, स्रोह्रौं राष्ट्रिय योजना (२०८१/८२-२०८५/८६),
- लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६)
- संघ तथा प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन
- सरुमारानी गाउँपालिकाको दोस्रो आवधिक योजना, सान्दर्भिक नीति, कानून तथा प्रतिवेदनहरु ।

### *प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा*

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा तयारी बैठकको आयोजना गरी छलफल गरियो । छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै, बैठकमा आएका सुझाब तथा पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरियो ।

## चरण - २: लेखाजोखा चरण

### *प्रक्रिया ६: अभिमुखीकरण तथा प्रारम्भिक छलफल*

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा सरोकारवालासँग छलफल गरी साझा बुझाई तयार गर्ने उद्देश्यले अभिमुखीकरण तथा प्रारम्भिक छलफल गरियो । सो छलफलमा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरुको सहभागिता रहेको थियो । छलफलको क्रममा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो । वि.सं. २०८२ साल चैत्र २० गते सरुमारानी गाउँपालिकाको सभाहलमा संचालित यस कार्यक्रमबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेवारी तथा भूमिका समेत स्पष्ट गरियो । उक्त कार्यक्रममा आफ्नो विचार राख्दै गाउँपालिका अध्यक्ष श्री झगबहादुर विश्वकर्माले भन्नु भयो, हामीले योजनाहरु प्राथमिकीकरण गरी छुट्याएर छिटै राख्ने छौ यसरी राख्दा खर्च प्रक्षेपण गर्न सजिलो हुने भएकोले त्यो काम यही सातामै गर्ने प्रतिवद्धता व्यक्त गर्दछु, यो अभिमुखीकरण कार्यक्रमले हामी सबैलाई उर्जा मिलेको छ । त्यसैगरी कार्यक्रममा सरुमारानी गाउँपालिका उपाध्यक्ष श्री बसन्ता खड्काले मध्यकालिन खर्च संरचनाले कुन क्षेत्रमा कति खर्च गर्ने कुरामा सहजता ल्याउने रहेछ अव हामी हाम्रा योजनाहरुले निदृष्ट गरेका कार्यक्रमहरुमा बढी केन्द्रित भएर काम गर्नेछौ भन्नु भएको थियो । अभिमुखीकरण कार्यक्रममा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल समेत बनाइएको थियो । कार्यदलको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ :

### *प्रक्रिया ७: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण*

राजश्व बाँडफाँड, अन्तर-सरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो । विगत आर्थिक वर्षहरुको खर्च सहित चालु तथा बहुवर्षीय आयोजना र आवधिक, विषयगत क्षेत्र रणनीति अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरियो । यसरी निर्धारण गरिएको बजेट सीमालाई सबै विषयगत शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराईयो ।

### चरण - ३: तयारी चरण

### *प्रक्रिया ८: क्षेत्रगत योजना तर्जुमा*

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल गरियो । विषयगत शाखाका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरुको सहभागिता रहेको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रमको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने र स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको साँकेतीकरण गरियो ।

### *प्रक्रिया ९: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी*

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीका लागि विषयगत शाखालाई परामर्शदाताबाट सहयोग तथा सहजीकरण गरियो । उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत क्षेत्र योजना तर्जुमा कार्यशालाको निष्कर्षको आधारमा तयार गरियो । विषयगत शाखा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन संरचना तयार गरियो ।

### *प्रक्रिया १0: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी*

मध्यमकालीन खर्च संरचनाको निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग परामर्श गरी मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयार गरियो । मध्यमकालीन खर्च संरचना तयारीको लागि विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरणको परिमाणात्मक लक्ष्यलाई आधार लिइएको थियो । मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा स्थानीय तहको मध्यमकालिन खर्च संरचना दिग्दर्शन २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै

विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको सारांस समावेश गरिएको छ ।

### *प्रक्रिया ११: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला*

तयार गरिएको मध्यमकालीन खर्च संरचनाको मस्यौदामा आवश्यक सुझाव संकलनका उद्देश्यले अनौपचारिक रुपमा एक दिवसिय छलफल गरिएको थियो । यस कार्यशालामा कार्यालय प्रमुख लगायत अन्य शाखाका प्रमुखहरुको सहभागिता थियो । उक्त कार्यशालामा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरु प्रस्तुती गरि आवश्यक थप सूचना तथा तथ्यांक संकलनका साथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरुको विस्तृत विवरण तयार गरियो । त्यसैगरि विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा सांकेतिककरण समेत गरियो ।

### *प्रक्रिया १२: मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी*

मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला तथा सरुमारानी गाउँपालिकाका विभिन्न शाखाहरुबाट प्राप्त सुझावहरु समेटी मस्यौदा दस्तावेजलाई आवश्यक परिमार्जन गरियो । यस क्रममा मस्यौदा दस्तावेजमा नपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरु विभिन्न शाखाहरुबाट संकलन गरि परिमार्जित गरियो ।

# परिच्छेद २: मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

सामाजिक तथा आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ । यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिईन्छ । नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो ।

संङ्घीय संरचना अनुरुप अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी संङ्घीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनु पर्ने व्यवस्था रहेको छ । उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार यस गाउँपालिकाले तय गरेको सोच सहितको प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ ।

संविधानले आत्मसात गरेको समाजवाद उन्मुख राष्ट्र निर्माण एवम् नेपाल सरकारले घोषणा गरेको **समृद्ध नेपाल: सुखी नेपाली**को दीर्घकालीन सोँच अनुरुप तयार चालु स्रोहौं आवधिक योजना, लुम्बिनी प्रदेश सरकारको दोस्रो आवधिक योजना र सरुमारानी गाउँपालिकाको आवधिक योजना र नीति तथा कार्यक्रमलाई आत्मसात गर्ने प्रयास गरिएको छ । योजना तथा विकास उपलब्धिको सफलता वित्तीय संङ्घीयताको कुशल व्यवस्थापन, तीव्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ । अत: यस मध्यमकालीन खर्च संरचनाले यसतर्फ सरुमारानी गाउँपालिकालाई मार्गदर्शन गर्नेछ ।

आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) का लागि तर्जुमा गरिएको मध्यमकालीन खर्च संरचनाले उपरोक्त योजनाहरुको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, नेपाल सरकार तथा प्रदेश सरकार र गाउँपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ । गाउँपालिकाको तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएको छ ।

## २.२. चुनौति तथा अवसर

संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य, स्रोहौं योजनाले लिएको लक्ष्य, लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना र सरुमारानी गाउपालिकाको दोस्रो आवधिक योजनाका साथै गाउँपालिकाले निर्धारण गरेको उद्देश्य हासिल गर्न, उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्दै समतामूलक तथा उन्नत समाजको

निर्माण गर्नुलाई यस गाउँपालिकाले प्रमुख चूनौतिको रुपमा लिएको छ । यसका साथै बेलाबेलामा विश्वव्यापी रुपमा फैलने महामारी, वातावरणीय ह्रास र जलवायु परिवर्तनको कारण सिर्जित विपदको बढ्दो जोखिमलाई न्यूनीकरण गरी नागरिकको स्वास्थ्य, शिक्षा, उत्पादन, रोजगारी र आयमा परेको नकारात्मक असरलाई न्यूनीकरण, पुनरुत्थान र उत्थानशीलता हासिल गर्दै नागरिक जीवनलाई थप सुरक्षित र परिष्कृत बनाउनु थप चुनौतिको रुपमा रहेको छ ।

साथै सुविधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा उर्जाको उपलब्धता, सरसफाई सुविधा र सूचना प्रविधि, कृषि तथा वनजन्य उद्यमको विविधिकरण, कृषि तथा पर्यावरणीय पर्यटन प्रवर्धन गरी उत्पादन र उत्पादकत्व वृद्धिका साथै उत्पादनशील रोजगारीमा अभिवृद्धि र जनसाङ्ख्यिक लाभको उपयोग पनि गाउँपालिकाको विकासको चूनौतिको रुपमा रहेका छन् । वित्तीय संङ्घीयताको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, आन्तरिक राजश्व वृद्धि, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नु चूनौतिपूर्ण छ ।

संङ्घीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, स्थानीय जनताको आवश्यकतालाई जनप्रतिनिधिहरुद्वारा नजिकबाट महसुस गरिनु, स्थानीय सरकारहरुबीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनु अहिलेका प्रमुख अवसरहरु हुन् । गाउँपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धिको माध्यमद्वारा हरित र समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन् ।

वैदेशिक रोजगारी तथा यसका कारणले वाह्य ज्ञान, सीप, अनुभव तथा प्रविधि हस्तान्तरण, वित्तीय सेवा र स्थानीय स्रोत परिचालन गरी गाउँपालिकामा उद्यमशीलता विकास, रोजगारी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढ्ने समेत अवसर सिर्जना भएको छ ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

यस मध्यमकालीन खर्च संरचना तयार गर्दा गाउँपालिकाको सोच, आवधिक योजना र नीति तथा कार्यक्रमले निर्धारण गरेको क्षेत्रहरुलाई प्रमुख आधारको रुपमा लिइएको छ । गाउँ विकासको सोच, लक्ष्य, उद्देश्य तथा नीतिलाई यस मध्यमकालीन खर्च संरचनामा समावेश गरिएको छ । यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेका छन्:

**दीर्घकालीन सोच**

**आर्थिक-सामाजिक विकास र दिगो पूर्वाधार:समावेशी र समृद्ध सरुमारानी निर्माणको आधार "**

**गाउँपालिका विकासको लक्ष्य**

"कृषिको आधुनिकीकरण एवम् व्यवसायीकरण, सामाजिक पुँजी र दिगो पूर्वाधार निर्माण तथा सुशासन मार्फत समृद्ध र समतामूलक गाउँपालिका निर्माण गर्ने"।

चालु नीति तथा कार्यक्रमले ६ वटा प्राथमिकताका क्षेत्रहरु निर्धारण गरेको छ जसमा:

१. कृषिको आधुनिकीकरण, बजारीकरण तथा व्यवसायीकरण मार्फत रोजगारी सिर्जना
२. गुणस्तरीय शिक्षा, स्वास्थ्य र खानेपानी तथा सरसफाइको प्रत्याभूति
३. दिगो र समाबेशी भौतिक एबं सामाजिक पूर्वाधार विकास
४. सुशासन र सामाजिक न्यायको प्रबर्द्धन
५. जलबायु अनुकुलन, विपद ब्यबस्थापन र सहभागितामूलक विकास
६.पर्यटन क्षेत्रको पहिचान, विकास तथा प्रचारप्रसार मार्फत स्थानीय आयमा बृद्धि

### सरुमारानी गाउँपालिकाको विषय क्षेत्रगत वृहत उद्देश्य

सरुमारानी गाउँपालिकाले समष्टिगत लक्ष्य प्राप्तिका लागि देहाय वमोजिम विषयक्षेत्रगत वृहत उद्देश्य निर्धारण गरेको छ ।

- **समष्टिगत** : अन्तर सरकार र बाह्य सम्बन्ध विस्तार गर्दै दिगो पूर्वाधार विकासको माध्यमबाट स्वरोजगारको अवसर सिर्जना गरी सामाजिक तथा आर्थिक सुरक्षाको प्रत्याभूति दिलाउदै समुदायको दिगो आर्थिक विकासमा टेवा पुऱ्याउनु,
- **आर्थिक विकास** :स्थानीय सिपमा आधारित ग्रामीण अर्थतन्त्रको विकासको लागि प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमार्फत् कृषि, पशु, पर्यटन उत्पादन वृद्धि गर्दै स्थानीय रोजगारीका अवसरहरू वृद्धि गर्ने साथै सामाजिक न्याय प्रवर्द्धन हुने गरी उद्यमशीलताको विकास गर्ने ।
- **सामाजिक विकास** : स्वास्थ्य र शिक्षालाई सर्वसुलभ र निःशुल्क बनाउँदै सबै वर्ग तथा समुदायको समन्यायिक विकासका लागि लैङ्गिक तथा सामाजिक समावेशीकरणका आधारमा स्थानीय भाषा, धर्म, कला तथा साहित्यको प्रवर्द्धन गर्दै समृद्ध समाज निर्माण गर्ने ।
- **पूर्वाधार विकास** : दिगो विकास लक्ष्यसँग परिपूरक हुनेगरी सार्वजनिक निर्माण (प्रशासनिक भवन, विद्यालय भवन, सामाजिक भवन, मठमन्दिर, उद्यान, सङ्ग्रहालय, पुलपुलेसा आदि) सडक, सञ्चार, उर्जा, सिँचाइ, स्वच्छ खानेपानी तथा सरसफाइ, सूचना प्रविधिजस्ता आधारभूत पूर्वाधार युक्त स्मार्ट (आधुनिक र प्रविधिमैत्री) गाउँपालिकाको अवधारणा अनुरूप विकास गर्ने ।
- **जल, वन तथा वातावरण** : उपलब्ध जल तथा वनस्पति जन्य पर्यावरणीय तथा जैविक विविधताको दीगो संरक्षण, सम्वर्धन तथा उच्च प्रतिफलयुक्त प्रयोगबाट गाउँपालिकाको आर्थिक विकासमा टेवा पुऱ्याउनु ।

- **विपद व्यवस्थापन तथा जलवायु परिवर्तन :** समुदायलाई विपद सम्बन्धी सचेतना अभवृद्धि, पूर्व तयारी, प्रतिकार्यका साथै जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्न अनुकूलनका उपायहरुको अवलम्बन गर्नु ।
- **सुशासन तथा संस्थागत विकास :** गाउँपालिकालाई पूर्ण प्रविधियुक्त तथा दक्ष मानव संशाधन युक्त बनाइ सुशासनको माध्यमबाट नागरिकलाई चुस्त, गुणस्तरिय र प्रभावकारी सेवा प्रवाहका साथै गाउँपालिकाको आन्तरिक तथा बाह्य वित्तीय स्रोतको अभिवृद्धिमा योगदान पुऱ्याउनु,

**आवधिक योजनाले निर्धारण गरेको प्राथमिकता क्षेत्र**

गाउँपालिकाले अंगिकार गरेको दीर्घकालीन सोच, आवधिक योजनाले निर्धारण गरेको लक्ष्य र वृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिइने छ । ति विषय क्षेत्रको विद्यमान अवस्था यहाँ व्याख्या गरिएको छ ।

**क) व्यवसायिक कृषि :**

सरुमारानी गाउँपालिकाको आर्थिक विकास अन्तरगत मुख्यतया व्यवसायीक जैविक तरकारी तथा अन्न बाली खेती, फलफूल खेती, कोसेवाली तर्फ सिमी, मसलाजन्य खेतीमा अदुवा, वनपैदावरमा जडिबुटी उन्नतीको प्रमुख साधनको रुपमा रहेको छ । पछिल्लो समय युवाहरुले च्याउ खेती, आलु खेती, किवी खेती, ड्रागन फल खेती समेत गर्दै आइरहेका छन् । संम्भावनाका प्रचुर क्षेत्रहरु विद्यमान भएपनि कठिन भौगोलिक अवस्था, सडकको पहुच, विद्युत उपलब्धता जस्ता पूर्वाधारको कमी, आवश्यक व्यवसायिक ज्ञान तथा सूचनाको अभाव, बजारसम्मको पहुँचको कमिले घरेलु उद्योग, व्यापार र व्यवसायको सृजना र विकासका गतिवधीहरु अगाडी बढ्न सकेको छैन । सरुमारानी गाउपालिकामा सरदर ७२.५ प्रतिशत भन्दा वढी जनसंख्या कृषि क्षेत्रमा आवद्ध रहेको राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनले देखाउछ । बाँकी जनसंख्या भने रोजगारी तथा अन्य पेशामा आवद्ध छन् । गाउँपालिकाको जनसंख्याको ठूलो हिस्सा जीविकोपार्जनका लागि कृषिमा निर्भर रहेको भएतापनि व्यवसायिक कृषि कर्म गर्ने कृषकको संख्या तुलनात्मक रुपमा निकै कम रहेको छ ।

सरुमारानीको अर्थतन्त्र कृषिमा नै आधारित छ । यहाँका वहुसंख्यक परिवार कृषि पेशामा आश्रित छन् । जम्मा जनसंख्याको ७२.५ प्रतिशत हिस्सा कृषिमा आश्रित छ । आन्तरिक रुपमा गरिने यावत् कृषि कृयाकलापले गाउँपालिकाको आन्तरिक अर्थतन्त्रलाई टेवा पुर्याएका छन् । गाउँपालिकाको धेरै भू भाग वन क्षेत्रले ओघटेको छ । गाउँपालिकाको श्रमशक्तिको ठूलो हिसा कृषि पेशामा आवद्ध भए पनि भण्डारण, मल, बिउ, प्रविधि तथा सिचाइ अभावमा कृषि क्षेत्रको ब्यवसायिक विकास हुन सकेको छैन । खेती योग्य कृषि क्षेत्रको हुने तर पर्याप्त तथा प्रभावकारी पूर्वाधार अभावमा कृषि क्षेत्रको पुर्ण प्राकृतिक क्षमतालाइ प्रयोगमा ल्याउने संयन्त्र अभावका कारण कृषि क्षेत्रबाट स्थानीय अर्थतन्त्रमा हुने योगदान अपेक्षाकृत न्युन छ । गाँउवासीको प्रमुख पेशा कृषि भएतापनि अधिकांस कृषकहरू परम्परागत सीप र शैलीमा आधारित हुनुका कारण उत्पादकत्वमा खास सुधार हुन सकेको छैन । यहाँको मुख्य आम्दानीको स्रोत भनेको कृषि हो भने सहायक रुपमा फलफूल र ज्याला मजदुरीको रुपमा लिने गरेको पाईन्छ । बाख्रापालन भैंसी, र गाई जस्ता पशुपालन गरि आफ्नो जिवनयापन गदै आएको पाईन्छ ।

सरुमारानी गाउँपालिकामा कृषि तथा पशु प्राविधिक कार्यक्रमलाई निरन्तरता दिइनु, पशुपन्छी विकासमा सुधार हुँदै जानु, युवा लक्षित व्यावसायिक कृषि कार्यक्रमबाट युवा लाभान्वित हुनु, कृषि तथा पशु फर्मको विस्तार हुनु, कृषि केन्द्रित सहकारी गतिविधि बढ्दै जानु यस क्षेत्रका अवसरहरू हुन् । बजारको विस्तार एवं आधुनिकीकरण गर्नु, सिंचाइ सुविधाको विस्तार गरी कृषि उत्पादकत्व बढाउनु,

सहकारीको उत्पादनशील क्षेत्रमा लगानी बढाउनु, भण्डारण केन्द्रको स्थापना र व्यवस्थापन गर्नु आदि प्रगतिका सूचकको रुपमा रहेका छन् ।

**ख) समावेशी दिगो पूर्वाधार :**

सरुमारानी गाउँपालिकाले समावेशी र दिगो पूर्वाधार विकासमा महत्वपूर्ण जोड दिएको छ । यसको मुख्य लक्ष्य भनेको सबै नागरिकलाई पूर्वाधारको पहुँच पुऱ्याउनु हो, जसमा सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरू पनि पर्छन् । गाउँपालिकाले सडक, खानेपानी, बिजुली, सञ्चार, शिक्षा र स्वास्थ्य सेवाहरूलाई सर्वसुलभ बनाउन विभिन्न योजनाहरू अगाडि सारेको छ । यसका लागि निर्माण गरिने संरचनाहरूलाई अपाङ्गमैत्री बनाउने, दुर्गम बस्तीहरूमा पनि पूर्वाधार पुऱ्याउने र वातावरणीय प्रभावलाई न्यूनीकरण गर्ने कुरामा विशेष ध्यान दिइएको छ ।

पूर्वाधार निर्माण गर्दा स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गर्ने र स्थानीय समुदायको सहभागितालाई प्राथमिकता दिने नीति लिइएको छ । यसले गर्दा विकास निर्माणमा स्वामित्वको भावना बढ्छ र परियोजनाहरूको दिगोपना सुनिश्चित हुन्छ । उदाहरणका लागि, विद्यालय भवन, स्वास्थ्य चौकी र सामुदायिक भवनहरू निर्माण गर्दा स्थानीय सामग्री र श्रमको प्रयोगलाई प्रोत्साहन दिइएको छ । साथै, पूर्वाधार परियोजनाहरूको योजना र कार्यान्वयन प्रक्रियामा महिला, दलित, जनजाति र अन्य पिछडिएका समुदायका प्रतिनिधिहरूको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ, जसले गर्दा उनीहरूको आवश्यकता र प्राथमिकताहरूलाई सम्बोधन गर्न सकिएको छ ।

दिगो विकासका लक्ष्यहरूलाई आत्मसात् गर्दै सरुमारानी गाउँपालिकाले वातावरणीय सन्तुलन कायम राख्दै पूर्वाधार विकासमा जोड दिएको छ । यसका लागि वातावरणीय प्रभाव मूल्याङ्कनलाई अनिवार्य गरिएको छ र हरियाली प्रवर्द्धन गर्ने तथा प्राकृतिक स्रोतको संरक्षण गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ । नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन दिँदै, गाउँपालिकाले सौर्य ऊर्जामा लगानी गरेको छ । यसरी, सरुमारानी गाउँपालिकाले समावेशी, पहुँचयोग्य र वातावरणीय रूपमा दिगो पूर्वाधारको विकास गरेर आफ्ना नागरिकहरूको जीवनस्तर सुधार गर्न प्रतिबद्ध रहेको देखाएको छ ।

**ग) संस्कृतिको जगेर्ना गर्दै पर्यटन प्रवर्धनः**

सरुमारानी गाउँपालिकाको आर्थिक विकासमा वाहय तथा आन्तरिक पर्यटन प्रवर्धनको प्रचुर सम्भावना रहेको छ । त्यसैले गाउँपालिकाको वृहत विकासका लागि पर्यटनलाई तेस्रो प्राथमिकताको रुपमा राखिएको छ । गाउँपालिकामा भएको भौतिक तथा प्राकृतिक सम्पदा, धार्मिक तथा पर्यटकीय स्थल, आफ्नो सामाजिक, भाषिक, साँस्कृतिक जीवन पद्दति आदि सम्बन्धी विषयबारे अरुलाई जानकारी गराई ती स्थानहरुमा भ्रमण गराई आय आर्जन बढाउनको लागि व्यवसायिक रुपमा पर्यटन उद्योग अगाडि बढाउन आवश्यक रहेको छ ।

प्युठान जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित सरूमारानी गाउँपालिका प्राकृतिक र धार्मिक पर्यटनको दृष्टिकोणले निकै महत्वपूर्ण मानिन्छ । यस गाउँपालिकाको सबैभन्दा ठुलो परिचय प्रसिद्ध धार्मिक स्थल स्वर्गद्वारी जाने मुख्य 'प्रवेशद्वार' को रूपमा रहेको छ, बड्डाँडा क्षेत्रबाट पर्यटकहरू स्वर्गद्वारीतर्फ लाग्ने गर्छन् । यस गाउँपालिकाको नाम रहन गएको ऐतिहासिक सरूमारानी लेक (कोट) यहाँको प्रमुख पर्यटकीय गन्तव्य हो, जहाँबाट मनोरम पहाडी दृश्यहरू र उत्तरतर्फका हिमशृङ्खलाहरूको अवलोकन गर्न सकिन्छ । त्यसैगरी, राप्ती र झिमरुक नदीको तटिय क्षेत्र, नौमुरे आयोजना स्थलको चर्चा र यहाँका स्थानीय मगर समुदायको मौलिक सांस्कृतिक पहिचानले पनि पर्यटकलाई आकर्षित

गर्दछ। महाभारत पर्वत शृङ्खलाको काखमा रहेकाले यहाँको स्वच्छ हावापानी र पदयात्राका लागि उपयुक्त डाँडाकाँडाहरूले सरूमारानीलाई आन्तरिक पर्यटनको एक सुन्दर गन्तव्य बनाएको छ ।

गाउँपालिकाको सानको रुपमा रहेको र देश विदेशमा समेत प्रख्यात रहेको सरुमारानी कोट यसै गाउँपालिमा रहेको छ । प्युठान जिल्लामा अवस्थित सरुमारानी गाउँपालिका प्राकृतिक सौन्दर्य र समृद्ध संस्कृतिको अनुपम संगम हो । यहाँको भौगोलिक विविधता, जस्तै उच्च पहाड, हरियाली फाँटहरू र बग्ने खोलाहरूले पर्यटकहरूलाई आकर्षित गर्छ । यस क्षेत्रमा रहेका मगर समुदायको मौलिक संस्कृति, परम्परा, वेशभूषा र चाडपर्वहरूले यहाँको पर्यटनमा थप आकर्षण थपेको छ । सांस्कृतिक प्रस्तुतिहरूले पर्यटकहरूलाई स्थानीय जीवनशैली बुझ्ने अवसर प्रदान गर्छ । यस गाउँपालिकाले धार्मिक पर्यटनको प्रचुर सम्भावना बोकेको छ किन कि यो गाउँपालिका प्रशिद्ध स्वर्गद्वारी मन्दिर जाने प्रवेश विन्दुको रुपमा रहेको छ ।

सरुमारानी गाउँपालिकाले पर्यटन प्रवर्धनका लागि विभिन्न प्रयासहरू गरिरहेको छ । स्थानीय सरकारले पर्यटकीय पदमार्गहरूको विकास, होमस्टेको प्रवर्धन र स्थानीय उत्पादनहरूको बजारीकरणमा जोड दिएको छ । यसले गर्दा पर्यटकहरूले स्थानीय खानाको स्वाद लिनुका साथै स्थानीय कला र हस्तकलाका सामग्रीहरू खरिद गर्न सक्छन् । यस क्षेत्रमा साहसिक पर्यटनका गतिविधिहरू जस्तै ट्रेकिङ, हाइकिङ र क्याम्पिङको पनि सम्भावना छ । गाउँपालिकाले यसका लागि आवश्यक पूर्वाधार विकासमा ध्यान दिइरहेको छ र पर्यटकहरूलाई सुरक्षित तथा आरामदायी यात्राको अनुभव प्रदान गर्न प्रतिबद्ध छ ।

संस्कृति र पर्यटनको एकीकृत प्रवर्धनले सरुमारानी गाउँपालिकाको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ । यसबाट स्थानीय बासिन्दाहरूको जीवनस्तर सुधार हुनुका साथै रोजगारीका अवसरहरू सिर्जना हुन्छन् । गाउँपालिकाले भविष्यमा दिगो पर्यटन विकासमा जोड दिने नीति लिएको छ, जसले गर्दा प्राकृतिक र सांस्कृतिक सम्पदाको संरक्षण हुँदै पर्यटनको लाभ स्थानीय समुदायसम्म पुगोस भन्ने रहेको छ । यसका लागि सरोकारवाला निकायहरू, स्थानीय समुदाय र पर्यटकहरूबीचको सहकार्य अपरिहार्य छ । सरुमारानी गाउँपालिका नेपालको पर्यटन नक्सामा एउटा महत्वपूर्ण गन्तव्यको रूपमा स्थापित हुने प्रचुर सम्भावना बोकेको छ ।

**घ) व्यवहारिक तथा व्यावसायिक शिक्षा**

सरुमारानी गाउँपालिकामा साक्षर जनसंख्या १७९०८ छन् जुन कुल जनसंख्या १९७८३ को ७९.१ प्रतिशत हो । साक्षर पुरुषहरु ८७ प्रतिशत छन् भने साक्षर महिलाहरु ७३ प्रतिशत छन् । शैक्षिक सुधारमा परम्परागत सोच हावी छ । स्थानीय रोजगारी र अवसरहरू कम छन् ।

सरुमारानी गाउँपालिकाले गाउँपालिकाको शिक्षाका योजनाबद्ध विकासका लागि ५ वर्षिय शिक्षा योजना २०८१/०८२-२०८५/०८६ निर्माण गरि कार्यन्वयनमा लिएको छ । सरुमारानी गाउँपालिकाको शिक्षा योजनाका अनुसार गाउँपालिकामा सामुदायिक, धार्मिक र संस्थागत गरी तीन प्रकारका विद्यालयहरू सञ्चालनमा रहेका छन् । जम्मा ३३ विद्यालय मध्ये २७ सरकारको लगानीमा चलेका सामुदायिक विद्यालय, २ वटा धार्मिक र ४ निजी क्षेत्रको लगानीमा सञ्चालन गरिएका संस्थागत विद्यालयहरू रहेका छन् । यस गाउँपालिकामा २ वटा सामुदायिक सिकाइ केन्द्रहरू रहेका छन् । गाउँपालिकामा विद्यालयमा आधारित २९ वटा, समुदायमा आधारित ८ वटा र संस्थागत विद्यालयमा ४ वटा गरी कुल ४१ वटा बालविकास केन्द्रहरु रहेका छन् । गाउँपालिकामा विद्यमान विद्यालयहरुको विवरण तल उल्लेख

तहगत अवस्था हेर्दा १ देखि ३ सम्म अध्यापन हुने ९ वटा सामुदायिक विद्यालयहरु रहेका छन् । १ देखि ५ सम्म पढाइ हुने १० वटा सामुदायिक र २ वटा संस्थागत गरी १२ वटा विद्यालयहरु रहेका छन् । त्यसैगरी १ देखि ८ सम्म अध्यापन हुने १ वटा संस्थागत र १ वटा सामुदायिक विद्यालय रहेका छन् । १ देखि १० सम्म पढाइ हुने ५ वटा सामुदायिक र १ वटा संस्थागत विद्यालय र १ देखि १२ सम्म पढाइ हुने ३ वटा सामुदायिक विद्यालयहरु रहेका छन् । गाउँपालिकामा २ वटा सामुदायिक सिकाइ केन्द्र छन ।

**ङ) गुणस्तरिय स्वास्थ्य :**

सामाजिक क्षेत्रको विकासमा स्वास्थ्य र पोषण क्षेत्रको भुमिका महत्वपुर्ण छ । संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँचको विषयलाई मौलिकहकको रूपमा प्रत्याभूत गरेको छ । नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ्य जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्देशित छ । दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा सबैलाई आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबैखाले विभेदको अन्त्य जस्ता लक्ष्यहरु निर्धारण गरेको छ । प्राथमिक स्वास्थ्यलाई मौलिक अधिकार अन्तर्गत समेटेर नेपालको संबिधानले नागरिकहरुको स्वस्थ्य जिवन जिउने वातावरण तयार गर्न राज्यको दायित्व हुने प्राबधान राखेको छ । प्राथमिक स्वस्थ्य, स्थानीय वातावरण, फोहोर मैला व्यवस्थापन, स्थानीय पर्यावरण आदिको प्रबर्द्धन गरी एकिकृत स्वास्थ्य तथा पोषण आपुर्ति, स्वच्छ पिउने पानी, विषादी रहित कृषि उत्पादन लगायतका स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध राख्ने कृयाकलापहरु मार्फत स्थानीय तहमा दिगो स्वास्थ्य प्रबर्द्धन गर्ने गराउने वा प्रेरित गर्ने जिम्मेवारी स्थानीय तहको हुने कानुनी प्राबधान छ । आवश्यक स्वास्थ्य इकाई, स्वास्थ्य केन्द्र, मातृशिशु सेवा केन्द्र सहित शैया तथा विशेषज्ञ सेवा सहितको एक स्थानीय तह एक अस्पताल कार्यक्रम पनि सञ्चालनमा छ ।

सरुमारानी गाउँपालिकाले नागरिकहरुको स्वास्थ्य सम्बन्धी अधिकार सुनिश्चित गर्न प्रयास गर्दै आएको छ । वार्षिक तथा आवधिक कार्यक्रम मार्फत स्वास्थ्य सुबिधा स्तरोन्नती गर्न स्वास्थ्यमा पहुँच वृद्धि गर्न नागरिकहरुमा स्वास्थ्य चेतना फैलाउने कार्यमा सरुमारानी गाउँपालिका प्रयासरत छ ।स्वास्थ्य सेवाका लागि जनताहरु गाउँपालिका तथा बाहिर जाने प्रबृत्ति भए पनि गाउँपालिका मातहतका स्वास्थ्य इकाई, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, मात्रृशिशु कार्यकर्ता, महिला स्वास्थ्य स्वयं सेविकाहरुको परिचालनबाट स्वास्थ्य सुधारमा राम्रो सुधार भएको अवस्था छ तर पनि मुख्य सूचकहरुको नतिजा अझ सुधार गर्नु पर्ने अवस्था छ ।

सरुमारानी गाउँपालिकामा ३ वटा स्वास्थ्य चौकी, ३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाईहरु रहेका छन् । स्वास्थ्य चौकीहरु मध्ये बांगेसाल स्वास्थ्य चौकीले सवैभन्दा बढी सेवा प्रदान गर्ने गर्दछ । यि मध्य ६ वटा स्वास्थ्य संस्थामा वर्थिङ सेन्टरको सुविधा रहेको छ । गाउँपालिकामा करिव ९५ प्रतिशत प्रसुती स्वास्थ्य संस्थामा हुने गर्दछन् ।

**च) पर्यावरण तथा विपद व्यवस्थापन :**

सरुमारानी गाउँपालिका, भौगोलिक रूपमा पहाडी क्षेत्रमा अवस्थित भएकाले, पर्यावरण संरक्षण र विपद व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने आवश्यकता छ । यस गाउँपालिकामा वन, पानीका स्रोतहरू र जैविक विविधताको राम्रो सम्भावना छ । यद्यपि, अव्यवस्थित बस्ती, वन विनास, र जलवायु

परिवर्तनका प्रभावहरूले गर्दा पर्यावरणमा नकारात्मक असर परेका संकेतहरु देखिन शुरु गरेका छन् । गाउँपालिकाले वृक्षारोपण कार्यक्रम, जलस्रोत संरक्षण, र फोहरमैला व्यवस्थापनमा केही प्रयासहरू गरे तापनि, दीगो विकासका लागि थप प्रभावकारी कदम चाल्नु आवश्यक देखिन्छ । स्थानीय समुदायको सहभागिता र जनचेतना अभिवृद्धिले मात्रै पर्यावरण संरक्षणका प्रयासहरूलाई सफल बनाउन सकिन्छ ।

विपदका दृष्टिले हेर्दा, सरुमारानी गाउँपालिका भूकम्प, पहिरो, बाढी र आगलागीको उच्च जोखिममा छ । विशेषगरी, वर्षायाममा पहिरो र बाढीका घटनाहरू सामान्यजस्तै भएका छन्, जसले भौतिक सम्पत्ति र जनजीवनमा ठूलो क्षति पुर्याउने गरेको छ । गाउँपालिकाले विपद पूर्वतयारी, प्रतिकार्य र पुनःस्थापनाका लागि केही योजनाहरू बनाएको छ, तर तिनको प्रभावकारी कार्यान्वयनमा चुनौतीहरू छन् । विपदका लागि आवश्यक स्रोतसाधनको कमी, दक्ष जनशक्तिको अभाव, र पूर्वसूचना प्रणालीको कमजोर अवस्थाले विपद व्यवस्थापनलाई जटिल बनाएको छ ।

समग्रमा, सरुमारानी गाउँपालिकामा पर्यावरण संरक्षण र विपद व्यवस्थापनलाई अझ सुदृढ बनाउन एकीकृत र बहुक्षेत्रीय दृष्टिकोण आवश्यक छ । यसका लागि, स्थानीय सरकार, समुदाय, गैरसरकारी संस्था र अन्य सरोकारवाला निकायहरूबीच समन्वय र सहकार्य अपरिहार्य छ । दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न, जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरू सञ्चालन गर्न, र विपद जोखिम न्यूनीकरणका उपायहरूलाई प्रभावकारी रूपमा लागू गर्नुपर्छ । यसले गर्दा मात्रै गाउँपालिकाको पर्यावरण सुरक्षित रहन्छ र विपदबाट हुने क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ ।

## गाउँपालिका विकासको समष्टिगत रणनीति

सरुमारानी गाउँपालिकाले अंगिकार गरेको दीर्घकालीन सोच, आवधिक योजनाले निर्धारण गरेको लक्ष्य र वृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका रणनीति अवलम्बन गरिने छ :

१ कृषि उद्यम र औधोगिक उत्पादन प्रवद्र्धन गर्न सकिने तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी लगानी, रोजगारी तथा आम्दानीका अवसर वृद्धि गर्ने,

२ कृषि तथा पशुपंक्षीजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगिकिकरण गर्ने,

३ गुणस्तरीय शिक्षा, आधुनिक प्रबिधि सहितको स्तरीय स्वास्थ्य सेवा, सुद्धृढ सरसफाई तथा खानेपानी सुविधा, सहज सामाजिक सुरक्षा पहुँच र उपभोग सुनिश्चित गर्ने,

५ अत्यावश्यक भौतिक पुर्वाधारको गुणस्तरीय विस्तार र स्तरोन्नति गर्ने,

६ विकास योजना चक्र तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दिगो बनाउने,

७ सार्बजनिक, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई अभिवृद्धि गर्ने,

८ सुशासन प्रबर्धन, सेवा प्रवाह, आयोजना व्यवस्थापन, संस्थागत क्षमता विकास तथा आन्तरिक राजश्व सुदृढ गर्ने।

९.पर्यटकीय क्षेत्रको पहिचान र बिकास मार्फत भ्रमण तथा कृषि पर्यटन प्रवद्र्धन गर्ने,

## २.४ मध्यमकालीन आर्थिक खाका

**"समृद्ध नेपाल, सुखी नेपाली"** भन्ने राष्ट्रिय सोच एवं लुम्बिनी प्रदेशको दिर्घकालिन सौँच **"कृषि, उद्योग, पर्यटन र पूर्वाधार-समृद्ध लुम्बिनीका मुख्य आधार"** साथै सरुमारानी गाउँपालिकाको आवधिक विकासको सौँच तथा लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार तीन वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

***तालिका १: स्थानीय समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य***

| क्र.सं. | सूचक | एकाइ | गत आ.व.को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | आ.व. २०८५/८६ |
| १. | बार्षिक उत्पादन | रु.लाखमा | २५४५ | २५७८ | २५८९ | २६१५ | २६५६ |
| १.१ | कृषि | रु.लाखमा | २३६७ | २३९८ | २४०८ | २४३२ | २४७० |
| १.२ | गैर कृषि (उद्योग र सेवा) | रु.लाखमा | १७८ | १८० | १८१ | १८३ | १८६ |
| २. | औषत पारिवारिक वार्षिक आय | रु.हजारमा | २९८ | ३२८ | ३६१ | ३९७ | ४३६ |
| ३. | उद्योग, व्यापार र व्यावसाय | संख्या | ११५ | १२० | १२५ | १३० | १३५ |
| ४. | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | कार्यदिन | २८०० | २९८० | ३०८८ | ३१२७ | ३२९९ |
| ५. | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार (१० देखि १२ महिना खाना पुग्ने परिवार) | प्रतिशत | ४० | ४५ | ५० | ५२ | ५५ |
| ६ | आर्थिक रुपमा सक्रिय जनसंख्या | प्रतिशत | ७० | ७१ | ७३ | ७५ | ७६ |

*स्रोत: सरुमारानी गाउँपालिका, २०८२*

## तालिका २: समष्टिगत क्षेत्रमा प्रदेशले लिएको लक्ष्य अनुसारको तालमेल

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | लुम्बिनी प्रदेश | | सरुमारानी गाउँपालिका | |
|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ को अवस्था | २०८५/८६ लक्ष्य | २०८१/८२ को अवस्था | २०८३/८४ को लक्ष्य |
| १ | प्रतिव्यक्ति वार्षिक आय (अमेरिकी डलर) | सूचांक | ११७२ | १५४८ | १००५ | ११२५ |
| २ | कुल ग्राहस्त उत्पादनको वृद्धिदर (औषतमा) | प्रतिशत | ४.०५ | ७.९० | २.५ | ६.८ |
| ३ | गरिबीको रेखामुनी रहेको जनसंख्या | प्रतिशत | २४.३५ | १५ | २२.४ | १७.३ |
| ४ | अपेक्षित आयु | वर्ष | ६९.५ | ७३ | ७०.१ | ७०.३ |
| ५ | बेरोजगारी दर | प्रतिशत | ८.१ | ५ | १८.५ | १०.५ |
| ५ | आम्दानिको माथिल्लो १० प्रतिशत र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात | अनुपात | १.३४ | १ | २.३ | १.५ |
| ६ | सम्पत्तिमा आधारित गिनी गुणक | सूचांक | ०.३० | ०.२६ | ०.४५ | ०.३५ |
| ७ | मातृमृत्यु दर (प्रति लाख जिवित जन्म) | संख्या | २०७ | ८० | ८० | ५५ |
| ८ | पाँच वर्ष मुनिको बालमृत्य दर (प्रति हजार जिवित जन्ममा) | संख्या | ४१ | २२ | १५ | १२ |
| ९ | साक्षरता दर | प्रतिशत | ७८.०८ | ९८ | ८२.३ | ८६.५ |
| १० | श्रम शक्ति सहभागिता दर | प्रतिशत | ३८.५ | ५० | ४५ | ६५ |
| ११ | लैंगिक विकास | सूचांक | ०.८८६ | ०.९०१ | ०.९०८ | ०.९२४ |
| १२ | मानव विकास सूचकांक | सूचांक | ०.५६३ | ०.६१० | ०.५८६ | ०.५९१ |
| १३ | डिजिटल साक्षरता | प्रतिशत | ७७ | ९० | ८० | ९० |
| १४ | विद्युत सेवा पुगेको जनसंख्या | प्रतिशत | ९८.३२ | १०० | | |
| १५ | भ्रष्टाचार न्यूनीकरण अनुभुति सूचांक | सूचांक | ३५ | ४५ | ३९ | ५० |
| १६ | ३० मिनेटको दुरीमा पक्की सडकमा पँहुच भएको जनसंख्या | प्रतिशत | ६५ | ८० | ८५ | १०० |
| १७ | बेरुजु (कुल खर्चको | प्रतिशत | ३.४० | १.३० | २.४ | १.२ |
| १८ | राष्ट्रिय परिचय पत्र प्राप्त जनसख्या | प्रतिशत | ४० | १०० | ६० | ९० |

*स्रोतः लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना, २०८१ र सरुमारानी गाउँपालिका, २०८२*

## २.५ मध्यमकालीन नतिजा खाका

सोह्रौं योजनाको अवधारण पत्र, लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना तथा गाउँपालिकाको वर्तमान समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ । यस नतिजा खाका तयारीको लागि सरुमारानी गाउँपालिकाको प्रथम आवधिक योजना र लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाको लक्ष्यलाई आधार मानी तयार गरिएको छ । साथै विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्थिक वर्ष २०८२/८३ को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व.को लक्ष्य निर्धारण गरिएको छ । मध्यमकालीन समष्टिगत नतिजा खाका तालिका ३ मा प्रस्तुत गरिएको छ :

***तालिका ३: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य***

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | हालको अवस्था | *मध्यमकालीन लक्ष्य* | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७०.१ | ७०.५ | ७०.८ | ७०.३ |
| २ | साक्षरता दर | प्रतिशत | ८२.३ | ८३ | ८४.५ | ८६.५ |
| ३ | विद्यार्थी भर्ना दर | प्रतिशत | ९२ | ९३.५ | ९५ | ९८ |
| ४ | विद्यालय छाड्ने दर (एक वर्षमा) | संख्या | १६ | १५ | १२ | १० |
| ५ | स्वास्थ्य संस्थामा पुग्न लाग्ने अधिकतम समय | मिनेट | ६० | ५० | ४५ | ३० |
| ६ | कम तौल भएका ५ वर्ष मुनीका बालबालिका | प्रतिशत | ५ | ४ | ३ | २ |
| ७ | स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला | प्रतिशत | ८५ | ८७ | ८८ | ९० |
| ८ | झाडा पखालाको संक्रमण दर (प्रति हजारमा) | संख्या | १२ | १० | ८ | ५ |
| ९ | स्वास्थ्य विमामा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ८० | ८५ | ९० | ९५ |
| १० | सबै प्रकारको खोप लिने बालबालिका | प्रतिशत | ९२ | ९३ | ९५ | ९९ |
| ११ | वृद्धि अनुगमन गरिएका मध्ये कुपोषित बालबालिका | प्रतिशत | १० | ८ | ७ | ५ |

स्रोत : सरुमारानी गाउँपालकिा, २०८२

## २.६ मध्यमकालीन बजेट खाका

सरुमारानी गाउँपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा गाउँपालिकाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य अधार लिइएको छ । गाउँपालिकाको प्रयासबाट तयार गरिएको यस मध्यमकालीन खर्च संरचनामा वित्तीय संङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीव्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । माथि उल्लेखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त हुने खर्च तथा स्रोतको अनुमान गरिएको छ ।

वडागत आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ । मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, संघीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तारणमा समानीकरण र अन्य विपदबाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई ध्यान दिइएको छ । त्रिवषीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, उपशाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा प्रस्तुत गरिएको छ ।

आर्थिक वर्ष २०८२/८३ को बजेट राजस्व तथा विनियोजनका आधारमा खर्च संरचनाको पहिलो वर्षको राजस्व तथा खर्च आँकलन गरिएको छ । दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको नीति तथा कार्यक्रममा उल्लेख गरेको कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ । प्रक्षेपणका क्रममा गाउँपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई स्रोत व्यवस्था गरिएको छ । आन्तरिक श्रोत, राजस्व बाँडबाँट, उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँटबाट स्वरूप प्राप्त हुने रकम र आन्तरिक श्रोत समेतका आधारमा गाउँपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम नेपाल सरकार र प्रदेश सरकारको मध्यमकालीन खर्च संरचनामा उल्लेखित रकम तथा सोको प्रक्षेपणको आधारमा आँकलन तथा अनुमान गरिएको छ ।

उल्लेखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. १ अर्व ६१ करोड ४१ लाख ४२ हजार प्रक्षेपण गरिएको छ । त्यसैगरी स्रोत परिचालनतर्फ आन्तरिक आयबाट रु. १२ करोड ४९ लाख ६२ हजार (७.७४ प्रतिशत), संघीय सरकारको स्रोतबाट रु. १ अर्व ३८ करोड ८५ लाख २२ हजार (८६.०२ प्रतिशत) र प्रदेश सरकारको स्रोतबाट रु. ९ करोड ४४ लाख ७६ हजार (५.८५ प्रतिशत) प्राप्त हुने प्रक्षेपण गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण तालिका ४ र ५ मा उल्लेख गरिएको छ :

***तालिका ४: आय संरचनाको सारांश***

| क.सं. | बजेटका स्रोतहरु | २०८१/८२ को यथार्थ | २०८१/८२ को अनुमान | प्रक्षेपण | | | ३ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | |
| १ | आन्तरिक स्रोत | २४८३३ | ३७३७९ | ३७७५३ | ४१५२८ | ४५६८१ | १२४९६२ |
| २ | नेपाल सरकारको श्रोत | ३५५३४५ | ४२४१९४ | ४३०८२३ | ४६१४२७ | ४९६२७२ | १३८८५२२ |
| ३ | प्रदेश सरकारबाट प्राप्त श्रोत | २५७२९ | २८५८६ | २८८७२ | ३१५०१ | ३४१०३ | ९४४७६ |
| ४ | ऋण तथा अन्य स्रोत | ३९०० | २०२० | २०४० | २०६१ | २०८१ | ६१८२ |
| | **जम्मा** | **४०९८०७** | **४९२१७९** | **४९९४८८** | **५३६५१६** | **५७८१३८** | **१६१४१४२** |

### तालिका ५: त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण

| क्र.सं. | बजेटका स्रोतहरु | २०८०/८१ को यथार्थ | २०८१/८२ को यथार्थ | २०८२/८३ को अनुमान | प्रक्षेपण | | | ३ वर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | आ.व. २०८५/८६ | |
| क. | राजस्व तथा अनुदान | ४३८०२८ | ४०९८०७ | ४९२१७९ | ४९९४८८ | ५३६५१६ | ५७८१३८ | १६१४१४२ |
| १ | आन्तरिक आय | ४२८८० | २४८३३ | ३७३७९ | ३७७५३ | ४१५२८ | ४५६८१ | १२४९६२ |
| २ | राजस्व बाँडफाँडबाट प्राप्त आय | ८९९९१ | ९६०४९ | १००७०८ | १०१७१५ | १११६२९ | १२३७१२ | ३३७०५५ |
| | नेपाल सरकार भ्याट | ८६०७४ | ९१९५० | ९२१९४ | ९३११६ | १०२४२८ | ११२६७० | ३०८२१४ |
| | नेपाल सरकार अन्तशुल्क | ० | ० | ० | ० | ० | ० | ० |
| | प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेशन, मनोरञ्जन कर आदि) | ३९१७ | ४०९९ | ८५१४ | ८५९९ | ९२०१ | ११०४१ | २८८४२ |
| ३ | नेपाल सरकार वत्तीय हस्तान्तरण | २७२४७६ | २६३३९५ | ३३२००० | ३३७७०७ | ३५८९९९ | ३८३६०२ | १०८०३०८ |
| | वत्तीय समानीकरण अनुदान | ८२६०० | ८२६०० | ८४३०० | ८५१४३ | ९१९५४ | ९९३११ | २७६४०८ |
| | सशर्त अनुदान चालू | १६४७७६ | १६२३९५ | १८७४०० | १८९२७४ | १९८७३८ | २०८६७५ | ५९६६८६ |
| | सशर्त अनुदान पूँजीगत | ७१०० | ८४०० | ३४१०० | ३६८२८ | ३८६६९ | ४३३१० | ११८८०७ |
| | समपुरक अनुदान | ८००० | १०००० | १५००० | १५१५० | १६९६८ | १९००४ | ५११२२ |
| | वशेष अनुदान पूँजीगत | १०००० | ० | ० | ० | ० | ० | ० |
| | वशेष अनुदान चालू | ० | ० | ११२०० | ११३१२ | १२६६९ | १३३०३ | ३७२८४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | प्रदेश सरकार वत्तीय हस्तान्तरण | २३८५० | २१६३० | २००७२ | २०२७३ | २२३०० | २३०६२ | ६५६३५ |
| | वत्तीय समानीकरण अनुदान | ५५०० | ५२३० | ५५७२ | ५६२८ | ६१९० | ७११९ | १८९३७ |
| | सशर्त अनुदान चालू | १६५० | ४०० | ० | ० | ० | ० | ० |
| | सशर्त अनुदान पूँजीगत | ६७०० | ७००० | ७००० | ७०७० | ७७७७ | ६६१० | २१४५७ |
| | समपुरक अनुदान चालू | ० | ० | ० | ० | ० | ० | ० |
| | समपुरक अनुदान पूँजीगत | १०००० | ७००० | ७५०० | ७५७५ | ८३३३ | ९३३२ | २५२४० |
| | वशेष अनुदान पूँजीगत | ० | ० | ० | ० | ० | ० | ० |
| | वशेष अनुदान चालू | ० | २००० | ० | | ० | | ० |
| ६ | अन्य अनुदान | ० | ० | ० | | | | ० |
| ७ | अन्तर स्थानीय तहबाट साझेदारी रकम | ८८३१ | ३९०० | २०२० | २०४० | २०६१ | २०८१ | २४९७ |
| ८ | जनसहभा गता | ० | ० | ० | | | | ० |
| ९ | नगद मौज्दात | ० | ० | ० | ० | ० | ० | ० |
| ख. | जम्मा खर्च | ४३८०२८ | ४०९८०७ | ४९२१७९ | ४९९४८८ | ५३६५१६ | ५७८१३८ | १६१४१४२ |
| १ | चालु खर्च | ११६०१५ | ९२८३९ | ११७९९४ | २००५८६ | २११४०७ | २२१९७७ | ६३३९७१ |
| २ | पुँजीगत खर्च | ३२२०१३ | ३१६९६८ | ३७४१८५ | २९८९०२ | ३२५१०९ | ३५६१६० | ९८०१७१ |
| ३ | बचत बजेट | 0 | 0 | 0 | 0 | 0 | 0 | ० |
| ४ | वत्तीय व्यवस्था | 0 | 0 | 0 | 0 | 0 | 0 | ० |
| ५ | आन्तरिक ऋण | 0 | 0 | 0 | 0 | 0 | 0 | ० |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बांडफाड

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ ।

### क. रणनीतिक स्तम्भको आधारमा बाँडफाँट

अघिल्ला वर्षका नीति तथा कार्यक्रम, गाउँपालिकाले निर्माण गरेको गुरुयोजनाहरु, आवधिक योजनाहरुको अध्ययन र अभिमुखीकरण कार्यक्रमको छलफलका आधारमा निम्न बमोजिमको रणनीकि स्तम्भहरु तयार गरी आगामी तीन आर्थिक वर्षको लागि बजेट अनुमान तथा प्रक्षेपण गरिएको छ । रणनीतिक स्तम्भको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ६ मा प्रस्तुत गरिएको छ :

***तालिका ६: रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको बजेट प्रक्षेपण***

| क्र. सं. | रणनीतिक स्तम्भ | आ.व.२०८३ / ०८४ | | आ.व.२०८४/ ०८५ | | आ.व.२०८५/ ०८६ | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | व्यावसायिक कृषि उत्पादन, भण्डारण र वजारीकरण साथै पर्यटन प्रवर्धन | १०११४६ | २०.२५ | १०८९१३ | २०.३० | ११६२०६ | २०.१० |
| २ | गाउँपालिकाको आन्तरिक राजस्वको करको दायरा विस्तार गर्ने | ८४९१ | १.७० | ८०४८ | १.५० | ९२५० | १.६० |
| ३ | आवधिक योजना कार्यान्वयनको सुनिश्चितताको लागि निजी क्षेत्र, गैर सरकारी संस्था र सहकारी क्षेत्रसँगको साझेदारी विस्तार गर्ने | ५९९४ | १.२० | ६७०६ | १.२५ | ७५१६ | १.३० |
| ४ | गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा जोड दिने | ५३१९५ | १०.६५ | ५६३३४ | १०.५० | ६२४३९ | १०.८० |
| ५ | लैंगिक समानता र सामाजिक समावेशीकरणलाई गाउँपालिकाको विकास गतिविधिमा मूलप्रवाहीकरण गर्ने | १७९३२ | ३.५९ | २०९२४ | ३.९० | २८३८७ | ४.९१ |
| ६ | जोखिमबाट पीडित वा जोखिममा रहेका समुदायहरुलाई जोखिम न्यूनीकरणका लागि उनीहरुको क्षमता विकासमा जोड दिने | २१४७८ | ४.३० | २३६०७ | ४.४० | १९६५७ | ३.४० |
| ७ | पुनर्लाभ, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणका लागि समाजका सबै वर्गको सहभागिता सुनिश्चित गर्ने | ४६४५२ | ९.३० | ४४७९९ | ८.३५ | ४१७९९ | ७.२३ |
| ८ | निर्माण गरिने पूर्वाधारहरु वातावरण अनुकूल तथा विपद् उत्थानशील हुने गरी निर्माण गर्ने | १६१८८४ | ३२.४१ | १७५१७३ | ३२.६५ | १९१९४२ | ३३.२० |
| ९ | मानव संसाधन र उद्यमशीलताको विकास गर्ने | ३३७१५ | ६.७५ | ३८०९३ | ७.१० | ४३६४९ | ७.५५ |
| १० | दिगो विकास लक्ष्यहरुलाई आन्तरिकीकरण गर्ने । | २४२२५ | ४.८५ | २३६०७ | ४.४० | २४५७१ | ४.२५ |
| ११ | वडा स्तरीय योजना | २४९७४ | ५.०० | ३०३१३ | ५.६५ | ३२७२३ | ५.६६ |
| | **जम्मा** | ४९९४८८ | १०० | ५३६५१६ | १०० | ५७८१३८ | १००.०० |

### ख. प्राथमिकताक्रमको आधारमा बाँडफाँट

कार्यक्रम तथा आयोजनाको आवधिक योजनाले निर्धारण गरेको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ७ मा प्रस्तुत गरिएको छ ।

***तालिका ७: प्राथमिकता क्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण***

| प्राथमिकताको क्षेत्र | कूल बजेट | प्राथमिकताको प्रतिशत |
|---|---|---|
| व्यावसायिक कृषि तथा पर्यटन प्रवर्धन | ४७९५६६ | २९.७१ |
| सामावेशी दिगो पूर्वाधार तथा उर्जा विकास | ४४५१०१ | २७.५८ |
| व्यावहारिक शिक्षा र गुणस्तरिय स्वास्थ्य | ३३०००४ | २०.४४ |
| संस्थागत सुशासन प्रवर्धन | १३२६३२ | ८.२२ |
| पर्यावरण तथा विपद व्यवस्थापन | १२८३९९ | ७.९५ |
| सामाजिक रुपान्तरण तथा सुरक्षा | ९८४४१ | ६.१० |
| **जम्मा** | **१६१४१४२** | **१००.००** |

### ग. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. ८ मा प्रस्तुत गरिएको छ :

***तालिका ८: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण***

| संकेत नम्बर | दिगो विकासका लक्ष्यहरु | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/०८६ | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | २९९६९ | ६ | ३८०९३ | ७.१ | ४५६७३ | ७.९ |
| २ | शुन्य भोकमरी | १७९८२ | ३.६ | १९३१५ | ३.६ | २०८१३ | ३.६ |
| ३ | स्वस्थ्य जीवन | ४८९५० | ९.८ | ५३११५ | ९.९ | ५९५४८ | १०.३ |
| ४ | गुणस्तरीय शिक्षा | १००३९७ | २०.१ | १०३५४८ | १९.३ | ११२७३७ | १९.५ |
| ५ | लैंगिक समानता | २३४७६ | ४.७ | २८४३५ | ५.३ | ३२९५४ | ५.७ |
| ६ | सफा पानी र स्वच्छता | ४०९५८ | ८.२ | ३९१६६ | ७.३ | ४५६७३ | ७.९ |
| ७ | आधुनिक उर्जामा पहुँच | ११९८८ | २.४ | १२८७६ | २.४ | १३८७५ | २.४ |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | १२४८७ | २.५ | १८७७८ | ३.५ | २०८१३ | ३.६ |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | ७६९२१ | १५.४ | ८०४७७ | १५ | ६३०१७ | १०.९ |
| १० | असमानता न्यूनीकरण | ४९९५ | १ | १०७३० | २ | १४४५३ | २.५ |
| ११ | दिगो शहर र समुदाय | २८४७१ | ५.७ | २७३६२ | ५.१ | ३१७९८ | ५.५ |
| १२ | दिगो उपभोग र उत्पादन | २२४७७ | ४.५ | २१९९७ | ४.१ | २६५९४ | ४.६ |
| १३ | जलबायु परिवर्तन अनुकुलन | २२४७७ | ४.५ | २४१४३ | ४.५ | ३१२१९ | ५.४ |
| १५ | जमीन माथिको जीवन | २२४७७ | ४.५ | १९३१५ | ३.६ | १७९२२ | ३.१ |
| १६ | शान्ति, न्यायपूर्ण र सशक्त समाज | २५४७४ | ५.१ | २८४३५ | ५.३ | २९४८५ | ५.१ |
| १७ | दिगो विकासका लागि साझेदारी | ९९९० | २ | १०७३० | २ | ११५६३ | २ |

| संकेत नम्बर | दिगो विकासका लक्ष्यहरु | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/०८६ | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| | **जम्मा** | ४९९४८८ | १०० | ५३६५१६ | १०० | ५७८१३८ | १०० |

## घ. लैंगिक संकेतको आधारमा बाँडफाँट

लैंगिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ९ मा प्रस्तुत छ :

***तालिका ९: लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण***

| लैंगिक संकेत | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/०८६ | |
|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | १७९८२ | ३.६० | ३०५८१ | ५.७० | ४२७८२ | ७.४० |
| सहयोगी | २४२२५२ | ४८.५० | २७५७६९ | ५१.४० | ३०४१०० | ५२.६० |
| तटस्थ | २३९२५५ | ४७.९० | २३०१६५ | ४२.९० | २३१२५५ | ४०.०० |
| **जम्मा** | ४९९४८८ | १०० | ५३६५१६ | १०० | ५७८१३८ | १०० |

## ङ. जलवायु संकेतको आधारमा बाँडफाँट

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. १० मा प्रस्तुत छ :

***तालिका १०: जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण***

| जलवायु संकेत | २०८३/०८४ | | २०८४/०८५ | | २०८५/०८६ | |
|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्रत्यक्ष लाभ | ६९४२९ | १३.९० | १०३५४८ | १९.३० | १३२९७२ | २३.०० |
| अप्रत्यक्ष लाभ | १७०८२५ | ३४.२० | १८१३४२ | ३३.८० | १९४८३२ | ३३.७० |
| तटस्थ | २५९२३४ | ५१.९० | २५१६२६ | ४६.९० | २५०३३४ | ४३.३० |
| **जम्मा** | ४९९४८८ | १०० | ५३६५१६ | १०० | ५७८१३८ | १०० |

## २.८ विषय क्षेत्रगत बांडफाड

विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट तथा प्राथमिकीकरण सम्बन्धी विवरण समावेश गरिएको छ । विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ११ मा प्रस्तुत गरिएको छ :

***तालिका ११: आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण***

| विषय क्षेत्र | विषय उपक्षेत्र | दिविल संकेत नम्वर | आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| आर्थिक क्षेत्र | १. कृषि | २ | २०८३/८४ | ४२२०७ | २७८६६ | १४३४० | ३३६३ | ३६५७९ | २६१६ |
| | | | २०८४/८५ | ४९०९१ | ३२४१२ | १६६७९ | ३८०० | ४२२२१ | २८८२ |
| | | | २०८५/८६ | ५४०५६ | ३५६९० | १८३६६ | ४२७१ | ४६४०१ | ३१८९ |
| | २. सिंचाई | २ | २०८३/८४ | ३१९६७ | १२७८७ | १९१८० | २५४७ | २७७०५ | १९८१ |
| | | | २०८४/८५ | ३०५८१ | १२२३३ | १८३४९ | २३६७ | २६३०१ | १७९६ |
| | | | २०८५/८६ | ३३५३२ | १३४१३ | २०११९ | २६४९ | २८७८४ | १९७८ |
| | ३. पशुपंक्षी | २ | २०८३/८४ | १७४८२ | ५२४५ | १२२३७ | १३९३ | १५१५१ | १०८३ |
| | | | २०८४/८५ | १९३१५ | ५७९४ | १३५२० | १४९५ | १६६११ | ११३४ |
| | | | २०८५/८६ | २१३९१ | ६४१७ | १४९७४ | १६९० | १८३६२ | १२६२ |
| | ४. उद्योग, व्यापार तथा व्यवसाय | ९ | २०८३/८४ | १२४८७ | ४९९५ | ७४९२ | ९९५ | १०८२२ | ७७४ |
| | | | २०८४/८५ | १३९४९ | ५५८० | ८३७० | १०८० | ११९९७ | ८१९ |
| | | | २०८५/८६ | १५६१० | ६२४४ | ९३६६ | १२३३ | १३३९९ | ९२१ |
| | ५. पर्यटन तथा संस्कृति | ८ | २०८३/८४ | ९४९० | ५२२० | ४२७१ | ७५६ | ८२२५ | ५८८ |
| | | | २०८४/८५ | ९९२६ | ५४५९ | ४४६६ | ७६८ | ८५३६ | ५८३ |
| | | | २०८५/८६ | ७२२७ | ३९७५ | ३२५२ | ५७१ | ६२०३ | ४२६ |
| | ६. भूमी व्यवस्था तथा सहकारी | १ | २०८३/८४ | ५९९४ | ३५९६ | २३९८ | ४७८ | ५१९५ | ३७१ |
| | | | २०८४/८५ | ६७०६ | ४०२४ | २६८३ | ५१९ | ५७६८ | ३९४ |

| विषय क्षेत्र | विषय उपक्षेत्र | दिविल संकेत नम्वर | आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| | | | २०८५/८६ | ७५१६ | ४५०९ | ३००६ | ५९४ | ६४५२ | ४४३ |
| | ७. श्रम, रोजगारी तथा गरिवी निवारण | ८/१ | २०८३/८४ | १६९८३ | ७६४२ | ९३४० | १३५३ | १४७१८ | १०५२ |
| | | | २०८४/८५ | १८७७८ | ८४५० | १०३२८ | १४५३ | १६१५० | ११०३ |
| | | | २०८५/८६ | २०८१३ | ९३६६ | ११४४७ | १६४५ | १७८६६ | १२२८ |
| सामाजिक क्षेत्र | ८. जनस्वास्थ्य तथा पोषण | ३ | २०८३/८४ | १६९८३ | १०१९० | ६७९३ | १३५३ | १४७१८ | १०५२ |
| | | | २०८४/८५ | १८७७८ | ११२६७ | ७५११ | १४५३ | १६१५० | ११०३ |
| | | | २०८५/८६ | २०५२४ | १२३१४ | ८२१० | १६२२ | १७६१८ | १२११ |
| | ९. शिक्षा, कला, भाषा तथा साहित्य | ४ | २०८३/८४ | ३६२१३ | २१७२८ | १४४८५ | २८८५ | ३१३८४ | २२४४ |
| | | | २०८४/८५ | ३७५५६ | २२५३४ | १५०२२ | २९०७ | ३२३०० | २२०५ |
| | | | २०८५/८६ | ४१९१५ | २५१४९ | १६७६६ | ३३१२ | ३५९८० | २४७२ |
| | १०. खानेपानी तथा सरसफाइ | ६ | २०८३/८४ | २२२२७ | १३३३६ | ८८९१ | १७७१ | १९२६३ | १३७७ |
| | | | २०८४/८५ | २४९४८ | १४९६९ | ९९७९ | १९३१ | २१४५६ | १४६५ |
| | | | २०८५/८६ | २६०१६ | १५६१० | १०४०६ | २०५६ | २२३३२ | १५३५ |
| | ११. महिला, बालबालिका तथा सामाजिक समावेशीकरण | ५ | २०८३/८४ | ९९९० | ५९९४ | ३९९६ | ७९६ | ८६५८ | ६१९ |
| | | | २०८४/८५ | १२०७२ | ७२४३ | ४८२९ | ९३४ | १०३८२ | ७०९ |
| | | | २०८५/८६ | १८५०० | १११०० | ७४०० | १४६२ | १५८८१ | १०९१ |
| | १२. युवा, खेलकुद तथा नवप्रवर्तन | ४ | २०८३/८४ | ७४९२ | २९९७ | ४४९५ | ५९७ | ६४९३ | ४६४ |
| | | | २०८४/८५ | ८३१६ | ३३२६ | ४९९० | ६४४ | ७१५२ | ४८८ |
| | | | २०८५/८६ | ९२५० | ३७०० | ५५५० | ७३१ | ७९४० | ५४६ |
| | १३. सामाजिक सुरक्षा तथा पंजीकरण | १ | २०८३/८४ | ४५० | २२५ | २२५ | ३६ | ३९० | २८ |
| | | | २०८४/८५ | ५३७ | २६८ | २६८ | ४२ | ४६१ | ३२ |
| | | | २०८५/८६ | ६३६ | ३१८ | ३१८ | ५० | ५४६ | ३८ |
| पूर्वाधार क्षेत्र | १४. भवन, आवास तथा बस्ती विकास | ११ | २०८३/८४ | ६१९३६ | ३७१६२ | २४७७५ | ४९३४ | ५३६७८ | ३८३८ |
| | | | २०८४/८५ | ६५७२३ | ३९४३४ | २६२८९ | ५०८७ | ५६५२५ | ३८५९ |

| विषय क्षेत्र | विषय उपक्षेत्र | दिविल संकेत नम्वर | आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| | | | २०८५/८६ | ७१९७८ | ४३१८७ | २८७९१ | ५६८७ | ६१७८६ | ४२४६ |
| | १५. सडक, पुल तथा यातायात | ९ | २०८३/८४ | ६९१७९ | ४१५०७ | २७६७२ | ५५११ | ५९९५४ | ४२८७ |
| | | | २०८४/८५ | ७४३०८ | ४४५८५ | २९७२३ | ५७५२ | ६३९०८ | ४३६३ |
| | | | २०८५/८६ | ८२३८५ | ४९४३१ | ३२९५४ | ६५१० | ७०७१९ | ४८६० |
| | १६. जलस्रोत, विद्युत् तथा स्वच्छ ऊर्जा | ११ | २०८३/८४ | २७४७२ | १५११० | १२३६२ | २१८९ | २३८०९ | १७०२ |
| | | | २०८४/८५ | २६०२१ | १४३१२ | ११७०९ | २०१४ | २२३७९ | १५२८ |
| | | | २०८५/८६ | २७३४६ | १५०४० | १२३०६ | २१६१ | २३४७४ | १६१३ |
| | १७. सूचना तथा सञ्चार प्रविधि | १७ | २०८३/८४ | १२९८७ | ६४९३ | ६४९३ | १०३५ | ११२५५ | ८०५ |
| | | | २०८४/८५ | १४२१८ | ७१०९ | ७१०९ | ११०० | १२२२८ | ८३५ |
| | | | २०८५/८६ | ९२५० | ४६२५ | ४६२५ | ७३१ | ७९४० | ५४६ |
| वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र | १८. वन, भूसंरक्षण तथा जैविक विविधता | १५ | २०८३/८४ | ८५४१ | ४२७१ | ४२७१ | ६८० | ७४०२ | ५२९ |
| | | | २०८४/८५ | १०१९४ | ५०९७ | ५०९७ | ७८९ | ८७६७ | ५९९ |
| | | | २०८५/८६ | ११५६३ | ५७८१ | ५७८१ | ९१४ | ९९२५ | ६८२ |
| | १९. वातावरण तथा फोहोरमैला व्यवस्थापन | १२ | २०८३/८४ | ८४९१ | ३३९७ | ५०९५ | ६७६ | ७३५९ | ५२६ |
| | | | २०८४/८५ | ९३८९ | ३७५६ | ५६३३ | ७२७ | ८०७५ | ५५१ |
| | | | २०८५/८६ | १०४०६ | ४१६३ | ६२४४ | ८२२ | ८९३३ | ६१४ |
| | २०. विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन | १३ | २०८३/८४ | १८९८१ | ७५९२ | ११३८८ | १५१२ | १६४५० | ११७६ |
| | | | २०८४/८५ | १८७७८ | ७५११ | ११२६७ | १४५३ | १६१५० | ११०३ |
| | | | २०८५/८६ | १४४५३ | ५७८१ | ८६७२ | ११४२ | १२४०७ | ८५३ |
| संस्थागत विकास तथा सुशासन क्षेत्र | २१. नीति, कानुन, न्याय तथा सुशासन | १६ | २०८३/८४ | ४२४६ | २५४७ | १६९८ | ३३८ | ३६८० | २६३ |
| | | | २०८४/८५ | ५३६५ | ३२१९ | २१४६ | ४१५ | ४६१४ | ३१५ |
| | | | २०८५/८६ | ७२२७ | ४३३६ | २८९१ | ५७१ | ६२०३ | ४२६ |
| | २२. संगठन तथा क्षमता विकास, | १६ | २०८३/८४ | २४२२५ | १४५३५ | ९६९० | १९३० | २०९९५ | १५०१ |
| | | | २०८४/८५ | २३६०७ | १४१६४ | ९४४३ | १८२७ | २०३०३ | १३८६ |

| विषय क्षेत्र | विषय उपक्षेत्र | दिविल संकेत नम्वर | आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| | जनशक्ति व्यवस्थापन र सेवा प्रवाह | | २०८५/८६ | २४५७१ | १४७४३ | ९८२८ | १९४१ | २१०९२ | १४४९ |
| | २३. राजस्व तथा स्रोत परिचालन | १६ | २०८३/८४ | ४२४६ | २१२३ | २१२३ | ३३८ | ३६८० | २६३ |
| | | | २०८४/८५ | ४५६० | २२८० | २२८० | ३५३ | ३९२२ | २६८ |
| | | | २०८५/८६ | ५७८१ | २८९१ | २८९१ | ४५७ | ४९६३ | ३४१ |
| | २४. तथ्यांक प्रणाली र योजना तथा विकास व्यवस्थापन | १६ | २०८३/८४ | ४२४६ | २५४७ | १६९८ | ३३८ | ३६८० | २६३ |
| | | | २०८४/८५ | ३४८७ | २०९२ | १३९५ | २७० | २९९९ | २०५ |
| | | | २०८५/८६ | ३४६९ | २०८१ | १३८८ | २७४ | २९७८ | २०५ |
| | वडा स्तरीय आयोजना | | २०८३/८४ | २४९७४ | १४९८५ | ९९९० | १९९० | २१६४४ | १५४८ |
| | | | २०८४/८५ | ३०३१३ | १८१८८ | १२१२५ | २३४६ | २६०७१ | १७८० |
| | | | २०८५/८६ | ३२७२३ | १९६३४ | १३०८९ | २५८६ | २८०८९ | १९३० |
| | **जम्मा** | | २०८३/८४ | **४९९४८८** | **२७४०८९** | **२२५३९९** | **३९७९३** | **४३२८८४** | **३०९५३** |
| | | | २०८४/८५ | **५३६५१६** | **२९५३०५** | **२४१२११** | **४१५२८** | **४६१४२७** | **३१५०१** |
| | | | २०८५/८६ | **५७८१३८** | **३१९४९८** | **२५८६४०** | **४५६८१** | **४९६२७२** | **३४१०३** |

# परिच्छेद ३ : आर्थिक क्षेत्र

यस परिच्छेद अन्तर्गत सरुमारानी गाउँपालिकाको आवधिक योजनाले तय गरेको आर्थिक क्षेत्रसँग सम्बन्धित कृषि तथा सिंचाई, पशु विकास, सिंचाई, उद्योग तथा व्यापार, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी र श्रम तथा रोजगारी जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ३.१ कृषि

### ३.१.१. पृष्ठभूमि

गाउँपालिका धरातलिय स्वरुपको हिसावले उच्च पहाडी क्षेत्रको अधिकांस बनौट भिरालो प्रकृतिको रहको छ भने केही अर्ध समथर जमिन पनि रहेको छ । प्यूठान जिल्लाको सरुमारानी गाउँपालिकालाई मुलप्रवाह क्षेत्र बनाएर अविरल बगिरहने नदी, खोला, लगायत सहायक नदी तथा खोलाहरु यहाको मुख्य प्राकृतिक सम्पदा हुन् । त्यसैगरी वेसौसमी तरकारी खेतीकालागि व्यवसायिक कृषकलाई टनेल र मल्चिङ प्लाष्टिक र थोपा सिंचाईको व्यवस्था गरिएको छ भने कृषकहरुलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तरगत पकेट क्षेत्रहरु निर्माण गरिएका छन् । विपन्न परिवारलाई गाउँपालिकाले कृषि विमा अनुदान समेत वितरण गरेको छ । गाउँपालिका भित्रका कृषकहरुको तथ्याङक एकीकृत गर्न किसान सुचीकरण कार्यक्रम र कृषि, पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अध्यावधिक गरिएको छ ।

गाउँपालिकाको भू-धरातल समुन्द्र सतहवाट ३२० मी. देखि १७९० मी. सम्म फैलिएको हुनाले धेरै क्षेत्रफल पहाडी भूभागमा पर्दछ । यस गाँउपालिकाको कुल भू -भाग मध्ये २१.५१ प्रतिशत भूभाग मात्र कृषिको लागि उपयुक्त रहेको छ । यी कृषि योग्य भूमी पनि नदी,खोलाको किनार र पहाडको फेदी वा बेंसिक्षेत्रहरुमा अवस्थित छ । हाल खेतीपाती भैरहेको क्षेत्र, विशेषत मलिलो र सघन खेतीपाती गर्न सकिने उर्वर क्षेत्रमा पर्ने भएकोले यो भूमिको पूर्ण सदुपयोग गर्न सके यो गाउँपालिकालाई कृषिको नमूना क्षेत्रको रुपमा विकास गर्न सकिन्छ । पेशागत हिसावले अधिकांश जनताहरु कृषि पेशामा संलग्न रहेका छन् । गाउँपालिकाको दीर्घकालिन विकास र समृद्धिका हिसाबले यो क्षेत्रलाई कृषिको बैज्ञानिकिकरण र व्यवसायिकिकरण, वनजंगलको वैज्ञानिक व्यवस्थापन तथा जडिवुटी उत्पादन र पर्यटन विकास मार्फत सम्वृद्ध वनाउन सकिने संभावना रहेको छ ।

सरुमारानी गाउँपालिकाको अर्थतन्त्रको आधार कृषि क्षेत्र हो । गाउँपालिकामा प्रतिव्यक्ति खाद्यन्न उत्पादन ३९४.४८ के.जी. रहेको छ । साना किसान औषत वार्षिक आय रु. २ लाख रहेको छ । १०७ वटा समूह/समूहहरु कृषि व्यावसायमा संलग्न रहेका छन् । कुल कृषि भूमि मध्ये ८९.२५ प्रतिशत भूमिमा खेति गरिएको छ । यहाँ ९७८ हेक्टर कृषि भूमिमा वाह्रै महिना सिंचाई सुविधा रहेको छ ।

यहाँका प्रमुख खाद्यान्न बालीहरू, धान, मकै, गहुँ, जौ, तरकारी बालीहरूमा काउली, वन्दा, साग मूला, टमाटर आदि पर्दछन् , तेलहन बालीमा तोरी, फिलुङ्गे, सूर्यमुखी पर्दछन् त्यसैगरी दलहनबालीमा मसुरो, चना, गहत, वोडी, केराउ, सिमी ,मास, अलहर, फलफुल बालीमा आँप, केरा, लिची, कागती, मेवा, कटहर, आरु र नगदे बालीमा गहत, बेसार, पिडालु, लटे समेत खेति हुने गर्दछ । गाँउपालिकाकोको कृषि विकास शाखाले विभिन्न वडाहरुमा विभिन्न किसिमको बाली उत्पादन गर्नको लागि पकेट क्षेत्र निर्धारण गरेको छ । जसमा भौगालिक बनावट, उपयुक्त माटो र हावापानी अनुसार

वडा नं. १ मा धान, गहुँ, आलु, तोरी र पिडालु, वडा नं. २ मा धान, मकै, गहुँ, कागती, घाँस वडा नं. ३ मा धान गहुँ, वेसार, वडा नं. ४ मा धान गहुँ अदुवा, वडा नं. ५ मा अदुवा, बेसार, टमाटर र वडा नं ६ मा सुन्तला, पिडालु, अदुवा, वेसार, गहुँ र कफी पकेट क्षेत्र निर्धारण गरिएको छ। कृषिपकेट क्षेत्र बाहेक यस गाँउपालिकामा १०७ ओटा कृषि/पशुपंक्षी फर्महरु दर्ता गरी संचालन गरिरहेका छन्। जस अन्तरगत वडा नं. १ मा मौसमी तथा वेमौसमी तरकारी तथा पशुपंक्षी फर्म, वडा नं.२ मा पशु फर्म, माछा फर्म वडा नं ३ मा मौरी पालन र पशु पंक्षी फर्म, वडा नं. ४ मा मौरी, तरकारी, पशुपंक्षी फर्म, वडा नं. ५ मा पशुपं क्षी फर्म र वडा नं. ६ मा कृषि तथा पशु पालन फर्महरु रहेका छन् ।

### १.१.२. समस्या तथा चुनौति

परम्परागत कृषि प्रणालीलाई पूर्ण रुपमा व्यवसायिकरण गर्न नसकिनु, व्यवसायीक कृषकहरुलाई बजार व्यवस्थापन गर्न सहजता नहुनु, कठिन भूगोलका कारण पाखो बारीहरुमा सिंचाइको व्यवस्था गर्न नसकिनुका साथै प्रति इकाइ लागत खर्च बढी हुनु, बेमौसमी तरकारी उत्पादनका लागि प्रविधी र बजार व्यवस्थापनको कठिनाइ, जमिनको खण्डीकरण लाई व्यवस्थापन गर्नु, कृषकले सहजरुपमा कर्जा प्राप्त गर्न नसक्नु, विचौलियाको वढ्दो प्रभाव हुनु, उन्नत कृषि तथा पशुपालन व्यवसायकालागि आवश्यक प्रविधिको व्यवस्थापन गर्न, जलवायु परिवर्तनको प्रभाव बढ्नु, तथा कृषि उत्पादन, प्रशोधन तथा वजारीकरणका लागि आवश्यक पूर्वाधारको अभाव हुनु कृषि क्षेत्रका प्रमुख समस्या तथा चुनौती हुन्।

सरुमारानी गाउँपालिकामा वैज्ञानकि भूउपयोग योजनाको अभाव हुनु र कृषि सामग्री जस्तै मल, बीउ, विषादी तथा आधुनकि औजार र प्राविधिकि ज्ञानमा किसानको सहज पहुँच नहुनु मुख्य समस्याका रूपमा रहेका छन्। बाह्रै महिना सिचाइको सुविधा नहुँदा अझै पनि आकाशे पानीमा भर पर्नुपर्ने बाध्यता छ भने अधिकांश भूभाग भिरालो र वनजङ्गलले ढाकिएका कारण खेती विस्तारमा कठिनाइ देखिन्छ। यसबाहेक, परम्परागत खेती प्रणालीका कारण कृषि क्षेत्र व्यावसायिक बन्न नसकी केवल निर्वाहमुखी मात्र भएको छ। माटो र बीउ परीक्षणका लागि दक्ष जनशक्ति र कृषि श्रमिकको अभाव हुनुका साथै उत्पादित वस्तुको उचित भण्डारण र प्रभावकारी बजारीकरणको व्यवस्था हुन सकेको छैन। समग्रमा, कृषि सडकको पहुँच नपुग्नु र किसानलाई उच्च प्रतिफल दिने उत्पादनतर्फ आकर्षित गर्ने ठोस योजना नहुनुले कृषिको वैज्ञानिकीकरण र आधुनिकीकरणमा ठूलो चुनौती खडा गरेको देखिन्छ।

समग्रमा कृषि तथा पशुपालन विमाको दायरा कम हुनु, सकृय ग्रामिण कृषि कार्यकर्ताको संख्या न्युन हुनु, कृषकहरुलाई व्यवसायिक तालिम पर्याप्तता नहुनु, गाउँपालिकाको क्षेत्रफलको तुलनामा कृषि उपज संकलन केन्द्र, बजार प्रवर्द्धन केन्द्र, तथा सामुदायिक कृषि प्रसार सेवा केन्द्रको संख्या कम हुनु, उन्नत विउ, जैविक मल र विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधि प्रयोग प्रति कृषक आकर्षक नहुनु, पशुपालनको व्यवसायिकताका लागि आवश्यक पर्ने पूर्वाधार जस्तै गोठ निर्माण तथा सुधार पूर्ण रुपमा विकास गर्न नसक्नु यस क्षेत्रका समस्या तथा चुनौती हुन्।

### ३.१.३ लक्ष्य

कृषि पकेट क्षेत्रको पहिचान गर्दै व्यावसायिक तथा आधुनिक कृषि तथा पशुपालनको माध्यमबाट स्वदेशमै रोजगारी सिर्जना गरी गरिबी न्यूनिकरण गर्ने ।

### ३.१.४. उद्देश्य

- आधुनिक कृषि प्रणाली, प्रविधि तथा यन्त्र उपकरणको प्रयोगद्वारा कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गरी व्यावसायिकीकरणका माध्यमबाट आर्थिक उपार्जन तथा रोजगारीको वृद्धि गर्नु,
- पशुपालन व्यवसायको आधुनिकीकरण, विविधिकरण तथा व्यावसायिकीकरण गर्दै कृषकहरूको दिगो आयस्रोतको रूपमा स्थापित भई गरिबी न्यूनिकरण गर्नु ।

### ३.१.५. रणनीति

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १. प्राङ्गारिक खेतीको विस्तार गर्ने । | १. प्राङ्गारिक मल उत्पादनलाई प्रोत्साहन गरिने छ ।<br>२. प्राङ्गारिक, पोषणयुक्त र गुणस्तरीय कृषि उपजको सहज आपूर्तिको व्यवस्था मिलाइने छ ।<br>३. प्राङ्गारिक उत्पादनको उचित वजारीकरणको व्यवस्था गरिनेछ |
| २.कृषि भूमिको उत्पादकत्वका आधारमा भूमिको वर्गीकरण गर्ने । | १. भूमिको स्तरीकरण गरी भूमिको स्तर अनुसारका बालीनाली लगाउने व्यवस्था मिलाइने छ ।<br>२. कृषि एवं पशुविकास क्षेत्रको व्यवसायीकरण, विविधिकरण एवं यान्त्रीकरणका लागि आवश्यक कृषि प्राविधिकको व्यवस्था गरिने छ ।<br>३. उच्चमूल्यका बाली तथा वनस्पतिहरू (रैथाने र बाह्य) को प्रवर्द्धन गरिने छ । |
| ३.कृषि सहकारी तथा समुहको लगानी वृद्धि गरी कृषि, पशु तथा मत्स्य उत्पादनलाई बढावा दिने । | १. कृषि सहकारीको ऋण प्रवाह विस्तार गरी कृषि व्यवसायलाई प्रवर्द्धन गरिने छ ।<br>२. पशुपालन प्रवर्द्धनका लागि सहकारीलाई प्रोत्साहन गरिने छ ।<br>३. बगुवा पानीका स्थायी स्रोतहरू पहिचान गरी मत्स्य विकासका संभावनाहरूको खोजी गरी मत्स्य उत्पादनमा लगानी बढाइने छ । |

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम, आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| प्रतिव्यक्ति खाद्यन्न उत्पादन | के.जी. | ४०० | ४०५ | ४१० | ४१२ |
| साना किसान औषत वार्षिक आय | रु हजार | २२० | २४० | २६० | ३०० |
| कृषि व्यवसायमा संलग्न समूह वा सहकारी | संख्या | १२० | १३० | १४० | १५५ |
| कुल कृषि भूमी मध्ये खेती गरिएको भूमी | प्रतिशत | ९० | ९२ | ९४ | ९८ |
| खाद्यन्न बालीको औसत उत्पादकत्व प्रति हेक्टर (धान, गहुँ, मकै) | मे.ट. | ३.८ | ४ | ४.२ | ४.४ |
| व्यवसायिक उत्पादनमा संलग्न कृषक | संख्या | १४०० | १८०० | २००० | २५०० |

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| कुल तरकारी उत्पादन | मे.टन | १९०८ | २००० | २१०० | २२५० |
| कुल खाद्यन्न उत्पादन (धान, गहुँ, मकै) | मे.टन | ७८७० | ८००० | ८५०० | ९००० |
| मह उत्पादन | मे.टन | ३६ | ३९ | ४१ | ५० |
| वाह्रै महिना सिचाई हुने क्षेत्र | हेक्टर | १००० | ११०० | १२०० | १३५० |
| सूचिकृत कृषक | संख्या | ३८०० | ३८५० | ३९०० | ३९५० |

स्रोतः सरुमारानी गाउँपालिका कृषि शाखा, २०८२

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | ४२२०७ | २७८६६ | १४३४० | ३३६३ | ३६५७९ | २६१६ |
| २०८४/८५ | ४९०९१ | ३२४१२ | १६६७९ | ३८०० | ४२२२१ | २८८२ |
| २०८५/८६ | ५४०५६ | ३५६९० | १८३६६ | ४२७१ | ४६४०१ | ३१८९ |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | लागत हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| एक गाउँ एक रैथाने बाली पकेट क्षेत्र, कृषि व्लक तथा जोन विकास आयोजना | प्रत्येक वडाको आफ्नै उत्पादन पहिचान बनाउदै कृषिमा आत्मनिर्भर बनाउने | सालवसाली | २२५३० | यस अवधिमा कम्तिमा ३ वडा उत्पादन पहिचान भएका हुनेछन् । |
| जैविक, प्रांगारिक मल तथा जैविक विषादी प्रयोग प्रवर्द्धन कार्यक्रम | प्रांगारिक उत्पादनलाई जोड दिने | सालवसाली | ९४४८ | ३५० जना कृषकले प्रांगारिक झोल मल तथा विषादिको प्रयोग गरेका हुनेछन् । |
| रैथाने वाली, बिउ विजन, डाले तथा भुई घाँस उत्पादन स्रोत केन्द्रको स्थापना | रैथाने बालिको विउँ संरक्षण गर्दै उत्पादन तथा उपभोग बढाउने | ०८३ देखि ०८५ सम्म | ५४५१ | १ वटा उत्पादन स्रोत केन्द्रको स्थापना भएको हुनेछ । |
| कृषकहरुको कृषि शिप हस्तान्तरणका लागि प्रयोगात्मक माटो परिक्षण, कृषि सम्मान, कृषि अवलोकन मार्फत कृषक क्षमता विकास । | माटो सुहाउदो उत्पादनका लागि माटो परिक्षण तथा कृषिक क्षमता अभिवृद्धि गर्ने | ०८५ सम्म | ३६३४ | ५८० किसानको खेतवारीको माटो परिक्षण भएको र ३०० कृषकको क्षमता विकास भएको हुनेछ |
| तरकारी पकेट क्षेत्र कार्यक्रम | तराकारी उत्पादनमा आत्मनिर्भरता बढाउने | सालवसाली | ९५२१ | ३ वटा तरकारी पकेट क्षेत्र विकास भएको हुनेछ । |
| लक्षित समुदायलाई उत्पादनमा आधारित अनुदानको व्यवस्था | लक्षित समुहको जिविकोपार्जनमा सुधार | सालवसाली | ७९९४ | लक्षित वर्गको आयस्रोतमा वृद्धि भई जिविकोपार्जनमा सुधार हुनेछ । |
| आलु पकेट क्षेत्र विकास कार्यक्रम | आलुमा आत्मनिर्भर हुने | सालवसाली | ९४४८ | ३ वटा आलु पकेट क्षेत्रको वकास भएको हुनेछ । |
| नगदे तथा औद्योगिक बाली (अदुवा, बेसार, मसलाजन्य बाली, कागती, केरा) विकास सहजीकरण कार्यक्रम | नगदे तथा औद्योगिक बालीको उत्पादन बढाउने | सालवसाली | १३८०९ | अदुवा, बेसार, मसलाजन्य बाली, कागती, केरा उत्पादन बढेको हुनेछ । |
| कृषकहरुलाई प्लास्टिक टनेल वितरण कार्यक्रम | बेमौसमी तरकारी उत्पादन बढाउने | सालवसाली | ७४८६ | ३४५ जना कृषकले टनेल खेती गरेका हुनेछन् |
| बाली जोखिम न्यूनीकरण, आकस्मिक बाली संरक्षण र रोग नियन्त्रणका लागि कृषि एम्बुलेन्स कार्यक्रम | बाली जोखिम न्युनीकरण गर्ने | सालवसाली | ७२६८ | ४३५ जना कृषकले कृषि एमबुलेन्सको सेवा पाएका हुनेछन् |
| स्थानीय वजार तथा हाटबजार संचालन तथा व्यवस्थापन | स्थानीय उत्पादनको बजार व्यवस्थापन गर्ने | सालवसाली | ६५४१ | स्थानीय उत्पादनको बजार व्यवस्थापन भएको हुनेछ |
| बहुउद्देश्यीय कृषि, फलफुल तथा जडीवुटी नर्सरी स्थापना र संचालन | फलफूल तथा जडिबुटी नर्सरी प्रवर्धन गर्ने | सालवसाली | ५०८७ | ३ वटा व्यावसायिक नर्सरी स्थापना तथा संचालन भएका हुनेछन् । |
| वडागत तरकारी तथा खाद्यान्न संकलन केन्द्र स्थापना | तरकारी तथा खाद्यन्न चिस्यान तथा संकलन केन्द्र स्थापना गर्ने | ०८३ देखि ०८५ सम्म | १२३५५ | १ कोल्ड स्टोर तथा ५ वटा संकलन केन्द्र स्थापना भएको हुनेछ । |
| कृषि बाली विमा कार्यक्रम | प्राकृतिक विपत्तीबाट कृषिमा हुने नोक्सानीबाट बच्ने | क्रमागत | १०९७४ | थप १५ सय जना कृषकलाई बाली विमा गरेका हुनेछन् |
| कृषि प्राविधिकको क्षमता विकास आयोजना | कृषि उत्पादनको क्षेत्रमा प्राविधिक जनशक्ती उत्पादन गर्ने | क्रमागत | १३८०९ | प्रत्येक वडामा ५ जना दक्ष कृषि सहजकर्ताहरु तयार भएका हुनेछन् । |
| **जम्मा** | | | **१४५३५३.८** | |

### ३.१.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा रहेका व्यवसायिक कृषकहरुको संख्या बृद्धि भई कृषि उत्पादकत्व बढ्ने र बजारीकरण सुदृढ भएको हुनेछ । कृषि क्षेत्रमा जलवायु परिवर्तनले पार्ने असर र प्रकोपको जोखिम संभावना अधिक रहन सक्दछ। कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, भरपर्दो सिंचाई प्रणाली, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ । संङ्घीय शासन व्यवस्था अनुसार संङ्घीय, प्रदेश र स्थानीय तहबीच नीति, योजना तथा कार्यक्रमको सामाञ्जस्यता, समन्वय र सहकार्यले गर्दा कृषि पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी कृषि व्यवसायमा परिचालन हुनेछ । गाउँपालिकाले कृषि व्यवसाय प्रवर्द्धनका लागि लिईने नीति र कार्यक्रमले बेरोजगार युवाहरु कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

कृषि क्षेत्रको प्रवर्द्धन र विकासका लागि सिंचाईको महत्वपूर्ण भूमिका हुन्छ। तसर्थ कृषि क्षेत्रको विकासका लागि सिंचाईलाई मेरुदण्डका रुपमा लिइन्छ । खाद्यान्न बाली, नगदे बाली तथा जडिवुटि उत्पादनमा राम्रो सम्भावना रहेको सरुमारानी गाउँपालिकाको वडा नं. १ मा सिँचाई टंकी, कोल्गोड सिँचाई ट्याकी, वडा नं .२ मा गनाह सिँचाइ आयोजना, बुढी गह्रा सिँचाई कुलो ,रत्ने मसुरी सिँचाई कुलो, डगडगे सिँचाई कुलो वर्णविर सिँचाई कुलो, वडा नं . ३ मा प्रभु सिँचाई कुलो, ओदाले सिँचाई कुलो, ध्रुवाघाट सिँचाई कुलो, नौघाट सिँचाइ कुलो, वडा नं. ४ मा डुम्री खोला कुलो, छत्री खोला कुलो, अँधेरी खोला कुलो, बुढी खोला कुलो (तल्लो, माथिल्लो) तल्लो माथिल्लो बैंके कुलो, वडा नं . ५ मा पुठा खोला हात्तिखाल सिंचाई, जसपुर छविसे सिँचाई कुलो नयाँ बस्ती कर्थुके  सिँचाई कुलो, वडा नं. ६ मा वेथी खोला, टुनी खोला, कूलो खोला, ठाडी ओडार सिँचाई  कुलो लगायतका सिचाँइ कुलो तथा आयोजनाहरु सञ्चालनमा रहेका छन्  । त्यसैगरी बोदने खोला खोलापारी सिचाइ कुलो, धाद्र सिचाइ योजना, ओदाले पक्की कुलो लगाएतका सिचाइहरु सञ्चालनमा रहेका छन् । गाउँपालिकाले मुख्य प्राथमिकतामा राखी प्रस्तावित योजनाहरू मात्र पनि सफल बनाउन सके कृषि क्षेत्रमा गाउँपालिकाले उपलब्धी हाँसिल गर्न सक्ने देखिन्छ । झनै  राप्ती नदी र अन्य सहायक नदीको जलभण्डारलाई सदुपयोग गर्न सके त कृषि क्षेत्रमा कायपलट नै हुन सक्नेछ। यो परिप्रेक्ष्यमा खोल्सा तथा जलाधार क्षेत्रको संरक्षण गरी सिँचाइ सुविधा विस्तार गरी कृषि उत्पादनमा वृद्धि गर्नको लागि विशेष पहल गर्नुपर्ने देखिन्छ । सिचाइका नयाँ प्रविधिको प्रयोगमार्फत सिँचाइ सुविधा विस्तार गर्ने सम्भावना हुनु, पर्याप्त जलस्रोत तथा जलाधार क्षेत्रको उपलब्धता हुनु यस क्षेत्रका अवसरहरू हुन् ।

### ३.२.२ समस्या तथा चुनौति

सिचाइ पुर्याउन कठिन जमिनमा वैकल्पिक सिँचाइको व्यवस्था गर्नु, उपलब्ध जलस्रोतको व्यवस्थित सदुपयोग हुन नसक्नु, सिँचाइ पूर्वाधारको अभाव, स्रोत साधनको कमी यस क्षेत्रका प्रमुख दुर्बल पक्षहरू हुन् । सिंचाई सुविधा विस्तार गर्न बजेटको कमी, परम्परागत सिंचाई प्रणालीमा निर्भर हुनु पर्ने बाध्यता रहनु, जलस्रोत परिचालन सम्बन्धी उपभोक्ता समितिहरूमा सीप र ज्ञानको कमी हुनु, आवश्यक सिंचाई आयोजनाहरु संचालन गर्न नसक्नु, खेतीयोग्य जमिनमा मानव वस्ती विकास हुँदै जानु यस क्षेत्रका मुख्य समस्याहरू हुन् । त्यसैगरी, वैकल्पिक सिंचाइ विधि अवलम्वन नगरिनु, सिंचाइ गुरुयोजना तर्जुमा नहुनु, भएका सिंचाइका श्रोतहरुको पूर्ण उपयोग हुन नसक्नु र सिंचाई कुलोहरुको नियमित मर्मत संभार हुन नसक्नु जस्ता समस्याहरु रहेका छन् । साथै कृषियोग्य सबै भूमिमा वाहै

महिना सिंचाइको व्यवस्था गर्ने र सतह सिंचाइको सम्भावना नभएका क्षेत्रहरुमा नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणालीको विकास गर्ने जस्ता कुरा चुनौतीका रुपमा रहेका छन् ।

सिंचाईको सुविधा विस्तारका लागि पर्याप्त लगानी बढाउनु, उत्थानशील/बलियो र भरपर्दो सिंचाई नहर र कुलोहरूको निर्माण गर्नु, नीजि क्षेत्रको लगानीलाई प्रोत्साहित गर्नु, सिंचाई पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको संयुक्त लगानीको प्रवन्ध गर्नु, कृषि योग्य जमिनको संरक्षण गर्नु, जलवायु परिवर्तनबाट पानीको उपलब्धतामा हुनसक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्ने उपाय अवलम्बन गर्नु, सिंचाईमा नयाँ प्रविधिको प्रयोग गर्नु, सम्पन्न आयोजनाहरुमा जनसहभागिता जुटाई दिगो रुपमा संचालन गर्नु र बाह्रै महिना नियमित रुपमा सिंचाई सुविधा उपलब्ध गराउनु यस क्षेत्रका मुख्य चुनौतीहरू हुन् । सम्पूर्ण कृषि भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउनु, सिँचाइ आयोजनाको प्रभावकारी व्यवस्थापन गर्नु, खेतीयोग्य जमिनमा सिँचाइ कुलोको व्यवस्था गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ३.२.३ लक्ष्य

सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा दिगो सिंचाईको व्यबस्थापन गरी उच्च प्रतिफल युक्त कृषि उत्पादनमा योगदान पुर्याउने ।

### ३.२.४ उद्देश्य

आधुनिक प्रविधिमार्फत पानीको स्रोतको प्रवन्ध गरी गाउँपालिकामा नयाँ सिचाइ योजनाहरुको निर्माण, भैरहेका सिचाइको मर्मत र स्तरउन्नती तथा विस्तार गरी दीर्घकालीन रूपमा सिँचाई सुविधा विस्तार गर्दै मौसमी तथा बेमौसमी कृषि खेती प्रणाली मार्फत आर्थिक उपार्जन तथा रोजगारी वृद्धि गर्नु ।

### ३.२.५ रणनीति

१. सिँचाई सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

२. सिँचाई आयोजना निर्माण, मर्मत सम्भार तथा स्तरउन्नति गर्ने ।

३. कृषक अभिमुखीकरण तथा क्षमता विकास ।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको अगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| मझौला सिचाइ आयोजना | सङ्ख्या | १० | १२ | १४ | १५ |
| सिचाइ कुलोको लम्बाइ | कि. मि. | ८ | १० | १२ | १४ |
| वर्षभरि सिँचाइ पुगेको जमिन | हेक्टर | १००० | ११०० | १२०० | १३५० |
| सिँचाइ नपुगेको तर सिचाइ पुर्याउन सकिने जमिन | प्रतिशत | ६० | ६५ | ७० | ७५ |
| आँसिक सिचाइ हुने जमिन | प्रतिशत | २० | २५ | ३० | ३२ |

| | | | | | |
|---|---|---|---|---|---|
| सिचाइ पुर्याउन कठिन जमिन | प्रतिशत | १५ | १४ | १३ | १२ |
| साना सिँचाइ आयोजना | सङ्ख्या | १० | १२ | १३ | १५ |

स्रोत: सरुमारानी गाउँपालिकाको, २०८२

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सिंचाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | ३१९६७ | १२७८७ | १९१८० | २५४७ | २७७०५ | १९८१ |
| २०८४/८५ | ३०५८१ | १२२३३ | १८३४९ | २३६७ | २६३०१ | १७९६ |
| २०८५/८६ | ३३५३२ | १३४१३ | २०११९ | २६४९ | २८७८४ | १९७८ |

### ३.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | लगत हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| नीति, कानुन, मापदण्ड अनुसारको सिचाइ गुरुयोजना निर्माण र कार्यान्वयन | दिगो सिचाइको व्यवस्थापन गर्नु | ०८६ सम्म | ६२५ | सिचाइको दिर्घकालीन योजना सहितको गुरुयोजना निर्माण भएको हुनेछ |
| सतह सिचाइ, पोखरी सिचाइ थोपा सिँचाई, लिफ्टिङ सिचाइ जस्ता सिँचाई प्रविधिको व्यवस्था | किफायती तथा उन्नत सिचाइ सुविधाको प्रवन्ध गर्नु | सालवसाली | ११७२२ | ४५० जना कृषकहरुले थोपा सिंचाइ लगायत प्रविधिको प्रयोग गरेका हुनेछन् । |
| पानीको नियमित स्रोत भएका जमिनका लागि खुल्ला र नियन्त्रित (कुलो, पाइप, सङ्कलन स्थल) सिचाई | दिगो सिचाइको व्यवस्था गर्नू | सालवसाली | ४६११९ | सिचाइ योग्य जमिनको क्षेत्रफलमा २५ प्रतिशतले वृद्धि भएको हुनेछ |
| आयोजनामाथि स्थानीयहरूको अपनत्व सिर्जना गर्न विपन्न वर्गको लागत सहभागिता अनुदान | सिचाइमा विपन्न वर्गको पहुँच वृद्धि गर्नु | सालवसाली | १४४ | १७५ जना विपन्न परिवारले साना सिचाइमा अनुदान सुविधा पाएका हुनेछन् । |
| सिंचाई सम्बन्धी सालवसाली योजनाहरु ( पानीका मुहान संरक्षण, बाँध निर्माण मर्मत, उपभोक्ता समुहको क्षमता विकास) | सिचाइ मर्मत संभार दिगो रुपमा गर्नु | सालवसाली | ३७४७१ | सिचाइ मर्मत संभार दिगो भएको हुनेछ । |
| **जम्मा** | | | ९६०८१ | |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

व्यवसायिक कृषि उत्पादनको लागि प्रविधि तथा नविनतम खोज तथा विकास गरेर सिंचाई व्यवस्थापन गर्न नसकिएमा वा हुन नसकेमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ। तीनै तहका सरकारहरुबाट कृषियोग्य भूमीमा सिंचाई सुविधा प्रदान गर्ने नीति, कार्यक्रमबीच सामञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। गाउँपालिका र प्रदेश सहित संङ्घीय सरकारहरुबाट प्रविधियुक्त सिंचाई विस्तारमा पूँजी विस्तार हुनेछ र कृषि उत्पादन वृद्धिले युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्।

## ३.३ पशुपंक्षी

### ३.३.१ पृष्ठभूमि

यस गाउँपालिकाको आर्थिक गतिविधि मध्ये पशुपंछी पालन पनि एक हो । यस क्षेत्रमा परम्परागत तथा व्यावसायिक रुपमा पशुपन्छी पालनको अभ्यास भैरहेको छ । पशुपंक्षी क्षेत्रको विकासका लागि गाउँपालिकाले उन्नत जातका बोका, उन्नत कुखुरा, बाखा, डाले घाँस बेर्ना, भुइँ घाँसको वीउ वितरण जस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यस गाउँपालिकामा पशुपालन समूह गठन तथा नश्ल सुधार, कृत्रिम प्रजनन, प्राथमिक उपचार केन्द्र, पशु स्वास्थ्य कार्यकर्ता उत्पादनका गतिविधिहरु सञ्चालन भैरहेका छन् । यसका साथै व्यवसायिक पशुपंक्षी पालन फर्महरु क्रियाशील छन् भने पशु वीमा अभिकर्ताहरु कियाशील र वीमा कार्यक्रमबाट कृषकहरु कमिक रुपमा लाभान्वित हुँदै गैरहेका छन्। गाउँपालिकाले पशु स्वास्थ्य कार्यकर्ताहरु परिचालन पनि गरेको छ।

यसैगरी पशु शिविर सञ्चालन, रेविज नियन्त्रण शिविर, पिपिआर खोप सञ्चालन, पशु वितरण, कृषक समुह दर्ता जस्ता कार्यहरू हुँदै आएको छ । यस्ता कार्यक्रमहरूले गाउँवासी कृषकहरूलाई पशुपंक्षी तथा मौरी पालनका लागि थप आकर्षण प्रदान गरेको छ। विगत देखिनै यस पालिकामा दुग्घ पदार्थ र मासु उत्पादन तथा खपत वृद्धि भएको छ । दुध, दही, माछा मासु, अण्डा, मह आदिको उत्पादनमा यस पालिकालाई आत्मनिर्भर बनाई निर्यात तर्फ आकर्षण गर्नुपर्ने छ। गाई भैंसी पालनमा जोड दिने र मासु उत्पादनलाई थप व्यवसायीकरण गर्न आवश्यक छ । यसरी व्यवसायिक पशुपंक्षी, तथा मौरी चिसो पानीमा ट्राउट माछापालनको विस्तार गरी थप रोजगारी सिर्जना र कृषकहरुको आय बृद्धि गर्दै गाउँपालिकालाई समृद्ध बनाउनु परेको छ।

### ३.३.२ समस्या तथा चुनौति

निर्वाहमुखी न्यून उत्पादकत्व भएका पशु पालन निरन्तर हुनु, उच्च उत्पादकत्व भएका पशु पालन नहुनु, बढ्दो आयातमूखि संस्कृति, उन्नत घाँस वीउ र आधुनिक प्रविधिको अभाव, पशु बजार र सूचनाको अभाव आदि प्रमुख समस्या रहेका छन्। त्यसैगरी जलवायु परिवर्तनका कारण पशुमा नयाँ किसिमका रोगको संक्रमण हुनु, समुदाय तथा गाउँपालिकाका विषयगत शाखा बिच समन्वयमा कमी हुनु, प्राविधिक जनशक्तिको अभाव, पर्याप्त अनुदान तथा वित्तिय सहजीकरणको अभाव हुनु तथा कृषकमा पशुविमाका बारेमा न्युन जानकारी हुनु पशुपालन क्षेत्रका प्रमुख समस्या तथा चुनौती हुन।

पशुपालन क्षेत्रमा अझै पनि किसानहरूको आकर्षण बढ्न नसक्नु, कृषकहरूका व्यवसायिक इच्छा शक्ति कम हुनु, व्यवसायिक उत्पादनको लागि आवश्यक पर्ने उन्नत नश्लका पशुपंक्षी, पशु स्वास्थ्य प्राविधिक र गुणस्तरीय आहारको अभाव हुनु, बाखा तथा भैंसीलाई थुनेलो, ज्वरो, नाम्ले, जुका, पखला, अरुची जस्ता रोगका कारण अपेक्षित लाभ हासिल गर्न नसक्नु, सबै किसानहरूलाई घरदैलोमा पशुसेवा उपलब्ध गराउन नसक्नु, कृषकको बजारसँग प्रत्यक्ष पहुँच नहुँदा विचौलियाको हस्तक्षेप हुनु,

नीतिगत रुपमा गाउँपालिकाले प्राथमिकतामा राखेता पनि आवश्यक बजेट विनियोजन नहुनु । यसका साथै पशुपंक्षी पालनका पूर्वाधारहरु : सङ्कलन केन्द्र, दुध चिस्यान केन्द्र, कृत्रिम गर्भाधान केन्द्र, पशुपंक्षीवधशाला, प्रशोधन केन्द्र, हाटवजार व्यवस्था नहुनु, उन्नत डाले तथा भुई घाँस तथा सन्तुलित आहार, दाना पसलको व्यवस्था नहुनु, भकारो एवं गोठ सुधार र पशुमुत्रको उपयोग हुन नसक्नु, पशुपंक्षीहरुको व्यवसायिक पालनमा सहुलियत दरमा कर्जा तथा अनुदान सुविधा प्रदान गर्न, युवाहरु पशुपंक्षीपालन प्रति आकर्षण वढाउन, पशुपंक्षीहरुको वजार प्रवर्द्धन गर्न चुनौती रहेको छ ।

### ३.३.३ लक्ष्य

"पशुपंक्षीपालनलाई व्यवस्थित, विविधीकरण एवं व्यवसायीकरण गर्दै कृषकहरुको आयआर्जनको भरपर्दो श्रोतको रुपमा विकास गर्नु ।"

### ३.३.४ उद्देश्य

१. पशुपंक्षीपालनमा व्यवसायिकता बिकास गर्ने ।
२. पशुपंक्षीजन्य वस्तुको वजार प्रवर्द्धन गर्ने ।
३. पशुपंक्षीपालनमा महिला, दलित एवं अति विपन्न वर्गको आवद्धतामा वृद्धि गर्ने ।
४. पशुपंक्षी स्वास्थ्य तथा उपचार व्यवस्था विस्तार गर्ने ।
५. वातावरण तथा हावापानी अनुकुलमैत्री पशुपक्षी व्यवसायको प्रवर्द्धन गर्ने ।
६. पशुपंक्षी सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

### ३.३.५ रणनीति तथा कार्यनीति

| रणनीीति | कार्यनीति |
|---|---|
| १.१ पशुपन्छी पालनमा व्यवसायिकता अभिवृद्धि गर्न कृषक अभिमुखिकरण गर्ने | १.१.१ वडास्तरमा उद्यमशिल सोच भएका इच्छुक युवा तथा अग्रणी कृषकहरूको पहिचान गरिनेछ । |
| | १.१.२ कृषि उद्यमीहरूको उत्प्रेरणाका लागि वडास्तरमा उनीहरूको सोच र योजनाबारे सूचना संकलन गरी क्तबचत- गउ का लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| | १.१.३ इच्छुक युवा तथा अन्य अगुवा कृषकहरूको लगत संकलन पश्चात पशुपन्छी, मौरी तथा मत्स्य पालन सम्बन्धी असल अभ्यास तथा प्राविधिक पक्षहरूबारे वर्षमा एक पटक अभिमुखिकरण तथा तालिम सञ्चालन गरिनेछ । |
| १.२ युवा उद्यमीहरूलाई यसतर्फ आकर्षण गर्न विशेष सहुलियत प्रदान गर्ने | १.२.१ निश्चित मापदण्डका आधारमा एकल तथा सामुहिक रुपमा पशुपन्छी पालनमा व्यवसायिक रुपमा जान खोज्ने कृषक, कृषक समूह तथा वैदेशिक रोजगारीवाट फर्किएका युवाहरूलाई व्याजमा अनुदान दिइने छ । |
| | १.२.२ उच्च मूल्य पर्ने पशुपन्छीजन्य उत्पादनका लागि आवश्यक उन्नत जातका नश्लको प्रर्वद्धन गर्न बोका, बहर, राँगो तथा माउहरु आदिमा निश्चित मापदण्डका आधारमा अनुदान प्रदान गरिनेछ । |
| | १.२.३ स्थानीय सहकारी तथा समूहमा व्यवसाय गर्न चाहनेहरूलाई निश्चित प्रतिशत ब्याज तथा सहुलियत तथा लगानीमा अनुदान प्रदान गरिनेछ । |

| | |
|---|---|
| १.३ पशुपन्छी उत्पादनलाई आवश्यक कृषि सामाग्री तथा प्रविधिको उपलब्धता वृद्धि गर्ने | १.३.१ पशुपालनलाई आवश्यक घाँसको उत्पादन वीउ तथा बेर्ना वितरण गरिनेछ । |
| | १.३.२ प्रत्येक वडामा पशुसेवा केन्द्रद्वारा प्रदान सेवालाई घुम्ती सेवा मार्फत विस्तार गरिनेछ । |
| | १.३.३ पशु बिमा कार्यक्रमलाई कृषक मैत्री र प्रभावकारी बनाउन बिमा कम्पनीको समन्वयमा अर्न्तकृया गरिनेछ । |
| | १.३.४ पशु रोग नियन्त्रणका लागि भ्याक्सिनेसन तथा Call Center को व्यवस्था गरिनेछ । |
| | १.३.५ उन्नत र उच्च प्रतिफल दिने पशुनश्ल सुधार तथा कृत्रिम गर्भाधान सेवालाई विस्तार गरिनेछ । |
| | १.३.६ स्थानीय उपजमा आधारित दाना उद्योग खोल्ने उद्यमीलाई मापदण्डका आधारमा सहुलियत प्रदान गरिनेछ । |
| | १.३.७ पशुशिक्षा प्रवर्द्धन गर्न वडास्तरमा कृषक पाठशाला सञ्चालन गरिनेछ । |
| | १.३.८ बाखापालन व्यवसायलाई व्यवसायिकरण गर्नका लागि कृषकहरुलाई बाखापालन सम्बन्धमा तालिम प्रदान गर्नुका साथै डालेघाँस नर्सरी स्थापनाका लागि सहयोग प्रदान गरिनेछ । |
| २.१ कृषि तथा पशुपन्छी तथ्याङ्क प्रणालीको विकास गर्ने | २.१.१ गाउँपालिकाभर पालिने पशुपन्छीको विवरण अध्यावधिक गर्ने तथ्याङ्क प्रणालीको निर्माण गरिनेछ । |
| २.२ पशुपन्छीजन्य उत्पादनको निर्यात गर्ने | २.२.१ गाउँपालिकामा उत्पादन हुने पशुपन्छी संकलन केन्द्रको स्थापना गरिनेछ । |
| | २.२.२ वडा स्तरिय पशुबधशालाको स्थापना गरिनेछ । |
| | २.२.३ उत्पादित वस्तुहरूको ब्रान्डिङ, लेबलिङ, प्याकेजिङ तथा गुणस्तर जाँच गर्ने व्यवस्था मिलाईनेछ । |
| ३.१ माछापालनमा इच्छुक कृषक पहिचान गर्ने | ३.१.१ वडागतरुपमा सम्भाव्यताका आधारमा माछापालन गर्न चाहने र गरिरहेका कृषक पहिचान गरि तालिम संचालन गरिनेछ । |

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम र आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| व्यवसायिक पशुपंक्षीपालन फर्म | संख्या | २२ | २५ | २८ | ३० |
| बार्षिक दुधको उत्पादन | लिटर/दिन | ४७८३ | ४८७९ | ४८६५ | ५०२३ |
| खसी बोका, राँगा, सुँगुर, बंगुर, कुखुराको बार्षिक उत्पादन | मे.टन | १७६२ | १८१२ | १८५० | १९४५ |
| बार्षिक अण्डा उत्पादन गोटा | हजारमा | ९७ | ९८ | ९९ | १०० |
| वार्षिक माछा उत्पादन | केजी | ३६० | ४०० | ४५० | ५०० |
| नश्ल सुधार तथा प्राथमिक | संख्या | १८ | २० | २५ | ३० |

| | | | | | |
|---|---|---|---|---|---|
| उपचारकेन्द्र | | | | | |
| सुचारु कृत्रिम गर्भाधान केन्द्र | संख्या | | २ | ३ | ५ |

स्रोतः सरुमारानी गाउँपालिकाको आवधिक, २०८३

### ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशुपंक्षी विकास सम्वन्धी उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | १७४८२ | ५२४५ | १२२३७ | १३९३ | १५१५१ | १०८३ |
| २०८४/८५ | १९३१५ | ५७९४ | १३५२० | १४९५ | १६६११ | ११३४ |
| २०८५/८६ | २१३९१ | ६४१७ | १४९७४ | १६९० | १८३६२ | १२६२ |

### ३.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | लागत हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| सरुमारानीको किसानसँग गाउँसरकार कार्यक्रम | गाउपालिकालाई पशु उत्पादनमा आत्मनिर्भर गराउनु | सालवसाली | २२६९३ | मासु र दुध पकेट क्षेत्र विस्तार भएको हुनेछ। |
| स्थानीय स्तरमा रहेका स्थानीय जातका पशुपंक्षीको स्रोत संरक्षण | लोपहुदै गैइरहेका स्थानीय जातका पशुपंक्षीको संरक्षण गर्नु | ०८५ सम्म | १७४६ | स्थानीय पशुपंक्षीहरुको संरक्षण भएको हुनेछ। |
| पशुपंक्षी बिमा सेवामा कृषकको संलग्नता अभिबृद्धि गर्ने | पशुपंक्षीको उत्पादनमा हुनसक्ने प्राकृतिक क्षतिबाट कृषकहरुलाई बचाउनु | सालवसाली | २९०९ | पशुपंक्षी बिमा सेवामा कृषकको संलग्नता बृद्धि भएको हुनेछ। |
| नश्ल सुधार, पशु ल्याव तथा कृत्रिम गर्भाधान केन्द्र स्थापना तथा व्यवस्थापन | पशुपालनको प्रविधि मैत्री विकास गर्नु | ०८३ देखि ०८५ सम्म | ५२३७ | पशु सेवाबाट थप कृषकहरु लाभान्वित भएका हुनेछन् |
| गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक सम्मान तथा उत्पादनमा आधारित अनुदान कार्यक्रम | व्यावसायिक कृषकहरुलाई प्रोत्साहन गरी थप उर्जा प्रदान गर्नु | सालवसाली | ६९८३ | यस अवधिमा ५० कृषकहरुलाई विशेष अनुदान र सम्मान गरिएको हुनेछ |
| पशुपंक्षीजन्य उत्पादनको सुरक्षित भण्डारण, चिस्यान केन्द्र, बधशाला निर्माण तथा बजार प्रवर्धन | पशुपंक्षी जन्य उत्पादनको दिगो भण्डारण र बजार व्यवस्थापन | ०८५ सम्म | ११६३८ | पशुपंक्षी जन्य उत्पादन भण्डारको लागि चिस्यान केन्द्र स्थापना भएको हुनेछ। |
| पशुपंक्षी उपचार, प्रसार सूचना तथा प्रविधि हस्तान्तरण तथा नियमन कार्यक्रम | पशुपंक्षी पालन व्यवसायलाई व्यवसायिक गर्नु | सालवसाली | २३२८ | व्यवसायिक पशुपंक्षी पालनमा कृषकहरुलाई सहयोग भई आयवृद्धि भएको हुनेछ। |
| सालवसाली आयोजनाहरु : एक वडा एक पशु सेवा केन्द्र | प्रत्येक वडामा पशु सेवा उपलब्ध गराउने | सालवसाली | ४६५५ | प्रत्येक वडामा पशु सेवा उपलब्ध भएको हुनेछ। |
| **जम्मा** | | | ५८१८८ | |

### ३.३.९ जोखिम पक्ष तथा अनुमान

पशुपालन व्यवसाय प्रवर्द्धनका लागि प्रविधि, पशु प्रसार, आहार, पशुपंक्षी उपचार जस्ता विषयहरुलाई एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ । तीनै तहका सरकारहरुबीच नीति, कार्यक्रमबीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी पशुपंक्षीपालन व्यवसायमा परिचालन हुनेछ र पशु व्यवसायमा क्रियाशिल कृषकहरु र वेरोजगार युवाहरु पशुपालनमा आकर्षिक हुनेछन् । गाउँपालिकाको समन्वयमा संघ र प्रदेश कार्यालयबाट पशुलालन क्षेत्रमा पूर्वाधार, प्रविधि तथा सीप विकास गर्न सकिनेछ । नयाँ व्यवसायीहरुबाट पशुलापन व्यवसायमा लगानी परिचालन हुनेछ र वेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् । उचित स्याहार, आहार तथा गोठका लागि पर्याप्त लगानी तथा नियमित उपचारको उपयुक्त व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## ३.४ उद्योग, व्यापार तथा व्यवसाय

### ३.४.१ पृष्ठभूमि

सरुमारानी गाउँपालिकामा विशेष गरी स्थानीय स्रोत साधनमा आधारित कृषि तथा पशुजन्य उपज र जडिबुटीको उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योगको संभावना रहेको छ । गाँउपालिका क्षेत्रमा न्युन संख्यामा रहेका उद्योग तथा रोजगारीका अन्य अवसरहरुलाई व्यापक खोजी गरी सम्भावना रहेका काष्ठ उद्योग, पशुपालन उद्योग, पर्यटन उद्योग लगायत अन्य घरेलु तथा साना उद्योगहरुको प्रोत्साहन तथा विकास गर्ने नीति लिएको छ । त्यसैगरी, गाँउबस्तीमा रहेका लघु उद्यमीहरुको पहिचान गरी नँया लघु उद्यमीहरु निर्माण गर्न बिभिन्न किसिमका व्यवसायिक तालिम दिन सकिन्छ ।

विविध माटो, उचाई, हावापानी भएकाले तहगत कृषि तथा वन पैदावारको बजार विकास गर्न सकिने अवस्था छ । उद्योग, वाणिज्य तथा आपूर्ति प्रणालीको विकास सहज नभए पनि पूर्वाधार विकास सँगै उल्लेख्य प्रगति भएको छ । प्यूठानमा उद्योग, वाणिज्य र व्यापार क्षेत्रको विकासले विस्तारै गति लिदैछ । गाउँपालिकामा साना ३४५ वटा उद्योगहरु दर्ता भएका छन् भने ३८३ वटा पसल तथा व्यवसायहरु दर्ता रहेका छन् । गत आर्थिक वर्षमा व्यवसाय जन्य करबाट गाउँपालिकाले ६ लाख ५२ हजार ८ सय ४३

सरुमारानी गाउँपालिकामा कृषि उपज भण्डारण केन्द्रहरु रहेका छन् । सयौंको संख्यामा कृषक समूह गठन भएका छन् । ग्रामीण कृषि सडकहरु निर्माण भएका छन् । पशु पालन तथा वजारीकरणको क्षेत्रको विकासका लागि अनुकुल वातावरण सिर्जना भएको छ । यद्यपि स्थापित औद्योगिक क्षेत्रको स्तरोन्नति गरी उद्योग व्यवसायको दीगो विकास गरी वस्तु तथा सेवाको सहज आपूर्तिको सुनिश्चित गर्न विशेष योजनाका साथ अघि बढ्नुपर्ने आवश्यकता देखिन्छ ।

घरेलु तथा साना उद्योग विकास कार्यक्रम मार्फत उद्यमीका लागि सीपमूलक तालिम, महिला उद्यमीलाई कर्जामा पहुँच लगायतका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ । तसर्थ गाउँपालिकाले गाउँवासीहरूको उद्यमशीलताको विकासका साथै गरिबीको रेखामुनि रहेका युवा तथा महिला र वैदेशिक रोजगारीबाट फर्किएका वा स्वदेशमा रोजगारी गुमाएका बेरोजगार व्यक्तिहरूलाई लघु उद्यम विकास कार्यक्रम मार्फत लाभान्वित गराउनु अपरिहार्य छ ।

### ३.४.२ समस्या तथा चुनौति

उद्योग तथा व्यवसाय सञ्चालन गर्न नागरिकमा जागरुकता नहुनु, वैदेशिक रोजगारीप्रतिको आकर्षणले औद्योगिक र व्यावसायिक गतिविधि न्यून हुनु, औद्योगिक पूर्वाधारको अभाव हुनु, उद्योग खोल्न आवश्यक पूँजी र प्रविधिको अभाव हुनु, स्थानीय उत्पादनको लागत महँगो पर्नु, विप्रेषणलाई औद्योगिक लगानीमा परिचालन गर्न नसकिनु, व्यापार र व्यवसाय सञ्चालनमा नविनतम सोच नहुनु, सेवामूलक व्यवसाय प्रतिको वुझाइमा कमी हुनु यस क्षेत्रका प्रमुख समस्याको रूपमा रहेका छन् । समय समयमा खोलिएका जडिबुटी प्रशोधन, धागो बुन्ने, शित भण्डार, कपडा उद्योगहरु हाल सञ्चालनमा नरहेका । उद्योग तथा व्यवसाय अभिबृद्धिमा व्यावसायिक सोच, बजार, नीति र बजेटको कमी हुनु, तुलनात्मक रूपमा उच्च उत्पादन लागत हुनु, पर्याप्त लगानी जुटाउनु, उचित बजार व्यवस्थापन गर्नु दक्ष प्राविधिक, ज्ञान र सीप व्यवस्थापन गर्नु, औद्योगिक उत्पादनको बजार व्यवस्थापन गर्नु, नागरिकमा उद्यमशीलताको विकास गर्नु, औद्योगिक ग्रामलाई सञ्चालनमा ल्याउनु, स्थानीय उत्पादनलाई मूल्यश्रृङ्खलामा आवद्ध गर्नु, उद्यमशील युवाहरूलाई सीप र पुँजी उपलब्ध गराउनु, सेवामूलक व्यवसायको महत्व बुझाई सोको विकास र विस्तार गर्नु, विप्रेषण आयलाई औद्योगिक क्षेत्रमा परिचालन गर्नु व्यापार, व्यवसाय, उद्योग तथा अपूर्ति क्षेत्रका मूलभूत चुनौती हुन ।

पर्याप्त व्यावसायिक दक्ष जनशक्तिको अभाव, भौतिक पूर्वाधारको विकासको अभावमा गाउँपालिकाका सबै स्थानमा सहज आपूर्तिको व्यवस्था नहुनु, वस्तु भण्डारण स्थलको उत्तम व्यवस्थापन नहुनु, औद्योगिक लगानी आकर्षण गर्न नसक्नु यस क्षेत्रका प्रमुख समस्याहरु हुन् । एउटा खानी क्षेत्रको पहिचान हुनु, दक्ष औद्योगिक जनशक्ति उत्पादन संख्यामा वृद्धि हुँदै जानु, पूर्वाधार क्षेत्रको विकासले गति लिनु, युवा तथा महिलामा औद्योगिक र व्यावसायिक क्रियाकलापमा सक्रियता बढ्दै जानु यस क्षेत्रका प्रमुख अवसरहरु हुन् । पर्याप्त मात्रामा लगानी भित्राउनु, शीतभण्डारको व्यवस्था गर्नु, दक्ष युवा पलायन रोक्नु, खानी उत्खनन गर्नु, क्रसर उद्योगको व्यवस्थापन गर्नु, सञ्चालित साना तथा ठूला उद्योगको दीगो रुपमा सञ्चालन हुने वातावरणको विकास गर्नु यस क्षेत्रका चुनौतीहरु हुन् ।

आयातित वस्तुमा परनिर्भरता घटाउदै कृषि उपजहरुमा आत्मनिर्भरताका लागि स्वउत्पादन बढाउनु तथा वैदेशिक रोजगारीवाट फर्की आएका युवाहरुलाई व्यवसायतर्फ आकर्षण गर्नु चुनौतिको रुपमा रहेको छ । त्यसैगरी, स्थानीय कच्चा पदार्थ, साधन श्रोतमा आधारित लघु, घरेलु तथा साना उद्योगहरुको वजार विकास तथा प्रवर्द्धन गर्नु र व्यवसायिक सीपयुक्त जनशक्तिको विकास गर्नु र वजारको माग अनुसार जनशक्ति तयार पार्नु साथै जडीवुटी, पर्यटन, तथा जलश्रोत लगायतका क्षेत्रहरुमा निजी क्षेत्रलाई आकर्षित गर्दै लगानी भित्र्याउनु पर्ने चुनौतिहरुमा गाउँपीलकालाई रहेको छ ।

### ३.४.३ लक्ष्य

"स्थानीय साधन श्रोतहरुको दिगो सदुपयोग गर्दै लघु, घरेलु तथा साना उद्योग व्यवसायहरुको विकास, विस्तार एवं प्रवर्द्धनवाट अर्थतन्त्रमा गतिशीलता ल्याउन स्थानीय स्रोत र कच्चा पदार्थमा आधारित उद्योगको स्थापनाबाट स्थानीय रोजगारीको वृद्धिसँगै जीवनयापनको दरिलो आधार सिर्जना गर्नु ।"

### ३.४.४ उद्देश्य

औपचारिक तथा अनौपचारिक रूपमा सञ्चालित उद्योग तथा व्यवसायलाई सार्वजनिक, सहकारी तथा निजी क्षेत्रको सहकार्यमा विस्तार गरी रोजगारीका अवसर सिर्जना गर्नु,

### ३.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीतिहरु |
|---|---|

| | |
|---|---|
| १.स्थानीयमा वचत गर्ने प्रवृत्तिको विकास गरी लगानी अभिवृद्धि गर्ने । | १. स्थानीयको लगानी आकर्षणका लागि विविध<br>२. योजना तथा स्किमहरु बनाई लागु गरिने छ ।<br>३. औद्योगिक क्षेत्रको स्तरोन्नती विकास गरिने छ । |
| २.औद्योगिक उत्पादनका बजारीकरणका लागि पूर्वाधारको विकास गर्ने । | १. स्थानीय स्रोतको उत्तम प्रयोग मार्फत औद्योगिक<br>२. विकास गरिने छ ।<br>३. खानी उत्खनन मार्फत गाउँपालिकाको आय वृद्धि<br>४. गरिने छ । |
| ३.आवश्यक उपभोग्य सामग्रीको निरन्तर उपलब्धताका लागि पारदर्शी आपूर्ति प्रणाली सुनिश्चित गर्ने | १. उपभोक्ता अधिकारको संरक्षणका लागि पारदर्शी<br>२. आपूर्ति प्रणाली विकास गरिने छ ।<br>३. कालोबजारी तथा मिसावट लगायतका गलत<br>४. व्यापारिक क्रियाकलापको अन्त्य गरिने छ । |

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यकालिन खर्च संरचनाको अवधिमा अन्त्यसम्ममा ११ वटा साना तथा मझौला उद्योगको स्थापना हुनेछ । यस गाउँपालिकामा ५० प्रतिशत व्यवसाय दर्ता भइ सञ्चालनमा आउनेछन् । अपेक्षित समयमा ३० प्रतिशत स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना हुनेछ । स्थानीय उद्योग नीति निर्माण गरी लगानीको वातावरण सिर्जना भएको हुने छ । योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लेखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| वर्षभरि खानपुग्ने खाद्यान्न उत्पादन गर्ने परिवार | प्रतिशत | ११.५ | १२.५ | १४.२५ | १८.३० |
| ६ महिना खानपुग्ने खाद्यान्न उत्पादन गर्ने परिवार | प्रतिशत | ४३.३ | ४० | ३५ | ३० |
| ३ महिना खान पुग्ने खाद्यान्न उत्पादन गर्ने परिवार | प्रतिशत | ३९.५ | ३० | २५ | २० |
| बाँझो जमिन छोड्ने परिवार | प्रतिशत | ५.७ | ५ | ४.५ | ४ |
| औद्योगिक लगानी वार्षिक बृद्धि | प्रतिशत | ३ | ४ | ६ | ८ |
| औद्योगिक रोजगारी पुरुष | सङ्ख्या | २७२ | ३०० | ३५० | ४०० |
| औद्योगिक रोजगारी महिला | सङ्ख्या | ३१० | ३७५ | ४०० | ४५० |
| उद्यम तथा व्यवसायमा संलग्न आदिवासी तथा जनजाति व्यक्तिहरू | सङ्ख्या | ४१ | ५५ | ६५ | ७५ |
| काठमा आधारित लघुउद्यम तथा उद्योग प्रवर्द्धन | सङ्ख्या | ८ | १० | १२ | १५ |

स्रोत: सरुमारानी गाउँपालिका, २०८२

### ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग तथा व्यापार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | १२४८७ | ४९९५ | ७४९२ | ९९५ | १०८२२ | ७७४ |
| २०८४/८५ | १३९४९ | ५५८० | ८३७० | १०८० | ११९९७ | ८१९ |
| २०८५/८६ | १५६१० | ६२४४ | ९३६६ | १२३३ | १३३९९ | ९२१ |

### ३.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| औद्योगिक ग्राम निर्माण तथा उद्यम संचालन सहयोग | व्यवस्थित र सुविधा सम्पन्न औद्योगिक क्षेत्रको विकास गर्नु | क्रमागत | ८४०९ | आफ्नै मौलिकता सहितको एक औद्योगिक क्षेत्र हुनेछ |
| उद्योग विकासको संभाव्यता अध्ययन तथा स्थानीय आर्थिक विकास योजना तर्जुमा | गाउँपालिका भित्र स्थानीय कच्चा पदार्थमा आधारित कृषि, प्राकृतिक खनिज तथा वन पैदावरमा आधारित उद्योग तथा आर्थिक गतिविधिको पहिचान तथा स्रोत परिचालन गर्ने | ०८३ देखि ०८५ सम्म | ५०४६ | स्थानीय कच्चा पदार्थमा आधारित उद्योग तथा आर्थिक गतिविधिको पहिचान तथा स्रोत परिचालन भएको हुनेछ |
| औद्योगिक वा व्यवसायिक बाली (अदुवा, बेसार, सुन्तला, कागती, कफी, किवी, जुनार आदि) को शीप हस्तान्तरण, भण्डारण –शीतगृह र बजारीकरण प्रवर्द्धन कार्यक्रम | औद्योगिक तथा नगदे बाली विकास गर्दै रोजगारी सिर्जना गर्ने | सालवसाली | ७५६८ | यस अवधिमा १२० जनाले आधुनिक औद्योगिक वा व्यावसायिक बाली उत्पादन गरेका हुनेछन् । |
| असल करदाता पुरस्कृत | व्यवसायिक अनुशासन प्रर्वधन गर्नु | सालवसाली | ६३०७ | प्रत्येक वर्ष प्रथम, दोस्रो, तेस्रो असल करदाता पुरस्कृत भएका हुनेछन् |
| स्थानीय स्रोत परिचालनको लागि (दुना, टपरी, गुन्द्रुक, सिन्की, अचार, बाँसका सामाग्री, स्लेट कटिङग) शीप तथा प्रविधि हस्तान्तरण परियोजना | स्थानीय कच्चा पदार्थ तथा परम्परागत सिपमा आधारित उद्योगको व्यवसायिकरण गर्नु | ०८४ सम्ममा | ९६७१ | प्रत्येक वडामा स्थानीय कच्चा पदार्थ तथा परम्परागत सिपमा आधारित उद्योगको स्थापना हुनेछन् । |
| नीजि, सहकारी र सरकारी साझेदारी परियोजनाहरु | तीन खम्बे आर्थिक विकास प्रवर्धन गर्नु | सालवसाली | ५०४६ | तीन खम्बे साझेदारीमा आयोजनाहरु सुरुवात भएका हुनेछन् । |
| **जम्मा** | | | ४२०४६ | |

### ३.४.९ जोखिम पक्ष तथा अनुमान

लगानीमैत्री स्थानीय वातावरणको अभावले व्यापार व्यवसायमा आकर्षण नहुने जोखिमता रहन्छ। उद्योग व्यवसाय संचालनका लागि निश्चित पूर्वाधार जस्तैः विद्युत, सडक निर्माण नहुनाले लगानीकर्ताहरु उत्साही नहुन सक्छ। तीनै तहका सरकारले औद्योगिक विकासलाई महत्व दिनाले तीनै तहबीच नीति तथा कार्यक्रमगत सामञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। वैदेशिक रोजगारबाट प्राप्त पूँजी उद्योग तथा व्यवसायमा परिचालन हुनेछ र वेरोजगार युवाहरु औद्योगिक रोजगारीमा आकर्षिक हुनेछन्।

## ३.५ पर्यटन तथा संस्कृति

### ३.५.१ पृष्ठभूमि

स्थानीय अर्थतन्त्र जनजीविका, रोजगारी, जीवनशैली आदिमा पर्यटन गतिविधिले प्रत्यक्ष असर पार्दछ। पर्यटनले स्थानीय समुदायलाई पूर्वाधार निर्माण, वातावरण संरक्षण, महिला संशक्तीकरण, स्रोत पहिचान जस्ता कार्यमा लाग्न अभिप्रेरित र जिम्मेबार बनाउने गर्छ (टेफलर र साफले, २००९)। सरुमारानी गाउँपालिकाका नदी, दर्जनभन्दा बढी सानाठूला खोला, विभिन्न रमणीय स्थलहरू, ऐतिहासिक ढुंगेगढी, पार्क, आदि सरुमारानी गाउँपालिका तथा स्थानीय समुदायले यी स्थलहरूको वा अवसरहरूको पूर्ण उपभोग गर्न सकेका छैनन्।

पर्यटनको प्रवर्द्धन गरी समुदायमा आय आर्जन तथा रोजगारीको सिर्जना गर्न सकिन्छ तर गाउँपालिकामा पर्यटन क्षेत्रको व्यवस्थित विकास हुन नसकेकोले पर्यटन क्षेत्रबाट गाउँपालिकावासीले खासै लाभ लिन सकेका छैनन्। सार्वजनिक स्थल, मन्दिरले चर्चेको जमिन, जात्रा, पर्व र मनोरञ्जनमा प्रयोग हुँदै आएका खालीठाउँ, संरक्षित वनक्षेत्रजस्ता सामुदायिक प्रयोजनमा आउन सक्ने स्थलहरू छन् तर यस्ता ठाउँहरू पर्यटन प्रयोजनमा आएका छैनन्। विद्यमान अवस्थामा होटल, होमस्टे, तथा खाजाघर दर्ता भई सञ्चालनमा रहेका छन्। भाषा, साहित्य, कला र संस्कृतिसँग सम्बन्धित संग्रालयहरूलाई पर्यटनमैत्री बनाउन सकिएको छैन। सांस्कृतिक समूहहरूको सक्रियता, धार्मिक संस्थाहरूको संगठनात्मक प्रवर्द्धन, परम्परागत तथा सांस्कृतिक समूह गठन, सूचना प्रविधिको विकासक्रमले धार्मिक पर्यटन प्रवर्द्धनको सम्भावनालाई दर्शाउँदछ।

गाउँपालिकाले धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पूर्वाधारहरुको अभिलेखीकरण गरी व्यवस्थित निर्माण तथा संरक्षण गर्ने कार्यलाई तिव्रता दिएको छ। साथै गाउँपालिकाका बहुसंख्यक समुदायको परम्परागत रुपमा रहेका मारुनी नाच, सोरठी नाच, पञ्चेबाजा लगायतका संस्कृति तथा परम्परालाई जगेर्ना तथा लोपोन्मुख संस्कृतिको अभिलेखीकरण गर्न गाउँपालिकाले पहल गरिरहेको छ।

### ३.५.२ समस्या तथा चुनौति

गाउँपालिकामा पर्यटन सूचना केन्द्रको व्यवस्था नहुनु, गाउँपालिकामा भएका पार्क तथा रमणीय स्थलहरूको उचित व्यवस्थापन नहुनु, धार्मिक पर्यटनको प्रवर्द्धन हुन नसक्नु, पर्यटकीय स्थलको प्रचारप्रसारमा कमी, ट्रेकिङ स्थलको निर्माण नहुनुजस्ता समस्याको समाधान गरी उपलब्ध प्राकृतिक एवं सांस्कृतिक सम्पदाको संरक्षणमार्फत् पर्यटनलक्षित आर्थिक क्रियाकलाप वृद्धि गर्नुपर्ने आवश्यकता देखिन्छ।

पर्यटन पूर्वाधारको विकास हुन नसक्नु, पर्यटन विकास सम्बन्धी गुरूयोजना नहुनु, पर्यटकीय उपजको पहिचान एवम् बजारीकरण हुन नसक्नु, ऐतिहासिक एवं धार्मिक क्षेत्रको संरक्षण एवं प्रवर्द्धन प्रभावकारी नहुनु, पर्यटकीय क्षेत्रको पहिचान एवं संभावनाका लागि कुनै योजना नहुनु, व्यवस्थित रुपमा होमस्टे लगायत पर्यटकीय सुविधाहरुको उपलब्धतामा कमी, सुरक्षित पर्यटनप्रति आश्वस्त पार्न नसक्नु, पर्यटकहरूलाई आवश्यक पर्ने व्यवस्थित होटल लगायतका सेवा सुविधा उपलब्ध नहुनु, स्थानीयस्तरमा उपलब्ध विशिष्ट कला संस्कृति र भौगोलिक अवस्थाको प्रचार प्रसार हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन् । पर्यटकीय पूर्वाधार विकास गर्नु, पर्यटकीय गन्तव्य र उपजको बजारीकरण गर्नु, आधारभूत पर्यटकीय सुविधाहरूको व्यवस्था गर्नु, निजी क्षेत्रलाई पर्यटन व्यवसायतर्फ आकर्षित गर्नु, यस क्षेत्रका प्रमुख चुनौतीको रूपमा रहेका छन् । गाउँपालिकासँगै जोडिएका अन्य स्थानमा पर्यटकीय स्थलको निर्माण हुने क्रम बढ्नु, स्थानीयवासीमा पर्यटन क्षेत्रको रूपमा सरुमारानी गाउँपालिकालाई विकास गर्नुपर्दछ भन्ने भावनाको विकास हुनु, सडक सञ्जालको विस्तार हुँदै जानुले यहाँको पर्यटन निश्चित आकार बन्ने अवस्था छ तर पर्यटन क्षेत्रमा आवश्यक दक्ष जनशक्तिको उत्पादन गर्नु, पर्यटन क्षेत्रमा लगानी बढाउनु, पर्यटकीय स्थलको स्तरोन्नति गर्नु, आवश्यक भौतिक पूर्वाधारको निर्माण गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ३.५.३ लक्ष्य

"स्थानीय पहिचानमा आधारित संस्कृति, नाच बाजागाजा, भेषभुषा तथा पर्यटकीय स्थलको उचित संरक्षण र प्रबर्द्धन गरी गाउँपालिकालाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने ।"

### ३.५.४ उद्देश्य

स्थानीय लोक संस्कृति, प्राकृतिक, धार्मिक र ऐतिहासिक सम्पदाहरूको संरक्षण, सम्बर्द्धन गर्दै आन्तरिक र बाह्य पर्यटनको माध्यमबाट गाउँपालिकाको दिगो आर्थिक वृद्धि हासिल गर्नु ।

### ३.५.५. रणनीति

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १. पर्यटन स्थललाई आकर्षक बनाउन आवश्यक शैक्षिक, सांस्कृतिक तथा भौतिक पूर्वाधारको विकास निर्माण गर्ने । | १. स्मरण योग्य पर्यटकीय गन्तव्यका लागि ट्रेकिङ रुट लगायतका पूर्वाधारको विकास गरिने छ ।<br>२. सम्भावित धार्मिक पर्यटन स्थलको स्तरोन्नति गरिने छ<br>३. दक्ष शैक्षिक जनशक्ति उत्पादन गरी स्तरीय पर्यटन सेवाको विस्तार गरिने छ । |
| २. धार्मिक एवं प्राकृतिक पर्यटनको विकासमार्फत् रोजगारीको सिर्जना गर्ने । | १. वनसम्पदाको संरक्षण मार्फत पर्यटन क्षेत्रको विस्तार गरिने छ ।<br>२. प्राचीन सम्पदा संरक्षण गरी पर्यटनको प्रवर्द्धन गरिने छ ।<br>३. गाउँपालिका भित्रका ऐतिहासिक पर्यटकीय क्षेत्रहरुको भौतिक विकासमा जोड दिने ।<br>४. व्यापक प्रचार प्रसार गर्ने । |

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

यस अवधिमा थप ८ वटा होमस्टेको स्थापना हुनेछन् । मन्दिर, गढी तथा प्राकृतिक क्षेत्रको संरक्षण हुनेछ । पर्यटन स्थलको विकास तथा निर्माण गरी पर्यटन क्षेत्रको संवर्द्धनमा जनसहभागिता

जुटाउन सकेमा गरिबीको अन्त्य गर्ने दिगो विकासको लक्ष्य प्राप्तिमा टेवा पुग्नेछ। योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लेखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| परम्परागत बजारहरुको आधुनिकीकरण | संख्या | ० | ४ | ६ | ९ |
| पर्यटन सूचना (सामूदायिक समेत)केन्द्र | संख्या | २ | ५ | ७ | ८ |
| ट्रेकिङ ट्रेल | संख्या | १३ | १५ | १६ | २० |
| हिल स्टेसन | संख्या | ४ | ४ | ६ | ८ |
| कोसेली घर | संख्या | १ | २ | ४ | ६ |
| स्थानीय उत्पादनको ब्राण्डिङ | संख्या | २ | ३ | ५ | ७ |
| होटल पर्यटन तथा अतिथि सत्कार तालिम | संख्या | १ | २ | ४ | ६ |
| होमस्टे (सामुदायिक र निजी) | संख्या | ३ | ५ | ७ | ९ |
| पर्यटन पदमार्ग निर्माण | संख्या | ५ | ६ | ८ | १० |
| पर्यटन गन्तव्यस्थलमा पूर्वाधार विकास | संख्या | ३ | ४ | ५ | ७ |

स्रोत: सरुमारानी गाउँपालिका, २०८२

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | ९४९० | ५२२० | ४२७१ | ७५६ | ८२२५ | ५८८ |
| २०८४/८५ | ९९२६ | ५४५९ | ४४६६ | ७६८ | ८५३६ | ५८३ |
| २०८५/८६ | ७२२७ | ३९७५ | ३२५२ | ५७१ | ६२०३ | ४२६ |

### ३.५.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | लागत हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| सरुमारानी गा.पा. को अन्तरपालिका आतिथ्य परियोजना (अतिथि सत्कार (Home Stay) कार्यक्रम | सरुमारानीको मौलिक संस्कृतिलाई पर्यटन विकास तथा आर्थिक उपार्जनसँग जोड्नु | ०८६ सम्मा | ३१९७ | प्रत्येक वडामामा घरवास कार्यक्रम शुरु भएको हुनेछ । |
| पर्यटकीय सुचना केन्द्र संचालन तथा गन्तव्य स्थलहरुको प्रचार प्रसार | पर्यटकीय गतिविधिहरुको सूचना दिने र एकिकृत तथ्यांक सहित प्रचार गर्नु | क्रमागत | ६६६१ | एक पर्यटकीय सूचना केन्द्र संचालन भएको हुनेछ । |
| कृषि पर्यटन गुरुयोजना निर्माण | व्यवस्थित कृषि पर्यटनको विकास योजना तयार गर्नु | ०८३ सम्ममा | ३९९६ | कृषि पर्यटन गुरुयोजना निर्माण भएको हुनेछ |
| जैविक विविधता र भु सौन्दर्यीकरण (प्राकृतिक उधान मनोरञ्जन स्थल, सांस्कृतिक पूर्वाधार, ऐतिहासिक ढुंगेगढी संरक्षण) आयोजना | पर्यटकीय पूर्वाधार निर्माण तथा संरक्षण गर्नु | सालवसाली | १०६५७ | आवश्यक पर्यटकीय पूर्वाधार विकास भएको हुनेछ । |
| एक वडा एक सास्कृतिक, सामुदायिक क्लव ( स्थानीय परिकार, बाद्यवादनका सामाग्री, पोसाक, औजार, हाते सामान उत्पादन, मारुनी र सोरठी नाच संरक्षण) कार्यक्रम | वडागत पर्यटकीय गन्तव्य निर्माण गरी पर्यटको बसाई लम्बाउने | सालवसाली | २१३१ | पर्यटको बसाई सरदर ३ दिनको भएको हुनेछ । |
| **जम्मा** | | | **२६६४३** | |

### ३.५.९ जोखिम पक्ष तथा अनुमान

राजनीतिक अस्थिरताले पर्यटन क्षेत्रको अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्दछ । अन्तर सरकार, नीजि क्षेत्र तथा नागरिक साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी पर्यटन व्यवस्था परिचालन हुनेछ र वेरोजगार युवाहरु पर्यटन व्यवसायमा आकर्षिक हुनेछन् । आन्तरिक पर्यटनको संख्या क्रमिक रुपमा वृद्धि भईरहेको र नेपालीहरु पनि आफ्नो देशका नयाँ नयाँ ठाउँहरुमा घुम्ने संस्कार विकास हुँदै आएकोले पर्यटन क्षेत्रले स्थानीय आर्थिक विकासमा टेवा पुग्ने अनुमान गर्न सकिन्छ ।

## ३.६ भूमी व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्थापन

### ३.६.१ पृष्ठभूमि

सरुमारानी गाउँपालिकाको समग्र आर्थिक अभिवृद्धिको सन्दर्भमा पालिकाभित्र रहेको भूमीको उपयुक्त व्यवस्थापनका साथै आर्थिक चलायमान गराउने सहकारीका एवं वित्तीय व्यवस्थापन क्षेत्रले महत्वपूर्ण भूमिका खेल्दछ । संविधानमा सहकारीलाई अर्थतन्त्रको तीन खम्बा मध्ये एक मानिएको छ । सहकारी क्षेत्रले छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकिकृत गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्नुको साथै रोजगारी सिर्जना गर्दछ । यसबाट गाउँपालिकाको अर्थतन्त्रमा योगदान पुग्न जान्छ । गाउँपालिकामा स्थानीय नीति तथा नियम निर्माणको चरणमा हुनु, स्थानीय संघसंस्थाको क्षमता विकास हुनु, उद्योग तथा व्यवसायको आकार बढ्नु, कृषि क्रियाकलापमा वृद्धि हुनु, यस क्षेत्रका अवसरहरू हुन् ।

बैंक, वित्तीय संस्था र सहकारी आर्थिक क्रियाकलापलाई बढावा दिई आय आर्जनको अवसर सिर्जना गर्ने भरपर्दा माध्यम हुन् । सरुमारानी गाउँपालिकामा सबै प्रकारका व्यवसायहरू ३८३ वटा छन् । गाउँपालिकामा ५ वटा बैंकका शाखाहरु, ९ वटा सहकारी, व्यवसायिक खेतीमा संलग्न कृषक १४०० जना रहेका छन् । यस्ता समूहहरूबाट हुने वित्तीय करोवारको परिमाण थाहा हुन नसके पनि स्थानीय समुदायमा यसले स्पष्ट आकार लिएको छ । बैंक तथा सहकारीको सबै वर्ग, क्षेत्र र समुदायमा पहुँच पुऱ्याउनका लागि विशेष पहल गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### समस्या तथा चुनौति

स्थानीय समुदायको वित्तीय पहुँच बढेको भए पनि कृषि, पशुपालन, कृषि तथा स्थानीय स्रोतमा आधारित व्यवसायमा जाने लगानी प्रभावकारी छैन । कृषक, बचत तथा महिला समूहले गाउँपालिकामा बचतको विकास तथा लगानी प्रवर्द्धनमा भूमिका निर्वाह गरेका भए तापनि पिछडिएका वर्ग र क्षेत्रमा वित्तीय पहुँच विस्तार गर्न सकिएको छैन ।

बैंक तथा सहकारी तथा कृषक समूहले वित्तीय क्रियाकलापलाई थप बढावा दिइरहेका भए तापनि कृषि तथा सडक पूर्वाधारको अभावमा वित्तीय असुरक्षा कायमै देखिन्छ । वित्तीय साक्षरताको कमीले गर्दा आशातीत रूपमा वित्तीय क्रियाकलाप फस्टाउन सकेका छैनन् । सहकारीको लगानीलाई उत्पादनशील क्षेत्रमा लगाउनु, सहकारी आवद्ध व्यवसायिक गतिविधिको प्रवर्द्धन गर्न नीतिगत आधार कमजोर छ ।

सहकारी सिद्धान्त, मूल्य मान्यता र सिद्धान्त अनुरुपको सहकारी संस्था संचालन गर्नु, सहकारी व्यवस्थापन र प्रभावकारी संचालनका लागि कानुन निर्माण गरी कार्यान्वयन गर्नु, सबै सहकारी संस्थाहरूलाई गाउँपालिकामा दर्ता गराउनु, सहकारी संस्थाहरूसँग रहेको वचतलाई उत्पादनशील क्षेत्रमा लगानी गर्नु, सबै गाउँवासीहरूलाई सहज रुपमा वित्तीय सेवामा पहुँच पुऱ्याउनु, विपन्न वर्गलाइ वैंकिङ सेवा पहुँच वृद्धि गर्नु, कृषि, पर्यटन, लघु, घरेलु तथा साना उद्योगहरुमा कर्जा प्रवाहमा अभिवृद्धि ल्याउनु, परियोजना तथा सामुहिक जमानीमा ऋण सुविधा उपलब्ध गर्नु, ब्याँजदरलाई नियन्त्रण गर्नु, धितो मूल्याङ्कन तथा ग्रामीण धितोको जटिलता हटाउन जस्ता चुनौतीहरू यस क्षेत्रमा रहेका छन् । वित्तीय लगानीको सुरक्षा सुनिश्चित गर्नु, स्थानीय सहकारीलाई व्यवस्थित गर्नु, पिछडिएका वर्गमा वित्तीय पहुँच बढाउनु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ३.६.३ लक्ष्य

"जनताको बचत गर्ने बानीको विकास गर्दै सरकारले लागू गरेको प्रत्येक नेपालीको बैङ्क खाता, सहुलियत ऋण, कृषि अनुदान, सामाजिक सुरक्षा भत्ता वितरण लगायतका कार्यमा बैङ्क तथा वित्तीय संस्थाहरूसँगको सहकार्यबाट सम्मुन्नत गाउँ पालिकाको निर्माण गर्ने ।"

### ३.६.४ उद्देश्य

गाउँपालिकाको सम्पूर्ण आर्थिक कारोवार बैंक खातामार्फत सञ्चालन गर्दै आर्थिक समृद्धिका लागि स्थानीय साधन, श्रोत, सिप तथा रोजगारीको सदुपयोग, विकास एवं प्रवर्द्धनमा सहयोग पुग्ने क्षेत्रहरूमा वित्तीय स्रोतहरू परिचालन गर्नु ।

### ३.६.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.सबै वडामा औपचारिक वित्तीय सेवा विस्तार गर्न प्रेरित गर्ने । | १. गाउँपालिकाका सबै वडामा वित्तीय सुविधाको विस्तार गरिने छ ।<br>२. स्थानीय उत्पादनको बजारीकरण गर्न गाउँपालीका-समुदाय साझेदारी कार्यक्रम सञ्चालन गरिने छ<br>३. सहकारीको पहुँच परिवार सङख्या बढाइने छ ।<br>४. पूर्ण सहकारी गाउँपालिका घोषणा गर्ने । |
| २.गाउँपालिका बासीमाझ बचत प्रवृत्तिको विकास गरी लगानी प्रवर्द्धन गर्न । | १. वित्तीय साक्षरता अभियान सञ्चालन गरी गाउँपालिका वासीमाझ बैंक, सहकारी तथा वित्तीय संस्थाको महत्वबारे चेतना वृद्धि गरिने छ ।<br>२. सहकारी तथा बैंकिङ ज्ञानको प्रसार गरिने छ ।<br>३. बचत प्रवृत्तिको विकासका लागि स्थानीय महिला तथा कृषक समूहलाई परिचालन गरिने छ । |
| ३. सुशासन युक्त सहकारी संस्थाहरुको व्यवस्थापनमा जोड दिने । | १. गाउँपालिकाले सहकारी संस्थाहरु व्यवस्थापन गर्न दक्ष जनशत्तिः व्यवस्थापन गर्ने ।<br>२. बित्तीय संस्था, सहकारी संस्थाहरुलाई क्षमता विकासमा जोड दिने । |

### ३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| वचत तथा ऋण समेतको कूल सहकारी संस्था | संख्या | ३ | ३ | ४ | ५ |
| महिलाद्वारा सञ्चालित सहकारी संख्या | संख्या | ० | १ | १ | २ |
| कृषि क्षेत्रका कूल सहकारी संस्था | संख्या | २ | २ | ३ | ४ |
| सहकारी आवद्ध कुल जनसंख्या संस्था | प्रतिशत | १५ | १८ | २० | २५ |
| सहकारी संस्थाको ऋण कर्जावाट उद्योग, व्यापार व्यवसाय सञ्चालन गर्नेहरु | संख्या | ४५ | ५० | ५५ | ६० |
| कृषिभुमी मध्ये चक्लाबन्दी गरिएको जमिन | प्रतिशत | ० | ०.५ | ०.६ | ०.७ |

स्रोतः सरुमारानी गाउँपालिका, २०८२

### ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था तथा सहकारी उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | ५९९४ | ३५९६ | २३९८ | ४७८ | ५१९५ | ३७१ |
| २०८४/८५ | ६७०६ | ४०२४ | २६८३ | ५१९ | ५७६८ | ३९४ |
| २०८५/८६ | ७५१६ | ४५०९ | ३००६ | ५९४ | ६४५२ | ४४३ |

### ३.६.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | लागत हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| सहकारी एक उत्पादन अनेक कार्यक्रम | उत्पादन तथा बजारीकरण सहकारी मार्फत सहजीकरण | सालवसाली | ६६७१ | सहकारीमा आधारित उत्पादन विकास भएको हुनेछ |
| कृषि उत्पादन तथा विपन्न वर्गको लागि सहुलियतपूर्ण ऋणको व्यवस्था | विपन्न वर्गको ऋण पहुँचमा वृद्धि गर्नु | सालवसाली | ३२३५ | विपन्न वर्गको ऋण पहुँचमा वृद्धि भएको हुनेछ |
| वडागत घुम्ती वैंकिङको व्यवस्था (सामाजिक सुरक्षा भत्ता वितरण सहजता) | सहज वैंकिङ कारोबारको व्यवस्था गर्नु | सालवसाली | २४२६ | वैंकिङ कारोबारको सहज भएको हुनेछ |
| भूउपयोग नीति तर्जुमा र कार्यान्वयन | भूमिको उच्चतम उपयोग गर्नु | ०८६ सम्मा | ४०४ | भूउपयोग नीति बनेको हुनेछ |
| सहकारी संस्थासँगको समन्वयमा वजार प्रवर्द्धन कार्यक्रम | सहकारी मार्फत बजार व्यवस्थापन गरी जनअपनत्व वृद्धि गर्नु | सालवसाली | २८३० | सहकारी पसलहरुमा सुफत मुल्यमा सामानहरु सहजै प्राप्त हुनेछ |
| सहकारी संस्थामा संकलित कुल निक्षेप अभिलेखीकरण | एकिकृत पुँजि अभिलेखीकरण र जनपुँजिको सुरक्षा गर्नु | ०८३ देखि | २०२२ | पुँजिको एकिकृत अभिलेख भएको हुनेछ |
| सहकारी संस्थाको क्षमता अभिबृद्धि सालवसाली कार्यक्रम | चुस्तदुरुस्त सहकारी गतिविधि विकास गर्नु | सालवसाली | २६२८ | सहकारी प्रति जनताको विस्वास बढेको हुनेछ |
| जम्मा | | | **२०२१६** | |

### ३.६.९ जोखिम पक्ष तथा अनुमान

प्राकृतिक प्रकोप र आर्थिक मन्दीले आर्थिक गतिविधिलाई चलायमान बनाउन जोखिम हुनेछ । गाउँपालिकावासीहरुमा वित्तीय साक्षरताका अवसरहरु उपलब्ध हुनेछ । बैंक, वित्तीय संस्था एवम् सहकारी संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशिल हुनेछन् । वित्तीय संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशील हुनेछन् । वित्तीय संस्थाहरुको खराब कर्जा बढ्न सक्ने जोखिम हुनेछ ।

## ३.७ श्रम, रोजगारी तथा गरिवी निवारण

### ३.७.१ पृष्ठभूमि

सरुमारानी गाउँपालिकामा उद्योग तथा व्यवसायको प्रर्वद्धन गरी श्रम तथा रोजगारी सिर्जना गर्ने प्रयास गरिएको छ । युवालाई स्वरोजगारमुखी सिप प्रदान गर्ने, सिपमूलक लघु उद्यम कार्यक्रम, उद्यमशीलता विकासका लागि प्रोत्साहन अनुदान एवं सहुलियत दरको ऋण प्रदान गर्ने व्यवस्था, औद्योगिक क्षेत्र विस्तारको योजना, आधुनिक कृषि तथा पशुपालन व्यवसायमा युवा तथा महिला संलग्नतालाई प्रोत्साहन, आय आर्जन तथा रोजगारी अभिवृद्धिका लागि पालिकाले गरिएका केही प्रशंसनीय कार्यहरू हुन् ।

गाउँपालिकाको युवा जनशक्तिमध्ये ८२६ जना युवा बेरोजगार छन् । वार्षिक सिप, प्रविधि र सहयोग प्राप्त गर्ने युवा ५० जना रहेका छन् । विदेशबाट फर्किएर रोजगार शुरु गर्नेहरुको १५ प्रतिशत रहेका छ । युवा तथा महिला आधुनिक कृषि तथा पशुपालन व्यवसायमा संलग्न छन् । पूर्वाधार विकास, सिकर्मी, डकर्मी, साना व्यवसाय आदि क्षेत्रमा पालिकाभित्रै रोजगारीका अवसर उपलब्ध छन् तर गाउँपालिकामा अझै पनि बालश्रमका घटनाहरू छन् । पर्यटन, वन, पशु विकासजस्ता स्थानीय क्षमताका क्षेत्रहरूमा हुने अवसरको पूर्ण पहिचान गरी प्रयोग गर्नु आवश्यक छ ।

श्रमिकको हक, हित तथा सुविधाको व्यवस्था, श्रमिक र रोजगारदाताको अधिकार तथा कर्तव्यको स्पष्ट व्यवस्था गरी असल श्रमको विकास गर्नु र श्रम शोषणको अन्त्य गरी आधारभूत पारिश्रमिकको सुनिश्चित गर्नु राज्यको कर्तव्य हो । बालबालिकाको कानून विपरीत श्रम शोषण गर्न नहुने कुराको बारेमा गाउँपालिकाले विशेष नीति तथा कार्यक्रम सञ्चालन गर्नु पर्दछ । वैदेशिक रोजगारीमा जानेहरूको क्षमता विकास र विप्रेषणको सही सदुपयोगका क्षेत्रमा समेत गाउँपालिकाको अहम भूमिका हुनु पर्दछ । सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक (७० वर्ष उमेर पुगेको) अन्य ज्येष्ठ नागरिक (दलित नागरिक), एकल महिला, विधवा, पूर्ण असक्त अपाङ्गता, अति अशक्त अपाङ्गता, लोपोन्मुख आदिवासी/जनजाति, पाँच वर्ष उमेर ननाघेका दलित बालबालिकाको लागि नेपाल सरकारले बार्षिक भत्ताको व्यवस्था गरेको छ । नेपाल सरकारका तर्फबाट गाउँपालिकाले यस्ता लाभग्राहीहरूको विवरण अद्यावधिक गर्ने र मासिक भत्ता वितरणमा सहयोग गर्ने कार्य गर्दै आएको छ । किशोर किशोरीलाई विद्यालयस्तरमै व्यावसायिक ज्ञान दिने व्यावहारिक प्रयासको गाउँपालिकाबाट थालनी हुनु, स्वरोजगारमुखी सिपको व्यवस्था, व्यावसायिक क्रियाकलापमा वृद्धि, शैक्षिक गुणस्तर वृद्धिको प्रयास, प्राविधिक शिक्षाको थालनी, सहकारीमा स्थानीयको बढ्दो पहुँच, यस क्षेत्रका अवसरहरू हुन् ।

### ३.७.२ समस्या तथा चुनौति

रोजगार तथा बेरोजगार श्रम शक्तिको अभिलेख नहुनु, पूर्ण बेरोजगार र अर्धबेरोजगारको सङ्ख्या उल्लेख्य नहुनु, युवा वैदेशिक रोजगारीमा आकर्षित हुनु, नागरिकहरूमा सीपको अभाव हुनु,

रणनैतिक हिसाबबाट रोजगारी सिर्जनामा ध्यान नपुग्नु, उत्पादनशील रोजगारीका अवसरहरु सिमित हुनु, श्रम बजारका आवश्यकता र उपलब्ध सिपहरुबीच तालमेल नहुनु, उद्यमशिलताका लागि उत्प्रेरक वातावरण बन्न नसक्नु, उत्पादन केन्द्रित योजनाहरु बन्न नसक्न, विप्रेषण आयको अधिकांश रकम दैनिक उपभोगमा खर्च हुनु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

नागरिकहरूलाई सिपपमूलक तालिम मार्फत दक्ष बनाई रोजगारीको अवसर उपलब्ध गराउनु, वैदेशिक रोजगारीको लाभलाई अधिकतम बनाउनु, विप्रेषणबाट प्राप्त आयलाई उत्पादनमूलक क्षेत्रमा लगानी गराउनु, आप्रवासनका कारण समाजमा देखिने सामाजिक विकृतिको असर न्यून गर्नु, वैदेशिक रोजगारबाट फर्केका युवाको सीपलाई उद्यमशीलतामा रूपान्तरण गर्नु, गाउँपालिकामा रोजगारी र सीपको तथ्याङ्क प्रभावकारी रूपमा व्यवस्थापन गरी नागरिकहरूका लागि उपयोगी बनाउनु यस क्षेत्रका प्रमुख चुनौती हुन् । सामाजिक रूपमा पछाडि परेका वर्गको सुरक्षा र सेवा प्रवाह पनि चुनौतीको रूपमा रहेको छ ।

समृद्ध गाउँपालिकाको निर्माणका लागि सरुमारानी गाउँपालिकामा विविध किसिमका प्रयासहरू गरिएको भए तापनि युवाको विदेश पलायन हुनु, बेरोजगार युवाको सङ्ख्या बढ्दै जानु, पुरुष सँगसँगै महिलाको पनि वैदेशिक रोजगारीमा जाने क्रम बढ्नु, अधिक रोजगारी सिर्जना गर्ने उद्योगको सङ्ख्या न्यून हुनु, दक्ष जनशक्तिको अभावमा पर्याप्त स्थानीय स्वरोजगारीका अवसर श्रृजना गर्न नसक्नुजस्ता समस्याहरू छन् । सबै वर्ग र जातिलाई रोजगारीको सुनिश्चित गर्नु, सबै आर्थिक क्षेत्रको सन्तुलित विकास गर्नु, पर्याप्त अनुदान एवं ऋणको व्यवस्था गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ३.७.३ लक्ष्य

“स्थानीय स्तरमा रोजगारीका अवसरहरुको सिर्जना गरि आय आर्जनमा वृद्धि गर्नु ।”

### ३.७.४ उद्देश्य

- सुरक्षित, सम्मानित तथा सिप युक्त रोजगारीका अवसरको विकास गरी युवा वर्गको सम्मानित जिवनयापनको प्रत्याभूति गर्नु ।
- उत्पादनशील रोजगारीका अवसरहरु सिर्जना गर्दै उद्यमशीलता विकासबाट स्वरोजगारी प्रवर्धन गरी दिगो सामाजिक सुरक्षा प्रवर्धन गर्ने ।

### ३.७.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १. सबै वडामा लघुउद्यमको विकास गरी रोजगारीको सिर्जना गर्ने । | २. लघुउद्यमको निर्माणका लागि आवश्यक पूर्वाधारको निर्माण गरिने छ ।<br>३. व्यावसायिक गतिविधिलाई बढावा दिन सहुलियत ऋणको व्यवस्था मिलाइने छ ।<br>४. श्रम प्रधान उद्योग तथा विकास निर्माणका कार्यक्रमलाई प्राथमिकता दिइने छ । |
| १. विद्यालय तथा प्राविधिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने । | १. युवा तथा स्थानीयलाई स्वरोजगारीका लागि पर्याप्त तालिमको व्यवस्था गरिने छ ।<br>२. प्राविधिक शिक्षाको पहुँच विस्तार गरी प्राविधिक जनशक्तिको निर्माण गरिने छ । |

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| उत्पादनमूलक क्षेत्रमा विप्रेषण आय लगानी | प्रतिशत | ३५ | ४० | ४३ | ४८ |
| विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालन गर्ने जनसंख्या (कूल वैदेशिक रोजगारी संख्याको) | प्रतिशत | २५ | ३० | ३५ | ४० |
| वैदेशिक रोजगारीबाट फर्केर व्यवसाय गर्ने | संख्या | ३५ | ४० | ४५ | ५० |
| वित्तीय साक्षरता कार्यक्रम वाट लाभान्वित जनसंख्या (वैदेशिक रोगजारीमा जानेको) | संख्या | २५० | ३०० | ३५० | ३७५ |
| वैदेशिक रोजगारबाट फर्केकाहरु मध्ये स्वरोजगार वा रोजगारी सिर्जनमा लाग्नेहरु | प्रतिशत | १५ | २० | २५ | ३० |
| सब ओभरसियर | सङ्ख्या | | | | |
| सिलाइ बुनाइ | सङ्ख्या | | | | |
| मेकानिक्स | सङ्ख्या | | | | |
| म्यासन डकर्मी | सङ्ख्या | | | | |
| अनमी (दक्ष जनशक्ति) | सङ्ख्या | | | | |
| कम्प्युटर | सङ्ख्या | | | | |
| कार्पेन्ट्री | सङ्ख्या | | | | |
| जेटिए | सङ्ख्या | | | | |
| रोजगारीमा रहेका महिला | सङ्ख्या | | | | |
| विदेशबाट फर्किएका महिलाहरू | सङ्ख्या | | | | |
| उद्यम तथा व्यवसायमा संलग्न दलित व्यक्तिहरू | सङ्ख्या | | | | |
| उद्यमशीलता विकास तालिम | सङ्ख्या | | | | |
| सूचिकृत बेरोजगार व्यक्तिको | सङ्ख्या | | | | |
| विदेशमा रहेका महिलाहरू | सङ्ख्या | | | | |

स्रोत: सरुमारानी गाउँपालिका, २०८२

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम तथा रोजगार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | १६९८३ | ७६४२ | ९३४० | १३५३ | १४७१८ | १०५२ |
| २०८४/८५ | १८७७८ | ८४५० | १०३२८ | १४५३ | १६१५० | ११०३ |
| २०८५/८६ | २०८१३ | ९३६६ | ११४४७ | १६४५ | १७८६६ | १२२८ |

### ३.७.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | लागत हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| प्रधानमन्त्री रोजगार कार्यक्रम अन्य कार्यक्रमसँग समायोजन गरी रुपान्तरणकारी कार्यक्रम सञ्चालन | नयाँ रोजगारी सिर्जना गर्ने खालका रुपान्तरणकारी आयोजनाहरु सञ्चालन गर्नु । | सालवसाली | १६९७२ | नयाँ रोजगारीको सिर्जना भएको हुनेछ |
| *अबको जीवन आफ्नो धर्तीमा पसिनाका कण आफ्नो माटोमा* भन्ने नाराका साथ वैदेशिक रोजगारबाट फर्किएकालाई उद्यमशीलता विकास कार्यक्रम | बैदेशिक रोजगारको क्रममा आर्जन गरेको सिप र आयको उच्चतम प्रयोग गर्दै उद्यमशिलता विकास गरी नयाँ रोजगारी सिर्जना गर्नु । | सालवसाली | ११३१५ | विदैशिक रोजगारबाट फर्केकाहरुले नयाँ व्यावसाय गरेका हुनेछन् । |
| सुरक्षित आप्रवासन कार्यक्रम (सामी) लाई थप व्यवस्थित र प्रभावकारी | बैदेशिक रोजगारीलाई थप व्यवस्थित तथा सुरक्षित बनाउनु । | सालवसाली | १४१४३ | बैदेशिक रोजागरी थप सुरक्षित र व्यवस्थित भएको हुनेछ |
| सामाजिक सुरक्षा मार्फत प्राप्त रकमलाई सानातिना आयआर्जनका क्षेत्रमा लगाउनका लागि वत्ति कात्ने, ऊन बुन्ने जस्ता सिप प्रदान गर्ने | सामाजिक सुरक्षाको रकमलाई उत्पादन क्षेत्रमा लगाउन प्रोत्साहन गर्नु । | सालवसाली | | सामाजिक सुरक्षाको रकमलाई प्रयोग गरी यो अवधिमा ५५ जनाले वत्ति कात्ने, उन बन्ने काम शुरु गरेका हुनेछन् । |
| लघु उद्यमको विस्तार, घर घरमा स्वरोजगार कार्यक्रम | उद्यमशीलता विकास गर्नु । | सालवसाली | ८४८६ | युवा उद्यमीहरुले संचालन गरेका व्यावसायको संख्यामा वृद्धि भएको हुनेछ |
| साना किसान तथा न्यून आय भएका नागरिकहरूका लागि आंशिक रोजगार कार्यक्रम | विपन्नहरुका लागि रोजगारी सुनिश्चित गर्ने । | सालवसाली | ५६५७ | ६५ जना विपन्नहरुका लागि रोजगारीको सुनिश्चित भएको हुनेछ |
| जम्मा लागत हजारमा | | | **५६५७४** | |

### ३.७.९ जोखिम पक्ष तथा अनुमान

रोजगार प्रवर्द्धन नीति तथा कार्यक्रममा निरन्तरता नभएका अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ । रोजगारी सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । गाउँपालिकामा रोजगार सम्बन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा र कार्यान्वयनका लागि बजेट विनियोजन हुनेछ ।

# परिच्छेद ४ : सामाजिक क्षेत्र

यस परिच्छेदमा स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ४.१ जनस्वास्थ्य तथा पोषण

### ४.१.१ पृष्ठभूमि

स्थानीय सरकारको रुपमा गाउँपालिका र नगरपालिकाहरुले अधिकार पाएसंगै स्थानीय तहहरुले आफ्ना जनताहरुलाई स्वास्थ्य सुविधा प्रदान गर्नुपर्ने दायित्व आएको छ । यसका लागि संघ, प्रदेश र स्थानीय तहका सरकारबीच स्वास्थ्य सेवासम्बन्धी अधिकारको बाँडफाँट भएको छ । स्वास्थ्य सेवाका अवसरहरु सरकारी तथा निजी स्वास्थ्य संस्थामार्फत स्थानीयस्तरमा नै उपलब्ध हुनाले हालका दिनमा स्वास्थ्य सेवामा पहुँच, स्वस्थ जीवन शैली तथा पोषणको क्षेत्रमा सकारात्मक उपलब्धिहरु हासिल हुन थालेको छ । नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ्य जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्देशित छ । दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा सबैलाई आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबैखाले विभेदको अन्त्य जस्ता लक्ष्यहरु निर्धारण गरेको छ । त्यसैगरी लुम्बिनी प्रदेशले  स्वस्थ मावन पुँजीयुक्त समृद्ध प्रदेशको सोच र सुदृढ स्वास्थ्य प्रणालीको माध्यमबाट समतामूलक र गुणस्तरीय स्वास्थ्य सेवाको पँहुच पुर्याउने प्रदेशबासीको स्वास्थ्य तथा आरोग्यता प्रवर्धन गर्ने लक्ष्य लिएको छ । त्यसैगरी, सरुमारानी गाउँपालिकाले “घरदैलो मै आधारभूत स्वास्थ्य सेवाको सुनिश्चिता” को दिर्घकालिन सोच लिएको छ ।

पोषणयुक्त खानपान, स्वच्छ खानेपानी एवम् सरसफाइ स्वस्थ जीवनको आधार हो । स्वस्थ जीवनको लागि निरन्तररूपमा पोषणयुक्त खाद्यवस्तुको उपलब्धता हुनु आवश्यक हुन्छ । गाउँपालिकामा उत्पादित कृषि उपजले सबै घरधुरीलाई वर्षभर खान पुग्ने अवस्था छैन । रासायनिक मलको प्रयोगले स्वास्थवर्द्धक खाद्य पदार्थको उत्पादनमा चुनौती सिर्जना गरेको छ । यद्यपि गाउँपालिकाका स्वास्थ्य सूचकहरू सुधारका क्रममा रहेका छन् । अधिकांश महिलाले स्वास्थ्य सेवासुविधाको उपभोग गरेका छन् । पोषणको जाँच गराएका बालबालिका ९२ प्रतिशत छन् । पुड्कोपन भएका बालबालिका १ प्रतिशत मात्त छन् । स्वस्थ खानपान, खाद्य सुरक्षा र समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि गाउँपालिकाले अझै ठोस योजना बनाई कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ । महिला, अपाङ्ग, ज्येष्ठ नागरिकले ग्रामीण स्वास्थ्य सुविधा लिने क्रम बढ्नु, पशुजन्य एवम् कृषि उत्पादनमा वृद्धि हुनु, यातायात सुविधाको विकासले गति लिनु, स्वास्थ्य क्षेत्रमा जनशक्ति उत्पादन हुने क्रम बढ्नु यस क्षेत्रका अवसरहरू हुन् ।

हाल यस गाउँपालिकाका ६ वटै वडाहरुमा स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरू सञ्चालनमा रहेका छन्  । गाउँपालिकाको वडा न.१, ३, ५,  प्रत्येकमा एक एक वटा गरी ३ वटा स्वास्थ्य चौकी, वडा नं. २, ४, ५, ६, प्रत्येकमा एक एक वटा गरी ४ वटा आधारभुत स्वास्थ्य इकाइ, वडा नं १, २, ३, ४, ५, ६ प्रत्येकमा एक एक वटा गरी ६ वटा वर्थीङसेन्टर साथै गाउँपालिका भित्र १८ वटा खोप केन्द्रबाट स्वास्थ्य सेवा प्रदान गरिएको छ । सबै वडामा स्वास्थ्य स्वयम् सेविका मार्फत परिवार नियोजन सेवा, प्रजनन तथा प्रसुती सेवा तथा पोषण सेवा सञ्चालनमा रहेका छन भने स्वास्थ्य सुचना सञ्चार सम्बन्धि प्रचार प्रसारलाई निरन्तर अगाडी बढाइएको छ । गाउँपालिकामा अवस्थित स्वास्थ्य संस्थाहरूबाट सिमित मात्रामा मात्र स्वास्थ्यका आधारभूत सेवा सञ्चालन भएतापनि

सरकारी तवरबाट प्रदान गरिने उच्च स्वास्थ्य सेवाको पहुँचबाट पुरै गाउँपालिका वञ्चित रहेको छ । तथापी वडा न. ४ मा एउटा निजी अस्पताल र प्रसुती गृह सञ्चालनमा छ ।

### ४.१.२ समस्या तथा चुनौति

बालबालिका निमोनियाबाट ग्रसित हुने क्रममा कमी नआउनु, ५ वर्ष मुनिका बालबालिकामा झाडापखालाको दर उच्च हुनु, दक्ष स्वास्थ्यकर्मीको अभाव हुनु, स्वास्थ्य चौकीको बिस्तार नहुनु, सडक तथा यातायातको व्यवस्थित विकास नहुनु यस क्षेत्रका प्रमुख समस्याहरू हुन् । भौगोलिक कठिनाइका कारण स्वास्थ्य सेवामा सवै नागरिकको समान पहुँच नहुनु, भौगोलिक विकटताका कारण स्वास्थ्य सेवाका लागि बन्दोबस्ती र यातायातमा बढी खर्च लाग्नु, स्वास्थ्य संस्थाबाट उपलब्ध सेवा सुविधाको गुणस्तर सुधार नहुनु तथा स्वास्थ्य क्षेत्रमा जनशक्तिको अभाव हुनु, स्वास्थ्य संस्थाका कार्यरत जनशक्तिहरूलाई आवश्यक तालिमको अभाव, भौतिक संरचनाको साथै उपकरण एवम ल्याब सेवाको अभाव, विपन्न समुदायका गर्भवती जाँच चारै पटक गर्न नआउनु, नसर्ने दीर्घ रोगहरूको पहिचान नहुनु, किशोरकिशोरीहरूमा देखिएको दुर्व्यसन नियन्त्रण गर्न नसक्नु आदि प्रमुख समस्याहरूका रूपमा रहेका छन् ।

सबै स्वास्थ्य संस्थाहरूमा न्यूनतम मापदण्ड अनुसारको भौतिक पूर्वाधार सहित उपकरण र ल्याब सेवा सञ्चालन गर्नु, भौगोलिक दुर्गमतामा रहेका बस्तीहरुमा स्वास्थ्य सेवा पुऱ्याउनु, स्वास्थ्य संस्थालाई पहुँचयुक्त बनाउनु, स्वास्थ्य संस्थामा दरबन्दी अनुसारको जनशक्ती पुरा गर्नु, गर्भवती महिलाद्वारा सुत्केरी गराउन स्वास्थ्य संस्थाको उपयोग बढाउनु, ल्याब तथा अन्य सेवाहरू गुणस्तरीय बनाउनु, रिफरल स्वास्थ्य सेवाको सहज व्यवस्था गर्नु, दीर्घरोगको पहिचान गर्नु र दुर्व्यसनीमा परेका किशोरकिशोरीहरूको पुर्नस्थापना आदि यस गाउँपालिकाका स्वास्थ्य सम्बन्धी प्रमुख चुनौतीहरू हुन् । त्यसैगरी, निमोनिया र झाडापखालाको दर न्यूनीकरण गर्नु, कम तौल भएका बालबालिकाको सङ्ख्या घटाउनु, पोषणयुक्त खाद्यपदार्थको सहज आपूर्तिको व्यवस्था मिलाउनु, स्वास्थ्यसंस्थाको गुणस्तर वृद्धि गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ४.१.३ लक्ष्य

"आगामी पाँच वर्ष भित्र आधारभूत स्वास्थ्य पूर्वाधार निर्माण सम्पन्न गर्ने ।"

### ४.१.४ उद्देश्य

- आकस्मिक र आधारभूत स्वास्थ्य सेवा गाउँपालिका मै उपलब्ध गराउनु ।
- स्वास्थ्य चेतना र आहार विहारमा सुधार ल्याई प्रर्वद्धनात्मक र निरोधात्मक जनस्वास्थ्य सुदृढ गर्नु ।

### ४.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| **१.स्वास्थ्य संघसंस्थाको गुणस्तर वृद्धि गरी प्रभावकारी स्वास्थ्य सेवाको विस्तार गर्ने ।** | १. आधारभूत अस्पताल वा आधारभूत स्वास्थ्य केन्द्रको स्तरोन्नती गरिने छ ।<br>२. अनिवार्य स्वास्थ्यबिमा कार्यक्रम लागु गरी गाउँपालिकावासीको स्वास्थ्य लागत घटाइने छ ।<br>३. नि:शुल्क स्वास्थ्य सेवा प्रदान गरिने छ । |
| **२.बालबालिका र महिलाको स्वास्थ्यमा पहुँच विस्तार** | १. उपचार कोष मार्फत असहाय एवं विपन्न वर्गको उपचारमा सहयोग गरिने छ । |

| | |
|---|---|
| **गर्ने ।** | २. बालबालिका तथा महिला स्वास्थ्य सूचना केन्द्रको स्थापनामार्फत महिला बालिबालिकाको स्वास्थ्यमा सुधार ल्याइने छ ।<br>३. नियमित तौल अनुगमन कार्यक्रम सञ्चालन गराईने छ ।<br>४. सामूदायिक राष्ट्रिय महिला स्वस्थ्य स्वयम्सेविका परिचालन गरिने छ । |
| **३.पोषणयुक्त खानेकुराको उत्पादनमा आत्मनिर्भर बन्ने ।** | १. कृषि उपज उत्पादनमा आत्मनिर्भर बनाइने छ ।<br>२. स्वास्थ्य क्षेत्रका लागि आवश्यक जनशक्तिको उत्पादन गरिने छ ।<br>३. ग्रामीण सडकको सुधारमार्फत स्वास्थ्य सेवाको पहुँच विस्तार गरिने छ ।<br>४. प्राङ्गारिक मलको प्रयोग गरी विषादीमुक्त कृषि उपज उत्पादन वृद्धि गरिने छ ।<br>५. करेसाबारी निर्माण गरी पोषण क्षेत्रमा सुधार गरिने छ । |

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रमको अपेक्षित नतिजाको आधारमा तयार जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| कम तौल भएका बालबालिका | प्रतिशत | १ | ०.५ | ०.३ | ०.२ |
| महिलामा रक्त अल्पता | प्रतिशत | १५ | १२ | ११ | १० |
| अपाङ्गता भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरेका | प्रतिशत | २५ | २० | १८ | १७ |
| गत आ.व. का सवै चेकजाँच गर्ने जम्मा गर्भवती महिला | प्रतिशत | ९७ | ९७.५ | ९८ | ९९ |
| गर्भवती जाँचको सेवा एक पटक जाँच गर्ने | प्रतिशत | ९६ | ९७ | ९८ | ९९ |
| गर्भवती जाँचको सेवा चार पटक जाँच गर्ने | प्रतिशत | ६६ | ६५ | ७० | ७५ |
| प्रसुति सेवा लिएका महिला | प्रतिशत | २८ | ३० | ३५ | ५५ |
| सुत्केरी जाँचको एकपटक सेवा लिने महिलाहरू | प्रतिशत | २८ | ३५ | ४० | ५० |
| सुत्केरी जाँचको तीन पटक सेवा लिने महिलाहरू | प्रतिशत | २६ | २७ | ३० | ३५ |
| पोषणको जाँच गराएका बालबालिकाहरू | प्रतिशत | ९२ | ९३ | ९४ | ९५ |
| दादुरा रुवेला दास्रो मात्रा खोप सेवा लिएका बालबालिका | प्रतिशत | ८२ | ८५ | ८८ | ९० |
| भिटामिन ए र जुकाको औषधी लिएका बालवालिका | प्रतिशत | ९९ | १०० | १०० | १०० |
| दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा | प्रतिशत | २४ | २५ | २६ | २८ |
| आयुर्वेदिक लगायत परम्परागत औषधालय | सङ्ख्या | १ | १ | १ | १ |
| पुडकोपन भएका बालबालिका | प्रतिशत | १ | १ | ०.५ | ०.५ |
| ४५ मिनेटको दुरीमा स्वस्थ्य सेवामा पहुँच | प्रतिशत | ८० | ८५ | ८८ | ९० |
| अपाङ्गता परिचय प्राप्त गरेका | सङ्ख्या | २७८ | | | |

स्रोतः सरुमारानी गाउँपालिका, स्वास्थ्य शाखा, २०८२

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | १६९८३ | १०१९० | ६७९३ | १३५३ | १४७१८ | १०५२ |
| २०८४/८५ | १८७७८ | ११२६७ | ७५११ | १४५३ | १६१५० | ११०३ |
| २०८५/८६ | २०५२४ | १२३१४ | ८२१० | १६२२ | १७६१८ | १२११ |

### ४.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | लागत हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| आधारभूत अस्पताल निर्माण | स्वास्थ्य चौकीहरुमा आधारभूत स्वास्थ्य उपचारको प्रवधन्ध गर्नुका | ०८६ सम्म | १९७०० | गाउँपालिकामा ५ शैयाको आधारभुत अस्पताल निर्माण भै सेवा प्रदान भएको हुनेछ |
| घुम्ती स्वास्थ सेवा कार्यक्रम सञ्चालन तथा अन्तरपालिका सहकार्यमा टेलिमेडिसिनको व्यवस्था | घुम्ती स्वास्थ सेवा कार्यक्रम सञ्चालन तथा अन्तरपालिका सहकार्यमा टेलिमेडिसिनको प्रवर्धन गर्नु | सालवसाली | ७८७९.८ | घुम्ती स्वास्थ सेवा कार्यक्रम सञ्चालन तथा अन्तरपालिका सहकार्यमा टेलिमेडिसिन सञ्चालन हुनेछ |
| गाउँघर क्लिनिकको स्तरोन्नती तथा स्वास्थ्य विमा कार्यक्रम प्रवर्धन | संभावित दिर्घरोगको समयमै पहिचान गरी उपचारमा सहजता ल्याउनुका साथै स्वास्थ्य उपचार खर्चमा सुरक्षा | सालवसाली | ६७५४.१ | नागरिकहरुले गाउमै उपचार पाउनुका साथै स्वास्थ्य विमा कार्यक्रममा थप नागरिक आवद्ध भएका हुनेछन् |
| स्वास्थ्य बालबालिका गाउँपालिकाको भविष्य भन्ने नाराका साथ बाल स्वास्थ्य सम्बन्धी कार्यक्रम | बाल स्वास्थ्य प्रवर्धन गर्नु | सालवसाली | ४५०२.८ | बाल स्वास्थ्य वृद्धि भएको हुनेछ |
| नागरिक आरोग्य कार्यक्रम सञ्चालन | आयुर्वेद तथा बैकल्पिक उपचारको माध्यमबाट रोगको दिर्घ समाधान गर्नु | सालवसाली | ८४४२.७ | आयुर्वेद उपचारमा नागरिकहरुको संख्यामा वृद्धि भएको हुनेछ |
| स्वास्थ्य सम्बन्धि सालवसाली गतिविधिहरु ( महिलाहरुको पाठेघरको मुखको क्यान्सर, आङ खस्ने रोग लगायतका सिविरहरु) | रोगको समयमै पहिचान गरी निदान गर्न मद्दत गर्नु | | ९००५.५ | वर्षमा कम्तिमा २ वटा यस्ता सिविरहरु सञ्चालन भएका हुने |
| **जम्मा लागत हजारमा** | | | **५६२८५** | |

### ४.१.९ जोखिम पक्ष तथा अनुमान

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन पुर्वाधार तथा भौतिक संरचना सवलीकरण भएको हुनेछ । दक्ष मानवीय श्रोत परिचालन भई सेवा विस्तार भएको हुनेछ । गाउँपालिकाको प्रस्तावित कार्यक्रमको लागि संस्थागत सुदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तर सरकार र सरोकारवालाबीच समन्वय हुन नसकेमा अपेक्षित नतिजा हासिल नहुन सक्छ । स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापनमा अन्तर निकाय तथा सरोकारवालाको सक्रिय सहभागिता, सहकार्य र साझेदारी हुन नसकेमा आईपर्न सक्ने विभिन्न महामारीले जनस्वास्थ्य तथा गाउँबासीको सामाजिक तथा आर्थिक स्थिति क्षय गर्न सक्ने जोखिम रहेको छ ।

## ४.२ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.२.१ पृष्ठभूमि

माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारको दायित्वभित्र पर्दछ । प्रत्यक्ष रूपले स्थानीय तहको जिम्मेवारीभित्र पर्ने भएकाले दिगो विकास लक्ष्य ४ मा उल्लेख भएको सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने लक्ष्य हाँसिल गर्न सरुमारानी गाउँपालिकाले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । संघीय संरचना अनुसार स्थानीय सरकारको रुपमा जिम्मेवारी पाए पछि सरुमारानी गाउँपालिकाले आ.व २०७८/७९ देखि आ.व २०८०/०८१ सम्मका नीति, बजेट तथा कार्यक्रमहरु हेर्दा गाउँपालिकाले शिक्षा विकासका लागि भौतिक तथा संरचनात्मक सुधार, शिक्षकको क्षमता विकास, विद्यार्थीको शिप तथा दक्षता विकास, पाठ्यक्रममा सुधार जस्ता कामहरुलाई प्राथमिकता दिएको देखिन्छ । सरुमारानी गाउँपालिका वासीको परम्परागत संस्कृतिले गाउँपालिकामा अन्वेषण र सिर्जनात्मकता अभिवृद्धि गर्ने पर्याप्त सम्भावनालाई देखाउँछ । किशोर किशोरी तथा युवा वर्गलाई क्षेत्रगत सिर्जनात्मक क्रियाकलापका लागि अभिप्रेरित गरी गाउँपालिकाको छुट्टै पहिचान स्थापित गर्ने सम्भावना रहेको छ तर यस क्षेत्रलाई गाउँपालिकाको कार्ययोजनाले समेट्न सकेको छैन ।

ग्रामिण परिवेश रहेको सरुमारानी गाँउपालिकाको शैक्षिक अवस्था मध्यम रहेको छ । यहाँ संस्थागत र सामुदायिक गरी ३१ ओटा विद्यालय रहेका छन् जसमध्ये माध्यमिक विद्यालय ४ वटा, आधारभूत विद्यालय २२ वटा, निजी विद्यालय ३ वटा र धार्मिक (मदरसा) विद्यालय २ वटा रहेका छन् । शैक्षिक संस्था र जनशक्ति शहर तथा मुकाम केन्द्रित भएकाले शिक्षामा विधार्थी पलायन हुने प्रवृ त्ति कम गर्न पर्ने अवस्था रहेको छ । आधारभूत र माध्यमिक तहमा विद्यालय पाठ् यक्रममा रहेको विज्ञान र प्रविधिको सामान्य औपचारिक अध्यापन बाहेक विज्ञान र प्रविधि विकासमा थप प्रयासहरू हुन सकेका छैनन् ।

### ४.२.२ समस्या तथा चुनौति

यस क्षेत्रको मूख्य शैक्षिक समस्यामा शैक्षिक गुणस्तरको कमी र शिक्षामा सबै नागरिकको समान पहुँच हुन नसक्नु र विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुसन्धान तथा आविष्कारका लागि प्रोत्साहनको

कमी रहेको छ । उच्च शिक्षाका लागि अवसर नहुने, सामुदायिक तथा शैक्षिक संस्था छरिएको कारण विद्यालयमा गरिएको लगानी सदुपयोग हुन नसक्नु, विद्यार्थीको अनुपातमा शिक्षकको वितरण हुन नसकेको, सामुदायिक विद्यालयहरूमा पर्याप्त जनशक्ति र उपयुक्त भौतिक पूर्वाधार लगायत आवश्यक पर्ने साधन स्रोतको व्यवस्थाको कमी, विद्यार्थीको रुची, विद्यालयहरूमा भौतिक सुधार, कक्षा कोठा थप तथा आधुनिक प्रविधि तथा इन्टरनेट सुविधा आदिको व्यवस्थापन नहुनु, योग्यता एवम् व्यवसायिक रूपमा दक्ष शिक्षकको अपर्याप्तताका कारण माध्यमिक विद्यालयमा विषय शिक्षक र आधारभूत विद्यालयमा कक्षा शिक्षकका व्यवस्था हुन नसक्नु, अनुगमनको कमी जस्ता मुख्य समस्याको रुपमा देखिएका छन् । यस बाहेक विभिन्न कारणले विचैमा विद्यालय छोड्ने संख्या पनि उच्च रहेको छ । यसरी बालबालिका विद्यालय नजानुको कारण विश्लेषण गर्दा गरिबीको कारण विभिन्न पेशामा लाग्नु वा रोजगारीको लागि बाहिर जानु, कम उमेरमै विवाह गर्नु, जस्ता विभिन्न कारण देखिन्छन् । त्यसैगरी, वालमैत्री सिकाइ विधि अवलम्वन हुन नसक्नु, विद्यालय र अभिभावकहरु वीच सम्वादको व्यवस्था नहुनु, प्राविधिक शिक्षालय नहुनु र अध्यात्मिक तथा नैतिक शिक्षाको कमी जस्ता समस्याहरु पनि रहेका छन् ।

विद्यालय छोड्ने दर शुन्यमा झार्नु, विद्यार्थी तथा शिक्षकका नियमिततामा पनि सुधार गर्नु, विद्यालयमा शिक्षाको गुणस्तर सुधार गर्नु, कार्यसंस्कृति एवम् अनुभवको व्यवहारिक प्रयोग गर्नु, सीमित स्रोत साधनबाट सञ्चालित सामुदायिक विद्यालयप्रतिको विश्वसनीयतालाई उल्लेखनीय रूपमा सुधार गर्नु, विद्यालय पहुँचवाट वाहिर रहेका विद्यालय उमेर समूहका वालवालिकाहरुलाई विद्यालयको पहुँच भित्र ल्याउनु, शिक्षालाई गुणस्तरीय र व्यवहारिक वनाउनु, आवसिय विद्यालयहरु सञ्चालनमा ल्याउनु, नैतिक शिक्षा प्रवद्धन गर्नु जस्ता चुनौहरु रहेका छन् । त्यसैगरी, विद्यालय जाने उमेरका बालबालिका तथा अभिभावकहरूमा शिक्षाको महत्व जगाउनु, अन्धविश्वासमा कमी ल्याउनु, मनोसामाजिक समस्याको समाधान गर्नु, विद्यालय व्यवस्थापन तथा अनुगमनलाई प्रभावकारी बनाउनु जस्ता चुनौतीहरू रहेका छन् । जीवनउपयोगी एवं गुणस्तरीय शिक्षामा विपन्न, दलित, सीमान्तकृत र पिछडिएका समुदायहरूका लागि प्राविधिक शिक्षामा विशेष व्यवस्था गर्न सकिएको छैन । सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर र विद्यार्थीहरुको सिकाई उपलव्धी वृद्धिका लागि शिक्षक र अभिभावकबीच नियमित अन्तर्क्रिया र छलफलको अभाव रहेको छ ।

### ४.२.३ लक्ष्य

निरक्षरता शुन्यमा झारी आधारभूत देखि उच्च तह सम्मको गुणस्तरीय शिक्षा गाउँपालिकाभित्र उपलब्ध गराउने

### ४.२.४ उद्देश्य

- न्यूनतम शैक्षिक पूर्वाधारको विकास गरी आधारभूत र माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित निरक्षरता शुन्यमा झार्नू ।
- व्यवहारिक, प्राविधिक, जीवनोपयोगी र नैतिक मूलयमा आधारित शिक्षा प्रदान गर्नु ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
- विज्ञान तथा प्रविधिको आधारभूत खोज र अन्वेषणलाई स्थान दिनु ।

### ४.२.५ रणनीति तथा कार्यानीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. न्यूनतम भौतिक पूर्वाधारहरूलाई प्राथमिकताको आधारमा निर्माण गर्दै लैजाने | १. छात्रा छात्रमैत्री शौचालयहरूको निर्माण गरिनेछ । |
| | २. जिर्ण अवस्थाको विद्यालयहरूको पून निर्माण, स्तरोन्नती तथा विद्यालय मर्मत तथा रंगरोगन गरिनेछ । |
| | ३. विद्यालयहरूलाई आवश्यक शैक्षिक सामाग्री खरिद गरिनेछ । |
| | ४. विद्यालयलाई आवश्यक खेलमैदानको उचित प्रवन्ध गरिनेछ । |
| | ५. विद्युत तथा सौर्य ऊर्जाको प्रवन्ध गरिने छ । |
| २. अत्यावश्यक शैक्षिक जनशक्तिको व्यवस्थापन गर्ने | १. सुत्केरी विदा अवधीका लागि सट्टा शिक्षकहरूको व्यवस्था गरिनेछ । |
| | २. विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरवन्दी कम भएका विद्यालयमा दरवन्दी व्यवस्था गरिने छ । |
| | ३. विद्यार्थी संख्या अति न्यून भएका विद्यालयहरूको गाभ्ने प्रक्रियाका लागि सम्भाव्यता अध्ययन गरिने छ । |
| | ४. कक्षाको आवश्यकता र पाठ्यक्रमको माग अनुरूप शिक्षकहरूलाई आफ्नो विषयमा दक्ष तुल्याउन नियमित विषयगत तालिमको प्रबन्ध गरिने छ । |
| ३. सबैका लागि आधारभूत शिक्षा सुनिश्चित गर्न स्थानीय नीति तथा कानून निर्माण गरी कार्यान्वयन गर्ने | १. पूर्व प्राथमिक अथवा बालविकास, आधारभूत तथा माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षा साथै विशेष शिक्षासम्बन्धी कानून र मापदण्ड निर्माण गरी लागू गरिने छ । |
| | २. समग्र शिक्षा विकास गुरुयोजना निर्माण गरी लागू गरिने छ । |
| | ३. अति विपन्न समुदायका विद्यालय जाने बालबालिकाको तथ्याङ्क तयार पारिने छ । |
| | ४. विद्यालय जाने उमेरका विद्यालय जानबाट वञ्चित बालबालिकालाई विद्यालय पुऱ्याउन नसक्नुका कारणहरूको अध्ययन गरी तीनको निराकरण गरिने छ । |
| | ५. विद्यार्थीहरूलाई विद्यालय अनिवार्य पठाउन अभिप्रेरित गर्ने विशेष अभिभावक शिक्षा कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने छ । |
| | ६. विद्यालय जाने उमेर छँदै बाल विवाहमा परेका या शिक्षाबाट वञ्चित बालबालिकालाई बुहारी शिक्षा अन्तर्गत विद्यालयमा आउने वातावरण निर्माण गर्न अभियान सञ्चालन गरिने छ । |
| ४. पोषण तथा स्वास्थ्य सम्बन्धी व्यवस्था | १. विद्यार्थी भर्ना दर बढाउन दिवा खाजाको प्रबन्ध गरिने छ । बालबालिकालाई आवश्यक सन्तुलित भोजनका बारेमा अभिभावक र स्वयं बालबालिकाहरूलाई सुसूचित गर्न विद्यालयस्तरीय पोषण शिक्षा अभियान सञ्चालन गरिने छ । |
| | २. स्यानिटरी प्याड, तथा किशोरी लक्षित स्वास्थ्य सामाग्रीको प्रबन्ध गरिने छ । |

| | |
|---|---|
| | ३. एक विद्यालय एक नर्सको व्यवस्थालाई विस्तार गरिने छ। |

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| साक्षरता दर | प्रतिशत | ७१.१ | ७१.३ | ७१.५ | ७२ |
| १५ मिनेटको दुरीमा आधारभूत तहको विद्यालयमा पहुँच हुने घरधुरी | प्रतिशत | ४६ | ५० | ५७ | ६० |
| आधारभुत तहमा उत्तीर्ण गर्ने विद्यार्थी | प्रतिशत | ९५.२ | ९६ | ९६ | ९७ |
| विद्यालय बाहेक समुदाय स्तरका बाल विकास केन्द्र | संख्या | | | | |
| आधारभूत तहको खूद भर्ना दर (औषतमा) | प्रतिशत | ८९ | ८९.५ | ९० | ९१ |
| विद्यालय छाड्ने दर | प्रतिशत | १६ | १५ | १२ | १० |
| प्राविधिक र व्यवसायिक शिक्षा प्राप्त गरेका विद्यार्थी | संख्या | ७५ | ९० | ९५ | ११५ |
| वालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध विद्यालय | संख्या | | | | |
| वालवालिकामैत्री, अपाङ्गता मैत्री र भूकम्प प्रतिरोधात्मक संरचना भएको विद्यालय | संख्या | | | | |
| आइसिटि उपलब्ध विद्यालय | संख्या | | | | |
| उच्च शिक्षा (१२ कक्षा) मा अध्ययनरत विद्यार्थी | संख्या | | | | |
| ११ र १२ तह उत्तीर्ण | प्रतिशत | | | | |
| इन्टरनेट र कम्प्यूटर सुविधा भएका विद्यालयहरू | संख्या | | | | |
| इन्टरनेट र कम्प्यूटर सुविधामा पहुँच भएका विद्यार्थी | प्रतिशत | | | | |

स्रोत: सरुमारानी गाउँपालिका, शिक्षा शाखा, २०८२

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा उप-क्षेत्रको खर्च र सो स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | बजेटको श्रोत (रु.) |
|---|---|---|

| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | ३६२१३ | २१७२८ | १४४८५ | २८८५ | ३१३८४ | २२४४ |
| २०८४/८५ | ३७५५६ | २२५३४ | १५०२२ | २९०७ | ३२३०० | २२०५ |
| २०८५/८६ | ४१९१५ | २५१४९ | १६७६६ | ३३१२ | ३५९८० | २४७२ |

## ४.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएकोछ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | लागत हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| डिजिटल शिक्षा पूर्वाधारको विकास र विस्तार | सवै माध्यामिक विद्यालयहरुमा डिजिटल इन्टरएक्टिभ बोर्ड मार्फत पढाइ गर्ने । | सालवसाली | १९०८८ | डिजिटल माध्यमबाट पढाइ गर्दा शिक्षाको गुणस्तरमा वृद्धि भएको हुनेछ । |
| सरस्वती मावी बांगेसालमा प्राविधिक धारका विद्यार्थीहरुका लागि उद्यमशिलता विकास कार्यक्रम सञ्चालन | विद्यार्थीहरुमा उद्यमशिलता विकास गर्ने । | सालवसाली | २७१८६ | पढाइ समाप्त गरेपछि विद्यार्थीहरुले उद्यम विकास गरेका हुनेछन् । |
| स्थानीय पाठ्यक्रमको निशुल्क वितरण | मातृभाषा लगायताका पुस्तकहरु विद्यार्थीलाई निशुल्क उपलब्ध गराउने । | सालवसाली | ८०९८ | सवै विद्यार्थीहरुले समयमै निशुल्क रुपमा स्थानीय पाठ्यक्रमका पाठ्यपुस्तक प्राप्त गरेका हुनेछन् । |
| अविभावक शिक्षा कार्यक्रम | बालबालिकाहरुलाइ शिक्षामा संलग्न गराउन प्रोत्साहन गर्ने । | सालवसाली | १३८८२ | अविभावकले आफ्ना बालबालिकालाइ घरमा पढाउने संस्कृति विकास भै उतृण दर वृद्धि भएको हुनेछ । |
| विषयगत शिक्षक तथा मेधावी विद्याथी प्रोत्साहन कार्यक्रम | गुणस्तरिय शिक्षण अभिवृद्धिका लागि शिक्षक विद्यार्थीलाई प्रोत्साहन गर्नु । | सालवसाली | ५७८४ | वार्षिक रुपमा गाउँपालिका स्तरिय उत्कृष्ठ शिक्षक र विद्यार्थीहरु पुरस्कृत भएका हुनेछन् । |
| रैथाने उत्पादनको दिवा खाजा, सेनीटरी प्याड र नर्स सेवा सहितको विद्यालय | प्रयाप्त तथा गुणस्तरिय दिवा खाजा साथै बाल र किशोरी स्वास्थ्यको व्यवस्थापन गर्नु । | सालवसाली | १२७२५ | पोषणयुक्त दिवा खाजा तथा स्वास्थ्य सेवाबाट विद्यार्थीहरु लाभान्वित भएका हुनेछन् । |
| गाउँ शिक्षा योजना निर्माण | शिक्षाको दिर्घकालिन योजना तयार गर्नु । | सालवसाली | १७३५३ | गाउँ शिक्षा विकासको मार्गचित्र सहितको गाउँ शिक्षा योजना निर्माण भएको हुनेछ |
| शिक्षा सम्बन्धी अन्य सालवसाली कार्यक्रम : विद्यार्थीको शिप तथा क्षमता सर्वेक्षण र कला तथा भाषा प्रवर्द्धन कार्यक्रम | विद्यार्थीको सिपको आँकलन तथा कलाको प्रवर्धन गर्ने | सालवसाली | ११५६८ | विद्यार्थीको सिपको आँकलन तथा कलाको प्रवर्धन भएको हुनेछ |
| **जम्मा लागत हजारमा** | | | **१२९८३३** | |

### ४.२.९ जोखिम पक्ष तथा अनुमान

शैक्षिक पूर्वाधारका लागि स्रोत र साधनको उपलब्धता, शिक्षकहरुको पठनपाठनमा लगनशीलता र अभिभावकको शैक्षिक गुणस्तर सुधारमा सहभागिताको कमीले गर्दा निश्चित उपलब्धी प्राप्तिमा जोखिम रहन्छ । संङ्घीय शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकूल परिमार्जन भएको हुनेछ । शैक्षिक क्षेत्रमा नविनतम विधि तथा प्रविधिको उपयोग भएको हुनेछ । शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर, नवीनतम प्रविधिको उपयोग, अन्तर सरकार सहयोग र सहकार्य र सरोकारवाला बीचको समन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान पुगेमा अपेक्षित नतिजा हासिल हुने देखिन्छ । स्थानीय समुदायले शिक्षाको महत्व बुझ्नेसंगै छोरीलाई शिक्षा आर्जनमा अनिवार्य सहभागिता गराएमा र पछाडि परेका समुदायका बालबालिकाहरुलाई विद्यालय भर्नामा विशेष व्यवस्थाले शिक्षामा सबैको पहुँच सुनिश्चित हुनेछ ।

## ४.३ खानेपानी तथा सरसरफाई

### ४.३.१ पृष्ठभूमि

गाउँपालिकामा खानेपानी तथा सरसफाईको क्षेत्रमा उल्लेख्य पहल भएका छन् । मानव जीवनको लागि अत्यावश्यक सेवामा खानेपानी तथा सरसफाई पर्दछ । आधारभूत खानेपानी तथा सरसफाई सबै गाउँबासीलाई उपलब्ध गराउनु गाउँपालिकाको दायित्व हो । नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच हुने विषय प्रत्याभूत गरेको छ । सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने दिगो विकास लक्ष्य रहेको छ । गाउँपालिकाले गाँउपालिका भित्रका गाँउबस्तीहरुमा एक घर एक धारा कार्यक्रम लागू गरिएको छ ।

खानेपानी तथा सरसफाइलाई महत्व दिँदै दिगो विकासको महत्वपूर्ण लक्ष्यको रूपमा यसलाई लिइएको छ । गाउँपालिकामा खानेपानी तथा सरसफाइका क्षेत्रका सूचकहरू सुधारोन्मुख अवस्थामा छन् । खानेपानीको लागि सुरक्षित खानेपानी धारा मार्फत प्रयोग गर्ने जनसङ्ख्या ७१.९ प्रतिशत पुगेको छ । नदी वा खोलाको पानी प्रयोग गर्ने जनसङ्ख्या ०.२२ प्रतिशत छ । गाउँपालिकाले खानेपानीलाई प्राथमिकता दिई खानेपानीको सुविधा विस्तार गरेको भए तापनि सरसफाइका क्षेत्रमा अझै धेरै कार्य गर्नुपर्ने देखिन्छ । यस गाउँपालिकामा रहेका कतिपय मानिसहरू मूलको पानी प्रयोग गर्छन् । मूलको पानी प्रयोग गर्ने मानिसहरू ५.७ प्रतिशत छन् । त्यस्तै खुला कुवाको पानी प्रयोग गर्ने मानिसहरूको सङ्ख्या ११ प्रतिशत छ ।

सरुमारानी गाउँपालिकामा बसोबास गर्ने मानिसहरूमध्ये कुल परिवारको ६६.४ प्रतिशत घर परिवारमा फ्लस भएका सेफ्टी ट्यांकी सहितका शौचालयको पहुँच पुगेको छ । २९.१ प्रतिशत जनसंख्याले साधारण शौचालय प्रयोग गर्ने गरेका छन् । गाउँपालिका भरीमा शौचालय नै नभएका कुल परिवार संख्याको १.३ प्रतिशत मात्र रहेका छन् । पालिकाले घरायसी फोहरमैलाको व्यवस्थापन गरी सरसफाइ प्रवर्द्धन गर्ने ठोस कार्ययोजना ल्याइएको पाइँदैन । खानेपानीको उचित व्यवस्था गर्न पर्याप्त जलस्रोतको उपलब्धता हुनु, स्वास्थ्य चेतनाको विस्तार हुनु, खानेपानी शुद्धीकरण गर्ने उपकरणको प्रयोग बढ्नु, खानेपानी तथा सरसफाइ गाउँपालिकाको प्राथमिकतामा पर्नु यस क्षेत्रका अवसरहरू हुन् ।

### ४.३.२ समस्या तथा चूनौति

गाउँपालिकामा अझै पनि ग्रामीण क्षेत्रका ०.९ प्रतिशत परिवारले खोला, मूल र नदीको पानी प्रयोग गर्ने वाध्यात्मक अवस्था छन् । झाडापखाला लगायतका पानीजन्य रोगको नियन्त्रण गर्न गाउँपालिकाका सबै स्थानमा स्वच्छ पाइपको खानेपानीको पहुँच विस्तार गर्नुपर्ने भए तापनि त्यसो हुन सकेको छैन । बढ्दो जनसंख्यासँगै सरसफाइका क्रियाकलापमा वृद्धि हुन सकेको छैन । यस क्षेत्रमा काम गर्ने दक्ष जनशक्तिको अभाव छ । जलाधार क्षेत्रको व्यवस्थित रूपमा संरक्षण हुन सकेको छैन । फोहरमैला प्रशोधनका लागि पूर्वाधारको दिगो विकास हुन सकेको छैन । आधारभूत तहको खानेपानीको सुबिधा गाउँबासीमा पुगेको भएतापनि खानेपानीको गुणस्तर कायम हुनसुरक्षित र उपचार गरिएको खानेपानी सबै घरधुरीमा उपलब्ध हुन सकेको छैन, सबै वजार क्षेत्रमा सार्वजनिक शौचालय व्यवस्था गर्न नसक्नु, बजार क्षेत्रमा ढलको व्यवस्था गर्न नसकिनु साथै नसड्ने नगल्ने प्लाष्टिकजन्य सिसी आदिको संकलन, विसर्जन तथा सुरक्षित डम्पिङ क्षेत्रको व्यवस्था नहुनु जस्ता समस्या रहेका छन् ।

खानेपानीको गुणस्तर सुनिश्चितता गर्ने प्रशोधन संयन्त्रको कमी रहेको छ । क्रमिक रूपमा वस्तीहरु अर्धशहरीकरण उन्मुख भईरहेको कारण खानेपानी तथा सरसफाईसँग सम्बन्धित सेवाहरूको माग बढदै गएको छ । गाउँपालिकाको बजेट तथा कार्यक्रमको प्राथमिकता सडक पुल जस्ता भौतिक पूर्वाधारको तुलनामा खानेपानी तथा सरसफाइ जस्ता सामाजिक पूर्वाधारमा तुलनात्मक रुपमा कम हुने गरेको छ । छरिएको वस्तीका कारण खानेपानी सर्वसुलभ गराउनु मुख्य चुनौती बन्न पुगेको छ । त्यसैगरी, सबै नागरिकलाई सुरक्षित खानेपानीको पँहुच पुऱ्याउन, खानेपानीका मुहानहरुको संरक्षण गर्न, खानेपानी सङ्कलन गर्न लाग्ने समय कम गर्न साथै फोहोरमैलाको सुरक्षित र दिगो विसर्जन गर्न चुनौति रहेको छ । सबै परिवारमा शौचालयको पहुँच विस्तार गर्नु, सबै घरधुरीमा पाइपमार्फत स्वच्छ खानेपानीको वितरण गर्नु, आवश्यक भौतिक पूर्वाधारको निर्माण गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ४.३.३ लक्ष्य

"सबै नागरिकलाई स्वच्छ, सफा, सुरक्षित खानेपानी वितरण गर्ने र सरसफाइमा जनचेतना अभिवृद्धि गरी स्वस्थ समाजको निर्माण गर्ने ।"

### ४.३.४ उद्देश्य

स्वच्छ, सफा, सुरक्षित खानेपानीको वितरण तथा व्यवस्थित सरसफाइबाट स्वस्थ समाजको निर्माण भएको हुनेछ,

### ४.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.ग्रामीण फोहर तथा ढलको उचित व्यवस्थापन गरी स्वच्छ गाउँपालिकाको निर्माण गर्ने । | १.व्यवस्थित ढल निकासका लागि होम पाइपको व्यवस्था गरिने छ ।<br>२.वस्ती तथा सार्वजनिक स्थलमा हरियाली प्रवर्द्धनको कार्यक्रम बनाई लागु गरिने छ । |
| २.जलस्रोत तथा जलाधार क्षेत्रको उचित व्यवस्थापन गरी खानेपानी पूर्वाधारको विकासमार्फत खानेपानीको पहुँच विस्तार गर्ने । | २.पानी शुद्धीकरणका बारेमा तालिम सञ्चालन गर्ने तथा खानेपानीको पाइपलाइन विस्तार गरिने छ ।<br>३.नदी तथा भूमिगत जलस्रोतको वातावरणमैत्री उपयोग गरिने छ । |

| | |
|---|---|
| | ४. गाउँपालिका भएर बग्ने नदी तथा जलाधार क्षेत्र संरक्षणको योजना बनाई कार्यान्वयन गरिने छ। |

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| गुणस्तरीय र सर्वसुलभ खानेपानीको सुविधामा पहुँच भएको घरधुरी वा जनसंख्या | प्रतिशत | ७० | ७५ | ७८ | ८० |
| संरक्षित खानेपानीका मूलहरु | संख्या | १८ | २० | २५ | २८ |
| पाइपलाइनको निजी धारा उपलब्ध भएका घरधुरी | प्रतिशत | ६५ | ७० | ७५ | ७८ |
| सक्रिय खानेपानी र सरसफाइ उपभोक्ता समिति | संख्या | २५ | २० | २२ | २५ |
| शौचालय नभएका तथा खुल्ला क्षेत्रमा शौच गर्ने घरघुरी | प्रतिशत | ५ | ३ | २ | १ |
| फोहोरको वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | ५ | ६ | ७ | ८ |
| फोहर संकलन केन्द्र | संख्या | ० | ० | १ | १ |
| खुला कुवाको पानी प्रयोग गर्ने | प्रतिशत | ११ | ९ | ८ | ७ |
| मूलको पानी प्रयोग गर्ने | प्रतिशत | २७.११ | | | |
| नदी वा खोलाको पानी प्रयोग गर्ने | प्रतिशत | ०.२२ | | | |
| सुरक्षित खानेपानी पुगेको जनसङ्ख्या | प्रतिशत | ७१.९ | ७२ | ७५ | ८० |

स्रोत: सरुमारानी गाउँपालकिा, २०८२

### ४.३.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी सरसफाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | २२२२७ | १३३३६ | ८८९१ | १७७१ | १९२६३ | १३७७ |
| २०८४/८५ | २४९४८ | १४९६९ | ९९७९ | १९३१ | २१४५६ | १४६५ |
| २०८५/८६ | २६०१६ | १५६१० | १०४०६ | २०५६ | २२३३२ | १५३५ |

### ४.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | लागत हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| परम्परागत मुलहरुको संरक्षण तथा मुहान दर्ता | परम्परागत पानीका स्रोतहरुको संरक्षण गर्नु | सालवसाली | १२४४३ | परम्परागत पानीका स्रोतहरुको संरक्षण भएको हुनेछ। |
| वन, पर्यावरण, सिमसार तथा जलाधार क्षेत्र एकीकृत विकास तथा व्यवस्थापन परियोजना | दिगो पानी आपूर्तिको व्यवस्था गर्नु | सालवसाली | २७८१३ | गाउँपालिकाबासीलाई प्रयाप्त शुद्ध पिउने पानीको दिगो व्यवस्था भएको हुनेछ |
| मुहानदेखि मुखसम्म सुरक्षित खानेपानीको सुनिश्चितता कार्यक्रम | जनतालाइ स्वच्छ तथा सुरक्षित खानेपानीको व्यवस्था गर्नु | सालवसाली | ८७८३ | खानेपानी सरसफाई तथा स्वच्छतामा वृद्धि भएको हुनेछ |
| एक घर एक धारा कार्यक्रम (नेवासँगको साझेदारीमा) | प्रत्येक परिवारलाई सहज पिउने पानीको तथा शौचालयको व्यवस्थाप गर्नु | ०८३–२०८६ | १६८३४ | १४१ विपन्न घरधुरीमा खानेपानीधको धारा जडान भएको हुनेछ |
| सरसफाइ सम्बन्धि सालवसाली गतिविधिहरु : वजार क्षेत्रबाट निस्कासित फोहोरको वर्गीकरण गरी संकलन तथा व्यवस्थापन र प्लाष्टिकको प्रयोगलाई निरुत्साहित | बजार क्षेत्र सफा र स्वच्छ राख्दै पलाष्टिक प्रयोगमा कमी ल्याउनु | सालवसाली | ७३१९ | बजार क्षेत्र सफा र स्वच्छ हुनुका साथै पलाष्टिक प्रयोगमा कमी आएको हुनेछ |
| **जम्मा लागत हजारमा** | | | **७३१९१** | |

### ४.३.९ जोखिम पक्ष तथा अनुमान

एक वडा वा बस्ती नजिकको पानीको श्रोत अर्को वडा वा वस्तीमा लैजादा श्रोत भएका वडा वा वस्तीका बासिन्दाले सहयोग गर्नेछन् । जलवायु परिवर्तबाट खानेपानीको स्रोतमा पर्ने नकारात्मक प्रभाव, खानेपानीको स्रोत र वितरण प्रणालीमा उचित व्यवस्थापनको अभाव र प्रदूषण आदिलाई खानेपानी तथा सरसरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा आँकलन गरिएको छ । मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मतसंभार र स्तरोन्नति भएमा अपेक्षित उपलब्धि हासिल हुने देखिन्छ ।

## ४.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

### ४.४.१. पृष्ठभूमि

गाउँपालिकाले समानुपातिक, समावेशी र न्यायोचित स्रोत वितरणका लागि लैंगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने अभ्यासलाई निरन्तरता दिई रहेको छ । त्यसैगरी, महिला सशक्तीकरण हुँदै, निर्णायक तह गाउँसभामा महिलाको वाक्लो उपस्थिती रहेको छ, गाउँसभामा दलित जातिहरुको प्रतिनिधित्व समेत राम्रो रहेको पाइन्छ, महिला समूह, आमा समूहहरु क्रियाशील रहेका छन्, वाल क्लव, अपाङ्गताको क्लव, जेष्ठनागरिक समूहहरु क्रियाशील रहेका छन्, सामाजिक सुरक्षा कार्यक्रमवाट लाभान्वित जनसंख्या अधिक रहेका छन् भने महिला सहकारी संस्था क्रियाशील रहेका छन् । त्यसैगरी, उद्यमशीलता तथा व्यवसायिक सीप तालिमहरु सञ्चालन र लाभान्वितहरुको संख्या अधिक रहेको छ भने रोजगारीता, पेशा एवं व्यवसायहरुमा महिला उपस्थिती राम्रो रहेको छ । साथै अपाङ्गतहरुको सशक्तीकरणका लागि क्षमता विकास कार्यक्रमहरु सञ्चालनमा रहेका छन्, अनाथ वालवालिका संरक्षण कार्यक्रम साथै लागु औषध दुर्व्यसन सम्वन्धी सचेतना अभिवृद्धि कार्यक्रमहरु समेत सञ्चालन भैरहेका छन् ।

तर अझै पनि विभिन्न अन्धविश्वासका कारण छोरीलाई भन्दा छोरालाई महत्व दिने परिपाटी भने कायम नै रहेको देखिन्छ । महिला हिंसा र भेदभाव तथा महिनावारीमा गरिने छुवाछुतमा भने धेरै मात्रामा न्यूनीकरण भएको देखिन्छ । महिलाहरू विभिन्न आर्थिक उपार्जनका काम तथा सहकारीहरूमा संलग्न भई उपलब्धी गरेका देखिन्छन् । यसका साथै विभिन्न स्थानीय स्तरका समिति, उपभोक्ता समितिहरूमा महिलाहरूको सहभागिता देखिन्छ । लैङ्गिक समानता तथा महिला सशक्तिकरण समावेशी एवं दीगो विकासको प्रमुख आधारहरुमध्ये एक हो ।

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार कुल जनसंख्या १९३७० रहेको छ जस मध्ये पुरुष ८५४५ जना र महिला १०८२५ जना रहेका छन् । सोही अनुसार लैंगिक अनुपात ९क्भह च्वतष्य० अर्थात प्रति १०० महिलामा पुरुषको संख्या ७८.९७ रहेको छ । समाजमा सिमान्तकृत जनसंख्यालाई मूलधारमा ल्याई उनीहरूको सम्मानपूर्वक जिवनयापन गर्न पाउने नैसर्गिक अधिकार सुनिञ्चित नगर्दा सम्म सभ्य र सौर्हादपूर्ण समाजको परिकल्पना गर्न सकिदैन त्यसैले लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा प्राथमिकता दिन सके असमानताको जालो तोड् न सहज हुन जान्छ । गाउँपालिकाको नीति निर्णायक तहमा महिलाको पहुँच ४० प्रतिशत पुगेको छ । महिला श्रम सहभागिता दर ५५ प्रतिशत पुगेको छ । महिलाको व्यवस्थापकीय क्षमता विकासका लागि ७५ प्रतिशत महिला सहकारी संस्थाको सुदृढीकरण गरिएको छ ।

अपाङगता भएका व्यक्तिहरुको सामाजिक तथा आर्थिक कृयाकलापमा सकृय सहभागिता दर २० प्रतिशत पुगेको छ । प्राकृतिक स्रोतको उपयोगमा स्थानीय समूदायको लगानी अंश ३५ प्रतिशत पुगेको छ । सा. व. उ. स. (कार्य समिति) मा महिला सहभागिता दर ३५ प्रतिशत पुग्नु, महिला कृषक समूहको गठन हुनु, आधुनिक कृषि तथा पशुपालन व्यवसायमा महिलाहरु संलग्न हुनेक्रम बढ्नु महिला सशक्तिकरणका थप सकारात्मक पक्षहरु हुन् ।

### ४.४.२ समस्या तथा चूनौति

गाउँपालिकामा महिला, बालबालिका र लक्षित वर्गमैत्री पूर्वाधार, नीति, नियम र संरचनाको कमी रहेको छ । नेतृत्वमा महिलाको सहभागिता प्रभावकारी नदेखिनु, योजना तर्जुमा तथा कार्यान्वयनमा महिलाहरूको अर्थपूर्ण सहभागिता नदेखिनु, छोरा छोरी बीचको भेदभाव कम हुँदै गएता पनि छोरी र बुहारी बीचको विभेद कायम रहनु, श्रमिकहरूको ज्यालामा विभेद कायम रहनु, महिलाहरूको कार्यबोझमा कमी नहुनु, महिलामा मानसिक हिंसा अत्याधिक हुनु जस्ता मुख्य समस्या रहेका छन् ।

बालबालिकाहरूको सन्दर्भमा नैतिक शिक्षाको अभाव, प्रविधिको अधिक प्रयोगले बालबालिकाहरूमा एकोहोरोपना देखिएको र सामाजिक कार्यमा कम सहभागिता हुनुका साथै उमेर नपुगी विवाह गर्ने, विभिन्न कारण बिचमै विद्यालय छोड्ने, त्यसैगरी बाल अधिकार र कर्तव्य बीच असन्तुलन देखिने, कामकाजी अभिभावक भएका बालबालिकाहरूको उचित व्यवस्थापन नहुने जस्ता समस्याहरू बालबालिकाका क्षेत्रमा रहेका छन् ।

समाजमा जेष्ठ नागरिकहरूलाई उचित सम्मान हुन नसक्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूले उचित सम्मान पाउन नसकेको, अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य तथा रोजगारीका अवसरमा पहुँच नहुनु, शिक्षा तथा स्वास्थ्यका संरचना अपाङ्गमैत्री नहुनु, दलित बालबालिकाहरूको पोषण र शिक्षामा पहुँच कम हुनु जस्ता समस्याहरू रहेका छन् । त्यसैगरी समाजमा विद्यमान छुवाछुत तथा अन्य कुरीतिप्रथा कायमै रहनु र अन्धविश्वास कायमै रहनु पनि यहाँका सामाजिक समस्याहरू हुन् । त्यसैगरी,सार्वजनिक भवन एवं पूर्वाधारहरु वृद्ध, बाल एवं अपाङ्गमैत्री हुन नसक्नु लक्षित वर्गमा न्यून वजेट विनियोजन हुनु, ज्येष्ठ नागरिक हेरचाह केन्द्र सञ्चालन नहुनु, विपन्न वर्ग, दलितहरुको आर्थिक सामाजिक स्तरोन्नतिका लागि स्व/रोजगारीमूलक कार्यक्रमहरु कार्यान्वयन नहुनु, महिलाहरुमा उद्यमशिलता बिकासका लागि क्षमता अभिवृद्धि, अनुदान, सहुलियत दरमा ऋण व्यवस्था नहुनु, असहाय र आश्रयहीन वालवालिकहरुको व्यवस्था नगर्नु, अपाङ्गतमैत्री पूर्वाधार अभाव, पठनपाठनका लागि पाठ्यक्रमको विकास नभएको र शारिरीक एवं मानसिक विकास सम्वन्धी कार्यक्रमहरु नहुनु जस्ता समस्याहरु पनि रहेका छन् ।

गाउँपालिकाभित्र महिला उद्यमशिलताका लगि लगानी मैत्री वातावरण सिर्जना गर्नु, महिला, बालबालिका, सिमान्तकृत, युवाहरूको सहभागिता अर्थपूर्ण बनाउनु, महिला, बालबालिका, सिमान्तकृत समुदायहरूलाई नेतृत्वदायी भूमिकामा पुर्‍याउनु, समाजमा विद्यमान छुवाछुत तथा अन्य कुरितीहरूलाई उल्लेख्य मात्रामा घटाउनु यस क्षेत्रको प्रमुख चुनौतीहरु हुन् । त्यसैगरी, वालविवाह एवं वहुविवाह नियन्त्रण गर्नु, लैङ्गिक हिंसा, छुवाछुतका घटनाहरु नियन्त्रण गर्नु, अपाङ्गता भएकाहरुको स्वरोजगारीता श्रृजना गर्नु, महिला साक्षरता अभिवृद्धि गर्नु, महिलाहरुका गुणात्मक क्षमता विकास गर्दै निर्णय तहमा उनीहरुको अर्थपूर्ण सहभागिता वृद्धि गर्नु, वसाइ सराइ नियन्त्रण गर्नु, असहाय र आश्रयहीन वालवालिकाको संख्यामा शुन्य गर्नु पनि चुनौतिका रुपमा रहेका छन् ।

### ४.४.३ लक्ष्य

सामाजिक न्यायमा आधारित सभ्य समाजको निर्माण गर्ने ।

### ४.४.४ उद्देश्य

लैङ्गिकता, उमेर, जातियता, क्षेत्रियता, भाषिक, अल्पसंख्या, अपाङ्गता लगायतका आधारमा हुने सबै प्रकारको विभेद अन्त्य गर्नु ।

### ४.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीतिहरू |
| --- | --- |
| १.हिंसा पीडितलाई समयमै न्याय दिलाई महिला हिंसा न्यूनीकरण गर्ने । | १.महिला हिंसाका कारक तत्त्वहरूको पहिचान गरी हिंसा न्यूनीकरणका लागि ठोस कदम चालिने छ ।<br>२.एकल महिलाको सशक्तीकरणका लागि कार्यक्रम सञ्चालन गरिने छ ।<br>३.लैङ्गिक उत्तरदायी बजेटको व्यवस्था गरिने छ । |
| २.विपन्न र पिछडिएका महिलालाई सामाजिक क्रियाकलापमा सहभागिता बढाइ समग्र विकास गर्ने । | १.विपन्न, पिछडिएका र असहाय महिलाहरु बिच अन्तरक्रिया गर्ने वातावरणको सिर्जना गरी आत्मबल बढाइने छ ।<br>२.सामाजिक कुसंस्कार र रूढिवादी परम्परा अन्त्यका लागि महिलाको परिचालन गरिने छ । |
| ३.महिलाले प्राप्त गर्ने सेवा सुविधाबारे जानकारी गराइ ग्रामीण सेवा सुविधामा महिलाको पहुँच बढाउने । | १. महिलाले प्राप्त गर्ने सेवा सुविधाबारे क्षेत्रगत महिला समूहहरूको परिचालन गरी चेतना फैलाइने छ । |
| ४. जेष्ठ नागरिकको सामाजिक सूरक्षा र आत्मसम्मान कायम हुने कार्यक्रमलाइ प्राथमिकता दिइ सञ्चालन गर्ने | १. संविधान र नेपाल सरकारले घोषणा गरेका जेष्ठ नागरिक सामाजिक सूरक्षा अन्तर्गतका सबै कार्यक्रम चुस्त दुरुस्त रुपमा प्रभावकारी बनाउन गाउँपालिकाभित्र जेष्ठ नागरिक प्रतिकार्य इकाइ सञ्चालन गरिनेछ ।<br>२. वडास्तरीय जेष्ठ नागरिक निशुल्क स्वास्थ्य परिक्षण शिविर सञ्चालन गरिनेछ ।<br>३. एक वडा एक जेष्ठ नागरिक सत्संग केन्द्र निर्माण गरिनेछ ।<br>४. स्थानीय सञ्चार माध्यामसँगको सहकार्यमा जेष्ठ नागरिकहरूका जीवन अनुभव साट्न र सुन्न "जेष्ठ नागरिक आवाज" कार्यक्रम सञ्चालन गरिनेछ । |
| ५.अपाङ्गता भएका नागरिकहरूको कठिनाइ न्यूनिकरण गर्ने कार्यक्रमहरूसंचालन गरी उनीहरूको आत्मबल बढाउने र आत्मसम्मान जगाउने । | १. अपाङ्गता परिचय पत्र लिन बाँकि भएमा अपाङ्गताको प्रकार अनुसार परिचय पत्र वितरण गरिनेछ ।<br>२. ह्वील चे यर आवस्यक अपाङ्गहरूको लगत संकलन गरी त्यसमा अनुदान प्रदान गरिनेछ ।<br>३. विशेष क्षमता भएका अपाङ्गहरूको वृत्ति विकास कार्यक्रम अन्तर्गत कलाकारिता शिप विकास तथा आय आर्जन तालिम नियमित सञ्चालन गरिनेछ ।<br>४. गाउँपालिकामा अब बन्ने सबै खाले सार्वजनिक भौतिक संरचनाहरू अपाङ्गमैत्री बनाउन निर्माण मापदण्ड र कार्यविधि |

| | |
|---|---|
| | परिमार्जन गरिनेछ । |

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम र आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना ( कूल वार्षिक घटनाको) | प्रतिशत | ३५ | ३० | २५ | २० |
| महिलाको औषत आयु | वर्ष | | | | |
| परिवर्तित स्थानीय संरचना तथा कानुन अनुसार समावेशी समिति, संयन्त्र तथा सञ्जालमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व | प्रतिशत | ३५ | ३६ | ३८ | ४० |
| बाल विवाह (कूल जनसंख्याको) | प्रतिशत | ३५ | ३२ | २८ | २० |
| घरव्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार | प्रतिशत | ४५ | ४८ | ५० | ५२ |
| सम्पत्ति माथिको स्वामित्व भएका महिला | प्रतिशत | २५ | ३० | ३५ | ५० |
| महिला उद्यमशीलता, क्षमता तथा सीप विकास कार्यकमका लागि वजेट व्यवस्था | रु. लाख | | | | |
| बालमैत्री स्थानीय शासन लागू भएको वडा | संख्या | ० | १ | २ | ५ |
| कृषि, पशुपंक्षी, स्वास्थ्य, इन्जिनियरिङ लगायत क्षेत्रमा महिला प्राविधिक | संख्या | १५ | २० | २५ | २८ |
| जेष्ठ नागरिक दिवा केन्द्र (चौतारी) | संख्या | १ | २ | ३ | ५ |

स्रोत: गाउँपालिकाको आवधिक योजना, २०८१

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला, बालबालिका तथा समावेशीकरण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | ९९९० | ५९९४ | ३९९६ | ७९६ | ८६५८ | ६१९ |
| २०८४/८५ | १२०७२ | ७२४३ | ४८२९ | ९३४ | १०३८२ | ७०९ |
| २०८५/८६ | १८५०० | ११100 | ७४०० | १४६२ | १५८८१ | १०९१ |

### ४.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | लागत हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| पूर्ण रुपमा बालमैत्री गाउँपालिका घोषणा तयारीका कार्यक्रमहरु तथा वाल विवाह न्यूनीकरण रणनीति तयार | बालमैत्री तथा वाल विवाहमुक्त गाउँपालिका घोषणा गर्नु | ०८७ सम्ममा | ७३०१ | बालमैत्री तथा वाल विवाहमुक्त गाउँपालिका घोषणा भएको हुनेछ |
| दलित, जनजाती, महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिक, अल्पसंख्यक तथा पिछाडिएका समुदायलाई लक्षित गरी क्षमता बृद्धि तथा आय आर्जन कार्यक्रम | लक्षित वर्गको शसक्तीकरण गरी आत्मनिर्भर बनाउनु | सालवसाली | १०१४० | लक्षित वर्गको शसक्तीकरण तथा आत्मनिर्भरतामा वृद्धि भएको हुनेछ |
| बालविवाह, बहुविवाह, बालश्रम जस्ता कार्य रोकथामका लागि नेपाल प्रहरी, सामाजिक संघ संस्थासँग साझेदारीमा सचेतनामूलक कार्यक्रम संचालन | सामाजिक कुरितीहरुमा न्यनीकरण गर्नु | सालवसाली | २०२८ | सामाजिक कुरितीहरु घटनाहरुमा कमी आएको हुनेछ |
| छोरी पेवा बचत कार्यक्रम | छोरी बुहारी शसक्तीकरण गरी आत्मनिर्भर बनाउनु | सालवसाली | ६४९० | महिलाहरुको आर्थिक, राजनीतिक तथा सामाजिक रुपमा शसक्तीकरण भएको हुनेछ |
| बाल तथा महिला अधिकार संजालहरुको क्षमता विकास | संगठित आवजका साथ बाल तथा महिला अधिकार सुनिश्चिता गर्नु | सालवसाली | ५२७३ | संजालले सक्रियरुपमा अभियान संचालन गरेको हुनेछ |
| गाउपालिका स्तरीय असहाय तथा हिंसा पिडित उद्दार कोष तथा सेफ हाउस स्थापना | असहाय तथा हिंसा पिडितको उद्दार गर्नु | ०८५ सम्म | ४८६७ | असहाय तथा हिंसा पिडितहरुको उद्दार तथा पुर्नस्थापना भएको हुनेछ |
| महिला बालबालिका तथा सामाजिक समावेशीकरण सम्बन्धी सालवसाली कार्यक्रमहरु | | सालवसाली | ४४६२ | |
| **जम्मा लागत हजारमा** | | | ४०५६२ | |

### ४.४.९ जोखिम पक्ष तथा अनुमान

महिला, बालबालिका तथा लक्षित वर्गको विकास सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यवहारिक कार्यक्रम तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ । गाउँपालिकाले आफ्नो नीति तथा कार्यक्रममा महिला, बालबालिका र लक्षित वर्गको उत्थानका लागि सोच लिई कार्य गर्दै आएकोले नतिजा प्राप्त गर्न सकिने अनुमान गर्न सकिन्छ ।

## ४.५ युवा, खेलकुद तथा नवप्रवर्तन

### ४.५.१ पृष्ठभूमि

यस गाउँपालिकामा शिक्षित बेरोजगार युवाहरूको संख्या बढ्दो छ भने युवाहरू वैदेशिक रोजगारमा  संलग्न रहेको पाईन्छ । विद्यमान युवा जनशक्तिलाई सृजनशील कार्य र सूचना प्रविधि ( आईसीटी) जस्ता क्षेत्रसँग जोडेर आर्थिक विकास र सामाजिक रूपान्तरणको संवाहकका रूपमा स्थापित गने अवसर गाउँपालिकासँग रहेको देखिन्छ । गाउँपालिकाले युवाहरुको लागि स्व/रोजगारीमूलक व्यवसायिक सीप तालिम, क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । युवाहरुको शारिरिक विकासका लागि गाउँपालिकाको केही स्थानहरुमा खेलकुद मैदानहरुको व्यवस्था गरेको छ भने गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्ने तयारी गरिरहेको छ । भलिबल, फुटवल, कबड्डी र कराँते खेलका खेलाडीहरु रहेका छन् । भौगोलिक विकटताको कारण युवा खेलकुदको पूर्वाधारहरु निर्माण गर्न चुनौतिको रुपमा रहेको छ । युवाको समग्र विकासमार्फत वर्तमान र भावी समाजको समुन्नत विकासको कल्पना गर्न सकिन्छ । यसै तथ्यलाई मनन गरी गाउँपालिकाले युवालाई विभिन्न किसिमका पेशा तथा व्यवसायमा संलग्न गराउने प्रयास गरेको छ । साथै युवा प्रतिभा विकासका लागि खेलकुदको विकास गर्ने प्रयास गरिएको छ ।

गाउँपालिकामा खेलकुदसँग सम्बन्धित संस्था र क्लबहरू स्थापना गरिएको छ । खेलकुद प्रवर्द्धनका लागि युवा सृजनशील कोष स्किमको स्थापना । गाउँपालिकामा विभिन्न किसिमका खेलहरू खेल्ने गरिन्छ । खेलकुदका लागि खुला चौर प्रयोग गरिएको गाउँपालिकामा रङ्गशाला तथा कभर्ड हलको निर्माण हुन सकेको छैन । उर्जाशील सयौं युवा विदेश पलायन भएका छन् । यस परिप्रेक्षमा युवा रोजगारी र उद्यमशीलताका लागि ठोस कदम चाल्नुपर्ने आवश्यकता देखिन्छ । खेलकुदका लागि हाल २४ वटा खुला चौरको प्रयोग गरिँदै छ । गाउँपालिकामा खेलकुदसँग सम्बन्धित संस्था तथा क्लबहरू २  वटा छन् भने निर्माण भएका खेल मैदानहरू ४ वटा सञ्चालनमा छन् ।

युवाहरु रोजगारका लागि भारत लगायत तेस्रो मुलुकमा जाने क्रम पछिल्ला वर्षहरुम बढ्दै गइरहेको छ । हाल सरुमारानी गाउँपालिकाबाट ५६३ जना युवाहरु तेस्रो मुलुकमा रोजगारीका लागि गएका छन् भने सयौंको संख्यामा मौसमी कामका लागि भारतमा जाने गर्दछन् । युवा स्वरोजगारका क्षेत्रमा गाउँपालिकाले उद्यमशील विकास तालिम, अवलोक भ्रमण, शिपमूलक तालिमहरु प्रदान गर्दै आइरहेको छ । तर युवालाई प्रोत्साहन हुने गरी युवा उद्यमी सम्मान जस्ता कार्यकमहरु पनि गर्नु पर्ने आवश्यक देखिन्छ ।

### ४.५.२ समस्या तथा चुनौति

रोजगारी र अध्ययनका लागि युवाहरु विदेश पलायन, युवा वर्गमा परम्परागत कृषि तथा घरेलु व्यवसायमा स्वभाविक आकर्षण रहेको छैन । वेरोजगार युवाहरुलाई अनुदान तथा सस्तो दरमा ऋण सुविधा उपलब्ध गराई रोजगारीमूलक कार्यक्रम सञ्चालन हुन सकेको छैन भने वैदेशिक रोजगारीबाट

फर्केका युवाहरु स्वरोजगारीमा आवद्ध गराउन गाउँपालिकाले सहजीकरण गर्न सकेको देखिदैन । यसका साथै सुविधायुक्त खेलमैदान तथा कर्भडहल छैन साथै खेलाडीहरुको उचित सम्मान र सहयोग उपलब्ध हुन सकिरहेको छैन ।

युवाहरुको आर्थिक, सामाजिक एवं राजनीति क्षेत्रमा अर्थपूर्ण उपस्थितिमा अभिवृद्धि ल्याउनु, शिक्षित वेरोजगार युवाहरुको व्यवस्थापन गर्नु, युवाहरु विदेश एवं शहरी क्षेत्रहरुतर्फ पलायन रोक्नु विभिन्न तहका सरकारबीच युवा तथा खेलकुदसम्बन्धी योजना कार्यान्वयन एवम् समान प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्न एकापसमा सामञ्जस्यको अभाव छ । स्तरीय खेल प्रशिक्षणमा कमी, खेलमा व्यावसायिकता कमी र खेलाडीको भविष्यको अनिश्चिताका कारण खेल क्षेत्रमा आशातित सफलता हासिल गर्न सकिएको छैन । खेलकुदलाई समय बिताउने माध्यमका रूपमा मात्र नलिएर खेलकुद आर्थिक उपार्जन र जीवन निर्वाहको आधारको रुपमा स्थापित गर्ने काम चुनौतिपूर्ण रहेको छ । विदेशबाट फर्केका युवाहरूको सीप तथा अनुभवको उचित प्रयोग गरि उत्पादनमूलक कार्यमा लगाउनु, गाउँपालिकामा भएका पर्यटनका अवसरमा युवाहरूलाई आकर्षित गरी यस्ता व्यवसायमा परिचालित गर्नु यस क्षेत्रका मूख्य चुनौतीहरु हुन् ।

### ४.५.३ लक्ष्य

"गाउँपालिकाको युवा जनसंख्यालाई पूर्ण रोजगार र उच्च उत्पादनमुखि बनाउने ।"

### ४.५.४ उद्देश्य

श्रमशिल र सकृय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरूको श्रमशक्ति र उर्जाको सहि सदुपयोग गर्नु ।

### ४.५.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १. युवा तथ्याङ्क व्यवस्थापन गर्ने | १. गाउँपालिकाभर रहेका युवा जनशक्तिको पृष्ठभूमिबारे स्थितिपत्र तयार पार्ने<br>२. गाउँपालिकाबाट श्रम तथा रोजगारीका लागि बाहिरिएका युवाहरूको पूर्ण विवरण तयार पारिनेछ । |
| २.गाउँपालिकाका सबै युवाको शैक्षिक स्तर वृद्धिमार्फत सक्षम नेतृत्वको विकास गर्ने । | १.गाउँपालिकाका युवाको साक्षरता दर वृद्धि गरी दक्ष एवम् सचेत युवाको निर्माण गरिने छ ।<br>२.किशोर किशोरीको मानसिक स्वास्थ्य, चालचलन र व्यवहारमा सकारात्मक सोच र परिवर्तन ल्याउन सूचना प्रविधि र सामाजिक सञ्जाललाई मर्यादित तरिकाबाट प्रयोग गर्ने बारे सचेतना गरिने छ । |
| २.युवामा व्यावसायिक सोच, सीप र नेतृत्वको विकास गर्ने । | १.व्यावसायिक तालिम एवम् गतिविधिमा संलग्न गराई युवामा व्यावसायिक सिपको विकास गरी युवा स्वरोजगार वृद्धि गरिने छ ।<br>२.युवाको नेतृत्व विकासका लागि खेलकुद लगायताका अतिरिक्त क्रियाकलापमा युवा सहभागिता बढाउने तथा आवश्यक पूर्वाधारको निर्माण गरिने छ । |
| ३.सामाजिक गतिविधीमा युवा संलग्नता बढाइ सुशासन र लोकतन्त्र संस्थागत गर्ने । | १.समाजका गतिविधिमा युवाको सहभागिता बढाई स्थानीय सुशासनको प्रवर्द्धन गर्ने कार्ययोजना तयार गरिने छ ।<br>२.युवा स्वरोजगार र उद्यमका लागि सहज एवम् सहुलियत ऋणको व्यवस्था गरिने छ । |

| | |
|---|---|
| | ३. औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट बालबालिका तथा किशोर किशोरी शिक्षा सञ्चालन गरिने । |

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम र आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| खेल मैदान | संख्या | २ | २ | ३ | ४ |
| उद्योग, व्यापार व्यवसाय तथा खेल क्षेत्रमा युवाहरुको आवद्धता | प्रतिशत | २५ | ३० | ३५ | ४० |
| आयमूलक व्यवसायिक सीप विकास तालिमवाट स्वरोजगार तथा रोजगार | संख्या | १५ | २० | ३० | ३५ |
| युवा क्लव तथा संस्था | संख्या | ८ | १० | १२ | १५ |
| उद्योग तथा व्यवसायमा संलग्न युवाहरु | प्रतिशत | | | | |
| स्थानीय तहको संरचनामा युवाहरुको संलग्नता | प्रतिशत | ३५ | ४० | ४५ | ५० |
| खेलकुदका लागि प्रयोग भएका खुला चौर | सङ्ख्या | २४ | | | |
| वडाभित्र खेलिने प्रमुख खेल र प्रतिस्पर्धाहरू | सङ्ख्या | ४ | | | |
| खेलकुदसँग सम्बन्धित संस्था र क्लबहरू | सङ्ख्या | २ | | | |

स्रोतः सरुमारानी गाउँपालिका, २०८२

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | ७४९२ | २९९७ | ४४९५ | ५९७ | ६४९३ | ४६४ |
| २०८४/८५ | ८३१६ | ३३२६ | ४९९० | ६४४ | ७१५२ | ४८८ |
| २०८५/८६ | ९२५० | ३७०० | ५५५० | ७३१ | ७९४० | ५४६ |

### ४.५.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | लागत हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| खेल तथा खेलाडी आदानप्रदान कार्यक्रम | खेलकुदका माध्यमबाट युवा शसक्तीकरण गर्नु | सालवसाली | ६२६५ | गाउँपालिकामा युवा खेलकुद विकास भएको हुनेछ । |
| खेलकुद विकास समितिको सिफरिसमा खेल मैदान र कबर्ड हल निर्माण | खेलकुद पूर्वाधारको विकास गर्नु | सालवसाली | ४००९ | आवश्यक खेलकुदको पूर्वाधार निर्माण भएको हुनेछ |
| एक विद्यालय एक खेलकुद मैदान र एक खेलकुद शिक्षक | प्रत्येक विद्यालयमा खेलकुद क्रियाकलाप सञ्चालन गर्ने | ०८६ सम्म | ५७६३ | प्रत्येक विद्यालयमा खेलकुद क्रियाकलाप सञ्चालन भएको हुनेछ |
| गाउँ विकासमा जनश्रमदान कार्यक्रम | गाउँ विकासमा श्रमदानको महत्वको बारेमा युवा सचेतना गर्ने | सालवसाली | १२५३ | गाउँ विकासमा श्रमदानको निरन्तरता भएको हुनेछ |
| रोजगार बैंकको स्थापना गर्ने | युवा रोजगारी सुनिश्चित गर्ने | ०८६ सम्म | ४५११ | रोजगार बैंक स्थापना भएको हुनछ |
| वार्षिक रुपमा पालिकास्तरीय खेल आयोजना र खेलाडी सम्मान तथा पुरस्कार ( अध्यक्ष कप, वडा कप) | खेलकुदमा युवाहरुको आकर्षण बढाउनु | सालवसाली | ३२५८ | स्थानीय तथा राष्ट्रिय खेलाडीहरुको उत्पादन भएको हुनेछ |
| **जम्मा लागत हजारमा** | | | **२५०५९** | |

### ४.५.९ जोखिम पक्ष तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित निकायको संस्थागत विकास, युवा उद्यमीलाई प्रोत्साहन, गाउँपालिकाका युवाहरु चासोका साथ सहभागिता हुनेछ, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

## ४.६ सामाजिक सुरक्षा तथा पंजीकरण

### ४.६.१ पृष्ठभूमि

गाउँपालिकामा सामाजिक सुरक्षाको सेवा र कार्यालयको तथ्यांक व्यवस्थापन पंजीकरण शाखाबाट हुँदै आएको छ । कार्यालयको अभिलेख व्यवस्थापन महत्वपूर्ण हुने भएकोले यस कार्यलाई व्यवस्थित गर्नुपर्ने भएकोले यस शाखा दक्ष र चुस्त हुन जरुरी हुन्छ । सामाजिक सुरक्षा नागरिकको अधिकार हो । यो गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्वपूर्ण साधन हो । मुलुकको समावेशी विकास गर्न र दिगो विकास लक्ष्यका प्रमुख नतिजाहरूको प्राप्तिमा सहयोग पुर्याउन सामाजिक

सुरक्षाले महत्वपूर्ण योगदान गर्दछ । हिलिहाङ गाउँपालिकाले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, विपन्न एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित, बालबालिका आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, दिवा खाजा, छात्रवृत्ति, तालिम, रोजगारीलगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरू कार्यान्वयनमा ल्याएको छ । आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै गाउँ विकासमा सबै नागरिकको समान सहभागिता गराउन उनीहरूलाई थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

### ४.६.२ समस्या तथा चुनौति

तथ्यांक व्यवस्थापनका लागि छुट्टै कर्मचारीको व्यवस्थापन हुन सकेको छैन । शाखागत कर्मचारीहरुले हालसम्म तथ्यांक व्यवस्थापन गर्दै आएकोले गाउँपालिकागत तथ्यांक बन्न सकेको छैन । तथ्यांक व्यवस्थापनका लागि उपयुक्त सामग्रीको व्यवस्थापन हुन सकेको छैन । शाखागत कर्मचारीहरुबीच तथ्यांक व्यवस्थापनका लागि छलफल र प्रक्रियाको विषयमा एकआपसमा प्रष्ट हुन नसकेकोले यसको व्यवस्थापन चुनौतिपूर्ण रहेको छ । महिला, बालबालिका र लक्षित वर्गमैत्री पूर्वाधार, नीति, नियम र संरचनाको कमी रहेको छ । एकल महिला, अपांगता भएका व्यक्ति, दलित, ज्येष्ठ नागरिक तथा महिलाप्रतिको सोच र व्यवहार अझ पनि सकारात्मक बन्न सकिरहेको छैन । बाल संवेदनशील सामाजिक सुरक्षाको कार्यान्वयन हुन सकेको छैन । बालपोषण भत्ता पर्याप्त छैन । बैंकको सुविधा वडा वडामा सहज नहुँदा बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा समस्या छ । घुम्ती सेवा कार्यान्वयन हुन सकेको छैन् । सामाजिक सुरक्षा सम्वन्धी सचेतना नहुँदा नविकरण समयमा नहुने पनि समस्या छ । स्वास्थ्य विमामा अझै सबै परिवार जोडिन सकेका छैनन् । सामाजिक सुरक्षालाई स्थानीय आर्थिक सामाजिक विकासका अन्य क्षेत्रका नीति र कार्यक्रमहरूसँग आबद्ध गर्दै लैजानु, गरिबी, वञ्चितीकरण एवम् जोखिममा रहेका जनसमुदायलाई पहिचान गरी उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउनु र वित्तीय रूपले धान्न सकिने सामाजिक सुरक्षा प्रणालीको विकास गर्नु प्रमुख चुनौतीहरू हुन् ।

### ४.६.३ लक्ष्य

"आधारभूत सामाजिक संरक्षणका सेवा सुविधाहरूमा सबै नागरिकहरूको पहुँचबाट समतामूलक समाज निर्माण गर्न गाउँपालिकाको योजना र समिक्षा व्यवस्थित तथ्यांकको आधारमा रहेर गर्ने ।"

### ४.६.४ उद्देश्य

१. सामाजिक संरक्षणका कार्यक्रमहरूलाई दोहोरो नपर्ने गरी समाजका विपन्न र जोखिममा रहेका जनसमुदायको पहुँच सुनिश्चित गर्नु ।

२. गाउँपालिकाबाट भएका गतिविधिहरुको एकमुष्ट तथ्यांक संकलन, विश्लेषण, प्रवाहमा एकद्वार प्रणाली विकास गर्नु ।

### ४.६.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सामाजिक सुरक्षा प्रणाली मजबुद गर्दै गाउँपालिकाको तथ्यांक व्यवस्थापन गर्ने । | १. सामाजिक सुरक्षा प्रणाली अन्तरगत रहेका कार्यक्रमहरुको पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने ।<br>२. सामाजिक सुरक्षाका क्षेत्रमा छरितो नियमनकारी संरचनाको विकास गर्ने ।.<br>३. पंजीकरण र तथ्यांक व्यवस्थापनका लागि आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्ने ।<br>४. शाखागत प्रमुख र कर्मचारीहरुको समन्वय र सहकार्यमा गाउँपालिकाको सूचना र तथ्यांकलाई व्यवस्थित गर्ने । |

### ४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| तथ्यांक व्यवस्थापन शाखा | संख्या | १ | १ | १ | १ |
| तथ्यांक व्यवस्थापन कर्मचारी | संख्या | १ | २ | २ | २ |
| तथ्यांक संकलन, विश्लेषण र स्टोरेज सामग्री, तथ्यांकको क्लाउड ब्याकअप | संख्या | ० | १ | १ | २ |
| वार्षिक रूपमा घरेलु हिंसा अन्तर्गत दर्ता भएका प्रहरी मुद्दा | संख्या | ५ | ४ | ३ | २ |
| बेचविखनमा परेका महिला किशोरी र बालिका | संख्या | ० | ० | ० | ० |
| ५ वर्ष मुनीका बालबालिकाको जन्मदर्ता | प्रतिशत | ९६ | ९७ | ९८ | ९९ |
| सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | संख्या | | | | |

स्रोतः सरुमारानी गाउँपालिका, २०८२

### ४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सामाजिक सुरक्षा तथा पंजीकरणका साथै समग्र गाउँपालिकाको तथ्यांक उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | ४५० | २२५ | २२५ | ३६ | ३९० | २८ |
| २०८४/८५ | ५३७ | २६८ | २६८ | ४२ | ४६१ | ३२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०८५/८६ | ६३६ | ३१८ | ३१८ | ५० | ५४६ | ३८ |

### ४.६.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | लागत हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| पंजीकरण शाखा व्यवस्थापन | पंजीकरण शाखा व्यवस्थित गर्नु | सालवसाली | ८९२ | पंजीकरण शाखा व्यवस्थित हुनेछ। |
| तथ्यांक व्यवस्थापन | गाउँपालिकाको सम्पूर्ण तथ्यांक व्यवस्थापन गर्नु | सालवसाली | ४८७ | गाउँपालिकामा एकिकृत तथ्यांक प्रणालीको विकास हुनेछ। |
| सामाजिक सुरक्षा कार्यक्रम | सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित गर्नु | सालवसाली | २४३ | सामाजिक सुरक्षा कार्यक्रम व्यवस्थित भएको हुनेछ |
| जम्मा | | | **१६२२** | |

### ४.६.९ जोखिम पक्ष तथा अनुमान

सामाजिक सुरक्षा र पंजीकरणका साथै समग्र गाउँपालिकाको तथ्यांक व्यवस्थापनसँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापनलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ।

## परिच्छेद ५: पूर्वाधार क्षेत्र

यस पूर्वाधार क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार, विद्युतीय सुशासन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

### ५.१ भवन, आवास तथा वस्ती विकास

#### ५.१.१ पृष्ठभूमि

नेपालको संविधानले आवासको हकलाई मौलिक हकको रुपमा अंगीकार गरी सबै नागरिकको सुरक्षित, उपयुक्त र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपुर्ति गर्ने तथा आवासबिहिन नागरिकलाई आवास सुविधा उपलब्ध गराउने व्यवस्था गरेको छ । साथै, संविधानले अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न योजनाबद्ध व्यवस्थित बस्ती विकास गर्ने नीतिगत व्यवस्था समेत गरेको छ । सरुमारानी गाउँपालिकाले व्यवस्थित बस्ती विकास व्यवस्थापन तथा दीगो विकासका लागि महत्वपूर्ण कार्यहरु गर्दै आएको छ । गाउँपालिकाले सरकारी, अर्धसरकारी, संस्थागत, व्यवसायिक, औद्योगिक तथा नीजि भवनहरु मापदण्ड निर्धारण गरी कार्यन्वयनमा ल्याउनको लागि नक्शा पासलाई विस्तारै अनिवार्य बनाउदै छ । सडक विस्तार र बस्ती थपिने क्रम सुरुवाती चरणमै छ । त्यसकारण वस्ती विकास व्यवस्थापन र पूर्वाधार विकास निर्माण योजना अनुरूप हुन सक्ने देखिन्छ । गाउँपालिकामा सुरक्षित आवासमा पहुँच पुगेको जनसङ्ख्या अत्यन्तै न्यून अर्थात् २५ प्रतिशत मात्र छ । वर्तमानमा नक्सा पास गरी घर निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइएको छ तर पनि नक्शा पास गरी घर निर्माण गर्नेहरूको सङ्ख्या ४ प्रतिशत छ तर दिनानुदिन घर नक्शा पास गरी निर्माण गर्ने कार्यको वृद्धि हुँदै गएको छ । ढल तथा सडक निर्माण लगायतका आधारभूत सेवाको समयानुकूल विकास हुन सकेको छैन । गाउँपालिकाको सेवा सुविधामा विस्तार गरी समग्र अर्थतन्त्रको विकासमार्फत बसाइ सराइ गरेर जानेको सङ्ख्यामा कमी ल्याउन, व्यवस्थित वस्ती विकास गर्न तथा सहरोन्मुख क्षेत्रको विकासको योजना बनाउन विशेष पहल गर्नुपर्ने आवश्यकता देखिन्छ ।

सरुमारानी गाउँपालिकाको भालुवाङ जसपुर सडकखण्डसँग जोडिएका वडाका बस्तीहरु विस्तारै शहरीकरण उन्मुख हुदै गइरहेका छन् । त्यसैले गाउँपालिकाले समयमै व्यवस्थित बस्ति विकासको काम अगाडि बढाउनु जरुरी देखिएको छ । गाउँपालिका क्षेत्रमा ७७.८ प्रतिशत घरहरु माटोको जोडाइ भएको इटाढुँगाको रहेका छन् भने १३.१ प्रतिशत घरहरुमात्रै सिमेन्टको जोडाइ भएको इटा ढुँगाको रहेका छन् । सार्वजनिक भवन जस्तै विद्यालय, स्वास्थ्य चौकी, कृषि तथा पशु सेवा केन्द्र, मन्दिरहरु निर्माणमा परम्परागत भन्दा पनि आधुनिक सिमेन्ट, रडहरुको प्रयोग गरि निर्माण गरिएका छन् । परम्परागत संस्कृतिको धरोहरका रुपमा रहका मन्दिर, पुराना दरवारहरु तथा देवलहरु संस्कृति नमेटिने गरी निर्माण गर्नु पर्ने देखिन्छ । सार्वजनिक निर्माणहरु अपाङ्ग तथा बालमैत्री हुन सकेको पाइदैन ।

#### ५.१.२. समस्या तथा चुनौति

स्थानीय भवन आचार संहिता लागू नभएको, असुरक्षित तथा जोखिमयुक्त स्थानमा वस्तीहरू भएको, व्यवस्थित वस्ती विकास नभएको, नयाँ वस्ती निर्माण गर्दा मौलिकपना लोप हुँदै गएको आदि

प्रमुख समस्या हुन । वातावरण मैत्री वस्ती विकास हुन नसक्नु, जनसङ्ख्या वृद्धि अनुसार गाउँपालिकाको सेवा सुविधामा विस्तार नहुनु, गुणस्तरीय पूर्वाधार विकासको अभाव हुनु, दक्ष जनशक्तिको अभाव तथा छरिएको यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

जोखिम युक्त क्षेत्रको बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नु, सुरक्षित र व्यवस्थित बस्ती विकास गर्नु, बालबालिका, महिला, तथा अपाङ्गमैत्री भौतिक सम्रचनाहरू निर्माण गर्नु, भवन आचार संहिता लागु गर्नु, नयां भवन निर्माणमा मौलिकपना कायम राख्नु, सुरक्षित एवं एकिकृत आवास तथा वस्ती विकास गर्नु, किफायती र सुरक्षित आवास निर्माण गर्नु, स्थानीय भू-उपयोग नीति निर्माण र कार्यान्वयन गर्नु, विपन्न परिवारहरूको लागि सुरक्षित आवासको व्यवस्था गर्नुआदि प्रमुख चुनौतीका रुपमा रहेका छन । वस्ती क्षेत्रमा आवश्यक पूर्वाधारको व्यवस्था गर्नु, वातावरण मैत्री वस्ती व्यवस्थापन गर्नु, फोहरमैलाको उचित व्यवस्थापन गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ५.१.३ लक्ष्य

“गाउँपालिकाभित्रमा रहेका आवास क्षेत्र, सार्वजनिक स्थलहरूलाई भूकम्प प्रतिरोधी, प्रविधिमैत्री, सुरक्षित र परम्परागत जीवनशैली तथा कला, संस्कृतिको प्रतिनिधित्व गर्ने गरी विकास गर्ने,”

### ५.१.४ उद्देश्य

भवन निर्माण आचार संहिता तथा न्यूनतम मापदण्डका आधारमा व्यक्तिगत तथा सार्वजनिक भवन तथा संरचना निर्माण तथा बस्ती विकासलाई व्यवस्थित तथा सुरक्षित गर्नु ।

### ५.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.सम्भावित बस्ती क्षेत्र, बजार क्षेत्र र औद्योगिक क्षत्रको वर्गीकरण गर्ने । | १.वर्गीकृत बजार र लघु उद्योगको स्थापनाको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।<br>२.वस्ती अनुकुलन औद्योगिक तथा व्यावसायिक क्रियाकलापलाई जोड दिइनेछ ।<br>३. सम्भावित वस्ती क्षेत्र, बजार क्षेत्र र औद्योगिक क्षेत्र छनौट गरी वस्ती विकास ढाँचा तयार गर्ने । |
| २. गाउँपालिकाका वस्ती क्षेत्रमा सडक, खानेपानी, शैक्षिक लगायतका पूर्वाधार निर्माणका लागि पहल गर्ने । | १.भौतिक पूर्वाधार निर्माणका लागि संघ एवम् प्रदेशसँग समन्वय गरिनेछ ।<br>२.वस्ती वरपर सक्षम सुरक्षाप्रणाली तथा शैक्षिक संस्थाको को विकास गरिनेछ ।<br>३.वस्ती व्यवस्थापन मापदण्ड लागु गरिनेछ । |
| ३.छरिएर रहेका तथा विपदको जोखिममा परेका बस्तीहरूलाई एकीकृत बस्तीको निर्माण गरी स्थानान्तरण गर्दै लैजाने । | १.वस्ती विकास योजना निर्माण गरिनेछ ।<br>२.विपद्को जोखिममा परेका बस्तीहरू पहिचान तथा नक्साङ्कन गरिनेछ ।<br>३.एकीकृत आवास निर्माणका लागि वडास्तरमा उपयुक्त स्थानहरू<br>४.पहिचान गरी आवास क्षेत्र विकास गरिनेछ ।<br>५.छरिएर रहेका तथा विपद् को जोखिममा परेका घरपरिवारका लागि |

| | |
|---|---|
| | ६.सुरक्षित, व्यवस्थित, आधारभुत सुविधायुक्त तथा वातावरण मैत्री एकीकृत बस्ती निर्माण गरिनेछ ।<br>७.विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिने छ । |
| ४. एकीकृत सेवा प्रदायक बहुउपयोगी तथा बहुउद्देश्यीय भवन निर्माण गर्ने । | १. सरकारी भवनहरूनिर्माण गर्दा सकेसम्म एकै स्थानमा र एकरुपता ल्याउन एकै किसिमका भवनहरूको डिजाइन र निर्माण गरी एकीकृत जनसेवा प्रदान गरिनेछ । |
| ५. आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गर्ने । | १. सरकारी तथा सार्वजनिक भवनहरू अपाङ्ग मैत्री बनाइने छ<br>२. आवास तथा भवन निर्माणमा स्थानीय स्तरमा उपलब्धता भएका निर्माण सामग्रीको उच्चतम प्रयोग गरिनेछ ।<br>३. आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग हुने प्रविधि विकास गर्न तथा सुरक्षित संरचना निर्माण गर्न विज्ञहरूको सहयोग लिई निर्माण मजदुरहरूका लागि नियमित तालिम संचालन गरिनेछ ।<br>४. स्थानिय मौलिकताको जर्गेना गर्ने, वास्तुकला तथा सौन्दर्य कायम हुने संरचना निर्माण गर्दा गाउँपालिकाले प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ । |

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| सुविधा सम्पन्न उद्यान सहितको खुल्ला पार्क क्षेत्र | संख्या | ० | १ | १ | २ |
| जोखिमयुक्त वस्तीहरु | संख्या | ३५ | ३२ | २५ | २० |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका निजी, सार्वजनिक भवन तथा संरचना | प्रतिशत | ४५ | ५५ | ६५ | ७० |
| महिलामैत्री, वालमैत्री, अपाङ्गतामैत्री सार्वजनिक संरचना | संख्या | | | | |
| सुविधा सम्पन्न (खानेपानी, शौचालय, विजुली, सञ्चार) सामुदायिक भवन, महिला तथा ज्येष्ठ नागरिक भवन तथा सभाहल | संख्या | २ | ३ | ४ | ५ |
| सुरक्षित आवासमा पहुँच | प्रतिशत | | | | |
| नक्सा पास गरी निर्माण भएका घर | प्रतिशत | | | | |
| खरको छाना भएका घर | सङ्ख्या | | | | |
| जस्ताको छाना भएका घर | सङ्ख्या | | | | |
| ढलान घर | सङ्ख्या | | | | |
| ढुङ्गाको छनाभएका घर | सङ्ख्या | | | | |
| ढुङ्गाको गारो भएका घर | सङ्ख्या | | | | |
| काठको बारावेरा भएका घर | सङ्ख्या | | | | |
| सिमेन्टको गारो भएका घर | सङ्ख्या | | | | |
| खाल्टे शौचालय भएका घर | सङ्ख्या | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| साधारण शौचालय | सङ्ख्या | | | | |
| फलश शौचालय | सङ्ख्या | | | | |
| फ्लस-सेफ्टि ट्याङ्कमा जोडिएको शौचालय | सङ्ख्या | | | | |

स्रोतः सरुमारानी गाउँपालिका, पूर्वाधार शाखा, २०८२

### ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा आवास तथा भवन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | ६१९३६ | ३७१६२ | २४७७५ | ४९३४ | ५३६७८ | ३८३८ |
| २०८४/८५ | ६५७२३ | ३९४३४ | २६२८९ | ५०८७ | ५६५२५ | ३८५९ |
| २०८५/८६ | ७१९७८ | ४३१८७ | २८७९१ | ५६८७ | ६१७८६ | ४२४६ |

### ५.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | लागत हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| स्थानीय भवन निर्माण नीति तर्जुमा तथा कार्यन्वयन : आवास क्षेत्र र वस्तीहरुको नक्शांकन अभिलेखीकरण | स्थानीय भवन संहिताको पालना गरी सुरक्षित भवन निर्माण गर्ने | सालवसाली | ९९८२ | स्थानीय भवन संहिता अनुसार भवनहरुको निर्माण भएको हुनेछ |
| जोखिमयुक्त बस्तीको नक्सानकन गरी सुरक्षित मानव बस्तीको विकास कार्यक्रम | जोखिम क्षेत्र पहिचान तथा सुरक्षित मानव वस्ती विकास गर्ने | सालवसाली | ५९८९१ | सुरक्षित मावन बस्तीको विकास भएको हुनेछ |
| मुख्य वजार केन्द्रहरुमा आधारभूत पूर्वाधार निर्माण : खुला व्यायमशाला, ढल, नाला, फोहोर व्यवस्थापन केन्द्र | मुख्य बजारक्षेत्रका आधारभूत पूर्वाधारहरु निर्माण गरी व्यवस्थित बजार निर्माण गर्नु | सालवसाली | ४३९२० | आधारभुत पूर्वाधार सहितको व्यवस्थित बजार व्यवस्थापन |
| बहुउद्देश्यीय सामुदायिक भवन निर्माण, महिला तथा ज्येष्ठ नागरिक भवन, सभाहल, ऐतिहासिक भवनहरुको संरक्षण साथै धार्मिक तथा पर्यटकीय पदमार्गमा धर्मशालाहरु निर्माण कार्यक्रम | समुदायस्तरमा हुने विभिन्न किसिमका कार्यक्महरु संचालनको व्यवस्थित स्थान निर्माण गर्नु | सालवसाली | ६९८७३ | प्रत्येक समुदायमा बहुउद्देश्यिय सामुदायिक भवनहरु निर्माण भएका हुनेछन् |
| भूकम्प प्रतिरोधी भवन निर्माण सीप र प्रविधि विकास कार्यक्रम | सिपयुक्त जनशक्ती उत्पादन गर्नु | सालवसाली | १५९७१ | सिपयुक्त जनशक्ती निर्माण भएका हुनेछन् |
| **जम्मा लागत हजारमा** | | | २२४०५६ | |

### ५.१.९ जोखिम पक्ष तथा अनुमान

पूर्वाधार विकासले भूस्वरुपमा परिवर्तन हुने, बजार क्षेत्र क्रमिक रुपमा शहरीकरण भई फोहोरमैलाको विसर्जन र वातावरणीय ह्रासमा वृद्धि भई बजार क्षेत्रको सुन्दरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेकोछ । सडक तथा भवनको मापदण्ड तयार हुनेछ । भूउपयोग, आवास, वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१. पृष्ठभूमि

सडक, पुल र यातायातको विकासले उत्पादकत्व बृद्धि गर्न, स्वास्थ्य र शिक्षा सेवामा पहुँच उपलब्ध गराउँदै रोजगारी सिर्जना गर्न र समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुर्‍याउन उल्लेख्य योगदान गर्दछ । यस गाउँपालिका भित्र पिच, कच्ची तथा धुले सडकहरु रहेका छन् । नेपालको संविधानले यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपांगतामैत्री हुने व्यवस्था गरेको छ ।

सुरक्षित आवास क्षेत्र, सम्भावित उद्योग क्षेत्र, कृषि पकेट क्षेत्र, खानी क्षेत्र, धार्मिक तथा पर्यटकीय स्थलहरूलाई प्राथमिकतामा राखेर सडकको ट्र्याक खोलिँदै गएका छन् । सडक विस्तारसँगै स्थानीय उत्पादन (कृषि, वन, पशु जन्य) हरूको निकासी सहज हुँदै गएको छ । उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, भौतिक निर्माण लगायतका कार्य गर्न सहज र कम खर्चिलो हुँदै गएको छ । धार्मिक, ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक स्थलहरूलाई प्रयोग गरेर पर्यटकीय गतिविधि सञ्चालन गर्न सहज बन्दै गएको छ । सडक साँघुरो छ, घुम्ती पर्याप्त छैन, खाल्टा खुल्टी छन्, ग्रेड मिलेको छैन, कच्ची छ, नाली काटिएको सडकको लम्बाई न्यून छ । कृषि, वन, खानी, प्राकृतिक स्रोतहरूको व्यावसायिक परिचालनको प्राविधिक पक्ष कमजोर छ ।

सरुमारानी गाउँपालिकाले सडक गुरुयोजना तयार पारेको छ । गाउँपालिकाले संघीय तथा प्रादेशिक सरकारहरु तथा स्थानीय पूर्वाधार सहयोग कार्यक्रमसँगको समन्वयमा गाउँपालिका मुख्य सडकहरु ऐरावती-वडडाडा-जस्पुर-पुठखोला-दाङ्ग तथा नर्सरी-आटिटार-वडा कार्यालय-छात्रावास सडक स्तरउन्नती गर्ने कार्य गरिरहेको छ । गाउँपालिकाले भुक्षय क्षेतीको ठाउँहरुमा बायोइन्जिनेरिङ गरी सडक निर्माण गरिरहेको छ । गाउँपालिकामा सडक निर्माण तथा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइएको छ । यातायातलाई बाह्रै महिना सञ्चालन गर्न र सडक सुधार कार्यलाई व्यवस्थित गर्न अझ बाँकी छ । सरुमारानी गाउँपालिकामा एक घण्टाको दुरीमा यातायातको पहुँच भएको जनसङ्ख्या औसत ८५ प्रतिशत छन् । सडकको निर्माण तथा विस्तारमार्फत व्यावसायिकरण गर्ने सम्भावना हुनु, मर्मत सम्भार तथा व्यवस्थापन कोषको व्यवस्था हुनु, सडक निर्माण तथा सुधार गरी स्थानीय सेवालाई प्रभावकारी बनाउने सम्भावना हुनु यस क्षेत्रका प्रमुख अवसरहरू हुन् ।

### ५.२.२. समस्या तथा चूनौति

सडक विस्तारका कारण पहिरोका तथा पानीका मुल सुक्ने समस्या बढेका छन् । उद्योग व्यवसाय सञ्चालन, सार्वजनिक प्रयोग तथा महत्वका भौतिक निर्माण गर्न उपयुक्त सार्वजनिक जमिन कम हुनु, सडक बिस्तार तथा व्यवस्थापनमा चुनौतीहरू छन् । सडकको क्षमताभन्दा बढी वजनका बाहनहरूलाई वैकल्पिक व्यवस्था भएको छैन । सबै धुले कच्ची सडकहरु निर्माण भई स्तरोन्नति नहुनु,

सडक संरक्षणका प्रविधिहरु दायाँवायाँ सडक नाली, वायोइन्जिनियरिङ नहुनु, यस गाउँपालिकाको बजार र आवास क्षेत्रमा निर्माण भएका सडकहरूमा ढल, नाली र फोहोरमैलाको व्यवस्थापनमा कमी हुनु र वर्षादको समयमा यातायात संचालनमा कठिन हुनु, सडक तथा पुलहरुको गुणस्तर कमजोर हुनु, पक्की सडक निर्माणको लागत उच्च रहनु यस क्षेत्रका मुख्य समस्याहरू हुन् ।

सडक तथा यातायातलाई पूर्वाधार विकासको महत्वपूर्ण सूचक मानिन्छ । आर्थिक जीवनस्तर सुदृढ गर्नका लागि सडक तथा यातायातले महत्वपूर्ण भू मिका खेलेको हुन्छ । यस गाँउपालिका क्षेत्रभित्र निर्माण गरिएका सडकहरुको जम्मा लम्बाई १६० कि.मी. रहेको छ । भालुवाङ प्यूठान सडक खण्डको कुल लम्बाई मध्य ४८ कि. मी. यसै गाउँपालिकाको क्षेत्रभित्र पर्दछ । गाँउपालिका कार्यालय देखि प्रत्येक वडाको वडा कार्यालयसम्म कच्ची सडक संजाल जोडिएको छ, जसले गर्दा अस्थाई रुपमा भएपनि सेवा प्रवाहमा सहजता ल्याएको छ । त्यसैगरी वाह्रै महिना सडक यातायात सञ्चालनमा ल्याउनु, गुणस्तरीय, दिगो र सर्वसुलभ सडक यातायात सेवावाट आम नागरिक लाभान्वित गर्नु, भाडादर नियन्त्रण गर्नु, अधिकांश स्थानीयहरु सडक सुविधा उपयोगका लागि ३० मिनेटको पैदल दुरी कम गर्नु, सडकमा स्थानीयहरुको अपनत्व श्रृजना गर्नु, गुणस्तरीय सडक सञ्जाल विस्तार गर्नु, सडक तथा यातायात विकासको लागि जनसहभागिता जुटाउनु, निर्माणाधीन सडकहरू सम्पन्न गर्नु, महत्वपूर्ण टोल बस्तीहरू र पर्यटकीय केन्द्रसम्म सडक पुर्याउनु, वैकल्पिक पदमार्गहरू निर्माण गर्नु, सडकको सुरक्षाको लागि जनताको अपनत्वको विकास गर्नु आदि मुख्य चुनौतीका रुपमा रहेका छन् । सडकको स्तरोन्नति र विस्तारका लागि अतिरिक्त बजेटको व्यवस्था गर्नु, स्थायी सडक पहुँच भएको जनसङ्ख्या वृद्धि गर्नु, सडकमा प्राकृतिक क्षति न्यूनीकरण गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ५.२.३ लक्ष्य

गाउँपालिकाभित्रको सडक सञ्जाल स्तरोन्नती गरी यातायातलाई सुरक्षित, सहज र भरपर्दो बनाउने ।

### ५.२.४ उद्देश्य

गाउँपालिकाका भित्रका सम्पूर्ण सडक सञ्जालहरुको दीगोपनाको सुनिश्चितता गर्दै गुणस्तरीय र सवल सडक सञ्जालको निर्माण गर्नु

### ५.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १.गाउँपालिका केन्द्रबाट सबै वडाकेन्द्र र बजार केन्द्रमा सडक सञ्जाल बिस्तार गर्ने । | १. सम्पूर्ण वडा केन्द्रलाई गाउँपालिका केन्द्रसँग जोड् ने मुख्य-मुख्य सडकहरूलाई उच्च प्राथमिकतामा राखी शीघ्र स्तरोन्नती तथा कालोपत्रे गरिनेछ ।<br>२.यस गाउँपालिकामा पर्ने भालुभाङ प्यूठान सडकखण्डलाई मर्मत/पुनःनिर्माण गर्न प्रदेश र संघीय सरकारसँग समन्वय गरिनेछ ।<br>३. सडक बिस्तार सँग-सँगै बसपार्क तथा बस टर्मिनल निर्माण गरिनेछ । |
| २. विद्यमान सडकको स्तरोन्नति मार्फत व्यावसायिक क्रियाकलापमा वृद्धि गर्ने । | १.घर-टोलमा सडकको विस्तार गरी ग्रामीण व्यावसायिक क्रियाकलापको व्यवस्थितरूपमा विकास गरिने छ ।<br>२. कृषि सडकको निर्माण गरी कृषि बजारको विकास गरिने छ । |

| | |
|---|---|
| ३. गाउँपालिकाका प्रशासनिक निकायसम्म पहुँच पुऱ्याउन वडा कार्यालय र वस्ती जोड्ने सडक निर्माणलाई प्राथमिकता दिने । | १.गाउँपालिका र वडा जोड्ने सडक निर्माणका लागि स्थानीय बजेटको व्यवस्था गर्ने तथा अन्य सहयोगका लागि पहल गरिने छ । |
| ४. सडक मर्मत तथा निर्माण कार्य गर्दा मापदण्ड अनिवार्य रूपमा लागु गर्ने । | १.जथाभावी डोजर प्रयोग गरी सडक निर्माण गर्ने कार्यलाई निरूत्साहित गरिने छ ।<br>२.वायो इन्जिनियरिङ्ग लगायतका प्रविधि प्रयोग गरी दिगो सडक विकासलाई जोड दिइनेछ ।<br>३.विविध कारणबस सडक अबरोध हुने सम्भावनाको न्यूनीकरण गरिने छ । |
| **५. सडकको न्यूनतम मापदण्ड कार्यान्वयनमा ल्याइने ।** | १. सडकको न्यूनतम मापदण्डलाई कार्यान्वयनमा ल्याइने छ तथा सडक अतिक्रमण गर्ने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिने छ । |

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम र आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| एक घण्टाको दुरीमा यातायातको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ८५ | ८५ | ८७ | ८८ |
| पालिका तथा वडा जोड्ने सडक निर्माण | कि. मि. | | | | |
| खण्डस्मिथ सडकमा स्तरोन्नति | कि. मि. | | | | |
| सडक निर्माण | कि. मि. | | | | |
| डि.पि.आर सम्पन्न भएका योजना | सङ्ख्या | | | | |
| पक्की कालोपत्रे सडक र स्लाब ढलान | कि. मि. | | | | |
| कच्ची/धुले सडक | कि. मि. | | | | |
| पक्की पुल निर्माण | सङ्ख्या | | | | |
| झोलुंगे पुल निर्माण | सङ्ख्या | | | | |

स्रोतः सरुमारानी गाउँपालिकाको पूर्वाधार, २०८२

### ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | ६९१७९ | ४१५०७ | २७६७२ | ५५११ | ५९९५४ | ४२८७ |
| २०८४/८५ | ७४३०८ | ४४५८५ | २९७२३ | ५७५२ | ६३९०८ | ४३६३ |
| २०८५/८६ | ८२३८५ | ४९४३१ | ३२९५४ | ६५१० | ७०७१९ | ४८६० |

### ५.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| **उपक्षेत्र/कार्यक्रम/आयोजना** | **उद्देश्य** | **अवधि** | **लागत हजारमा** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|
| रणनैतिक तथा ऐतिहासिक मार्गहरुको अध्ययन तथा निर्माण | ऐतिहास र रणनीतिक मार्ग निर्माण गरी दुरदराजका बस्तीहरुलाई सडक सञ्जालमा पहुँच बढाउनु | क्रमागत | ६७७६१ | ऐतिहास र रणनीतिक मार्ग निर्माण भएको हुनेछ |
| बायोइन्जिनेरिङ सहितको ग्रामीण सडक निर्माण | दिगो ग्रामीण सडक निर्माण गरी दुरदराजका बस्तीहरुलाई सडक सञ्जालमा जोड्नु | क्रमागत | ३८३९८ | ग्रामीण सडक निर्माणबाट थप ३५ प्रतिशत बस्तीहरु सडक सञ्जालमा जोडिएका हुनेछन् । |
| धार्मिक पर्यटन प्रवर्धनका लागि ऐतिहासिक पदमार्गहरुको निर्माण | धार्मिक पर्यटन प्रवर्धन तथा सहजता वृद्धि गर्ने | क्रमागत | ४५१७४ | पदमार्ग निर्माण भएको हुनेछ |
| सडक स्तरउन्नती | दिगो सडक यातायातको सुनिश्चिता बढाउनु | क्रमागत | ४०६५७ | दिगो सडक यातायातको सुनिश्चिता बढेको हुनेछ |
| झोलुंगे तथा पक्की पुलहरुको निर्माण | सडक सम्पर्क वृद्धि गर्दै वषैभरि यातायातको सुविधामा उपलब्ध गराउनु | क्रमागत | ३३८८१ | सडक सम्पर्क वृद्धि गर्दै वषैभरि यातायातको सुविधामा उपलब्ध भएको हुनेछ |
| **जम्मा लागत हजारमा** | | | **२२५८७१** | |

### ५.२.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाबाट संभाव्यता तथा वातावरणीय अध्ययन भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता, उपभोक्ता तथा सरोकारवालाको सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ । संङ्घीय शासन प्रणाली अनुसार तीन तहबीच नीति तथा कार्यक्रममा सामाञ्जस्यता, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुनेछ । रुपान्तरणकारी, विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, वहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम प्रस्तावित भए अनुसार बजेट विनियोजन भई खरिद प्रक्रिया अनुसार आयोजना कार्यक्रम कार्यान्वयन हुनेछन् । सडक पुर्वाधार विशिष्ट आयोजना हुने भएकोले दक्ष प्राविधिकबाट विस्तृत संभाव्यता तथा वातावरणीय अध्ययन हुन नसकेमा तथा आयोजना प्रभावकारी व्यवस्थापन गर्न नसकिने जोखिम रहन्छ ।

## ५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा

### ५.३.१. पृष्ठभूमि

ऊर्जा सहज जीवनयापनका लागि अपरिहार्य साधन हो । सामाजिक विकासक्रम सँगसँगै जलविद्युत र वैकल्पिक ऊर्जाको विकास एवम् प्रयोग बढ्दो छ ।

यहाँ धेरैजसो घरपरिवारले घरायसी प्रयोजनको लागि काठदाउराको प्रयोग गर्ने गरेको पाइन्छ । यहाँका सबै वडामा काठदाउराको श्रोत सामुदायिक वन तथा निजी वन रहेका छन् । काठ दाउराको प्रयोगका थुप्रै नकारात्मक पक्षहरूमध्ये स्वास्थ्यमा पर्ने असर र वनजङ्गलको विनाश प्रमुख हुन् । त्यसैगरी कुनै पनि क्षेत्रमा बसोबास गर्ने नागरिकको जीवनलाई सरल र सहज बनाउन साथै आर्थिक तथा सामाजिक विकास गर्न विद्युत् तथा ऊर्जाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । वडा नं ३ मा २१८ कि.वा. को जलविद्युत उत्पादन भइ प्रयोगमा रहेको छ । गाउँपालिकाका वडा केन्द्र तथा अन्य केही क्षेत्रमा सौर्य उर्जाको पनि प्रयोगमा रहेकोछ । वडा न १ को खुन्जने, एकलो खोरिया, विचवाटो, फोर्सावाङ, वडा नं ४ को तारेपार र वडा नं ६ को किटा गाँउहरुमा विद्युतिकरण विस्तार भैरहेकोछ । गाउँपालिकामा जलविद्युत ऊर्जाको विस्तार गर्ने क्रममा हाल ८८.५१ प्रतिशत परिवारमा विद्युतको पहुँच पुगेको छ । सौर्य ऊर्जा प्रयोग गर्नेहरूको परिवार १०.३३ छन् भने १२ परिवारले बायो ग्याँस प्रयोग गर्दछन् ।

गाउँपालिकाले सुधारिएको चुल्हो वितरण गरेको कारण गाउँपालिकाका करिव ८७.४ प्रतिशत घरधुरीमा खाना पकाउन काठ दाउराको प्रयोग गर्ने गर्दछन् । ११. ६ प्रतिशत घरधुरीले खाना पकाउन एल.पी. ग्याँसको प्रयोग गर्दछन् । हाल गाउँपालिकाको पहलमा अधिकांस घरहरुमा सुधारिएको चुल्होको प्रयोग गर्न थालिएको छ । नवीकरणीय उर्जा, परम्परागत उर्जा तथा खनिज उर्जामा आधारित उर्जाको प्रतिस्पर्धा विश्वभर बढ्दो छ । दिगो विकास लक्ष्य र नेपालको संविधानले पनि नवीकरणीय उर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्ति गर्नका लागि सुपथ र सुलभ रुपमा भरपर्दो उर्जाको आपूर्ति गर्ने नीति लिएको छ ।

### ५.३.२ समस्या तथा चुनौति

मुख्य प्रसारण लाईन बाहेक गाउँपालिकामा विद्युतीकरणका लागि प्रयोग भएका पोलहरू पर्याप्त नहुनु, विद्युत् आपुर्तिमा नियमितताको अभाव, खाना पकाउने इन्धनको रूपमा विद्युतलाई जोडन नसक्नु, विद्युत प्रशारणमा लोभोल्टेजको समस्या हुनु, विद्युत सेवा विस्तार गर्न नसकिएका बस्तीहरुमा वैकल्पिक ऊर्जाको विकास गर्नु, विद्युत प्रसारण लाइनलाई भरपर्दो बनाउनु, विद्युत् तथा वैकल्पिक ऊर्जालाई आय आर्जनको भरपर्दो माध्यमका रूपमा विकास गर्नु आदि यस क्षेत्रका समस्या तथा चुनौती हुन् । सडक किनाराहरुमा सडक वत्ती जडान नहुनु, घरहरु सवैलाई धुवामुक्त वनाउन नसक्नु, सबै वडामा नियमित रुपमा विद्युत सेवा उपलब्ध नहुनु, उपलब्ध जलश्रोतको पूर्ण सदुपयोग हुन नसक्नु, उर्जा सुरक्षामा वैकल्पिक उर्जाको योगदानको स्पष्ट लक्ष्य निर्धारण हुन नसक्नु, वैकल्पिक उर्जाको प्रवर्द्धन र विस्तारको लागि निजी क्षेत्रलाई आकर्षण गर्न नसक्नु आदि जस्ता समस्याहरू रहेका छन् ।

प्रत्येकको घरघरमा विद्युत सेवा पुऱ्याउनु, खाना पकाउने दाउराको प्रयोगमा कमि ल्याउनु, स्थानीय स्तरमा विद्युत खपतमा वृद्धि ल्याउनु, नवीकरणीय उर्जामार्फत उर्जामा पहुँच स्थापित गर्नु, ग्रामीण विद्युतीकरण सेवालाई थप विस्तार गर्नु, दाउराको प्रयोग कम गर्नु, हिँउदको समयमा उर्जा आपूर्ति गर्नु, नवीकरणीय उर्जा अन्तर्गतको सौर्य तथा वायु उर्जा उत्पादनमा निजी तथा समुदायको लगानी आकर्षित गर्नु आदि चुनौतीहरू रहेका छन् ।

### ५.३.३. लक्ष्य

"गाउँपालिकावासीहरूमा दिगो, वातावरण मैत्री उर्जामा पूर्ण पहुँच स्थापित गर्ने ।"

### ५.३.४ उद्देश्य

- ऊर्जामा सबै गाउँपालिका बासीको पहुँच पुऱ्याउनु
- ऊर्जा व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु

### ५.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १. विद्युतीकरण नभएका स्थानहरूमा विद्युत् सेवा विस्तार गर्ने । | १. विद्युत् सेवा नपुगेका बस्तीहरूमा विद्युतीकरणका लागि थप कार्य अगाडि बढाइनेछ ।<br>२. तत्काल विद्युतीकरण उपलब्ध हुन नसक्ने घरधुरी र काठ दाउराको प्रयोगलाई पूर्णरुपले विस्थापित गर्न वैकल्पिक ऊर्जा जस्तै सौर्य ऊर्जा तथा वायोग्याँ स प्रयोग गर्न प्रोत्साहन स्वरुप अनुदान प्रदान गरिनेछ । |
| २. विद्युत् उपयोग बढाउने । | १. घरायासी खाना पकाउन विद्युतीय उपकरणको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>२. विद्युतिय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गरिने छ । |

| | |
|---|---|
| २.नवीकरणीय वैकल्पिक ऊर्जाको प्रवर्द्धन गर्ने । | १. गाउँपालिकामा वैकल्पिक ऊर्जा उत्पादनको सम्भाव्यता हेरी निजीक्षेत्रलाई आकर्षण गर्ने नीति अवलम्वन गरिनेछ ।<br>२.नवीकरणीय ऊर्जाको प्रयोग गरी वातावरण प्रदूषण न्यूनीकरण गरिने छ ।<br>३.ग्रामीण जैविक वस्तुबाट वैकल्पिक ऊर्जा उत्पादनलाई प्रोत्साहन गरिने छ ।<br>४. सौर्य ऊर्जाको उत्पादन र प्रयोगलाई प्राथमिकता दिइने छ । |
| ३. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | १. दाउरा र गुइँठाको प्रयोगलाई पूर्णरूपमा वैकल्पिक उर्जा तथा विद्युतीय ऊर्जाको प्र योगले विस्थापित गर्न दाउरा र गुइँ ठाको प्रयोगका नकारात्मक असरबारे जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिने छ । |

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम र आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| विद्युत सेवा प्रयोग गर्ने घर परिवार | प्रतिशत | ७० | ७५ | ७६ | ७७ |
| सौर्य उर्जा प्रयोग गर्ने घरधुरी अनुपात | प्रतिशत | ३० | २५ | २४ | २३ |
| इन्धनका लागि दाउरामा भर पर्ने घर परिवार | प्रतिशत | ७५ | ७० | ६५ | ६० |
| इन्धनका लागि विद्युत प्रयोग गर्ने घरधुरी | प्रतिशत | २ | ५ | ७ | १० |
| सुधारिएको चुल्हो प्रयोग गर्ने | प्रतिशत | ६५ | ७० | ७५ | ८० |

स्रोत: सरुमारानी गाउँपालिका, २०८१

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विद्युत तथा उर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | २७४७२ | १५११० | १२३६२ | २१८९ | २३८०९ | १७०२ |
| २०८४/८५ | २६०२१ | १४३१२ | ११७०९ | २०१४ | २२३७९ | १५२८ |
| २०८५/८६ | २७३४६ | १५०४० | १२३०६ | २१६१ | २३४७४ | १६१३ |

### ५.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | लागत हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| सामुदायिक विद्युतीकरण तथा विद्युत लाइन विस्तार कार्यक्रम | सामुदायिक विद्युतीकरणको माध्यमबाट सवै वस्तीमा विद्युत विस्तार गर्नु | ०८६ सम्म | १७७८५ | ग्रामीण बस्तीहरुमा विद्युत विस्तार भएको हुनेछ |
| दाउराको खपत कम तथा स्वास्थ्यमा सुधार गर्नको लागि सुधारिएको चुल्हो वितरण गर्ने | नागरिक स्वास्थ्यमा सुधारका साथै इन्धनको लागि बन दोहनमा न्यूनीकरण गर्ने | सालवसाली | १२९३४ | इन्धनको लागि बन दोहनमा ४० प्रतिशतले कमी भएको हुनेछ |
| उज्यालो कार्यक्रम (विद्युत ट्रान्सफर्मर जडान) | विद्युत क्षमता वृद्धि तथा विस्तार गर्ने | ०८४ सम्म | १६९७६ | विद्युत क्षमता थप वृद्धि तथा विस्तार भएको हुनेछ । |
| काठेपोल विस्थापन कार्यक्रम | दिगो विद्युत विस्तार | ०८३ सम्म | ११३१७ | विद्युतीय जोखिमहरु कम भए हुनेछ |
| बजार क्षेत्रमा सोलार सडक वत्ती जडान | सडक क्षेत्रमा सौर्य बत्तीको व्यवस्थापन गर्नु | ०८३ सम्म | १२१२६ | अध्यारोका कारण सडकमा हुने दुर्घटनामा कमी आएको हुनेछ |
| सौर्य उर्जा लगायत वैकल्पिक ऊर्जा प्रवर्धन कार्यक्रम | सौर्य उर्जा तथा वैकल्पिक उर्जाको उपयोगमा वृद्धि गरी खनिज उर्जाको खपतमा कमी ल्याउनु | सालवसाली | ९७०१ | सौर्य उर्जा तथा वैकल्पिक उर्जाको उपयोगमा वृद्धि भएको हुनेछ |
| **जम्मा लागत हजारमा** | | | ८०८३९ | |

### ५.३.९ जोखिम पक्ष तथा अनुमान

जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र स्थानीय सरोकारका विषयलाई सम्बोधन गर्न नसक्दा यसबाट अपेक्षित हासिल गर्न नसकिने जोखिम रहेको छ । उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिचता, निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद् तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लेखित उपलब्धि हासिल हुनेछ । विद्युत तथा वैकल्पिक उर्जाको प्रयोगबाट उद्यम, ब्यवसाय सहज वृद्धि गर्न सकिने । विद्युत तथा वैकल्पिक उर्जाको संरचनाबाट सावधानी अपनाउन नसकेमा दुर्घटनाको जोखिम रहन सक्छ ।

## ५.४ सूचना तथा संचार प्रविधि

### ५.४.१ पृष्ठभूमि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र संवर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ । वर्तमान अवस्थामा सूचना तथा सञ्चार क्षेत्रमा भित्रिएका अत्याधुनिक प्रविधिहरूको व्यापक उपयोगले सर्वसुलभ रूपमा सेवा सुविधामा विविधीकरण गर्दै ग्रामीण क्षेत्रसम्म गुणस्तरीय, प्रतिस्पर्धी एवम् सर्वसुलभ रूपमा सेवा सुविधा उपलब्ध गराई देशको राजनीतिक, आर्थिक, सामाजिक लक्ष्य प्राप्तिमा योगदान गरेको छ ।

सरुमारानी गाउँपालिकामा ९४.४ प्रतिशत घरधुरीमा सञ्चारसाधनको पहुँच रहेको छ । जसमा ७४.६ प्रतिशतसँग साधारण मोवाईल फोन, ६९ प्रतिशतसँग स्मार्ट फोन र ५८.२ प्रतिशत जनसंख्या प्रत्यक्ष रुपमा इन्टरनेटको पहुँचमा रहेका छन् । गाउँपालिकाका सवै वडाहरु नेपाल टेलिकमको नमस्ते नेटवर्कको पहुँचमा छन् । गाउँपालिकाले मातहतका कार्यलयहरु, विद्यालय, स्वास्थ्य चौकीहरुमा इ हाजिरीको व्यवस्था गरिरहेको छ । गाउँपालिकामा सुशासन र पारदर्शिता कायम गर्नका लागि सञ्चार तथा सूचना प्रणालीको अहम् भूमिका रहेको हुन्छ । आधार वर्षमा गाउँपालिकामा टेलिभिजन प्रयोग गर्ने परिवारको सङ्ख्या कम छ भने इन्टरनेट प्रयोगकर्ता परिवारको सङ्ख्या पनि कम नै छ । गाउँपालिकाको  सत्य तथ्य वस्तुस्थिति पत्ता लगाई गाउँपालिकाको बारेमा सूचना प्राप्तिका लागि तथ्याङ्क सङ्कलन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । गाउँपालिकाले स्थानीय सरोकारका सूचनाहरु सार्वजनिक गर्न वेवसाइट, फेसबुक पेजको प्रयोग गर्नुका साथी मासिक रुपमा इबुलेटिन समेत प्रकासन गर्ने गरेको छ ।

### ५.४.२ समस्या तथा चुनौती

संचार सेवा प्रदायक संस्थाहरूको संख्यात्मक वृद्धिसँगै गुणात्मक विकास हुन नसक्नु, साइबर सुरक्षाका लागि संस्थागत र प्राविधिक जनशक्तिको अभाव हुनु, गाउँपालिकाभित्र सूचना तथा संचार पहुँचको एकीकृत र अद्यावधिक विवरण तयार नहुनु, विद्यालयहरुमा आइसिटिको सहज पहुँच नहुनु, सार्वजनिक स्थलहरुमा सिसिटिभि जडान नहुनु, टेलिफोनका टावरहरु प्रयाप्त मात्रा नभएको कारण र टावरमा विद्युत आपुर्तिको समस्याका कारण हातमा मोवाइल भएर पनि नेटवर्क नहुँदा सञ्चारमा समस्या, भरपर्दो इन्टरनेट नभएका कारण वडा कार्यलय लगाएतमा सेवाग्राहीलाई सेवा पाउन ढिला

हुने, सुचना तथा सञ्चार प्रविधिको विकासकालागि अन्तर सरकार समन्वयलाई प्रभावकारी बनाउनु, भौगोलिक विकटताका कारण दुर्गम वस्तीहरुमा इन्टरनेट पुऱ्याउनु, गाउँपालिकाको सूचना तथा कार्यप्रणालीमा आधारित एप्स बनाउनु र प्रयोगमा ल्याउन आदि यस क्षेत्रका समस्याका रुपमा रहेका छन् । सूचना प्रविधिलाई सबै नागरिकको पहुँचमा पुऱ्याउनु, उपलब्ध इन्टरनेट सेवाको गुणस्तर बृद्धि गर्नु, सूचना तथा संचारको लागि आवश्यक पर्ने विद्युत सेवाको नियमित आपूर्ति गर्नु, विद्युतीय शासन प्रणाली लागू गर्नु, संचार माध्यमहरूलाई विश्वसनीय र जवाफदेही बनाउँदै गुणस्तरीय सेवा प्रवाहको विकास गर्नुपर्ने चुनौति रहेका छन् ।

### ५.४.३ लक्ष्य

"सेवा प्रवाह तथा स्थानीय स्तरको वस्तु तथा सेवाको व्यवसायिक विकासमा नागरिकको सहज पहुँच अभिबृद्धिका लागि सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु ।"

### ५.४.४ उद्देश्य

सूचना प्रविधि सम्वन्धि गुणस्तरीय पूर्वाधारको आधारशिला तयार गरी स्थानीय स्तरमा हुने सेवा प्रवाहमा सहजीकरण तथा व्यापार, व्यवसाय, लघु उद्यम, कृषिजन्य तथा पर्यटकीय उत्पादन आदिलाई इ–मार्केटिङ्गका माध्यमबाट व्यवसायिकरण गर्ने ।

### ५.४.५ रणनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सूचना प्रविधिको पूर्वाधारहरूको निर्माण गर्ने । | १. मोबाइल नेटवर्क कभरेज प्रभावकारितामा ल्याउन मोबाइल टावरहरूको थप र विस्तार गर्न नेपाल टेलिकम र एनसेलसँग पहल गरिनेछ ।<br>२. इन्टरनेट प्रदायक निजी कम्पनीहरूलाई आकर्षण गरी पूर्वाधार निर्माण गरिनेछ ।<br>३. स्थानीय एफएम रेडियो सञ्चालन गर्न र स्थानीय पत्रपत्रिका प्रकाशन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।<br>४. मोबाइल टावरहरूमा विद्युतको नियमित रुपमा आपूर्ति गर्न आवश्यक व्यवस्था मिलाइनेछ । |
| २.गाउँपालिकाबासीमा आमसञ्चारको पहुँच विस्तार गर्ने । | १. गाउँपालिकाको वेबसाइटमार्फत सूचना सम्प्रेषण गरिनेछ ।<br>२. गाउँपालिका केन्द्र, वडा कार्यालय, सार्वजनिक स्थल तथा प्रत्येक सघन बस्तीहरूमा टेलिफोन, मोबाइल तथा इन्टरनेटको पहुँच पुर्याइनेछ<br>३. वडा कार्यालयहरू सूचना प्रविधि मैत्री बनाइने छ ।<br>४.गाउँपालिकास्तरिय सूचना केन्द्रको साथै भ-ष्दिचबचथ को स्थापना गरिनेछ ।<br>५.एफएम रेडियोसँग सहकार्य गरी स्थानीय भाषामा सूचना तथा समाचार उत्पादन गरेर बजाइने छ ।<br>६.गाउँपालिका भित्रका स्थानीय खबर तथा देश र विदेशका खबरबाट सुसूचित गर्नका लागि अति विपन्न वर्गलाई मापदण्डका |

| | |
|---|---|
| | आधारमा मोबाइल वितरण गरिनेछ। |
| ३. क्षमता अभिवृद्धि मूलक कार्यक्रम संचालन गर्ने। | १.सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्तिलाई विभिन्न किसिमका तालिम मार्फत उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ।<br>२.गाउँपालिकाबासीमा साइबर सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ। |

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या (मोवाइलबाट समेत) | प्रतिशत | ५० | ५५ | ६० | ७० |
| नि:शुल्क वाइफाई उपलव्ध भएका क्षेत्रहरु | संख्या | ० | १ | २ | ३ |
| टेलिफोन मोवाइल प्रयोगकर्ता | प्रतिशत | ८० | ८२ | ८५ | ९० |
| विद्यालय लगायत सार्वजनिक भवनमा इन्टरनेट सेवा सुचारु | संख्या | | | | |
| गाउँपालिका भित्र रहेका क्रियाशिल पत्रकार | संख्या | | | | |

स्रोतः सरुमारानी गाउँपालिका, २०८२

### ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना तथा सञ्चार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | १२९८७ | ६४९३ | ६४९३ | १०३५ | ११२५५ | ८०५ |
| २०८४/८५ | १४२१८ | ७१०९ | ७१०९ | ११०० | १२२२८ | ८३५ |
| २०८५/८६ | ९२५० | ४६२५ | ४६२५ | ७३१ | ७९४० | ५४६ |

### ५.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | लागत हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| डिजिटल प्रोफाइल निर्माण | गाउँपालिकाको बस्तुगत तथ्यांकमा जनताको सहज पहुँच विस्तार गर्नु । | ०८४ सम्म | ११६६५ | डिजिटल सूचना पाटी र सिसि क्यामरा जडान भएको हुनेछ |
| वडा कार्यालय भरपर्दो इन्टर नेटको व्यवस्था गर्ने | वडा कार्यालय लगायतमा भरपर्दो इन्टरनेटको व्यवस्था गर्नु । | ०८३ सम्म | ६५६२ | इन्टनेटको उपलब्धताले वडा कार्यालयको काममा सहजता भएको हुनेछ । |
| गाउँपालिका मातहतका कार्यालयमा ई-हाजिरी व्यवस्था | कार्यालयमा सरकारी कर्मचारीहरुको उपस्थितिको सुनिश्चिता गर्नु | ०८४ सम्म | ४७३९ | गाउपालिका मातहतका कार्यालयहरुमा कर्मचारी उपस्थितिमा वृद्धि भएको हुनेछ |
| टेलिफोनको टावर विस्तार | सवै बस्तिमा टेलिफोनको सुविधा सुनिश्चिता गर्नु | ०८३ सम्म | ४०१० | दुर बस्तीहरुमा मोवाइल नेटवर्कमा सहजता हुनेछ |
| सूचना प्रविधिमैत्री तथा डिजिटलमय गाउँपालिका निर्माण | छिटोछिरितो तथा प्रविधिमैत्री सेवा प्रवाह गर्नु | ०८७ सम्म | ७६५५ | नगर सेवा प्रविधिमैत्री तथा डिजिटलमय हुनेछ । |
| सालवसाली गतिविधि : ई चौतारी, विपद जोखिम पूर्वसूचना पोर्टल तथा एस.एम.एस. | गाउपालिका गतिविधिमा जनताको सहज पहुँच वृद्धि गर्नु | सालवसाली | १८२३ | गाउँपालिकाकाको गतिविधिमा जनताको सहज पहुँच वृद्धि भएको हुनेछ |
| **जम्मा लागत हजारमा** | | | **३६४५५** | |

### ५.४.९ जोखिम पक्ष तथा पूर्वानुमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लेखित उपलब्धि हासिल हुनेछ। सूचना प्रविधिको उपयोगबाट सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सकिनेछ। प्रविधि खर्चिलो र दक्ष मानविय श्रोतको आवश्यक पर्ने भएको तथा साइवर सुरक्षाको दृष्टिकोणले सूचना तथा दस्तावेजहरु असुरक्षित हुने तथा अनधिकृत प्रसारण तथा सम्प्रेषण हुने जोखिम रहन सक्छ।

# परिच्छेद ६ : वातावरण तथा विपद व्यवस्थापन

यस परिच्छेदमा वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ६.१ वन, भूसंरक्षण तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

प्राकृतिक स्रोतको हिसावले वन एक महत्वपूर्ण सम्पदा हो । वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता समेट्ने यो क्षेत्र प्रत्यक्ष रुपमा पर्यापर्यटन, स्वच्छ पर्यावरण र वन तथा जडिवुटीमा आधारित उद्योगसँग गाँसिएको छ । यस क्षेत्रबाट प्राप्त हुने काठ, दाउरा, जडिबुटी, हरित उद्यम र प्रकृतिमा आधारित पर्यटनको विस्तार समृद्धिका आधार हुन् भने स्वच्छ पर्यावरण, हरियाली, जैविक विविधता, प्राकृतिक रमणीयता, समुन्नत जलाधार आदि सुखी नेपालीका महत्वपूर्ण सूचकहरू हुन् । वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरी सामाजिक, आर्थिक तथा वातावरणीय लाभ हासिल गर्ने तर्फ गाउँपालिकाको प्राथमिकता हुनु अपरिहार्य छ । गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न वनको संरक्षण, प्रवर्द्धन, प्रयोग, नियमन तथा व्यवस्थापनमा गाउँपालिकाको भूमिका महत्वपूर्ण हुने हुँदा सोही अनुसार नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक हुन्छ ।

मुलुकको झण्डै आधा भाग ढाकेको वन क्षेत्रले पर्यावरणीय सुरक्षा, सांस्कृतिक, सामाजिक र आर्थिक समुन्नतिमा समेत योगदान पुऱ्याएको छ । नेपालको संविधानले प्राकृतिक साधन स्रोतको संरक्षण, संबर्द्धन र उपयोग सम्बन्धी नीति लिएको छ । वन तथा जैविक विविधता प्रदेश सरकारको अधिकारको सूचीमा रहेको भएता पनि स्थानीय तहको भूमिका महत्वपुर्ण छ । आम्दानीमा आधारित वन जन्य उद्यमको उल्लेखीय विकास नभएतापनि गाउँपालिका भित्र एउटा वन तथा जडीवुटीमा आधारित उद्योग रहेको छ ।

गाउँपालिकाको  कूल १५७.९७ वर्ग कि.मी. क्षेत्रफल मध्ये वन जङगलले उल्लेख्य भाग अर्थात् ७३.५१ प्रतिशत जमिन ओगटेको हुदाँ वनस्पति र जडिबुटिको पर्र्याप्तता धेरै रहेको छ, भने २१.५१ प्रतिशत जमिन खेतीयोग्य रहेको छ । १.४० प्रतिशत आवासीय क्षेत्रले ओगटेको छ । त्यसैगरी ३.१६ प्रतिशत जमिन जलक्षेत्रले ओगटेको छ । यस गाउँपालिकामा यथेष्ट मात्रामा राष्ट्रिय र सामुदायिक वनहरू तथा सिमितमात्रामा नीजि वन तथा बगैंचा समेत रहेका छन्  । तथापि यस गाउँपालिकामा दिगो  वन व्यवस्थापन प्रणाली लागू हुन सकेको छैन । दिगो विकास लक्ष्यको लक्ष्य नं . १५ मा वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड् ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई  रोक्ने कुरा उल्लेख गरिएको छ । तसर्थ पर्यावरणीय प्रणाली सन्तुलन, वायुमण्डलको स्वच्छता तथा जीवजन्तुको वासस्थान कायम राख्न वनजंगलको संरक्षण प्राथमिकतामा राख्नु जरुरी छ । अर्कोतर्फ यस गाउँपालिकामा वन क्षेत्रबाहेक झाडी  बुट्यान क्षेत्र र खेर गइरहेका जमिन पनि केहि मात्रामा रहेकोले उक्त जमिनमा ब्यापक जनपरिचालन गरी  बृक्षारोपण गर्नुपर्ने देखिन्छ जसले गर्दा गाउँपालिकालाई एक प्रकारको हरित बगैंचाको रुपमा विकास गरी  वनलाई आयआर्जनसँग जोड् न सकिन्छ । केहि स्थानमा पहिरो जाने, बाढी आउने, आगलागी हुने गरेको छ ।

अधिकांस भाग वनजङ् गल भएकोले विभिन्न जनावर बाघ, भालु, स्याल, चितुवा, खरायो, बँदेल, बाँदर, मृग, घिस्रने जन्तुहरुमा धामन, तिरीच, घोरगराईच, हरियो काना, सुगा सर्प, दुई मुखे, पानी सर्प, डोम जातका सर्प, गोहोरा, सुन गोहोरो आदी पाइन्छन् । साथै चराचुरुङगी राज धनेश, मयूर, कालो तित्रा, सिम तित्रा, खैरो धनेश, सुगा, मदन सुगा/टुईके सुगा, जुँगे सुगा, कालो गिद्ध, डंगर गिद्ध, लामो ठुँडे, कटुस टाउके मौरी चरी, जङ्गली लाटोकोसेरो, खैरो हाँस, सानो माटोकारे, भुद्रुङ, चिल, जिङ्गरकाडे बाज, कण्ठे बाज, घुकुती ढुकुर, सानो भूँडीफोर, चिभे, तोप चरा, कोकले, जुरेली/बुलबुल, धोबी चरा, श्यामा, रानी चरी, छिरबिरे माटो कोरे, कालिज, निलकण्ठ, बट्टाई, कुथ्रुके, ठूलो चमेरो, थोप्ले लाटोकोसेरो, बकुला, मलेवा आदी स्थानीय र आप्रवासी चराचुरुङ्गहरु पाइन्छन् । वनस्पतिमा साल, श्रीखण्ड, अस्ना, सल्ला प्रजाती, चिउरी, सिमल, चाँप, टुनी, खयर, ओखर, सतिसाल, अर्जुन, रातो सिरिस, भिमल, गिठा, लालिगुँरास, काउलो, अमला, सुगन्धकोकिला, दालचिनी, बर, सुगन्धवाल, पाषणवेद, टिमुर, चिराईतो, कुरिलो आदि पाइन्छ । जलचर प्राणीमा माछा, पानीहाँस, गगंटा, मनपाह, भ्यागुता आदि रहेका छन् । भू-संरक्षणको प्रभावकारी उपाय वृक्षारोपण भएकोले सो कार्यलाई प्राथमिकतामा राख्नु अति आवश्यक छ ।

### ६.१.२ समस्या तथा चुनौति

यस क्षेत्रमा रहेका वन, हरियाली र जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापनमा यथोचित ध्यान पुग्न सकेको छैन । वातवरणीय स्वच्छता, प्राकृतिक स्रोत र साधनको समुचित उपयोग र संरक्षण हुन सकेको छैन । मिचाहा वनस्पतिको प्रकोप बढ्दै जानु, हरियाली प्रवर्द्धनको सम्बन्धी कार्य सन्तोषजनक नहुनु, जनसंख्या वृद्धि, सडक निर्माण, अतिक्रमण, समुचित व्यवस्थापनको कमी, प्राथमिकता तथा उचित लगानीको कमी, वन्यजन्तुहरु वालीनालीमा हुने क्षति, नियन्त्रण गर्न नसक्नु, व्यवस्थित चरन क्षेत्रको व्यवस्था नहुनु, वन जङ्गलको दिगो सदुपयोग गर्दै जीविकोपार्जनका लागि आयमूलक कार्यमा उपयोग गर्न नसक्नु, पूर्वाधार विकास र वन जङ्गल वीच सन्तुलन कायम हुन नसक्नु जस्ता समस्याहरू रहेका छन् । यसैगरी भूसंरक्षण र जलाधारको सन्दर्भमा खोला, सडक किनार, सार्वजनिक जग्गा, पाखा वा क्षेत्रहरूमा पर्याप्त मात्रामा वृक्षरोपण हुन नसक्नु र भएका रुखहरुको संरक्षण गर्न नसक्नु, हरेक वर्ष वृक्षरोपण नियमित गर्ने गरिए तापनि उचित हेरचाह गर्न नसक्नु र बिरुवा हुर्कने दर न्यून हुनु, कमजोर, कृषि सडक लगायत अन्य साना पूर्वाधार निर्माणका काममा वातावरणीय अध्ययन बिना काम हुने गरेकाले वातावरणीय क्षति हुनु समस्याका रुपमा रहेको छ ।

वन तथा जैविक विविधताको संरक्षण गर्नु, मिचाहा प्रजातिको वढोत्तरीवाट रैथानी प्रजातिहरुको संरक्षण गर्नु, प्राकृतिक श्रोतहरु संरक्षण र जीविकोपार्जन वीच अन्तर सम्वन्ध स्थापित गर्नु, जल, जमिन र जंगललाई एकीकृत तथा दिगो ढंगले सञ्चालन गरी जमिनको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु यहाँको अर्को चुनौती रहेको छ ।

परम्परागत रूपमा पाइने वनस्पति तथा वन्य जन्तुहरू लोप हुँदै गएका । बाढी, पहिरो र भूक्षयका कारण जैविक विविधतामा असर परेको छ । अव्यवस्थित र अवैज्ञानिक तरिकाले भएको सडक विस्तारले जैविक विविधताको प्राकृतिक अन्तर सम्बन्ध टुटेको छ । यति हुँदाहुँदै पनि वन स्रोत पहिचान, स्तरीकरण, सङ्कलनजस्ता कार्यका लागि ठोस कार्य गर्न सकिएको छैन । वन क्षेत्रको व्यावसायिकरूपमा विकास गर्न नसक्नु, वन पैदावारको चोरी निकासी पूर्णरूपमा नियन्त्रण नहुनु, वन पैदावार आधारित स्थानीय उद्योगको व्यवस्थित विकास नहुनु, वन पैदावारको वातावरणमैत्री प्रयोगको

लागि ठोस योजना नबन्नु, वैज्ञानिक वन व्यवस्थापनको व्यवस्था नहुनु यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### ६.१.३ लक्ष्य

"वन तथा जैविक विविधताको संरक्षण र सदुपयोग गर्दै उत्पादकत्व अभिवृद्धि गर्ने"

### ६.१.४ उद्देश्य

वन तथा जैविक विविधताको दीगो व्यवस्थापन गरी वन पैदावरमा आधारित उद्योग, पर्यटन प्रवर्धन गर्दै लक्षित वर्ग तथा लाभग्राहीहरुको आयआर्जनमा अभिबृद्धि गर्ने ।

### ६.१.५ रणनीति

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १. खेर गैरहेको झाडी वुट्यान क्षेत्रलाई सदुपयोग गरी वनको क्षेत्रफल बढाइने । | १.गाउँपालिकामा खेर गइरहेका स्थानहरूको पहिचान गरी वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।<br>२.प्रत्येक वनजंगल क्षेत्रलाई लक्षित गरी कम्तीमा "एक वन एक नर्सरी" को स्थापना गर्न संम्भाव्यता अध्ययन गरिनेछ । |
| **२. वन संरक्षण कार्यक्रमहरू संचालन गर्ने ।** | १.स्थानीय "वन ऐन" जारी गरी वनको प्रभावकारी संरक्षण गरिनेछ ।<br>२.सामुदायिक वन उपभोक्ता समितिहरूलाई सक्षम बनाई प्रतिफलमुखी कार्यक्रम संचालन गरिनेछ ।<br>३.हरेक वडामा उपयुक्त सार्वजनिक तथा ऐलानी जग्गा रहेका स्थानहरूको पहिचान गरी निश्चित क्षेत्रलाई हरित क्षेत्रको रुपमा घोषणा गरी हरित क्षेत्र कायम गर्न वृक्षारोपण, पार्क निर्माण जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४.पानीको मुल सुकाउने प्रजातिका बिरुवाहरूको पहिचान गरी तिनीहरूलाई उत्पादनशील फलफुल तथा पानीका मुहान संरक्षणमा सहायक बोटबिरुवाले प्रतिस्थापन गर्दै लगिनेछ ।<br>५.वन डढेंलो र वन्यजन्तु तथा वनस्पतिको चोरीनिकासी प्रभावकारी रुपमा नियन्त्रण गरिनेछ ।<br>६.विकास निर्माण कार्य गर्दा वन तथा जलाधार क्षेत्रको सकेसम्म कम क्षति हुने गरी गरिनेछ ।<br>७. सर्वोत्कृष्ठ वन उपभोक्ता समूहलाई मापदण्डका आधारमा वार्षिक रुपमा पुरस्कृत गरिनेछ ।<br>८. निजी तथा सामुदायिक वनमा सरोकारवालाहरूलाई एकीकृत वन व्यवस्थापन र संरक्षणका लागि क्षमता अभिवृद्धि तालिम संचालन गरिनेछ । |
| ३. वनमा आधारित उद्योगको कुशल व्यवस्थापन गर्ने । | १.वनक्षेत्रको जैविक क्षमता, आर्थिक क्षमता र वातावरणीय सन्तुलनको वस्तुस्थितिबारे विश्लेषण गरी वनका सम्भावित अवसरहरूको खोजी गरिनेछ ।<br>२.वन आधारित उद्योगको गुणस्तर वृद्धि गरिने छ ।<br>३.वनसम्पदामा आधारित हस्तकलाका सामग्री उत्पादन एवम् |

| | |
|---|---|
| | बजारीकरण गरिने छ ।<br>४.वन क्षेत्रहरू पहिचान गरी वनलाई आयमूलक र मनोरञ्जनात्मक क्रियाकलाप गर्ने माध्यम बनाउने । |
| ४. वनसम्पदामा आधारित दैनिक प्रयोगजन्य सामग्री उत्पादनमा प्रोत्साहन गर्ने । | १.वन सम्पदामा आधारित आर्थिक क्रियाकलापमा वृद्धि गरी आय आर्जनको सुनिश्चित गरिने छ ।<br>२.काठ तथा गैर काष्ठ उपज सङ्कलन, प्रयोग र निकासी, बजार गुणस्तर र राजश्व परिचालनमा सुधार गर्ने । |
| ५. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | वन तथा भू -संरक्षण सचेतना कार्यक्रमहरू अभियानका रुपमा सञ्चालन गरिनेछ । |

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम र आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| जैविक संरक्षणका लागि मिचाहाप्रजाति नियन्त्रण, वृक्षारोपण, रिचार्ज पोखरी, अग्नी रेखा, झाडी सफाइ जस्ता कार्यहरु | संख्या | १५ | २० | २५ | ३० |
| सामुदायिक वन | संख्या | ४८ | ४८ | ४९ | ५० |
| सामुदायिक बनमा आवद्ध घरपरिवार | संख्या | ५८५२ | ५९०० | ५९५० | ५९७५ |
| जैविक विवधता संरक्षणका लागि घोषण गरिएका संरक्षित क्षेत्र | संख्या | ४ | ५ | ६ | ७ |
| हस्तान्तरित बन क्षेत्र | हेक्टर | १३०३३ | १३५० | १४०० | १४२० |
| नवनिर्मित उद्यान तथा हरित क्षेत्र | हेक्टर | ९०० | ९५० | १००० | ११०० |
| संरक्षित क्षेत्र प्रारम्भिक वातावरणी परीक्षण र वातावरणीय प्रभा मूल्याङ्कन गरी सञ्चालित उद्यो व्यवसाय | संख्या | १ | २ | ३ | ४ |
| वन तथा जडीवुटीमा आधारित उद्योग | संख्या | १ | २ | ३ | ४ |
| गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती क्षेत्र | हेक्टर | | | | |
| निजि बन | संख्या | २ | ३ | ४ | ५ |

स्रोतः सरुमारानी गाउँपालिका, २०८२

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन तथा भूसंरक्षण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | बजेटको श्रोत (रु.) |
|---|---|---|

| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
|---|---|---|---|---|---|---|
| २०८३/८४ | ८५४१ | ४२७१ | ४२७१ | ६८० | ७४०२ | ५२९ |
| २०८४/८५ | १०१९४ | ५०९७ | ५०९७ | ७८९ | ८७६७ | ५९९ |
| २०८५/८६ | ११५६३ | ५७८१ | ५७८१ | ९१४ | ९९२५ | ६८२ |

### ६.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | लागत हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| वन उद्यमका लागि सामुदायिक वन उपभोक्ता समितिसँग स्थानीय पालिका कार्यक्रम | बनमा आधारित आयआर्जन वृद्धि गर्ने | सालवसाली | ५४५४ | वन उद्यमका लागि सामुदायिक वन विकास भएको हुनेछ |
| नांगा डाडापाखामा बहुउपयोगी वृक्षारोपण कार्यक्रम | खाली डाडापाखाहरुमा हरियाली बढाउदै स्थानीय आयआर्जनमा वृद्धि गर्नु | ०८६ सम्म | ३६३६ | खाली डाडापाखाहरुमा हरियाली बढाउदै स्थानीय आयआर्जनमा वृद्धि भएको हुनेछ |
| पहिरो नियन्त्रण तथा नदी तटवन्ध कार्यक्रम | पहिरो नियन्त्रण तथा तल्लो तटिय क्षेत्रमा नदी तटवन्ध गरी वस्ती तथा खेती योग्य जमिन सुरक्षित गर्नु | सालवसाली | ७२७१ | उपल्लो तटिय क्षेत्रमा पहिरो नियन्त्रण र तल्लो तटिय क्षेत्रमा तटबन्ध गरी पहिरो र बाढीबाट वस्ती तथा खेतियोग्य जमिन सुरक्षित भएको हुनेछ |
| पानीका स्रोत संरक्षण तथा खोला किनारा वृक्षारोपण कार्यक्रम | पानीका स्रोतहरुको संरक्षण गर्नु साथै नदी तटवन्धको दिगो समाधान गर्नु | सालवसाली | ६०६० | पानी स्रोत वरिपरी वृक्षारोपण गरी मुहान संरक्षण भएको हुनेछ |
| हैसियत विग्रेको वन क्षेत्रमा आर्युवेद जन्य वनस्पतीको व्यवसायिक खेती | बन संरक्षण तथा आय आर्जन वृद्धि | सालवसाली | १८१८ | बन संरक्षणमा वृद्धि भएको हुनेछ |
| सामुदायिक, धार्मिक, वन भित्र डालेघाँस, जडिबुटी, डालेघास उत्पादन गर्ने गरी कृषि वन निर्माण कार्यक्रम | बन पैदावारको व्यवस्था गरी कृषि तथा पशुपालन सहज बनाउनु तथा हरियाली प्रवर्धन गर्नु | सालवसाली | ३६३६ | सामुदायिक वन भित्र कृषि बन व्यवस्थापन गरी पशुपालनमा वृद्धि भएको हुनेछ । |
| सालवसाली कार्यक्रम : बन्य जन्तु आक्रमण रोकथाम, अग्नी रेखा निर्माण | वन्यजन्तुको आक्रमण तथा आगलागीबाट समुदायको संरक्षण गर्नु | | २४२४ | बन्य जन्तु आक्रमण र आगलागीका घटनामा कमी आएको हुनेछ |
| **जम्मा (रकम हजारमा)** | | | **३०२९८** | |

### ६.१.९ जोखिम पक्ष तथा पूर्वानुमान

सार्वजनिक निजी साझेदारीमा ग्रामीण तथा शहरी क्षेत्रमा खुला स्थानमा बृक्षरोपण तथा निजी तथा व्यवसायिक वागवानी विस्तार गरी वातावरणमा सुधार तथा आयआर्जन समेत बृद्धि गर्न सकिनेछ । जलवायु परिवर्तनको असर लगायत विभिन्न महामारी र अन्य विपद जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् । संङ्घीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, दक्ष जनशक्ति, समुदाय तथा सरोकारवालाको सहभागिता सुनिश्चित भई श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धि हासिल हुने पूर्वानुमान गरिएको छ ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

उचित रुपमा फोहोरमैला व्यवस्थापन हुन नसकेमा यसले वातावरणमा असर गर्दछ । नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको समेत व्यवस्था गरेको छ । तसर्थ आफ्नो क्षेत्रभित्र वातावरण संरक्षण गर्ने जिम्मेवारी गाउँपालिकाको आफ्नै हुन्छ । य हिलिहाङ गाउँपालिकाका मेची राजमार्गसँग जोडिएका बस्तीहर कमिक रुपमा शहरीकरण तर्फ उन्मुख भैरहेकाले गाउँपालिकाको लागि वातवरण व्यवस्थापनको विशेष महत्व रहेको छ । यि क्षेत्रका बस्तीहरुमा फोहोरमैला तथा ढल व्यवस्थापन प्रत्येक पछिल्ला वर्षहरुमा झनपछि झन पेचिलो बन्दै गैरहेको देखिन्छ । दैनिक रुपमा घरधुरीबाट निस्कासन हुने पलाष्टिक जन्य फोहोरको व्यवस्थापन समयमै गर्न नसके विकराल रुप लिन सक्ने देखिन्छ । बजार क्षेत्रका खाल्डाखुल्डी, खोला खोल्सी किनारा, सडक छेउमा पलाष्टिक जन्य फोहोरहरु यत्र तत्र फ्याकिएको देखिन्छ । पलाष्टिक फोहोर बजार क्षेत्रमा जलाउने गरेको पाइन्छ । गाउँघरमा घरबाट निस्कने पलाष्टिक जन्य पदार्थ मलखादो हुदै खेतबारीमा पुगेको देखिन्छ । अर्को तर्फ घरभित्र हुने उर्जाको प्रयोग पनि वातावरण व्यवस्थापनको संवेदनशील विषय हो । गाउँपालिका क्षेत्र भित्र परम्परागत उर्जा (दाउरा)को प्रयोग गर्ने धरधुरी ९६.७ प्रतिशत रहेका छन् । बजार क्षेत्रमा खाना पकाउन ग्याँसको प्रयोग गर्ने घरपरिवारको सख्या बढ्दो छ ।

त्यसो त सरुमारानी गाउँपालिकाका ९६ प्रतिशतभन्दा बढी घरधुरीमा शैचालय निर्माण भएकाले शौचसँग सम्बन्धित फोहोरबाट वातावरणमा पर्न सक्ने असर न्यून गर्न निकै महत्वपूर्ण टेवा पुगेको छ । यसैले गाउँपालिकाका बस्तीहरुको वातावरणीय स्वच्छतालाई वृद्धि गर्न महत्वपूर्ण भूमिका खेलेको छ । गाउँ बस्तीमा घरधुरीबाट निस्कने सड्ने खालका फोहोरहरुलाई गाइबस्तुको मल राखिएको मलखादोमा राखी मल बनाउने चलनले पनि गाउँ बस्तीको सरसफाईमा परम्परागत रुपमै असल अभ्यास भएको देखिन्छ ।

धुवाँरहित सुधारिएको चुल्हो तथा विद्युतीय चुल्होको प्रयोगलाई प्रोत्साहन, सार्वजनिक स्थलमा वरपीपल रोप्न प्रोत्साहन, वन सम्पदा संरक्षणका कार्य, एक घर ५ वृक्ष तथा मेरो घर मेरो बँगैचा मेरो फूलवारी कार्यक्रम, फोहोरबाट मोहोर कार्यक्रम, मेरो घर सफा घरजस्ता कार्यक्रमको योजना बनाई लागु गर्ने प्रयास हुनु वातावरण संरक्षण एवं जलवायु अनुकुल परिस्थिति निर्माणका क्षेत्रमा गाउँपालिकाका प्रशंसनीय कार्य हुन् । यद्यपि सहरोन्मुख क्षेत्रको वातावरणमैत्री व्यवस्थापन गरी

फोहरमैलाको उचित व्यवस्थापन गर्दै वातावरण अनुकुल वैकल्पिक ऊर्जा प्रवर्द्धनका लागि ठोस योजना बनाई लागु गर्नुपर्ने आवश्यकता देखिन्छ । गाउँपालिकाका नीतिगत प्रयासहरू, वातावरणमैत्री समाजको सोचको विस्तार हुनु, वन तथा स्थानीय स्रोत साधनको संरक्षणमा समुदायको सहभागिता बढ्नु यस क्षेत्रका अवसरहरू हुन् ।

### ६.२.२ समस्या तथा चुनौति

गाउँपालिकाका लागि समस्या भनेको फोहोर उत्पादन हुने घरपरिवारको संख्या र बजार क्षेत्र विस्तार हुँदै जानु हो । गाउँपालिकामा फोहोरमैला वर्गीकरण र संकलनको अभ्यास नगण्य हुनाले बजार क्षेत्रमा फोहोरमैला खास गरी ठोस फोहोर बढ्दै जानु, प्लाष्टिक तथा कागजहरू जलाउने प्रचलन रहेको हुँदा जनस्वास्थ्यमा वायु प्रदूषणजन्य जोखिम हुनु, फोहोरमैलाको पुनःचक्रिय प्रयोग, निष्काशन न्यूनीकरण जस्ता काममा गाउँपालिकाको प्रयाप्त ध्यान नपुग्नु, बढ्दै गएका हिलिहाङ, लिताकोट, हाँकु जस्ता बजार क्षेत्रमा ढल निकास, पलाष्टिक जन्य फोहोर व्यवस्थापन आदि समस्या बढ्दै जानु, फोहोमैला विसर्जन गर्ने व्यवस्थित स्थान नहुनु, बजार क्षेत्रका बासिन्दाहरुले डस्टविन, कम्पोष्ट-विन र गार्वेज-पिट प्रयोग नियमित र उचित तरिकाले नगर्नु, फोहोरमैलाको बर्गिकरण नहुनु, धेरैजसमा फोहोरमैला व्यवस्थापन सम्वन्धि चेनतामा पूर्णता नहुनु, प्लाष्टिकजन्य फोहोर रिसाइकल गर्न सकिने भएपनि त्यसको व्यवस्थित संकलन गर्ने संयन्त्र नहुनु, परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी संख्या उल्लेख्य हुनु, कर्णाली राजमार्ग आसपास उत्सर्जन हुने धुलो, धुँवा तथा ध्वनी प्रदुर्षणको व्यवस्थापन आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् । ऊर्जामा पहुँचको समयानुकूल विस्तार नहुनु, गाउँपालिकाका वातावरणमैत्री सबै योजनाको पूर्णरूपमा लागु नहुनु, सन्तुलित पूर्वाधार विकास नहुनु, ग्रामीण गरिबी, स्थानीय फोहरमैला तथा ढलको उचित व्यवस्थापन नहुनु यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

खाना पकाउने ऊर्जाका लागि दाउराको प्रयोग घटाउनु, किफायती वैकल्पिक उपायहरू पहिल्याई दाउरामाथिको निर्भरता घटाउनु, शून्य फोहोरमैलाको दिशातर्फ गाउँपालिकालाई अघि बढाउन पर्याप्त ज्ञान, आवश्यक सोच, प्रविधि र जनचेतनाको व्यापक विस्तार गर्नु जस्ता चुनौतीहरू रहेका छन् । प्लाष्टिकको बढ्दो प्रयोग, वन क्षेत्रको कुशल व्यवस्थापन गर्नु, ग्रामीण गरिबी न्यूनीकरण गरी वातावरणमैत्री घरेलु क्रियाकलापमा वृद्धि गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ६.२.३ सोच

"दिगो वातावरणीय स्वच्छता कायम गर्दै स्वच्छ तथा हराभरा गाउँपालिका बनाउने ।"

### ६.२.४ उद्देश्य

फोहोरको दीगो व्यवस्थापन मार्फत वातावरणीय स्वच्छता कायम गरी स्वच्छ समुदाय निर्माण गर्नु ।

### ६.२.५ रणनीति

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १. स्वच्छ वातावरण सुनिश्चित गर्न ग्रामीण सामुदायिक हरियाली अभिवृद्धि | १. सार्वजनिक स्थल तथा घर वरपर हरियाली वृद्धिका लागि पहल गरिनेछ । |

| | |
|---|---|
| गर्ने । | २. प्रत्येक वडामा बाल उद्यान तथा पार्कको निर्माण गरिनेछ ।<br>३. वातावरणमैत्री ऊर्जा प्रयोगलाई प्रोत्साहन गरिनेछ । |
| २. नदी, फोहरमैला तथा ढलको दीगो व्यवस्थापन गर्ने । | १. नदी, खोला, जलाधारक्षेत्रको अव्यवस्थित प्रयोगलाई दुरुत्साहित गरी स्वच्छ जलस्रोतको व्यवस्था गरिने छ ।<br>२. ढल एवम् फोहरमैलाको निकास तथा प्रशोधन गर्ने व्यवस्था मिलाई स्वच्छ र सफा गाउँपालिकाको निर्माण गरिनेछ । |

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| घर, कार्यालय एवं अस्पतालको नकुहिने, नगल्ने, नसड्ने प्लाष्टिक जन्य फोहोरलाई सुरक्षित विसर्जन गर्ने घरधुर | प्रतिशत | २५ | ३० | ३५ | ४० |
| निष्काशित फोहोरको औषत वार्षिक परिमाण | मे.टन | | | | |
| व्यक्तिगत सरसफाइ/स्वच्छता कायम गर्ने जनसंख्या (प्रतिबर्ष वृद्धि) | प्रतिशत | ८ | १० | १२ | १५ |
| दैनिक सफाइ हुने बजार क्षेत्र | संख्या | ० | १ | २ | ३ |
| नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिशत | ३५ | ४० | ४५ | ५० |
| कम्पोष्ट-विन र गार्वेज-पिट प्रयोग गर्ने परिवार | प्रतिशत | २ | १० | १५ | २० |

स्रोत: सरुमारानी गाउँपालिका, २०८२

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वातावरण तथा फोहरमैला व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | ८४९१ | ३३९७ | ५०९५ | ६७६ | ७३५९ | ५२६ |
| २०८४/८५ | ९३८९ | ३७५६ | ५६३३ | ७२७ | ८०७५ | ५५१ |
| २०८५/८६ | १०४०६ | ४१६३ | ६२४४ | ८२२ | ८९३३ | ६१४ |

### ६.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | लागत हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| प्राकृतिक तथा ऐतिहासिक क्षेत्रहरुमा वातवरणीय स्वच्छता तथा प्लाष्टिक प्रयोग न्यूनीकरण अभियान | ऐतिहासिक क्षेत्रको स्वच्छता तथा सार्वजनिक कार्यक्रमहरुमा पलाष्टिक प्रयोगमा न्युनीकरण गर्नु | ०८७ सम्म | ४२४३ | ऐतिहासिक क्षेत्रमा स्वच्छता वृद्धि भएको साथै सार्वजनिक कार्यक्रमहरु पलाष्टिक मुक्त भएका हुनेछन् |
| वडा स्तरीय पर्यावरणीय क्लव (Eco Club) गठन गरी वातावरण संरक्षणका कार्यक्रम संचालन | पर्यावरणीय क्लवहरु मार्फत वातावरण संरक्षणका गतिविधिहरु संचालन गर्नु | ०८६ सम्म | ५०९२ | पर्यावरणीय क्लवहरु गठन भई संरक्षणमा संलग्न भएका हुनेछन |
| बजार क्षेत्रहरुमा एक पसल/एक घर दुई गमला तथा वृक्षारोपण कार्यक्रम | बजार क्षेत्रमा हरियाली प्रवर्धन गर्नु | ०८४ सम्म | ४५२६ | बजार क्षेत्रमा हरियाली तथा स्वच्छता वृद्धि भएको हुनेछ |
| बजार क्षेत्रमा उत्सर्जन हुने फोहोरको दीगो र उत्पादनशील व्यवस्थापन साथै फोहरमैला विसर्जन केन्द्र निर्माण तथा संचालन | फोहोरमैलाको दिगो व्यवस्थापन गर्नु | ०८४ सम्म | ८४८६ | फोहोरमैला व्यवस्थापन भएको हुनेछ |
| विकास निर्माण कार्यमा सामाजिक तथा वातावरणीय प्रभाव मूल्यांकन अध्ययन | विकास निर्माणले पार्न सक्ने सामाजिक तथा वातावरणीय प्रभाव न्यूनीकरण गर्नु | सालवसाली | ३३९४ | सामाजिक तथा वातवरणीय प्रभाव अध्ययन भएको हुनेछ |
| वतावरणीय सुन्दरता प्रवर्धन सम्बन्धी सालवसाली गतिविधहरु | | सालवसाली | २५४६ | |
| **जम्मा लागत हजारमा** | | | **२८२८७** | |

### ६.२.९ जोखिम पक्ष तथा पूर्वानुमान

फोहोरमैला व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था भई दक्ष मानव संशाधन परिचालन गरी फोहरमैला व्यवस्थापन हुन सक्नेछ । उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । फोहरमैला जस्तो दैनिक जीवनमा विगत देखि चल्दै आएको आनीवानी तथा मानवीय व्यवहार परिवर्तनमा आउने जटिलताका कारण समयमा सरल ढंगले कार्यान्वयन भई हाल्न कठिन हुने जोखिम रहन सक्छ ।

## ६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

### ६.३.१ पृष्ठभूमि

कमजोर भौगर्भिक तथा भूधरातलीय बनोट, मौसमी विषमता, निरन्तर दोहोरिरहने बहु-प्रकोपका घटना, अव्यवस्थित पूर्वाधार विकास एवम् जोखिम असंवेदनशील विकास निर्माण कार्य लगायतका कारण उत्पन्न विभिन्न प्राकृतिक तथा गैरप्राकृतिक विपद्को अत्याधिक जोखिममा पर्ने मुलुकहरू मध्ये नेपाल पनि एक हो र सोको प्रभाव यस गाउँपालिकामा पनि पर्नु स्वभाविक हो । तसर्थ प्राकृतिक तथा अप्राकृतिक विपद्का कारणले हुने मानवीय र भौतिक क्षतिलाई न्यूनीकरण गर्ने तर्फ गाउँपालिकको ध्यान जानु आवश्यक छ । त्यसैगरी जलवायु परिवर्तनले सवै क्षेत्रलाई असर गर्ने र ती असरहरू एक आपसमा सम्बन्धित र आधारित समेत हुने भएकोले यसको प्रभावको सामना गर्न समुदाय लगायत अन्य संस्थाहरूको अनुकूलन क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । तसर्थ प्राकृतिक सम्पदाको दिगो व्यवस्थापन गर्ने तथा हरियाली अभिवृद्धि गर्ने जस्ता कार्यमा गाउँपालिकाको ध्यान पुग्नु जरुरी छ । यसका लागि आवश्यक नीति, कानून एवम् कार्ययोजना तथा कार्यक्रम कार्यान्वयनमा जोड् दिनुपर्दछ ।

नेपालको संविधानले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पुर्वसूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने नीति अवलम्बन गर्दै विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई स्थानीय तहको एकल अधिकार तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रुपमा राखेको छ । नेपाल विपद्को उच्च जोखिममा रहेकाले विपद्का कारण वर्षेनी धनजनको ठूलो क्षति हुने गरेको छ । मुख्यतः भूकम्प, अतिवृष्टि, बाढी, पहिरो, हावाहुरी, चट्याङ, आगलागी, खडेरी, महामारी, शीतलहर र हिमताल विष्फोटन हुनसक्ने कारण विपद्को जोखिम उच्च रहेको छ । यसैगरी हैजा, बर्डफ्लु, स्वाइन फ्लुजस्ता रोगहरू पनि विपद्को कारकका रूपमा देखिएका छन् । जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने दिगो विकास लक्ष्यले मार्गदर्शन गरेको छ ।

सम्भावित रुपमा आउने महामारी तथा विपद व्यवस्थापनका लागि सरुमारानी गाउपालिकाले आवश्यक पूर्वाधारको व्यवस्थापन गरिरहेको छ । गाउँपालिकाको विपद व्यवस्थापन स्थानीय कोषमा रु..लाख वरावरको वजेट व्यवस्थापन गरिएको छ । त्यसैगरी, गाउँपालिकाले स्थानीय विपद व्यवस्थापन ऐन निर्माण गरी स्थानीय विपद व्यवस्थापन समिति गठन गरेर स्थानीय विपद तथा जलवायु उत्थानशील योजना साथै स्थानीय विपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यन्वयन गर्दैछ । गाउँपालिकामा आपतकालिन सञ्चालन केन्द्र रहेको छ । सम्भावित रुपमा आउने

महामारी तथा विपद व्यवस्थापनका लागि सरुमारानी गाउँपालिकाले आवश्यक तयारीहरुको व्यवस्थापन गर्दैछ ।

भूक्षयको सम्भावित क्षेत्रको पहिचान गरी समयमै व्यवस्थापनका उपायहरूको अवलम्बन गर्न सकेको खण्डमा जनधनको क्षति न्यूनीकरण गर्न सकिन्छ । प्राकृतिक प्रकोपबाट जनधनको रक्षा गर्नु हरेक स्थानीय सरकारको कर्तव्य हो । सरुमारानी गाउँपालिकामा बाढी र नदी तथा खोलामा व्यवस्थापन गर्ने क्रममा नदीमा .तटबन्ध निर्माण गरिएको छ भने विविध स्थानमा बाढीको रोकथामका लागि प्रयास गरिएको छ । यस्तैगरी बाढीबाट जोखिममा भएका बस्तीको संरक्षण गरिएको छ । प्रकृति प्रदत्त नदी तथा खोलाको व्यवस्थापन एवं सम्भावित बाढी पहिरोग्रस्त क्षेत्रको व्यवस्थापनका लागि पूर्व सतर्कताको व्यववस्था गर्नुपर्ने आवश्यकता देखिन्छ । वडास्तरीय विपद् व्यवस्थापन समितिको स्थापना हुनु, प्राकृतिक विपद् सहायता कोषको स्थापना हुनु, गाउँपालिकामा आपत्कालीन सुरक्षा केन्द्रको अवधारणा ल्याइनु यस क्षेत्रका अवसरहरू हुन् ।

### ६.३.२ समस्या तथा चुनौति

जलवायु परिवर्तन र विपद् व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानुन र मापदण्डको प्रभावकारी कार्यान्वयन गर्न नसकिनु, स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्य योजना लागू गर्न प्राविधिक जनशक्ति र आर्थिक स्रोतको कमी हुनु, जीविकोपार्जनका लागि प्राकृतिक स्रोतहरू र वर्षात्को पानीमा निर्भर रहनु, जलवायु परिवर्तनको कारण अतिवृष्टि, बाढी, खडेरी, हावाहुरी, मानव रोगको महामारी, असिना, आगलागी, कृषिमा रोग किरा र मिचाहा प्रजाति जस्ता प्रकोपहरूले स्थानीयस्तरमा प्रत्यक्ष रूपमा असर गर्नु, बर्सेनि प्राकृतिक तथा गैरप्राकृतिक विपद्ले जिउधनका साथै सार्वजनिक, निजी सम्पत्ति, भौतिक संरचनाहरू समेत प्रभावित हुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

विभिन्न पानीका स्रोत संरक्षण गर्नु, स्थानीय स्तरमा जलवायु परिवर्तनसम्बन्धी आधिकारिक तथ्याङ्क सङ्कलन गर्नु, स्थानीय जलवायु अनुकुलन कार्ययोजना लागू गर्नु, जलवायु अनुकुलनसम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, जलवायु परिवर्तन अनुकुलन संरचना निर्माण गर्नु, कृषि तथा वन क्षेत्रमा जलवायु अनुकुलन प्रविधिको उपयोग बढाउनु, जलवायु परिवर्तनबाट हुने क्षति कम गर्नु, जलवायु परिवर्तनको असरबाट प्रभावित गरिब, विपन्न, महिला, बालबालिका, वृद्धवृद्धाहरू, साधन स्रोतमा कम पहुँच भएका घरधुरीलाई सेवा र टेवा दिनु, खेतबारीमा रासायनिक मलको प्रयोग निरुत्साहित गरी जैविक प्रविधिको उपयोग बढाउनु आदि चुनौतीका रुपमा रहेका छन् ।

सबै खोल्साहरूको व्यवस्थापनमा कठिनाइ हुनु, बाढी ग्रस्त क्षेत्रको समयमै व्यवस्थापन नहुनु, दक्ष जनशक्तिको अभाव हुनु, प्रविधि तथा बजेटको अभाव हुनु, प्राकृतिक स्रोतमा आधारित अव्यवस्थित आर्थिक क्रियाकलाप सञ्चालन गरिनु यस क्षेत्रका प्रमुख समस्याहरू हुन् । दक्ष जनशक्तिको प्राप्ति, विपद् व्यवस्थापन समितिलाई स्रोत साधनले युक्त बनाउनु, बाढी पहिरोको पूर्वानुमान गर्नु, बाढी पहिरो व्यवस्थापन तथा नदी व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ६.३.३ लक्ष्य

"विपद्जन्य सामाजिक, आर्थिक, भौतिक तथा वातावरणीय क्षति न्यूनीकरण गर्ने"

### ६.३.४ उद्देश्य

विपदबाट हुन सक्ने क्षति न्यूनीकरण र आपतकालीन उद्धार व्यवस्थापनलाई प्रभावकारी बनाईनुका साथै जलवायु अनुकूलन योजना निर्माण गरी समुदाय स्तरमा कार्यान्वयन गर्नु ।

### ६.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| १. विपद् जोखिम क्षेत्र नक्सांकन गर्ने । | १. गाउँपालिकाका उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन गरी खतरा संकेतहरू राखिनेछ ।<br>२. गाउँपालिकाका अति जोखिममा रहेका बस्ती तथा परिवारलाई स्थानान्तरण गरिनेछ । |
| २. विपद् पूर्वानुमान तथा पूर्व चेतावनी प्रणाली प्रभावकारी बनाउने । | १. बाढी, मौसम लगायतको पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा संचालन गरिनेछ ।<br>२. प्रकोप सम्भाव्य स्थलहरूमा विपद् पूर्व संकेत दिने उपकरणहरू जडान गरिनेछ ।<br>४. नियमित रुपमा भैरहने प्राकृतिक प्रकोपको अध्ययन गरी प्रकोप पात्रो तयार गरिनेछ ।<br>५. विपद् सम्बन्धि पूर्वसूचना स्थानीय रेडियो, एफएम तथा अन्य सञ्चार माध्यम मार्फत सम्प्रेषण गरिनेछ । |
| ३. बाढी पहिरोग्रस्त सम्भावित क्षेत्रको पहिचान गरी बाढी पहिरो रोकथामको व्यवस्था गर्ने । | १.बाढीग्रस्त सम्भावित क्षेत्रमा वृक्षारोपण गरिने छ ।<br>२.बाढीग्रस्त सम्भावित क्षेत्रको वस्ती सुरक्षित स्थानमा स्थानान्तरण गरिने छ । |
| ४. गाउँपालिकाका विपद् व्यवस्थापन समितिलाई स्रोत साधन युक्त बनाउने । | १.बाढीबाट पीडितको उद्दारका लागि आधुनिक स्रोत साधनको व्यवस्था गरिनेछ ।<br>२.नदी व्यवस्थापन तथा बाढी नियन्त्रणमा स्थानीय समुदायलाई सक्रिय बनाइ सचेतना फैलाइनेछ ।<br>३.स्थानीय संघसंस्थाको सहयोगमा बाढी पहिरो उद्धारको अभ्यास गरिनेछ ।<br>४. नदीकटान, नदीनिकास र भूक्षयका कारण हुने जोखिम न्यूनीकरणगर्न समुदायमा आधारित जैविक इन्जिनियरिङ्ग गर्न कायलाई प्राथमिकता दिइनेछ । |
| **५. जलवायु अनुकूलन तथा जलवायु परिवर्तन न्यूनीकरणका लागि क्षमता विकास गर्ने ।** | १. जलवायु परिवर्तनका प्रभावहरूको अध्ययन गरी सुझाव दिन विज्ञसँग परामर्श लिइनेछ ।<br>२. परिवर्तनले निम्त्याएका समस्याहरू सामना गर्न स्थानीय स्तरमा तालिम तथा सचेतना कार्यक्रमहरू संचालन गरिनेछ ।<br>३.स्थानीयस्तरमा तथा विद्यालयहरूमा जलवायु परिवर्तनकबारेमा अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ । |

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| आपतकालीन उद्धार गर्न तालिम प्राप्त स्वयंसेवक | संख्या | ३२ | ४२ | ५५ | ६५ |
| विपद व्यवस्थापन स्थानीय कोषमा भएको रकम | रु हजारमा | | | | |
| विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु | प्रतिशत | २० | २५ | ३० | ४० |
| आपतकालीन उद्धारका लागि अत्यवश्यक एम्वुलेन्स तथा वरुणयन्त्रको व्यवस्था | संख्या | | | | |
| विपद प्रतिकार्यकालागि भएको आपतकालीन नमूना अभ्यास | संख्या | १ | २ | २ | २ |
| जलवायु परिवर्तन अनुकुलन न्यूनीकरण सम्वन्धी सचेतना लगायतका कार्यक्रम सञ्चालन | संख्या | ५ | ८ | १० | १२ |

स्रोत: सरुमारानी गाउँपालिका, २०८२

### ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद जोखिम व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | १८९८१ | ७५९२ | ११३८८ | १५१२ | १६४५० | ११७६ |
| २०८४/८५ | १८७७८ | ७५११ | ११२६७ | १४५३ | १६१५० | ११०३ |
| २०८५/८६ | १४४५३ | ५७८१ | ८६७२ | ११४२ | १२४०७ | ८५३ |

### ६.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | लागत हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| स्थानीय तह आपतकालिन कार्य संचालन केन्द्र स्रोत सम्पन्न बनाउने | स्रोत युक्त आपतकालिन कार्य संचालन केन्द्र बनाउनु । | क्रमागत | १३०५३ | आपतकालिन कार्य संचालन केन्द्र स्रोत युक्त हुनेछ |
| जोखिमयुक्त क्षेत्रको नक्सांकन तथा विपद् पूर्व तयारी कार्यक्रम | जोखिम क्षेत्रको पहिचान तथा पूर्व तयारी गर्नु । | ०८५ सम्म | १८२७४ | जोखिम क्षेत्रको पहिचान तथा पूर्व तयारी भएको हुनेछ |
| विपद् व्यवस्थापन कोषमा वृद्धि तथा समितिको क्षमता अभिबृद्धि कार्यक्रम | विपद् व्यवस्थापन समितिहरुलाई सक्षम बनाउनु । | क्रमागत | १४६१९ | विपद् व्यवस्थापन समितिले सबै प्रकारका विपदहरुको सामना गरेको हुनेछ । |
| जलवायु परिवर्तन र विपदको प्रभाव न्यूनिकरण सम्वन्धी सालवसाली कार्यक्रम | जलवायु परिवर्तन र विपदको प्रभाव न्यूनिकरण सम्वन्धी जनचेतना प्रवर्धन गर्ने | सालवसाली | ६२६५ | जलवायु परिवर्तन र विपदको प्रभाव न्यूनिकरण सम्वन्धी जनचेतना वृद्धि भएको हुनेछ |
| **जम्मा लागत हजारमा** | | | ५२२१२ | |

### ६.३.९ जोखिम पक्ष तथा अनुमान

जलवायु परिवर्तनको असर, आईपर्न सक्ने विभिन्न महामारी र अन्य विपद जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् । संङ्घीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, दक्ष जनशक्ति, समुदाय तथा सरोकारवालाको सहभागिता, उपकरण र श्रोत साधनको लगानी भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ । त्यसैगरी, गाउँपालिकाले विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने र आवश्यक मानवीय श्रोत परिचालन गरी विपद न्यूनीकरणको लक्ष्य हासिल गर्न सक्ने अनुमान गरिएको छ । मानवीय कारणले हुने विपद बढ्दो अवस्थामा रहेकोले यसको प्रतिकार्य तथा पुनर्लाभमा श्रोत तथा समयको लगानी बढाउनु पर्ने हुन्छ । वाढी र पहिरो लगायत प्रकोपबाट जुनसुकै बेला जस्तोसुकै विपद पर्न सक्ने जोखिम रहन्छ ।

# परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रगत परिच्छेदमा नीति, कानून, न्याय तथा सुशासन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

नेपालको संविधान र यस अनुसार बनेका कानूनहरूले स्थानीय सरकारहरूलाई आफ्नो अधिकारको क्षेत्रमा रही कार्य गर्न आवश्यक पर्ने कानूनहरू बनाउने अधिकार सुनिश्चित गरेको छ । सुशासन विना विकास सम्भव छैन र विकास विना देशमा समृद्धि ल्याउन सकिँदैन तसर्थ दिगो विकासको आधारशिला नै सुशासन हो ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउनु गाउँपालिकाको उच्च प्राथमिकतामा रहेको छ । गाउँपालिकाबाट प्रवाह हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित हुनु र जनतामा आत्मसम्मानको भावना अभिवृद्धि हुनु नै सुशासनको प्रत्याभूति हुनु हो । नागरिकका सामाजिक तथा आर्थिक आकांक्षा पुरा गर्न आवश्यक ऐन कानूनहरुको निर्माण र यसको प्रभावकारी कार्यान्वयनमा गाउँपालिकाले प्रयास गर्दै आएको छ ।

यस गाउँपालिकावाट विभिन्न ऐन, नियम, मापदण्डहरु निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । सार्वजनिक परीक्षण तथा सुनुवाईहरु कार्यान्वयन ल्याइएको छ भने वेवसाइटमा वार्षिक योजना पुस्तिका, गाउँपालिकाको वार्षिक आयव्यय सार्वजनिक हुने गरेको साथै गुनासो सुनुवाइ र फर्छ्यौट हुँदै आएको छ । विधायन, सुशासन, लेखा, राजस्व, विपद व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक समावेशीकरण लगायतका विभिन्न समिति तथा उपसमितिहरु गठन गरी स्थानीय शासन सञ्चालनको अभ्यास भएको छ । न्यायिक समितिवाट मुद्दाहरुको सुनुवाई भएको छ । तापनि सामाजिक जवाफदेहिताका औजारहरुको अभ्यासमा कमि छ । सेवाग्राही सहायता कक्षको व्यवस्था गरिएको छैन । सेवा प्रवाहलाई प्रभावकारी पारदर्शी बनाउने सन्दर्भमा अनलाइन सेवाहरु प्रारम्भ भएको छैनन् । पूँजीगत खर्च तथा पूँजी निर्माणको क्षेत्रमा गाउँपालिकाको लगानी न्यून छ । आयोजनाहरु कार्यान्वयनमा उपभोक्ता समितिहरुको सहभागिता भएका छन् र स्थानीय संस्थाहरु, गै.स.स. लगायत निजी क्षेत्रसंगको सहकार्य प्रभावकारी हुन सकेको छैन । विषयक्षेत्रगत गुरु योजनाहरु तर्जुमा हुनसकेको छैन भने आयोजनाहरु कार्यान्वयन पश्चात सहभागितामूलक अनुगमन मूल्याङ्कन प्रभावकारी ढङ्गवाट सञ्चालन हुन सकेको छैन । कर्मचारीसंग कार्यसम्पादन करार गरी कार्यसम्पादन गर्ने अभ्यासको विकास हुदै गइरहेको छ ।

### ७.१.२ समस्या तथा चुनौति

गाउँपालिकाले तर्जुमा गरेका ऐन, नीति, नियम, कार्यविधि तथा निर्देशिकाहरुको प्रभावकारी कार्यान्वयन नहुनु, बनेका कानून तथा कार्यविधिहरुको बारेमा गाउँबासीहरु पर्याप्तमा जानकार नहुनु, विशेषगरी लक्षित वर्गहरु आफ्नो पक्षमा बनेका नीति नियम तथा कार्यविधिहरुको बारेमा जानकार

नहुनु, न्यायिक समितिको भूमिकाको बारेमा गाउँबासीहरु सुसुचित नहुनु, सुशासनको औजारहरुको बारेमा आम मानिसहरुलाई जानकारी नहुनु, यसको प्रयोग प्रभावकारी ढंगले प्रयोग नहुनु जस्ता समस्याहरु यस क्षेत्रमा रहेको छन् । सरोकारवाला, स्थानीय संघ संस्था तथा नागरिक समाजहरुसंग छलफल तथा अन्तरक्रियाको कमि, सुशासनको प्रत्याभूति नहुनु, क्षतिपूर्ति सहितको नागरिक वडापत्र, नागरिक अभिमत तथा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण जस्ता सामाजिक उत्तरदायिका औजारहरुको अभ्यास नहुनु, सहायता कक्षको व्यवस्था नहुनु जस्ता समस्या रहेका छन् ।

सवै सार्वजनिक निकाय तथा संघ संस्थाहरुको सेवा प्रवाहलाई पारदर्शिता, उत्तरदायित्व, जवाफदेहिता विकास गर्नु, सुशासनयुक्त समाज तथा संस्कार विकास गर्नु जनताको व्यापक सहभागितामा कानूनहरूको निर्माण गर्नु, बनेका कानूनहरूको बारेमा उनीहरूलाई अनुशिक्षण गर्नु, बनेका ऐन नियमहरूको बारेमा आम मानिसहरूमा अपनत्वको भावना जागृत गर्नु र तिनीहरूको प्रभावकारी कार्यान्वयन गर्नु जस्ता प्रमुख चुनौतीहरू रहेका छन् । त्यसैगरी सुशासन प्रवर्द्धन गर्नु निकै चुनौतीपूर्ण कार्य रहेको छ ।

### ७.१.३ लक्ष्य

"सेवा प्रवाहलाई छिटो, छरितो, सुलभ जनउत्तरदायी र प्रभावकारी बनाई जनचासोमा केन्द्रित हुने ।"

### ७.१.४ उद्देश्य

१. गाउँपालिकामा विद्युतीय शासनको प्रवर्द्धन गर्नु ।
२. कानुनी शासनको आधार तयार गर्नु ।

### ७.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. जनचासोमा केन्द्रित जनमूखी सरकार महशुस हुने सेवा प्रणाली प्रर्वद्धन गर्ने । | १. नियमित रुपमा नागरिक सन्तुष्टि सर्वेक्षण गरी राज्यद्वारा प्रवाह हुने ।<br>२.सेवामा रहेका जन गुनासो र चासोको अध्ययन गरिनेछ ।<br>३.अति विपन्न परिवार जिवनस्तर उत्थान कार्यक्रम संचालन गरिनेछ ।<br>४.वडास्तरमा आवश्यकता अनुसार "घुम्ती स्थानीय सरकार" कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५.सेवा प्रवाहलाई दुरुस्त राख्न विद्युतिय सूचना प्रणालीमा रुपान्तरण गर्न आवश्यक Software हरूको प्रवन्ध गरिनेछ ।<br>६.कर्मचारीहरू लाई सूचना प्रविधिमैत्री बनाउन आवश्यक तालिमको प्रबन्ध गरिनेछ ।<br>७.संस्थागत क्षमता विकास स्वमूल्याङ्कन सुधार कार्यक्रम संचालन गरिनेछ ।<br>८.सूचना प्रविधिमा वडाका कृयाकलापलाई समेट्न आवश्यक पूर्वाधार खरिद गरिनेछ ।<br>९.इन्टरनेट सुविधाको स्तर वृद्धि गरी प्रत्येक |

| | |
|---|---|
| | वडामा सुनिश्चित गरिनेछ । <br>१०.सार्वजनिक अभिलेख प्रणाली र पञ्जिकरणलाई प्रविधि मैत्री र पूर्ण अध्यावधिक हुने संयन्त्र निर्माण गरिनेछ । <br>११.स्थानीय न्यायिक समितिलाई श्रोत साधन यूक्त बनाइनेछ । <br>१२.आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरिनेछ । <br>१३.उत्कृष्ट कर्मचारी पुरस्कारको प्रबन्ध गरिनेछ । <br>१४.सार्वजनिक सूचना प्रणालीमा जनताको सहज पहुँच हुने संयन्त्र निर्माण गरिनेछ । <br>१५.विकासमा निजि क्षेत्रको सहयोग लिन नियमित अन्तरकृया आयोजना गरिनेछ । <br>१६.जनप्रतिनिधि र कर्मचारी केन्द्रित क्षमता विकास सुशासन र सदाचार सम्बन्धी तालिम तथा अभिमुखिकरण गरिनेछ । <br>१७.विकास निर्माणमा प्रगति विवरणलाई जनतासामु नियमित सार्वजनिक गर्न सूचना प्रविधिको विकास गरी सहज र पहुँच योग्य बनाइने छ । <br>१८.क्षतिपूर्ति सहितको नागरिक वडापत्रलाई पूर्ण कार्यान्वयनमा ल्याउन आवश्यक सुधार गरिनेछ <br>१९.सार्वजनिक सुनुवाइका कार्यक्रम नियमित गरिनेछ । |

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नीति, कानून तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार तल प्रस्तुत गरिएको छः

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| अनुगमन तथा मूल्यांकन अनुसार सुधार भएका आयोजनाहरु | प्रतिशत | ६५ | ७० | ७५ | ८० |
| गाउँपालिकामा पेश भएका सेवा प्रवाह सम्बन्धी गुनासो सुनुवाईको फर्छ्यौट | प्रतिशत | ८५ | ९० | ९२ | ९८ |
| न्यायिक समितिवाट फछ्यौंट भएका मुद्दाहरु | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ |
| अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारका प्रकार | संख्या | ३ | ३ | ३ | ३ |
| अनलाइन सेवावाट लाभान्वित | प्रतिशत | १५ | २० | २५ | ३० |

| | | | | | |
|---|---|---|---|---|---|
| सेवाग्राही | | | | | |
| सरोकारवाला एवं सहभागितात्मक ढङ्गवाट निर्माण तथा कार्यान्वयन भएका ऐन,नियमहरु | संख्या | ३५ | ३६ | ३७ | ४० |

स्रोतः सरुमारानी गाउँपालिका, २०८२

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा नीति, कानून तथा सुशासन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | ४२४६ | २५४७ | १६९८ | ३३८ | ३६८० | २६३ |
| २०८४/८५ | ५३६५ | ३२१९ | २१४६ | ४१५ | ४६१४ | ३१५ |
| २०८५/८६ | ७२२७ | ४३३६ | २८९१ | ५७१ | ६२०३ | ४२६ |

### ७.१.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | लागत हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| आवस्यक नीति, नियम तथा निर्देशिका तर्जुमा, अभिमुखीकरण तथा प्रकासन | गाउँपालिकाको लागि आवश्यक नीति तर्जुमा गर्नु | सालवसाली | २०२१ | गाउँपालिकाका लागि आवश्यक नीति तर्जुमा भई कार्यान्वयन भएको हुनेछ । |
| सबै वडामा मेलमिलाप केन्द्र स्थापना | सवै वडामा मेलमिलापका माध्यमबाट न्यायीक समाधान गर्नु | ०८३ सम्म | ५८९३ | मेलमिलाप कक्ष स्थापना भएको हुनेछ |
| गाउँ श्रोत नक्साङ्न र अध्यावधिकरण | गाउँपालिका भित्रका विकासका लागि आवस्यक स्रोतहरुको अद्यावधिक गर्नु | सालवसाली | ८४२ | गाउँपालिका भित्रका विकासका लागि आवस्यक स्रोतहरु अद्यावधिक अवस्थामा भएका हुनेछन् |
| सेवा प्रवाहलाई अनलाईन गर्ने तथा मोवाइल एप बनाउने अद्यावधी गर्ने | सेवा प्रवहलाई चुस्त तथा छिटा छरितो गर्नु | सालवसाली | २५२६ | स्थानीय तहको कानूनी निर्माण प्रक्रियामा जानकार भएको हुनेछ । |
| नीति कानुन सुशासन तथा न्याय प्रवर्द्धन कार्यक्रम (सर्वेक्षण, विद्युतिय सामग्री व्यवस्थापन समेत) | नीति कानुनको पालनाबाट सुशासन प्रवर्द्धन गर्नु | सालवसाली | ३३६८ | नगरपालिकामा नीति कानुन तर्जुमा भई सुशासन प्रवर्द्धन भएको हुनेछ । |
| अनुगमन र मूल्यांकन संयन्त्रको क्षमता विकास र प्रतिवेदन प्रकाशन | अनुगमन र मूल्यांकन कार्यलाई संस्थागत गर्नु | सालवसाली | २१८९ | अनुगमन र मूल्यांकन कार्य व्यवस्थित भई संस्थागत हुनेछ । |
| **जम्मा (रकम हजार)** | | | **१६८३८** | |

### ७.१.९ जोखिम पक्ष तथा पूर्वानुमान

स्थानीय अधिकारको प्रयोग र यसका लागि बन्ने कानुन निर्माण प्रक्रियामा सम्वन्धित पक्षहरुको अर्थपूर्ण सहभागिता नहुनाले नीतिहरुको प्रभावकारी कार्यान्वयन नहुने जोखिम रहन्छ । संविधान, संङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्य सम्पादन हुन सकेमा अपेक्षित नतिजा प्राप्त हुनेछ ।

## ७.२ संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार स्थानीय सरकारको रुपमा रहेका गाउँपालिका वा नगरपालिकाको नेतृत्वमा जनताबाट प्रत्यक्ष निर्वाचित प्रतिनिधिहरू रहने व्यवस्था रहेको छ । त्यसै अनुरुप गाउँपालिकाको समग्र विकास गतिविधि तथा सेवा प्रवाहको नेतृत्व जननिर्वाचित व्यक्तिहरूले गर्दछन् । त्यसको प्रमुखको रुपमा अध्यक्षले गर्ने व्यवस्था छ । संविधान अनुसार कार्यपालिकाको रुपमा गाउँ कार्यपालिका, व्यवस्थापिकाको रुपमा गाउँसभा र न्यायपालिकाको रुपमा उपप्रमुखको संयोजकत्वमा रहेको न्यायिक समिति क्रियाशिल छन् । यस गाउँपालिकामा विषयगत समिति तथा उप-समितिहरु गठन र क्रियाशील रहेका छन् भने गाउँपालिका केन्द्र एवं वडाहरुमा इण्टरनेट लगायत विद्युतीय उपकरणहरुको व्यवस्था गरिएको छ साथै जनप्रतिनिधि एवं कर्मचारीहरु क्षमता अभिवृद्धि तालिमबाट लाभान्वित भएका छन् । त्यसैगरी निर्वाचित जनप्रतिनिधिहरुको सक्रियता वढदो रहेको छ भने स्थानीय संघ, संस्था, नागरिक समाज, गै.स.स, टोल विकास संस्था, सामुदायिक संस्थाहरुको रचनात्मक सहयोग प्राप्त छ ।

त्यसैगरी गाउँ कार्यपालिकाको कार्यालय तर्फ प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्रशासन संयन्त्र रहेको छ । गाउँपालिकाको कार्यबोझको आधारमा संगठन संचरना बनाई सोही अनुसार कर्मचारीको समायोजन तथा व्यवस्थापन गरी उनीहरूको कार्य जिम्मेवारी तोक्ने र तोकिएको कार्य जिम्मेवारी अनुसार कार्यसम्पादन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गरिँदै आएको छ । गाउँपालिकाको भौतिक पूर्वाधारको पक्षलाई हेर्दा गाउँ कार्यपालिकाको प्रशासनिक भवन विस्तार गरिदैछ । यसैगरी कार्यालयहरूको नियमित कार्य सञ्चालनका लागि कम्प्युटर, ल्यापटप, प्रिन्टर र सफ्टवेयरको व्यवस्था भएको छ भने कार्यसम्पादनमा प्रभाव पार्ने यातायातको साधनको कुरा गर्दा गाडी र मोटरसाईकल रहेका छन् ।

### ७.२.२ समस्या तथा चुनौति

सेवा प्रवाहमा आधुनिक प्रविधिहरुको प्रयोगमा कमि र सेवा प्रवाह छिटो छरितो नहुनु, प्राविधिक एवं दक्ष जनशक्ति न्यून हुनु र कार्यसम्पादन, मूल्याङ्कन, दण्ड पुरस्कार, प्रोत्साहनको व्यवस्था नहुनु, गैसस, विषयगत कार्यालय र सरोकारवालाहरुको क्षमता अभिवृद्धि नहुनु, विकास गतिविधि तथा सेवा प्रवाहमा हुने दुई पक्षहरू सेवाग्राही तथा सेवा प्रवाह गर्ने पक्ष दुवै आफ्नो अधिकार र जिम्मेवारीबारे सचेत नहुनु, गाउँपालिकाको सेवा प्रवाह प्रभावकारी हुन नसक्नु, योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा आवश्यक पर्ने समावेशी सहभागिता र पारदर्शितामा कमी यहाँका प्रमुख समस्या हुन् । त्यसैगरी योजनावद्ध विकास गतिविधि तथा सेवाको न्यूनतम मापदण्ड कार्यान्वयन गर्नु, आवश्यक स्रोत परिचालन गर्नु, दक्षतामा कमी हुनु र संस्थागत संरचना,

मानव संशाधन विकासको क्षेत्रमा निकै कमजोर अवस्था हुनुलाई पनि यस क्षेत्रको समस्याको रुपमा पहिचान गरिएको छ ।

सार्वजनिक सेवालाई गुणस्तरीय, प्रभावकारी, न्यून लागत तथा समयमा सेवा प्रवाह गर्नु, संगठन र व्यवस्थापन सर्भेका आधारमा कर्मचारी भर्ना र कार्यसम्पादनमा अभिवृद्धि ल्याउनु गाउँ कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र एकाईहरूमा आवश्यकता र प्रस्तावित दरबन्दी अनुसार प्रशासनिक तथा प्राविधिक कर्मचारीहरूको व्यवस्था मिलाउनु, जनप्रतिनिधि, शाखागत तथा समग्र कर्मचारीहरूलाई आफ्नो अधिकार र दायित्वको बारेमा आत्मानुभूति गराउनु र उनीहरूको क्षमता विकास गर्नु, सबै शाखा उपशाखामा आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन गर्नु जस्ता चुनौतीहरू यस गाउँपालिकामा रहेका छन् ।

### ७.२.३ लक्ष्य

"गाउँपालिका मातहतका कार्यालय तथा गाउँपालिका भित्रका आधिकारिक संरचनाहरुको संस्थागत क्षमता वृद्धि गर्नु"

### ७.२.४ उद्देश्य

१. गाउँ कार्यपालिका कार्यालय र मातहतका निकायहरुमा आवश्यक जनशक्ति व्यवस्थापन गर्नु ।

२. गाउँ कार्यपालिका कार्यालय र मातहतका कार्यालयहरुको भौतिक पूर्वाधारको सुधार गर्नु ।

३. गाउँपालिकाभित्र औपचारिक रुपमा रहेका विभिन्न समिति, कार्यदल तथा समूहहरुलाई सहयोग गर्नु ।

### ७.२.५ रणनीति

१. गाउँपालिकाको लागि आवश्यक पर्ने नयाँ जनशक्ति थप गर्ने ।

२. कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्ने ।

३. गाउँ कार्यपालिकाको कार्यालय तथा यस अन्तर्गतका सबै कार्यालयहरुका लागि आवश्यक भवनहरुको व्यवस्था गर्ने ।

४. गाउँपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरुमा सूचना प्रणाली सुदृढ गर्ने ।

५. गाउँपालिकामा रहेको उपभोक्ता समिति, कार्यदल तथा समूहहरुको सहकार्य तथा समन्वय वृद्धि गर्ने ।

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम र आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार संगठन, मानव संशाधन र सेवा प्रवाह उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार रहेको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| गाउँपालिकामा कार्यरत जनशक्ति | संख्या | | | | |
| गाउँपालिकामा कार्यरत प्राविधिक | संख्या | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| जनशक्ति | | | | | |
| सेवाग्राही सन्तुष्ठी दर | प्रतिशत | ९० | ९१ | ९२ | ९३ |
| लिसा स्वमूल्यांकनमा प्राप्तांक | सूचकांक | | ८५ | ८८ | ९० |
| क्षमता विकास कार्यक्रमवाट लाभान्वित जनप्रतिनिधि, पदाधिकारी, सरोकारवाला, संघसंस्था, गैसस, कर्मचारी | संख्या | ६५ | ७० | ७५ | ७८ |
| कार्यसम्पादन करारगरिएको तथा कार्य विवरण दिई कार्यसम्पादन गर्ने कर्मचारी | संख्या | १५ | १८ | २० | २५ |

स्रोतः सरुमारानी गाउँपालिका, २०८२

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा संगठन, क्षमता विकास र सेवा प्रवाह उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | २४२२५ | १४५३५ | ९६९० | १९३० | २०९९५ | १५०१ |
| २०८४/८५ | २३६०७ | १४१६४ | ९४४३ | १८२७ | २०३०३ | १३८६ |
| २०८५/८६ | २४५७१ | १४७४३ | ९८२८ | १९४१ | २१०९२ | १४४९ |

### ७.२.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | लागत हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास | जनप्रतिनिधि तथा कर्मचारीहरुको दक्षता वृद्धि गर्नु | सालवसाली | २८९६१ | जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास भई सेवा प्रवाह प्रभावकारी हुनेछ । |
| संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | स्थानीय सेवा, संगठन, मानव संशाधन र कार्य सम्पादनमा अभिवृद्धि गर्नु | सालवसाली | १८१०१ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भई सेवा प्रवाहको स्तरमा ५० प्रतिशतले सुधार हुनेछ । |
| कार्यालयमा प्रविधिहरुको व्यवस्थापन | प्रविधियुक्त कार्यालय बनाउनु | सालवसाली | २५३४१ | कार्यालयहरुमा प्रविधि जडान भई सेवा समयमा नै प्रदान हुनेछ । |
| **जम्मा लागत हजारमा** | | | ७२४०३ | |

### ७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

संविधान, संङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम संगठन, दक्ष मानव संशाधन, सीप र दक्षतामा अभिबृद्धि भएमा अपेक्षित नतिजा हुनेछ । उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ ।

## ७.३ राजस्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

संविधानले वित्तीय संघीयताको मान्यता अनुसार स्थानीय सरकारलाई विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने अधिकार दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ दफा ५५ देखि ६८ सम्म स्थानीय तहले प्रयोग गर्न पाउने आर्थिक अधिकार एवं यसको सीमा समेत निर्धारण गरेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले लगाउन पाउने कर, संकलन गर्न सक्ने राजस्व, प्राप्त गर्ने अनुदान, राजस्व बाँडफाँट तथा आर्थिक सहयोग सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । यिनै संबैधानिक र कानूनी प्रावधान अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र राजस्व संकलन, वजेट तर्जुमा र कार्यान्वयन गर्न सक्ने हुँदा यसलाई अझ व्यवस्थित र पारदर्शी ढंगबाट अधिकारको प्रयोग हुने अवस्था निर्माण गर्न आवश्यक रहेको छ ।

सरुमारानी गाउँपालिकाको आन्तरिक आयमा तुलनात्मक रुपमा कर राजस्वकै भूमिका उल्लेख्य छ । यसमा सम्पत्ति कर, भूमि तथा मालपोत कर, व्यवसाय कर र घर वहाल करको योगदान वढी छ । कूल आन्तरिक आयमा कर राजस्वको योगदान न्यून छ र गैरकर राजस्वको योगदान आन्तरिक आयमा तुलनात्मक रुपमा वढी छ । गैरकर राजस्व अन्तर्गत खासगरी सिफारिस तथा प्रमाणित शुल्कको भूमिका अग्रणी छ । गाउँपालिकाको कूल श्रोतमा आन्तरिक आयको हिस्सा केवल ७.७४ प्रतिशत मात्र रहेकोछ जसले वाह्य आयमा पालिकाको परनिर्भरता अधिक देखिन्छ ।

मनोरन्जन कर, वजार, विज्ञापन कर, कवाडी तथा जीवजन्तु कर, प्राकृतिक श्रोत शुल्क, पर्यटन शुल्क, आदिबाट गाउँपालिकाले राजस्व सङ्कलन गर्न सक्ने सम्भावना भएर पनि खासै पहल हुन सकेको देखिदैन । प्राकृतिक श्रोत अन्तर्गत गिटी, ढुङगाको सम्भावना पनि रहेको छ । वातावरणीय परीक्षणका आधारमा यसको उत्खनन हुन सकेमा गाउँपालिकाको आन्तरिक आयमा यसको योगदान पनि उल्लेख्य हुन सक्छ ।

यसैगरी यस गाउँपालिकाको गत तीन आर्थिक वर्षको आयलाई हेर्ने हो भने आ.व. २०८०/०८१ म रु. ४३ करोड ८० लाख रहेकोमा ऋणात्मक भै आ.व. २०८१/०८२ मा ४० करोड ९८ लाख रहेकोमा, आ.व. २०८२/०८३ मा धनात्मक वृद्धि भई रु. ४९ करोड २१ लख रहेको थियो । विगत तीन वर्षमा गाउँपालिकाले प्राप्त गरेको उल्लिखित अनुदान विभिन्न शीर्षक अन्तर्गतबाट आएको देखिन्छ । गाउँपालिकाको आन्तरिक राजस्वको धनात्मक वृद्धि भएको देखिन्छ । त्यसैगरी संघीय समानिकरणको अनुदानको विगत तीन वर्षमा धनात्मक वृद्धिदर रहेको छ । वाह्य श्रोतहरुमा सशर्त अनुदान, वित्तीय समानीकरण र राजस्व वाँडफाँडको भूमिका उल्लेख्य छ । संघ तथा प्रदेश सरकारवाट सशर्त अनुदान वढ्दो दरमा रहेकोले गाउँपालिकालाई सशर्त अनुदानका परियोजनाहरु समयमै सम्पन्न गर्न नसकेमा दायित्व सिर्जना हुन सक्ने चुनौति रहेको छ ।

### ७.३.२ समस्या तथा चुनौति

गाउँपालिकाको विद्यमान आर्थिक तथा सामाजिक स्थितिका सूचकहरु कमजोर रहेकाले आगामी वर्षहरूका वित्तीय व्यवस्थापन गर्न त्यति सहज छैन । बढ्दो जनअपेक्षाको तुलनामा गाउँपालिकाको न्यून श्रोतबाट सार्वजनिक खर्च र सेवाको बीचमा तादात्म्यता कायम गर्न निकै कठिन हुने देखिन्छ । गाउँपालिकाको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याई जनताको आधारभूत सेवा र सुविधालाई प्रभावकारी रूपले सहज पहुँच पु¥याउन आवश्यक पर्ने पूँजीगत लगानी लगायतको कार्यक्रम खर्च र सामाजिक सुरक्षा तथा चालु खर्च गरी कूल व्ययको व्यवस्थापन गर्नुपर्ने हुन्छ । यसैगरी उपलब्ध श्रोत साधनको ठूलो अंश उपभोगमा (चालु) खर्च गर्नुपर्ने बाध्यताले बिकास कार्यका लागि थोरै मात्र खर्च गर्न सकिने अवस्था विद्यमान छ ।

गाउँपालिकाको राजस्व संकलनको सम्भावना रहे तापनि आवश्यक सूचना प्रविधिमैत्री राजस्व संकलन व्यवस्था, कार्यविधि तथा मापदण्ड, कर्मचारीको अभाव जस्ता कारणले गर्दा सम्भावनाको न्युन राजस्व मात्र संकलन भइरहेको छ । विषय क्षेत्रगत रूपमा बजेट विनियोजन सन्तुलित नभएको र रोजगार, उत्पादनमूलक, सामाजिक क्षेत्र तथा आयमूलक आयोजना तथा कार्यक्रममा लगानी अपेक्षाकृत रुपमा कमजोर रहेको छ । राजस्व सुधार कार्ययोजना तयार नभएको र करको दर र दायरामा अध्ययन नभएकोले स्थानीय राजस्व संकलन व्यवस्थित हुन सकेको छैन । कर शिक्षा संचालन भएको छैन र स्थानीय करदाताहरुलाई गाउँपालिकाले कर भुक्तानीमा आकर्षित गर्न चुनौति रहेको छ ।

### ७.३.३ लक्ष्य

“आन्तरिक आय थप सवल, व्यवस्थित र अनुमानयोग्य बनाउने”

### ७.३.४ उद्देश्य

१. राजस्व प्रशासन थप सक्षम तथा करदातामैत्री बनाउनु ।

२. आन्तरिक राजस्व परिचालन वृद्धि गर्नु ।

### ७.३.५ रणनीति

१. राजस्व प्रशासनको सुदृढिकरण गर्ने र करदातामैत्री बनाउने ।

२. करदाता र गाउँपालिकाबीच सम्बन्ध सुदृढ गर्ने ।

३. करको दाता वृद्धि गर्ने ।

४. सरोकारवालाहरुसंग समन्वय र सहकार्य वृद्धि गर्ने ।

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार रहेको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु. हजारमा | ३६ | ३७ | ४१ | ४४ |
| बार्षिक आन्तरिक आय रकम | रु.हजारमा | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| कुल वार्षिक बजेट | रु.हजारमा | | | | |
| लैङ्गिक उत्तरदायी वजेट विनियोजन | प्रतिशत | २५ | ३५ | ४५ | ५० |
| कर योग्य करदाता मध्ये करमा आवद्ध करदाताहरु | थप प्रतिशत | १५ | २० | २५ | ३० |
| पूँजी निर्माण क्षेत्रमा भएको लगानी (कूल वजेटको) | प्रतिशत | २५ | ३० | ३५ | ४० |
| राजस्व प्रशासनप्रति नागरिकको संतुष्टी | तह | मध्यम | उच्च | उच्च | उच्च |
| आन्तरिक राजस्व वृद्धि दर | प्रतिशत | ५ | ६ | ७ | ८ |

स्रोतः सरुमारानी गाउँपालिका, २०८२

### ७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | ४२४६ | २१२३ | २१२३ | ३३८ | ३६८० | २६३ |
| २०८४/८५ | ४५६० | २२८० | २२८० | ३५३ | ३९२२ | २६८ |
| २०८५/८६ | ५७८१ | २८९१ | २८९१ | ४५७ | ४९६३ | ३४१ |

### ७.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| राजस्व संकलन सप्ताह तथा जनचेतना कार्यक्रम | राजस्व संकलन वृद्धि गर्नु | सालवसाली | २९१७ | स्थानीय राजस्व सम्बन्धी सचेतना भई राजस्व संकलन वृद्धि हुनेछ । |
| राजस्व सूचना व्यवस्थापन, सुदृढीकरण बजार अनुगमन कार्यक्रम | आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु | सालवसाली | ४३७६ | आन्तरिक तथा वाह्य स्रोत परिचालनमा वृद्धि हुनेछ । |
| राजस्व सुधार योजना, सफ्टवेयर जडान, तथ्यांक संकलन र विश्लेषण | राजस्व संकलन प्रक्रियालाई व्यवस्थित गर्नु | सालवसाली | ७२९४ | राजस्व संकलन प्रक्रिया र परिचालन व्यवस्थित हुनेछ । |
| **जम्मा (रु हजारमा)** | | | **१४५८७** | |

### ७.३.९ जोखिम पक्ष तथा पूर्वानुमान

संविधान, संङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकार, गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालन नभएमा उपलब्धी हासिल गर्न जोखिम रहने छ । अपेक्षित नतिजा प्राप्तिका लागि तीनै तहका सरकारबीच समन्वय, स्थानीय जनताको सहभागिता, कर्मचारीको दक्षता र जनप्रतिनिधिहरुको क्रियाशिलताले सहयोग गर्नेछ ।

## ७.४ तथ्यांक प्रणाली र योजना तथा विकास व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

गाउँपालिकाको विकासलाई दिगो, समावेशी तथा उत्थानशील बनाउने ध्येयका साथ गाउँपालिकाले बार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वन गरिरहेको छ । गाउँपालिकाको समष्टिगत विकासलाई मार्गदर्शन गर्न आवधिक योजना र मध्यमकालीन खर्च संरचना मार्फत प्राथमिकता क्षेत्र तथा आयोजना र कार्यक्रममा स्रोत सुनिश्चित गर्ने र मध्यमकालीन खर्च संरचना अनुसार बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी सार्वजनिक वित्त व्यवस्थापन र नतिजामुखी विकास पद्धति कार्यान्वयनमा ल्याउन उपयुक्त हुन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६ मा स्थानीय सरकारहरूको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी व्यवस्था रहेको छ । सो ऐनको दफा २४ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ । सोही दफाको उपदफा २ मा स्थानीय तहले योजना बनाउँदा ध्यान दिनुपर्ने विषयहरू उल्लेख गरिएको छ भने उफदफा ३ मा योजना बनाउँदा प्राथमिकता दिनुपर्ने विषयहरूको सूची रहेको छ ।

गाउँ सभाबाट न्यायिक समिति, विधायन समिति, लेखा समिति र कार्यपालिकाबाट योजना तर्जुमा, शिक्षा, स्थानीय विपद् व्यवस्थापन लगायत विषयगत समिति गठन भई क्रियाशिल उन्मुख छन् । साथै सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाजको समेत सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी गाउँसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत् सार्वजनिक गर्ने अभ्यास भइरहेको छ । नवनिर्वाचित जनप्रतिनिधिहरुको गाउँपालिकाको समग्र विकासका लागि लगनशिलता र प्रतिवद्धता रहेको छ भने कर्मचारीहरुबाट नीतिसंगत विकास र स्थानीय सरकारको अधिकार क्षेत्रबाट विकास प्रक्रियालाई अगाडी बढाउन क्रियाशिल रहेका छन् । गाउँपालिकाको तथ्यांक व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक रहेको छ ।

### ७.४.२ समस्या तथा चुनौति

शासन सञ्चालन, योजनाबद्ध विकास र मापदण्ड अनुसार सेवा तथा सुविधा प्रवाह गर्न आवश्यक स्रोत परिचालन र दक्षतामा कमी रहेको छ । योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा समावेशिता, सहभागिता र पारदर्शितामा सुधार गर्नुपर्ने प्रर्याप्त स्थान

छन् । गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिसहित आवधिक योजना तयार भएपनि गाउँपालिकाको विकासको अग्रणी क्षेत्रहरूको गुरुयोजना तर्जुमा हुन सकेको छैन । सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, नीजि क्षेत्र र गैसस र समुदायमा आधारित संस्थासँग संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन । प्रचुर सम्भावनाका बाबजुद नीजि क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन ।

### ७.४.३ लक्ष्य

"विकास गतिविधिलाई वढीभन्दा वढी नतिजामुखी बनाउने"

### ७.४.४ उद्देश्य

१. गाउँपालिकाको विकास गतिविधि समावेशी, सहभागितामूलक र पारदर्शी बनाउनु ।

२. अनुगमन तथा मूल्यांकन विश्वसनीय र भरपर्दो बनाउनु ।

### ७.४.५ रणनीति

१. योजना प्रक्रिया सरल तथा नागरिकमैत्री बनाउने ।

२. गैसस, नीजि क्षेत्र, समुदायमा आधारित संस्थासंगको समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने ।

३. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित सहभागितामूलक र नतिजामूलक बनाउने ।

### ७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तल प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| समावेशी सहभागितामा सम्पन्न भएका आयोजनाहरु | प्रतिशत | ९० | ९२ | ९५ | ९७ |
| तोकिएको नतिजा हासिल भएका आयोजनाहरु | प्रतिशत | ८० | ८६ | ९० | ९५ |
| समयमा नै सम्पन्न आयोजनाको अनुपात | प्रतिशत | ७५ | ७८ | ८० | ८५ |
| नियम अनुसार अनुगमन प्रतिवेदन भएका परियोजना/ कार्यक्रम | | ९५ | ९६ | ९७ | ९८ |
| समुदाय, सहकारी, नीजि क्षेत्र, गैसस, सहयोगी र नागरिक समाज संस्थाको लगानी अंश | प्रतिशत | २० | २५ | २८ | ३० |

स्रोत: सरुमारानी गाउँपालिकाको, २०८२

### ७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

गाउँपालिकाको उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तथ्यांक प्रणाली र योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | बजेटको श्रोत (रु.) | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०८३/८४ | ४२४६ | २५४७ | १६९८ | ३३८ | ३६८० | २६३ |
| २०८४/८५ | ३४८७ | २०९२ | १३९५ | २७० | २९९९ | २०५ |
| २०८५/८६ | ३४६९ | २०८१ | १३८८ | २७४ | २९७८ | २०५ |

### ७.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार तल प्रस्तुत गरिएको छ :

| उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | लागत हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| तथ्यांक प्रणाली सम्बन्धी सामग्री जडान र परिचालन | पालिकाको तथ्यांक व्यवस्थित गर्नु | सालवसाली | ४४८१ | पालिकाको सम्पूर्ण तथ्यांक व्यवस्थित भएको हुनेछ । |
| तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम | पालिकाको प्रगति समीक्षा गर्नु | सालवसाली | २२४० | आवधिक रुपमा पालिकाको प्रगति समीक्षा भएको हुनेछ । |
| आयोजनाहरुको अनुगमन र मूल्याङ्कन प्रणालीको स्थापना तथा क्षमता विकास | आयोजना अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गर्नु | सालवसाली | २८०० | आयोजना अनुगमन तथा मूल्यांकन प्रणालीको विकास भएको हुनेछ |
| विषयगत गुरुयोजना, आयोजना बैंक, मध्यमकालिन खर्च संरचना अद्यावधिक | योजनाहरु समय सापेक्ष रुपमा अद्यावधिक गर्नु | सालवसाली | १६८० | पालिकाका विकास गतिविधिहरु प्रक्रियागत रुपमा अगाडी बढेको हुनेछ । |
| **जम्मा लागत हजारमा** | | | ११२०२ | |

### ७.४.९ जोखिम पक्ष तथा पूर्वानुमान

सूचना तथा जानकारीलाई संस्थागत गर्ने सम्वन्धमा दक्ष जनशक्तिको अभावमा तथ्यांक व्यवस्थापन र विश्लेषण नहुने जोखिम रहेको छ । संविधान, संङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकारका निकायहरु र गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन सहज उपलब्ध भएमा अपेक्षित नतिजा हुनेछ ।

**अनुसूचि १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल**

| क्रस | कार्यदलका पदाधिकारी | विद्यमान पद | कार्यदलमा जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री त्रिविक्रम खड्का | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २ | श्री लक्ष्मण आचार्य | प्रमुख, प्रशासन शाखा शाखा | सदस्य |
| ३ | ई. दिपेन्द्र घर्तिमगर | प्रमुख, प्राविधिक शाखा | सदस्य |
| ४ | श्री शिव राज न्यौपाने | सूचना अधिकारी | सदस्य |
| ५ | श्री शम्भुराज आचार्य | प्रमुख, आर्थिक प्रशासन | सदस्य |
| ६ | श्री साधना सिंह | प्रमुख, राजश्व शाखा | सदस्य |
| ७ | श्री टेकेन्द्र रायमाझी | प्रमुख, स्वास्थ्य शाखा | सदस्य |
| ८ | श्री इश्वरी जि.सी. | प्रमुख, कृषि शाखा | सदस्य |
| ९ | श्री सुभाष पोखेल | प्रमुख, योजना तथा अनुगमन शाखा | सदस्य सचिव |

## अनुसूचि २ : मध्यमकालीन खर्च संरचना तर्जुमा अभिमूखीकरण गोष्ठीका सहभागिहरुको उपस्थिति

आज मिति २०८२।१२।१८ गते ८.०० बजे विहान यस सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झगबहादुर विश्वकर्माज्यूको अध्यक्षता र तपशिल बमोजिमका कार्यपालिका सदस्यहरूको समेत उपस्थितिमा गाउँकार्यपालिकाको मध्यमकालिन खर्च संरचना प्रतिवेदन (२०८२/०८३-२०८४/०८५) अध्यावधिक कार्यको अभिमुखिकरण कार्य सम्पन्न गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री झग बहादुर विश्वकर्मा | अध्यक्ष | |
| २ | श्री बसन्ता खड्का | उपाध्यक्ष | |
| ३ | श्री चिन्तबहादुर सोमै मगर | सदस्य | |
| ४ | श्री भिम बहादुर मर्साङी | सदस्य | |
| ५ | श्री मोहम्मद हलिम हलवाई | सदस्य | |
| ६ | श्री लक्ष्मी पल्ली मगर | सदस्य | |
| ७ | श्री भानुभक्त भुसाल | सदस्य | |
| ८ | श्री तिल बहादुर बुढा | सदस्य | |
| ९ | श्री नर बहादुर घर्ती | सदस्य | |
| १० | श्री पुर्ख सिं सुनार | सदस्य | |
| ११ | श्री चन्द्रिमा थापा | सदस्य | |
| १२ | श्री आशा वि.क. | सदस्य | |
| १३ | श्री कल्पना सुनार | सदस्य | |
| १४ | श्री यनुका राहुँ मगर | सदस्य | |
| १५ | श्री त्रिविक्रम खड्का | प्र.प्र.अ. | |
| १६ | श्री शालिग राम डालाकोटी | विषयविज्ञ | |
| १७ | श्री स्मिता दाहाल | कन्सल्टेन्ट | |
| १८ | श्री लक्ष्मण आचार्य | प्रशासकीय अधिकृत | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १९. | शम्भु राज आचार्य | लेखा अधिकृत (स्थानी) | |
| २० | सुभाष पोखरेल | योजना, अनुगमन प्रमुख | |
| २१ | क्षितिज कुमार गिरी | वन प्राविधिक | |
| २२ | [illegible] | [illegible] | |
| २३ | तिलक रोका मगर | सा.प्र.अ. | |
| २४ | दिपेन्द्र घर्ती मगर | प्राविधिक [illegible] | |
| २५ | डेउमान रोका मगर | MIS operator | |
| २६. | तेजेन्द्र भण्डारी | रोजगार संयोजक | |
| २७ | तोत्र ब. के.सी. | प.स्वा.अ. | |
| २८ | केशव गिरी | प.से.शा.प्रमुख | |
| २९. | अनुप भाट | स.न.नि.नि. | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

(मध्यमकालीन खर्च संरचना)

## अनुसूचि २ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी अभिमुखीकरण तथा प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रमका तस्विरहरु






समाप्त ।।